# दोस्रो आवधिक योजना

## (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

प्रदेश सरकार

**कोशी प्रदेश योजना आयोग**

विराटनगर, नेपाल

# दोस्रो आवधिक योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

प्रदेश सरकार

**कोशी प्रदेश योजना आयोग**

विराटनगर, नेपाल

| | | |
|---|---|---|
| **प्रकाशक** | : | प्रदेश सरकार<br>कोशी प्रदेश योजना आयोग<br>विराटनगर, मोरङ। |
| **प्रकाशन मिति** | : | २०८१ श्रावण |
| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | कोशी प्रदेश योजना आयोगमा सुरक्षित |
| | | |
|---|---|---|
| **मुद्रण प्रति** | : | १००० प्रति |

कोशी प्रदेश, विराटनगर

मुख्यमन्त्री

# मन्तव्य

नेपालको संविधानले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको कार्यान्वयनसँगै, कोशी प्रदेश सरकारले दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरेको छ। यो योजना प्रथम आवधिक योजनाको समापनपश्चात् २०८१ श्रावण १ देखि कार्यान्वयन हुनेछ, जसले अघिल्लो योजनाबाट सिकेका महत्त्वपूर्ण पाठहरूलाई समेटेको छ। यो योजना सङ्घीय सरकारको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" तथा कोशी प्रदेश सरकारको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" सँग तादात्म्य हुनेगरी "सुशासित, खुशी, आर्थिकरूपले गतिशील र समुन्नत प्रदेश" को आवधिक सोचकासाथ निर्माण गरिएको छ। यस योजनाका उद्देश्य, रणनीति र कार्यक्रमहरूको सफल कार्यान्वयनबाट कोशी प्रदेशको समग्र विकास र समृद्धि हासिल हुने अपेक्षा राखेको छु।

कोशी प्रदेशको कृषि, पर्यटन, उद्योग, विद्युत्, शिक्षा, स्वास्थ, विज्ञान तथा प्रविधिको विकासबाट रोजगारी र समन्यायिक आर्थिक वृद्धि गर्नु दोस्रो आवधिक योजनाको प्रमुख प्राथमिकता हो। प्रदेशको भौगोलिक विविधता र प्राकृतिक सम्पदालाई ध्यानमा राख्दै, कृषि, पर्यटन र उद्योग क्षेत्रमा विशेष जोड दिइएको छ। कृषि क्षेत्रमा आधुनिकीकरण र व्यावसायीकरण, पर्यटन क्षेत्रमा पूर्वाधार विकास र प्रचारप्रसार तथा उद्योग क्षेत्रमा स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना र प्रवर्द्धन गर्ने योजना छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवाको सुनिश्चितता यस योजनाको अर्को महत्त्वपूर्ण पाटो हो। शैक्षिक गुणस्तर सुधार, प्राविधिक शिक्षामा जोड, प्राथमिक स्वास्थ्य सेवाको विस्तार र विशेषज्ञ स्वास्थ्य सेवाको उपलब्धता बढाउने योजना रहेको छ। पूर्वाधार विकास यस योजनाको अर्को प्रमुख आधारस्तम्भ हो। सडक सञ्जाल विस्तार, कोशी बेसिन र सहायक नदीहरुको उपयोगमार्फत् विद्युतीकरण, वैकल्पिक उर्जाको विकास, सिंचाइ प्रणालीको विकास र सूचना प्रविधिको पहुँच विस्तारलाई महत्व दिइएको छ। यी पूर्वाधारले प्रदेशको समग्र विकासलाई गति दिने र आर्थिक गतिविधिहरूलाई सहज बनाउने विश्वास लिएको छु। वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन योजनाका अन्य महत्त्वपूर्ण पक्षहरू हुन्। जैविक विविधताको

संरक्षण, वन व्यवस्थापन, नदी नियन्त्रण र प्राकृतिक स्रोतको दिगो उपयोगलाई यसमा जोड दिइएको छ। सुशासन र सेवा प्रवाहमा सुधार योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो। भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन, र सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य राखिएको छ।

दोस्रो आवधिक योजनामा समावेशी विकास र सामाजिक न्यायको सुनिश्चिततालाई महत्त्व दिइएको छ। महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरूको सशक्तीकरण र मूलप्रवाहीकरणका लागि यस योजनामा विशेष कार्यक्रमहरू समावेश गरिएका छन्। युवा शक्तिको उपयोग र उद्यमशीलता प्रवर्द्धन यस योजनामा समेटिएका अन्य महत्त्वपूर्ण पक्षहरू हुन्। युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ आकर्षित गर्न विभिन्न कार्यक्रमहरू प्रस्ताव गरिएका छन् । योजनाले कोशी प्रदेशको समग्र विकास र समृद्धिकोलागि व्यापक र दूरदर्शी मार्गचित्र प्रस्तुत गरेको छ। योजनाको सफलता तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकहरूको सक्रिय सहभागिता र सहकार्यमा निर्भर रहनेछ। सबै सरोकारवालाहरूको समन्वय र सहकार्यबाटमात्र प्रदेशको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" हासिल गर्न सकिनेछ।

अन्त्यमा, यो योजना निर्माणमा योगदान दिनुहुने माननीय मन्त्रीज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश विकास परिषद् सदस्यहरु, प्रदेश योजना आयोगका पदाधिकारी, मन्त्रालय/निकायका सचिव लगायत सम्पूर्ण कर्मचारीहरु, स्थानीय तहका पदाधिकारीहरु, विषय बिज्ञ, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, विकास साझेदारका साथै योजना आयोगका कर्मचारीहरु लगायत प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रदेश सरकारले दोस्रो आवधिक योजना कुशल र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

१ असार २०८१

हिक्मत कुमार कार्की

प्रदेश सरकार
कोशी प्रदेश योजना आयोग
विराटनगर, नेपाल

उपाध्यक्ष

# मन्तव्य

संवैधानिक प्रावधानअनुरुप मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गऱ्यो। तीन तहका शासकीय स्वरूपको प्रावधानबमोजिम कोशी प्रदेशमा पनि सरकारको गठन भई सरकारले आर्थिक वर्ष २०७६/७७-२०८०/८१ का लागि आफ्नो मार्गदर्शक दस्तावेजका रुपमा सङ्घीय सरकारको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" साकार हुनेगरी दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" सहित प्रथम आवधिक योजना कार्यान्वयनमा ल्याएको थियो । महत्वपूर्ण सन्देशहरु प्रवाहसहित आर्थिक वर्ष २०८०/८१ मा योजनाको कार्यावधि समापन भई २०८१ श्रावण १ बाट आर्थिक वर्ष २०८१/८२-२०८५/८६ का लागि दोस्रो आवधिक योजना कार्यान्वयन हुँदैछ। यस आवधिक योजनामा सङ्घीय सरकार र कोशी प्रदेश सरकारको दीर्घकालीन सोचसँग तादात्म्यता हुनेगरी "सुशासित, खुशी, आर्थिकरुपले गतिशील र समुन्नत प्रदेश" को सोच लिइएको छ। यो योजना कोशी प्रदेशको सर्वाङ्गीण विकासका लागि तर्जुमा गरिएको एक महत्वपूर्ण मार्गदर्शक दस्ताबेज हो।

दोस्रो आवधिक योजना निर्माण गर्दा प्रथम आवधिक योजनावाट महत्वपूर्ण पाठ सिक्दै त्यसका सबल पक्षहरुलाई आत्मसात गरिएको छ। प्रदेशका भौगोलिक, आर्थिक, सामाजिक, भाषिक र सांस्कृतिक पक्ष, प्राकृतिक सम्पदा तथा मानवीय पूँजीको अधिकतम उपयोग र सरकारको सामर्थ्य समेतलाई मध्यनजर गरिएको छ। यस योजनाले कृषि क्षेत्रको आधुनिकीकरण, पर्यटन पूर्वाधारको विकास र स्थानीय स्रोतमा आधारित उद्योगहरूको प्रवर्द्धनमा जोड दिँदै राष्ट्रिय पूँजीको विकास गर्ने लक्ष्य लिएको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवाको सुनिश्चितता, प्राविधिक शिक्षाको विस्तार र विशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउने लक्ष्य राखिएको छ। पूर्वाधार विकासमा यातायात सञ्जाल, जलविद्युत् उत्पादन, सिंचाइ व्यवस्था, शिक्षा तथा स्वास्थ्य र पर्यटन पूर्वाधारको विकास र विस्तार समावेश छन्। वातावरण संरक्षण, जैविक विविधताको सुरक्षा र जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरू पनि योजनाका अभिन्न अंग हुन्।

दोस्रो आवधिक योजनाले सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र प्रविधि-मैत्री सेवा प्रवाहमा जोड दिएको छ। योजनामा प्रक्षेपित सूचकहरु हासिल हुने गरी प्रदेशका रुपान्तरणकारी कार्यक्रमहरुसहित अर्थतन्त्रका सबै पक्षहरुलाई समेटी योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएका छन्। योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरुबाट सङ्घीय तथा कोशी प्रदेश सरकारको दीर्घकालीन एवम् आवधिक सोच र दिगो विकास लक्ष्य हासिल हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ। योजनाको लक्ष्यबमोजिम प्रदेश सरकारले लगानीको वातावरण तयार गरी प्रदेशमा उद्यमशीलता विकासका माध्यमबाट रोजगारी, उच्च आर्थिक वृद्धि तथा विकासकालागि कृषि, पर्यटन, व्यापार, उद्योग, विद्युत्, स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधिसहित सुशासनमा जोड दिँदै अपेक्षित परिणाम हासिल गर्न यो योजना कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु।

योजना तर्जुमाका क्रममा मार्गदर्शन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु र प्रदेश विकास परिषद् सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। योजना आयोगका पूर्व उपाध्यक्षज्यूहरुप्रति आभार व्यक्त गर्दै योजना दस्तावेजको प्रारूप तयार गर्न योगदान गर्नु हुने विज्ञहरुलाई धन्यवाद ज्ञापन गर्दछु। योजनालाई अन्तिम रुप दिन विज्ञता उपलब्ध गराउनुहुने अर्थविद एवम् पूर्व अर्थमन्त्री डा. युवराज खतिवडाज्यूप्रति विशेष आभार प्रकट गर्दछु। योजना तर्जुमाका क्रममा महत्वपूर्ण राय, सुझाव र सहयोग गर्नुहुने योजना आयोगका सदस्यज्यूहरु, प्रमुख सचिवज्यू, प्रदेश योजना आयोगका सचिवज्यू, प्रदेश मन्त्रालय/निकायका सचिवज्यूहरु, महाशाखा प्रमुख लगायतका कर्मचारी मित्रहरुप्रति धन्यवाद व्यक्त गर्दछु। अन्त्यमा, योजना तर्जुमाका क्रममा महत्वपूर्ण योगदान गर्नुहुने योजना आयोगका शाखा अधिकृत त्रिलोचन न्यौपाने, नवदीप राई, तथ्याङ्क अधिकृत अम्विका रेग्मीलगायत कोशी प्रदेश योजना आयोगका सम्पूर्ण कर्मचारी मित्रहरुप्रति बिशेष धन्यवाद व्यक्त गर्दछु।

१ असार २०८१

डा. राजेन्द्र अधिकारी

# कोशी प्रदेश योजना आयोगका पदाधिकारीहरु

| | |
|---|---|
| माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की | - अध्यक्ष |
| डा. राजेन्द्र अधिकारी | - उपाध्यक्ष |
| केदारनाथ शर्मा, प्रमुख सचिव, कोशी प्रदेश सरकार | - सदस्य (पदेन) |
| डा. सीता राम बस्नेत | - सदस्य |
| किशोर कुमार राई | - सदस्य |
| भवानी प्रसाद बराल | - सदस्य |
| नमिता न्यौपाने | - सदस्य |
| श्याम प्रसाद भण्डारी, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य (पदेन) |
| मिमांस अधिकारी, सचिव, कोशी प्रदेश योजना आयोग | - सदस्य-सचिव |

## विषय-सूची


| परिच्छेद | | पृष्ठ |
|---|---|---|
| परिच्छेद-१ | : परिचय | १ |
| परिच्छेद-२ | : प्रथम आवधिक योजना र दिगो विकास लक्ष्यको समीक्षा | ७ |
| परिच्छेद-३ | : आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु | १५ |
| परिच्छेद-४ | : समष्टिगत आर्थिक लक्ष्यको प्रक्षेपण | २५ |
| परिच्छेद-५ | : आर्थिक क्षेत्र | ६१ |
| परिच्छेद-६ | : सामाजिक क्षेत्र | १०१ |
| परिच्छेद-७ | : पूर्वाधार क्षेत्र | १३७ |
| परिच्छेद-८ | : लोकतन्त्र र सुशासन | १७५ |
| परिच्छेद-९ | : अन्तरसम्बन्धित क्षेत्र | २०१ |
| अनुसूची-१ | : रुपान्तरणकारी कार्यक्रमहरु | २२७ |
| अनुसूची-२ | : नतिजा खाका | २३० |


## तालिका-सूची


| | |
|---|---|
| तालिका २:१ दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरुको स्थिति | ९ |
| तालिका ३:१ आवधिक सोचका आधार स्तम्भ र सूचकहरु | १७ |
| तालिका ३:२ समष्टिगत परिमाणात्मक लक्ष्यहरु | १९ |
| तालिका ३:३ आवधिक योजनाका क्षेत्रगत परिमाणात्मक प्रमुख लक्ष्यहरु | २१ |
| तालिका ४:१ प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य | २७ |
| तालिका ४:२ प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धि लक्ष्य | ३० |
| तालिका ४:३ प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा) | ३४ |
| तालिका ४:४ सीमान्त पूँजी उत्पादन र कुल लगानीको लक्ष्य (२०७९/८० को स्थीर मूल्यमा) | ३७ |
| तालिका ४:५ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रगत लगानी (रु.दश लाखमा) | ४० |
| तालिका ४:६ सार्वजनिक वित्तको प्रक्षेपण (२०८०/२०८१ स्थिर मूल्यमा) (रु.दश लाखमा) | ४२ |

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नयाँ संविधान जारी भएसँगै नेपाल सङ्घीय शासन प्रणालीमा प्रवेश गरेको छ। संविधानप्रदत्त सङ्घीय शासन प्रणाली अनुरूप नेपाललाई ७ प्रदेश र ७५३ स्थानीय तहमा पुनर्संरचना गरिएको छ। संविधानले निर्देश गरेअनुरूप मुलुकलाई योजनाबद्ध विकासको मूलप्रवाहमा लैजान दिगो आर्थिक विकास, शान्ति, सुशासन र सामाजिक न्यायसहित समृद्धिको गन्तव्य पहिचान भएको छ। यसतर्फ अग्रसर गराउने गरी कोशी प्रदेशले प्रथम आवधिक योजनाको कार्यान्वयनदेखि नै समुन्नति र सुखको राष्ट्रिय लक्ष्यलाई अङ्गीकार गर्ने प्रतिबद्धता जनाएको छ।

मुलुकको सङ्घीय संरचनाअनुसार पूर्वी नेपालका १४ जिल्लालाई समेटेर कोशी प्रदेश निर्माण गरिएको छ। हिमाल, पहाड र तराईसम्म फैलिएको यस प्रदेशमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्ला रहेका छन्।

प्राकृतिक रूपमा अत्यन्त रमणीय यो प्रदेश जैविक विविधता तथा समग्र उत्पादनको दृष्टिले भरिपूर्ण रहेको छ। जलस्रोतमा अग्रस्थान, औद्योगिक विकास र औद्योगिकीकरणको अभियानमा अग्रणी, कृषि क्षेत्र उत्पादनमा नेपालकै अगुवा, विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत अन्य उच्च हिमालहरुको अवस्थितिले विश्वलाई आकर्षित गर्न सफल आदि पहिचान र विशेषताले यो प्रदेश मुलुकको आर्थिक विकास र समृद्धिका लागि अत्यन्त महत्त्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित छ। विविधतायुक्त प्रकृति तथा संस्कृति, प्राचीन सभ्यता, उच्च क्रियाशील जनशक्ति, अपार सम्भावनाको खानी, कोशी बेसिनले भरिपूर्ण यस प्रदेशले गतिशील अर्थतन्त्रमार्फत् सुख र समृद्धि हासिल गर्न सक्ने प्रशस्त आधारहरु रहेका छन्।

नेपालको उपलब्ध कुल जलस्रोतमध्ये २८ प्रतिशत हिस्सा कोशी प्रदेशमा छ। यस प्रदेशमा कोशी बेसिन लगायत अन्य नदीहरुबाट करिब ३४ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने सम्भावना छ। नेपालमा हाल उत्पादित विद्युतको परिमाणमा कोशी प्रदेशको हिस्सा करिब २० प्रतिशत रहेको छ। कृषिगणना २०७८ अनुसार कोशी प्रदेशमा नेपालकै सबैभन्दा धेरै करिब १९ प्रतिशत कृषिचलन गर्ने परिवार रहेका छन्। मुलुकको कृषियोग्य जमिनको क्षेत्रफलमध्ये करिब २४ प्रतिशत जमिन यस प्रदेशमा रहेको छ। खेतीयोग्य बाँझो जमिनको उपयोग गर्न सकिने र निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक बनाउन सकिने प्रशस्त आधारहरु छन्। यस अवसरलाई कोशी प्रदेशले कुशलतापूर्वक परिचालन गरी समृद्धिको बलियो आधार तय गर्नुपर्नेछ।

प्रदेशमा उत्पादित वस्तु तथा सेवाले प्रदेशको आत्मनिर्भरता तथा दिगोपनका अवस्थालाई इङ्गित गर्दछन्। कोशी प्रदेश दूध र मासु उत्पादनमा अग्रणी र आत्मनिर्भर रहेको छ। नेपालको कुल दूध उत्पादनमा यस प्रदेशको योगदान २०.५२ प्रतिशत र मासु उत्पादनमा १६.५३ प्रतिशत हुने गरेको छ। मुलुकको औद्योगिक क्षेत्रमा हुने कुल लगानीको २२.३० प्रतिशत यस प्रदेशमा भएको छ र सो लगानीबाट सिर्जित रोजगारीको अंश मुलुककै कुल रोजगारीको १२ प्रतिशत छ। प्रदेशमा वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्त्वलाई तीव्रता दिनका लागि आधुनिक प्रविधियुक्त औद्योगिकीकरणका थप क्षेत्रगत दीर्घकालीन सोच र आयामहरुको आवश्यकता रहेको छ।

## १.२ प्रदेशको वस्तुस्थिति विवरण

### १.२.१ भौगोलिक अवस्थिति एवम् हावापानी

कोशी प्रदेश ८६ डिग्री ९ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म र २६ डिग्री २२ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री ६ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ। कोशी प्रदेशले २५ हजार ९०५ वर्ग कि.मि. अर्थात नेपालको कुल भूभागको १७.६० प्रतिशत भाग ओगटेको छ । हिमाल, पहाड र तराई समेटेको यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा र नेपालकै सबैभन्दा होचो भू-भाग कचनकवल समेत रहेको छ। यस प्रदेशमा सबै प्रकारका हावापानीः उष्ण, उपोष्ण, समशीतोष्ण, लेकाली र ध्रुवीय हावापानी पाइन्छ।

### १.२.२ जनसङ्ख्या तथा बसाइँसराइ

राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ भने औसत जनघनत्व १९२ प्रति वर्ग कि.मि रहेको छ। सुनसरी जिल्लामा सबैभन्दा बढी ७३७ प्रति वर्ग कि.मि. र सबैभन्दा कम सोलुखुम्बुमा ३२ प्रति वर्ग कि.मि जनघनत्व रहेको छ। प्रदेशको कुल जनसङ्ख्यामा महिलाको हिस्सा ५१.२८ प्रतिशत र पुरुषको हिस्सा ४८.७२ प्रतिशत रहेको छ। कोशी प्रदेशले नेपालको कुल जनसङ्ख्याको करिब १७ प्रतिशत हिस्सा ओगटेको छ। प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत र परिवारको औसत आकार ४.१६ रहेको छ। प्रदेशका १० पहाडी जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। मानिसहरु अवसर र सुविधाको खोजीमा पहाडी र हिमाली क्षेत्रवाट तराईमा बसाइँ सर्ने क्रम बढेको र वैदेशिक रोजगारीमा जाने क्रम बढेकाले पनि जनसङ्ख्याको संरचनामा परिवर्तन देखिएको हो।

### १.२.३ धार्मिक तथा सांस्कृतिक अवस्था

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा क्षेत्री, ब्राम्हण, राई, लिम्बू, थारू, दलित,

मुस्लिम, तामाङ, गुरुङ, यादव, लेप्चा, राजवंशी, धिमाल, मेचे, कोचेलगायत १३० जातजातिहरूको बसोबास रहेको छ भने बोलिने भाषाहरुमा नेपाली, मैथिली, राई, लिम्बु, थारू, तामाङ, राजबंशी, गुरुङ, मुस्लिम, मगर र लेप्चालगायत १०७ भाषा रहेका छन्। प्रदेशभित्र धेरै ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थलहरु छन्। यो प्रदेश किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालागुरु षडानन्द, योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् विदुषीले ज्ञानको ज्योती फैलाएको क्षेत्रका रूपमा परिचित छ। प्रदेशमा किराँत राजा बुद्धिकर्णदेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेकोले यसको आफ्नै ऐतिहासिक र साँस्कृतिक महत्त्व छ। यस प्रदेश अन्तर्गतका धार्मिक महत्त्वका प्रमुख स्थलहरूमा पाथीभरा, बराहक्षेत्र, रामधुनी, हलेसी, पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा, अर्जुनधारा आदि रहेका छन्। त्यस्तै किराँतकालीन इतिहास तथा संस्कृतिसँग जोडिएका विजयपुर, चौदण्डीगढी लगायत स्थलहरू यस प्रदेशमा रहेका छन्।

## १.३ प्राकृतिक स्रोत

### १.३.१ भूमि

कोशी प्रदेशमा कुल भू-भागको ३१.९० प्रतिशत खेतीयोग्य जमिन रहेको छ। प्रदेशमा खेतीयोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर रहेको छ। यसमध्ये ८६.४० प्रतिशतमा खेती भइरहेको छ भने खेतीयोग्य बाँझो जमिन १३.६० प्रतिशत रहेको छ।

### १.३.२ जलस्रोत

नेपालकै सबैभन्दा ठूलो कोशी नदी यस प्रदेशमा अवस्थित छ। यसका सहायक नदीहरू अरुण, तमोर, तामाकोशी, दूधकोशी, सुनकोशी, इन्द्रावती र लिखु उच्च हिमाली क्षेत्रवाट उद्गम भई बग्दछन्। महाभारत तथा चुरे पहाडबाट उद्गम भई बग्ने अन्य धेरै नदी तथा खोलाहरु समेत रहेका छन्। मुलुकको उपलब्ध कुल जलस्रोतमध्ये २८ प्रतिशत हिस्सा यस प्रदेशमा रहेको छ। यहाँ रहेका नदीहरुबाट करिब ३४ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ। मुलुकमा उत्पादित कुल विद्युत परिमाणमा कोशी प्रदेशको हिस्सा करिब २० प्रतिशत छ। कोशी प्रदेशमा १ हजार ३५३ ठूला र साना ताल तथा पोखरीहरू रहेका छन्, जुन नेपालमा जम्मा ताल तलैयाहरुको एक चौथाइ हो। जलस्रोतको उपयोगद्वारा स्वच्छ पिउने पानी, सिंचाइ, जलविद्युत तथा जलयातायातमार्फत् प्रदेशको विकास र समृद्धि हासिल गर्ने प्रशस्त अवसरहरु छन्।

### १.३.३ खानी

कोशी प्रदेशमा तामा, फलाम, शिशा, निकेल, जस्ता, बिस्मुथ आदि धातुजन्य खनिजहरू रहेको

अध्ययनहरूले देखाएका छन्। त्यस्तै, चूनढुङ्गा, मार्वल, क्ले, ग्रेनाइट, कोइला जस्ता गैरधातुजन्य पदार्थहरू पाइएका छन्। उदयपुर जिल्लामा रहेको चुनढुङ्गाबाट नेपालकै उच्च गुणस्तरीय उदयपुर सिमेन्ट उद्योग सञ्चालनमा छ। यसका अलावा मोरङमा पेट्रोलियम पदार्थको खानी रहेको सम्बन्धमा अन्वेषण जारी रहेको अवस्था छ भने खोटाङमा खानीजन्य उद्योग स्थापनाका लागि डोलोमाइट अध्ययनको कार्य भइरहेको छ।

### १.३.४ वन, वातावरण तथा जैविक विविधता

कोशी प्रदेश वन सम्पदाको हिसाबले सम्पन्न प्रदेशको रूपमा रहेको छ। तराई क्षेत्रको प्रसिद्ध चारकोसे झाडी यसै प्रदेशमा पर्दछ। त्यस्तै मध्य तथा उच्च पहाडमा पनि वन क्षेत्र उल्लेखनीय मात्रामा रहेको छ। पर्यटन वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशको तथ्याङ्क अनुसार यस प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी जम्मा ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ। प्रदेशले वन स्रोतको दिगो उपयोग गरी आर्थिक वृद्धि र रोजगारी हासिल गर्ने प्रचुर अवसर रहेको छ।

## १.४. आर्थिक क्षेत्रको अवस्था

### १.४.१ कृषि तथा पशुपालन

कृषि गणना २०७८ अनुसार मुलुकमा कृषिचलन गर्ने कुल घरपरिवार सङ्ख्या ४१ लाख ३१ हजार मध्ये करिब १९ प्रतिशत यस प्रदेशमा रहेका छन्। कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.८० प्रतिशत रहेको छ। धान, मकै, गहुँ, कोदो र फापर यस प्रदेशका मुख्य अन्नबाली हुन्। त्यस्तै चिया, अलैंची, अदुवा, सुपारी, जुट, उखुलगायतका विभिन्न किसिमका नगदे बालीहरू तथा विभिन्न जातका तरकारी बाली उत्पादन र निर्यातसमेत हुने गरेका छन्। प्रदेशका सुनसरीबाहेक सबै जिल्लाहरुमा चिया खेती गरिएको पाइन्छ। आँप, केरा, लिची, मेवा, सुन्तला, कागती, जुनार, एभोकाडो र किवी उत्पादन हुनुकासाथै यिनीहरुको उत्पादन विस्तारको समेत उच्च सम्भावना रहेको छ। कोशी दूध उत्पादनका हिसाबले अग्रणी प्रदेश हो। यस प्रदेशमा मासुको उत्पादन कुल राष्ट्रिय मासु उत्पादनको १६.५३ प्रतिशत हुने गरेको छ। समग्रमा कृषि उत्पादनको दृष्टिकोणले यो प्रदेश खाद्य सुरक्षा हासिल गर्न सक्ने अवस्थामा रहेको छ।

### १.४.२ उद्योग

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १५.९० प्रतिशत रहेको छ। मुलुकभरका उद्योगमा हुने कुल लगानीको २२.३० प्रतिशत लगानी यस प्रदेशमा भएको देखिन्छ। उद्योगहरुबाट सिर्जित कुल रोजगारीको १२.९० प्रतिशत यस प्रदेशमा रहेको छ। देशमा हालसम्म

८५१ उद्योग दर्ता भएका छन्। प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरूमध्ये दुई तिहाइभन्दा बढी उद्योगहरू झापा, मोरङ र सुनसरी जिल्लामा केन्द्रित छन्। यस प्रदेशमा धरान र धनकुटामा गरी दुई औद्योगिक क्षेत्र रहेका छन्। विराटनगर विशेष आर्थिक क्षेत्र स्थापनाका लागि विस्तृत सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ भने झापा जिल्लामा विशेष आर्थिक क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययनको कार्य भइरहेको छ। यस प्रदेशमा १२ औद्योगिक ग्राम सञ्चालनमा रहेका छन्। सङ्घीय सरकारको २०८१/८२ को नीति तथा कार्यक्रमले यस प्रदेशलाई औद्योगिक प्रदेशका रूपमा विकास गर्ने गरी गरेको घोषणाले प्रदेशमा थप लगानी आकर्षण भई औद्योगिक विकासमा टेवा पुग्ने देखिन्छ।

### १.४.३ पर्यटन

पर्यटन क्षेत्र कोशी प्रदेशमा तुलनात्मक रूपमा बढी अवसर भएका क्षेत्रहरू मध्येको एक हो। सर्वोच्च शिखर सगरमाथालगायत कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयुजस्ता हिमशृङ्खला र अन्य पर्यटकीय स्थलहरु यसै प्रदेशमा रहेका छन्। सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र कञ्चनजङ्घा संरक्षण क्षेत्र यही प्रदेशमा रहेका छन्। त्यस्तै कोशीटप्पु, गोक्यो ताल र माईपोखरी जस्ता युनेस्कोको रामसार सूचीमा सूचीकृत भएका संरक्षित क्षेत्रहरू पनि प्रदेशमा अवस्थित छन्। नेपालकै अग्लो ह्यातुङ झरना तथा टोड्के र पोकली जस्ता ठूला र लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन्। प्राकृतिक सौन्दर्यका अलावा पर्वतारोहण, बन्जी जम्पिङ्, प्याराग्लाइडिङ्ग, साइक्लिङ, जिपलाइन, गल्फ, स्काइवाक, जलयातायात, र्‍याफ्टिङ तथा पर्यटक आकर्षणका अन्य धेरै अवसरहरू प्रदेशमा रहेका छन्।

## १.५ गरिबी र रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार नेपालमा २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि छन्। प्रदेशगत रूपमा हेर्दा सात प्रदेश मध्ये मधेश, लुम्बिनी, कर्णाली, र सुदूरपश्चिम प्रदेशमा गरिबीको दर नेपालको गरिबीको दरभन्दा बढी देखिन्छ। कोशी प्रदेशको निरपेक्ष गरिबीको दर १७.१९ रहेको छ जुन राष्ट्रिय औसत भन्दा कम हो। यसैगरी यस प्रदेशको सहरी क्षेत्रमा १५.९० प्रतिशत  र ग्रामीण क्षेत्रमा १९.६७ प्रतिशत गरिबी रहेको छ।

त्यस्तै यस प्रदेशमा बेरोजगारी दर १०.२० प्रतिशत छ जुन राष्ट्रिय औसत (११.४० प्रतिशत) भन्दा कम हो। यसमध्ये ९.१० प्रतिशत पुरुष र ११.९० प्रतिशत महिला बेरोजगार रहेको देखिन्छ। प्रदेशमा श्रमशक्ति सहभागिता दर ३८.५० प्रतिशत र रोजगारी तथा जनसङ्ख्याको अनुपात ३४.२० प्रतिशत रहेको छ। प्रथम आवधिक योजनाले २०८०/८१ सम्ममा प्रदेशमा बेरोजगारी दर ५.४०

प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा कोभिड-१९ र तरलताको अभावका कारणले सोअनुरूपको प्रगति हुन सकेन। हाल प्रदेश सरकारले नागरिकको जीवनस्तरलाई गुणस्तरीय बनाउन रोजगारीलाई प्रमुख प्राथमिकतामा राखी सीपयुक्त जनशक्ति उत्पादन गर्ने गरी रोजगारी सिर्जना गर्ने खालका नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

# परिच्छेद २ : प्रथम आवधिक योजना र दिगो विकास लक्ष्यको समीक्षा

## २.१ प्रथम आवधिक योजनाको समीक्षा

प्रथम आवधिक योजना (२०७६/७७ -२०८०/८१) मा प्रदेशको दीर्घकालीन सोचलाई स्वच्छ, सुखी र समुन्नत गरी तीन स्तम्भमा वर्गीकरण गरिएको थियो। प्रत्येक स्तम्भका ४-४ वटा क्षेत्रगत आधार तय गरी स्वच्छताका १०, सुखका २५ र समुन्नतिका ३१ सूचक गरी जम्मा ६६ गन्तव्य सूचक र आर्थिक, सामाजिक, भौतिक तथा शासकीय सुधार क्षेत्रलाई समेटेर २३ परिमाणात्मक लक्ष्य निर्धारण गरिएको थियो। क्षेत्रगत दीर्घकालीन सोचसहित कार्यान्वयनमा ल्याइएको प्रथम आवधिक योजनाले औसत आर्थिक वृद्धिदरको लक्ष्य ९.७० प्रतिशत निर्धारण गरेको थियो। तर, योजना कार्यान्वयनको पहिलो वर्षमा नै कोभिड-१९ महामारीले विश्व व्यापार, लगानी तथा आपूर्ति शृङ्खलामा पारेको प्रभावले प्रदेशको आर्थिक-सामाजिक अवस्थामा गम्भीर सङ्कट निम्त्याएको कारणले प्रदेशको अर्थतन्त्र खुम्चिन पुग्यो। प्रदेश अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन र रोजगारी प्रभावित भई आर्थिक गतिविधिमा सङ्कुचन आयो, आपूर्ति शृङ्खला अवरुद्ध भयो, प्रदेशको समग्र विकासप्रयास र उपलब्धिमा गम्भीर असर पर्‍यो। छिटो छिटो सरकार परिवर्तन भएको कारण पनि प्रदेश विकासको संरचना तयार पार्न पनि धेरै समय लाग्यो। समग्रमा प्रथम आवधिक योजनाले परिलक्षित गरेका नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरूको कार्यान्वयनवाट शत प्रतिशत अपेक्षित उपलब्धि हासिल गर्न कठिन रह्यो।

आर्थिक वर्ष २०७५/७६ मा ७.१० प्रतिशत रहेको प्रदेशको आर्थिक वृद्धिदर २०७६/७७ मा १.५३ प्रतिशतले ऋणात्मक भए तापनि अर्थतन्त्रमा भएको सुधारका कारण २०८०/८१ मा आइपुग्दा ३.५१ प्रतिशत रहने अनुमान गरिएको छ। प्रथम योजनाले योजना अवधिमा ९.७० प्रतिशतको औसत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएकोमा योजनाको अन्त्यसम्ममा २.९० प्रतिशतको औसत आर्थिक वृद्धि कायम रहने अनुमान छ। प्रथम योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान क्रमशः २९.०६ प्रतिशत र २२.३७ प्रतिशत हुने अनुमान गरिएकोमा उक्त योगदान योजनाको अन्त्यसम्ममा क्रमशः ३३.२० प्रतिशत र १५.९० प्रतिशत रहने अनुमान छ।

योजनाले तय गरेका २३ वटा परिमाणात्मक लक्ष्यहरुमा आर्थिक तर्फका ६ लक्ष्यमध्ये कुल गार्हस्थ्य उत्पादनको आकार रू. ८ खर्ब ३ अर्ब ५६ करोड पुर्‍याउने लक्ष्य लिएकोमा योजना कार्यान्वयनको चौथो आर्थिक वर्षमै प्रदेशको अर्थतन्त्रको आकार पाँच वर्षको लक्ष्यलाई उछिन्दै रु. ८ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ। प्रदेशको गार्हस्थ्य उत्पादनमा देखिएको उत्साहजनक वृद्धिले राष्ट्रिय अर्थतन्त्रमा

कोशी प्रदेशको योगदान १५.८० प्रतिशत पुगेको छ। केही सूचक सकारात्मक दिशाउन्मुख रहे पनि पूर्ण लक्ष्य प्राप्तिमा केही कठिनाई देखिएका छन्। सामाजिक क्षेत्रतर्फका १० वटा लक्ष्यमध्ये आर्थिक असमानता सूचकले लक्ष्य हासिल गरेको छ भने बाँकी सूचकको स्थिति सकारात्मक दिशाउन्मुख देखिएको छ। भौतिकतर्फ ४ वटा लक्ष्यमध्ये विद्युत्मा पहुँच प्राप्त परिवारको लक्ष्य हासिल भएको छ भने खानेपानी सेवा पुगेको जनसङ्ख्याको लक्ष्य प्राप्तिउन्मुख छ। तर कुल सडकमा कालो पत्रे सडक र सिंचाइ क्षेत्रले लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ। शासकीय सुधारतर्फको ३ वटा लक्ष्यमध्ये २ वटा हासिल गर्न कठिन छ। यसरी आवधिक योजनाले राखेका २३ वटा परिमाणात्मक लक्ष्यमा तथ्याङ्क उपलब्ध भएकामध्ये २१ प्रतिशतले लक्ष्य हासिल गरिसकेका छन् भने ३० प्रतिशतको लक्ष्य प्राप्त हुन सक्ने सम्भावना छ। योजनाले राखेका सूचकहरूमध्ये केही सूचकको लक्ष्य प्राप्ति हुन कठिन रहनुमा कोभिड-१९ र अन्य संरचनात्मक अवरोध जिम्मेवार रहेका छन्।

प्रथम आवधिक योजनाले कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि औसत ५.६० प्रतिशत हुने लक्ष्य राखेकोमा योजना अवधिमा औसत २.७२ प्रतिशतमात्र हासिल गर्न सकेको छ। खाद्य सुरक्षा र पोषणको स्थितिमा भने क्रमशः सुधार हुँदै गएको छ। खाद्यान्नमा आत्मनिर्भर प्रदेश भए तापनि खाद्य जोखिममा रहेका नागरिकको सङ्ख्या उच्च हुनाले वितरण प्रणालीमा समस्या सिर्जना भएको बुझ्न सकिन्छ। दोस्रो योजनाले अपेक्षित परिणाम प्राप्त गर्नका लागि योजना कार्यान्वयन र वितरण प्रणालीमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको तुलनामा उद्योग क्षेत्रको योगदान बढाउने तथा सेवा क्षेत्रको योगदानलाई सन्तुलनमा राख्ने लक्ष्य लिएकोमा सोअनुरूपको उपलब्धि प्राप्त हुन सकेको देखिएन। योजनाले प्रदेशको गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाई २३.६१ प्रतिशत पुर्‍याउने लक्ष्य लिएकोमा यस क्षेत्रको योगदान आधार वर्षको भन्दा पनि खुम्चनुले उद्योगको विस्तारमा प्रदेशले विशेष प्रयास गर्नुपर्ने देखिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार यस प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १७.१९ प्रतिशत रहेको छ। त्यस्तै मानव विकास सूचकाङ्क ०.६० को स्तरमा पुर्‍याउने लक्ष्य लिइएकोमा ०.५८ मा सीमित रहेको छ।

तालिका २:१ दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरूको स्थिति

| क्र.सं. | सूचक | सूचकको अवस्था | क्र.सं. | सूचक | सूचकको अवस्था |
|---|---|---|---|---|---|
| स्वच्छता तर्फका सूचक | | | समुन्नतितर्फका सूचकहरू | | |
| १. | आधारभूत सरसफाइ पुगेको जनसङ्ख्या | १ | १. | कुल गार्हस्थ्य उत्पादन (रु लाखमा) | १ |
| २. | वनले ढाकेको क्षेत्रफल | २ | २. | वार्षिक आर्थिक वृद्धिदर | ३ |
| ३. | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | २ | ३. | प्रतिव्यक्ति आय | २ |
| सुखतर्फका सूचक | | | ४. | गिनी गुणाङ्क | ३ |
| १. | सुशासनमा आधारित नतिजामुखी प्रशासन | ३ | ५. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | ३ |
| २. | उत्तरदायित्व पादर्शिता र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क | २ | ६. | अपेक्षित आयु (वर्ष) | २ |
| ३. | दर्ता भएका अपराध उजुरीको फछ्र्योट | ३ | ७. | बाल मृत्युदर | ३ |
| ४ | मानव अधिकार उल्लङ्घनका घटना | १ | ८. | शिशु मृत्युदर | ३ |
| ५. | लैङ्गिक सशक्तीकरण | ३ | ९. | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा | ३ |

| क्र.सं. | सूचक | सूचकको अवस्था | क्र.सं. | सूचक | सूचकको अवस्था |
|---|---|---|---|---|---|
| | सूचकाङ्क | | | प्राप्त गर्ने परिवार | |
| ६. | जन्म दर्ता | ३ | १०. | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | २ |
| ७. | किशोरी अवस्थाको प्रजनन् दर न्यूनीकरण | २ | ११. | विद्युतमा पहुँच प्राप्त परिवार | २ |
| ८. | पुड्कोपना भएका बालकालिका | १ | १२. | आधारभूत खानेपानी पुगेको जनसङ्ख्या | ३ |
| ९. | कमतौल भएका बालबालिका | १ | १३. | सुरक्षित खानेपान पुगेको जनसङ्ख्या | ३ |
| १०. | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसङ्ख्या | ३ | १४. | सडक घनत्व (वर्ग कि.मि.) | ३ |
| | | | १५. | बेरोजगारी दर | ३ |
| | | | १६. | कुल साक्षरता दर | ३ |

*नोट.१ : लक्ष्य प्राप्त भइसकेको २. लक्ष्य प्राप्त गर्न सकिने ३. लक्ष्य प्राप्त नहुने (स्रोतः प्रथम योजनाको समीक्षा)*

नेपाल श्रमशक्ति सर्वेक्षण २०१८ अनुसार प्रदेशको बेरोजगारी दर १०.२० प्रतिशत रहेको छ। योजनाले बेरोजगारी दर ५.४० प्रतिशतमा झार्ने र श्रम सहभागिता दर ६० प्रतिशत पुऱ्याउने लक्ष्य लिए तापनि उक्त लक्ष्य हासिल गर्न कठिन रहेको देखिन्छ। योजनाले पर्यटन क्षेत्रको योगदान कुल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यसको योगदान १.९० प्रतिशतमा सीमित रहेको छ। योजना अवधिमा प्रदेशको साक्षरता दर ९९ प्रतिशत लक्ष्य लिइएकोमा ७९.७० प्रतिशतमा सीमित भएको छ। साक्षरता दरमा सुधार भए तापनि शिक्षामा लैङ्गिक असन्तुलन तथा जिल्लागत असन्तुलन उच्च छ। प्रदेशमा आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९० प्रतिशतमा सीमित हुन पुगेको छ। योजनाको अन्त्यसम्ममा २ हजार ५०० मेगावाट विद्युत

उत्पादन गर्ने लक्ष्य लिइएकोमा ५४७.३६ मेगावाटमा सीमित भएको छ।

प्रदेशमा महिला सहभागिता र सशक्तीकरणमा उल्लेख्य सुधार हुँदै गएको छ। स्थानीय तह, प्रदेश सभा, निजामती सेवा लगायतका क्षेत्रमा महिलाको सहभागिता बढ्दो छ। सामाजिक विकासका क्षेत्रमा महिला नेतृत्व र संलग्नतामा निरन्तर वृद्धि हुँदै गएको छ। यस्ता उपलब्धिलाई संस्थागत गर्ने र प्रदेशमा देखिएको महिला हिंसा, महिलामाथिका विभिन्न प्रकारका विभेदहरूको अन्त्य गरी महिलालाई विकासको मूलप्रवाहमा ल्याउनका लागि ठोस कदम चाल्नु आवश्यक छ।

प्रदेश सरकारको आर्थिक अधिकारहरु सीमित रहेका सन्दर्भमा प्रदेशको खर्च व्यवस्थापनका लागि सङ्घीय सरकारसँग निर्भर रहनुपर्ने वाध्यता छ। साथै प्रदेशको आर्थिक अधिकारको प्रयोगका लागि कतिपय आवश्यक कानुनहरु निर्माणका क्रममा छन्। कमजोर खर्च व्यवस्थापन तथा पूर्ण कानुनको अभावका बाबजुद प्रदेशमा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयनमा जनशक्ति तथा संस्थागत क्षमता भने मजबुत बन्दै गएको छ।

## २.२ दिगो विकास लक्ष्यको प्रगति

प्रदेश सरकारले "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात् गर्दै आवधिक योजना (२०७६/७७-२०८०/८१) मा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचसहित "सामाजिक न्यायसहितको समृद्ध प्रदेश" निर्माण गर्ने लक्ष्य निर्धारण गरेको थियो। प्रदेशमा दिगो विकास लक्ष्यहरू प्रथम आवधिक योजनाले मूलप्रवाहीकरण गरेको सन्दर्भमा वर्तमानसम्मको दिगो विकास लक्ष्यको कार्यान्वयनको अवस्थालाई तल चित्रण गरिएको छ।

### २.२.१ दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था

सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्यले घोषणा गरेबमोजिम दिगो विकासमा १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३४ विश्वव्यापी सूचक निर्धारण गरिएका छन्। नेपालले देशको वस्तुगत यथार्थलाई समेट्ने गरी लक्ष्य १४ का सूचकबाहेक अन्य अन्तर्राष्ट्रिय सूचकका अतिरिक्त २४५ सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको थियो। पछिल्लो अवधिमा नेपाल सरकारले पहिले निर्धारण गरेका सूचक घटाएर ३०१ कायम गरेको छ। राष्ट्रिय योजना आयोगले घटाएका सूचकका आधारमा उपलब्ध तथ्याङ्कलाई विश्लेषण गरी मूल्याङ्कनसमेत गरेको छ।

प्रदेश सरकारले स्वच्छ, सुखी तथा समुन्नतिका क्षेत्रलाई समेट्ने गरी ६६ वटा सूचकहरू समाविष्ट गरी राष्ट्रिय सूचकसँग तादात्म्य कायम गर्दै दिगो विकास लक्ष्य मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षा प्रतिवेदनअनुसार योजनाका ६६ गन्तव्य

सूचक मध्ये दिगो विकास लक्ष्यसँग सम्बन्धित तथ्याङ्क उपलब्ध भएका सबै विषय क्षेत्रका सूचकको स्थितिलाई हेर्दा स्वच्छतातर्फ आधारभूत सरसफाइ; सुखतर्फका मानवअधिकार, पुड्कोपना र कम तौल भएका बालबालिका र समुन्नतितर्फ कुल गार्हस्थ्य उत्पादन, असमानता न्यूनीकरणले लक्ष्य हासिल गरिसकेकोमा वन क्षेत्र, उर्जा, पारदर्शिता, प्रजनन् दर, प्रति व्यक्ति आय, अपेक्षित आयु, बहुआयामिक गरिबी र विद्युत पहुँच प्राप्त परिवार सम्बन्धी सूचकहरू लक्ष्योन्मुख रहेका छन्। अन्य क्षेत्रमा उपलब्धि हासिल गर्न विद्यमान लगानी ढाँचा र कार्ययोजनामा थप सुधार गर्नुपर्ने देखिन्छ।

दिगो विकास लक्ष्य कार्यान्वयनको मुख्य आधार बजेट हो। सङ्घीयता अनुरूप दिगो विकास लक्ष्यहरूलाई प्रदेश तहको आवधिक तथा मध्यमकालीन योजना र वार्षिक बजेट प्रक्रियामा समावेश गरी आन्तरिकीकरण गरिएको छ। प्रदेश सरकारले प्राथमिकताका आधारमा मध्यमकालीन खर्चसंरचना तथा वार्षिक कार्यक्रमलाई दीर्घकालीन राष्ट्रिय सोच, प्रादेशिक रणनीति, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत र जलवायु सङ्केतका आधारमा बजेट बाँडफाँड गरी कार्यान्वयन गर्दै आएको छ।

कोशी प्रदेशले दिगो विकास लक्ष्यका प्राय सबै क्षेत्रमा वार्षिक रूपमा बजेट विनियोजन गर्दै आएको छ तर बजेट विनियोजनको प्रवृत्तिमा भने असन्तुलन रहेको सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण २०७९ ले देखाएको छ। तीन वर्षको बजेट विनियोजनको प्रवृतिलाई हेर्दा १६ वटा लक्ष्य मध्ये लक्ष्य २, ३, ४, ६, ९ र ११ मा बढी मात्रामा बजेट विनियोजन रहेको देखिन्छ। उपलब्धिको स्थितिलाई हेर्दा १६ वटा लक्ष्यमध्ये ७ वटा (४३.७५ प्रतिशत) लक्ष्य प्राप्तिउन्मुख रहेका छन् भने ६ वटा (३७.५० प्रतिशत) लक्ष्य प्राप्तिका लागि विद्यमान लगानी प्रवृतिमा सुधार गरी थप लगानी गर्नुपर्ने देखिन्छ। तीन वटा लक्ष्य (असमानता घटाउने, दिगो उर्जा व्यवस्थापन, दिगो उत्पादन र उपभोग) का सन्दर्भमा भने नीति तथा संरचना व्यवस्थापनसहितका विशेष कार्यक्रमहरु र सोको लागि लगानीको सुनिश्चितता अनिवार्य रहेको छ। प्रदेशको दिगो विकास लक्ष्यको प्रगतिस्थिति हेर्दा २०२३ मा राष्ट्रिय योजना आयोगले गरेको दिगो विकास लक्ष्यको प्रगति समीक्षासँग मिल्दोजुल्दो नै रहेको छ।

## २.३ प्रमुख चुनौती र अवसर

प्रादेशिक अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउनु, दिगो आर्थिक वृद्धि गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्नु, बाह्य लगानी आकर्षण गर्नु, विकासको प्रतिफललाई समतामूलक रूपमा स्थानीयसम्म पुऱ्याउनु, मानवपूँजी विकास गरी रोजगारी वृद्धि गर्नु, स्वस्थ र सन्तुलित पर्यावरणको विकास गर्नु, अर्थतन्त्रमा कृषिक्षेत्रको योगदान अभिवृद्धि गर्नु, उत्पादनको भण्डारण तथा बजारीकरण व्यवस्था मिलाउनु, युवा जनशक्ति पलायनको बढ्दो प्रवृति रोक्नु तथा पहाड र हिमाली क्षेत्रवाट तीव्र रूपमा भरइरहेको

बसाइँसराइ रोक्नु, सुशासन कायम गर्नु आदि योजनाले लक्षित गरेका उपलब्धि हासिल गर्नमा आइपर्ने मुख्य चुनौतीहरू रहेका छन्।

प्रथम आवधिक योजना तथा दिगो विकास लक्ष्यको समीक्षामा उल्लेखित तथ्य अनुसार सो अवधिमा प्रदेशले तय गरेका दीर्घकालीन र अल्पकालीन महत्त्वका कार्यक्रमहरुको प्रगति मध्यमस्तरको रहेको छ। यस तथ्यलाई मध्यनजर गर्दै आगामी आवधिक योजना कार्यान्वयनमा विगतमा रहेका क्षेत्रगत समस्या तथा जोखिमहरुको न्यूनीकरणका लागि विशेष ध्यान पुऱ्याउनु आवश्यक रहेको छ। वर्तमान भौगोलिक, राजनैतिक र नीतिगत स्थायित्वको जगमा उभिएर प्रदेशबासीले अनुभूत गर्ने र परिवर्तनको लाभांश वर्तमान पुस्ताले नै उपभोग गर्ने गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु अत्यावश्यक रहेको छ। विकासका सबै आयाममा "कसैलाई पछाडि नछाड्ने" प्रतिबद्धताअनुरूप प्रदेशले तय गरेका दिगो विकास लक्ष्य तथा विकास कार्यक्रमहरु आन्तरिकीकरण गर्दै आर्थिक विकासमा अग्रणी भूमिका निर्वाह गर्नुपर्ने छ।

प्रदेशको बृहत् आर्थिक र सामाजिक रूपान्तरणको आधारशीलाको रूपमा रहेका भू-बनोट, विविधतायुक्त प्रकृति, जातजाति, भाषा, सभ्यता, संस्कृति, प्राकृतिक स्रोत र साधनको अत्युत्तम परिचालन, राजनैतिक स्थिरता र क्रियाशील जनशक्तिको महत्तम उपयोग गर्नुपर्ने छ। तीव्र र उच्च आर्थिक वृद्धि, समन्यायिक वितरण तथा पुनर्वितरण सुनिश्चित गर्न उत्पादन र सेवा क्षेत्रलाई मजबुत तुल्याउन अधिक मात्रामा विद्युत उत्पादन गर्नुपर्ने छ। यसका लागि प्रदेशले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा गरी नतिजामूलक कार्यक्रमहरुको कार्यान्वयन गर्नु आवश्यक छ।

कोशी बेसिन यस प्रदेशको सुख र समृद्धिको प्रमुख आधार भन्ने सोचलाई मूर्तरूप दिने गरी कोशी र यसका सहायक नदीहरूको उपयोगलाई बहुआयामिक तबरले विकासका कार्यक्रममा जोड्नुपर्ने छ। बहुउद्देश्यीय ठुला जलाशयको निर्माणमार्फत् सिंचाइ, खानेपानी र  विद्युत उत्पादनमा उपयोग गरी कृषि तथा सेवाक्षेत्रको उच्च उत्पादन र उत्पादकत्व सुनिश्चित गर्नुपर्ने छ। प्रदेशमा रहेको वन क्षेत्रको सदुपयोग, पर्यटन प्रवर्धन तथा मनोरन्जनात्मक क्रियाकलापमा वृद्धि गरी आन्तरिक आय वृद्धि गर्नुपर्ने छ। यसका लागि प्रदेश सरकारको राजनैतिक अठोट, इच्छाशक्ति, उच्च मनोबल र सामर्थ्यको आवश्यकता छ।

प्रदेशको आन्तरिक आयतर्फ घरजग्गा रजिस्ट्रेसनबाट उठ्नुपर्ने राजस्व ज्यादै न्यून रहेको छ भने सवारी कर प्रणालीमा यातायात व्यवस्था विभागको नियन्त्रण रहेको छ। मनोरञ्जनस्थलको निर्माण तथा स्तरोन्नति गरी यसलाई करको दायरामा ल्याउनुपर्ने छ। विज्ञापनमार्फत् प्राप्त हुनुपर्ने करको रकमलाई

थप वैज्ञानिक बनाउनुपर्ने देखिन्छ। त्यसैगरी दर्जनौं पर्यटकीय स्थलहरूको प्रचार-प्रसार तथा प्रवर्धन गरी पर्यटनजन्य गतिविधिबाटसमेत प्रदेशले उच्च आय प्राप्त गर्न सक्ने प्रशस्त आधारहरू रहेका छन्।

प्रदेशले अपेक्षित आय प्राप्त गर्न नदीजन्य स्रोतको व्यवस्थापन गर्नुपर्ने छ। पूर्वाधार विकासतर्फ सडक तथा सहरी विकासका क्षेत्रमा प्रदेश सरकारको क्षमता अनुरूपका कार्यक्रम सञ्चालन गर्ने प्रावधान विकास गर्नु अत्यावश्यक छ। कृषि उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खला सिलसिलावद्ध तरिकाको हुन सकेमा प्रदेशले गरेको लगानीबाट सञ्चालित अधिकांश कार्यक्रमहरू प्रभावकारी तथा प्रतिफलमुखी हुने निश्चित छ।

नयाँ योजनामा प्रदेशस्तरका सामाजिक क्षेत्रका विषयहरुसमेत परिवर्तनकारी भूमिकामा रहने गरी उच्च प्रतिफल दिने खालका नयाँ आयामहरूले प्रतिस्थापन गर्नुपर्ने छ। प्रदेशस्तरको स्वास्थ्य संरचना तथा स्वास्थ्य क्षेत्रको क्षमतामा वृद्धि गरी स्वास्थ्य सेवामा सर्वसाधारणको सहज पहुँच बढाउनुपर्ने छ। स्वास्थ्यमा सर्वसाधारणको खर्च अत्यधिक रहेकोले गुणस्तरीय सुलभ स्वास्थ्य सेवाप्रति प्रदेशको ध्यान केन्द्रित हुनुपर्ने छ।

सङ्घीयताको समुचित उपयोग गरी प्रदेशलाई सन्तुलित रूपमा विकास गर्न सकिने; अत्याधुनिक प्रविधिको प्रयोग मार्फत् कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी अर्थतन्त्रलाई आत्मनिर्भरउन्मुख गराउने; कृषि, पर्यटन, उद्योग र सेवाक्षेत्रको विकास गर्ने वातावरण रहेको; पर्यटनको प्रवर्धन गरी रोजगारी वृद्धि तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सकिने; विद्युतको उत्पादन वृद्धि गर्न सकिने; नगदे बालीका रूपमा रहेका चिया, सुपारी, कफी तथा अलैंचीजस्ता उच्चमूल्य बालीहरुको विस्तार गरी नागरिकको आम्दानी वृद्धि गर्न सकिने; ज्ञानमा आधारित अर्थतन्त्रको विकास र विस्तार गर्न सकिने; विशिष्टिकृत तथा जैविक विविधतामा आधारित अर्गानिक खेतीको विस्तार गर्न सकिने आदि महत्त्वपूर्ण अवसरहरु प्रदेशमा रहेका छन्।

# परिच्छेद ३: आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु

## ३.१ पृष्ठभूमि

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको बहालीपश्चात् स्थापना भएको कोशी प्रदेशले जनआकाङ्क्षाअनुरूप प्रदेशलाई सन्तुलित विकासपथमा अग्रसर गराउने गरी योजनाबद्ध विकास प्रणालीको आरम्भ गरेको छ। नागरिकलाई विकासको मूलप्रवाहमा ल्याउने ध्येयअनुरूप प्रदेश सरकारले आफ्नो प्रथम आवधिक योजना (२०७६/७७ - २०८०/८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। सङ्घीय सरकारको पन्ध्रौं आवधिक योजनाले तय गरेका राष्ट्रिय दीर्घकालीन सोचलाई प्रदेशमा आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य प्राप्तिमासमेत योगदान पुऱ्याउने गरी तर्जुमा गरिएको प्रदेशको प्रथम आवधिक योजनाले विकासका मूलद्वारहरुको पहिचान र परिवर्तनको आधारशीला तय गरेको छ।

सङ्घीय सरकारको दीर्घकालीन सोच "समृद्ध नेपाल र सुखी नेपाली", दिगो विकास लक्ष्य तथा मुलुकलाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्यलाई योगदान गर्न तथा प्रदेशको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" हासिल गर्नका लागि प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको प्रथम आवधिक योजनाको कार्यान्वयन अवधि २०८१ असार मसान्तसम्म रहेकोले सोह्रौं योजनाको सोच र लक्ष्यसँग तादात्म्य कायम हुने गरी प्रदेशको विकासको आवश्यकता पुरा गर्न दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ।

दोस्रो आवधिक योजनामा प्रथम आवधिक योजनाले समेटेका केही दीर्घकालीन महत्त्वका प्रतिफलमुखी कार्यक्रमहरु समावेश गरी प्रदेशका वर्तमान भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूलाई समेटेर एकीकृत विकास गर्ने लक्ष्य तय गरिएको छ। यसले प्रदेशका प्राकृतिक र मानवीय स्रोतहरूको प्रभावकारी उपयोग गर्ने र पहिचान गरिएका कमजोरी तथा चुनौतीहरूलाई सम्बोधन गर्दै नवीन अवसरहरूको उपयोग गर्ने उद्देश्य राखेको छ। यो योजना प्रदेशबासीका आवश्यकता र आकाङ्क्षालाई योजनाबद्ध तरिकाले पुरा गर्ने गरी प्रदेशको समग्र विकासलाई लक्ष्यउन्मुख, व्यवस्थित र प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न प्रतिबद्ध छ।

## ३.२ दीर्घकालीन सोच

योजनाबद्ध विकासलाई व्यवस्थित गरी दीर्घकालीन विकास रणनीतिका माध्यमबाट प्रदेशको आर्थिक र सामाजिक क्षेत्रको रुपान्तरण गर्न प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन

सोचलाई अङ्गीकार गर्दै दोस्रो आवधिक योजनाको सोच तय गरिएको छ।

### ३.२.१ दीर्घकालीन सोच

" स्वच्छ, सुखी र समुन्नत प्रदेश"

### ३.२.२ दीर्घकालीन सोचका आधारस्तम्भ

दीर्घकालीन सोचलाई देहायबमोजिम तीन मूल स्तम्भमा वर्गीकरण गरिएको छ।

| स्वच्छ | सुखी | समुन्नत |
|---|---|---|
| स्वस्थ र सन्तुलित पर्यावरण | परिष्कृत तथा मर्यादित जीवन | उच्च र समतामूलक आय |
| आधारभूत सरसफाइ सुविधा | सभ्य र न्यायपूर्ण समाज | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| नवीकरणीय ऊर्जा | सुशासन | सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता |
| जैविक कृषि | जीवनस्तर | उच्च र दिगो उत्पादन र उत्पादकत्व |

## ३.३ आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा परिमाणात्मक लक्ष्य

### ३.३.१ सोच

सङ्घीय सरकारको पन्ध्रौं आवधिक योजनाले तय गरेको दीर्घकालीन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली" सँग तादात्म्य कायम गरी कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) ले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचका साथ "सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण" गर्ने समष्टिगत लक्ष्य तय गरेको थियो। प्रथम आवधिक योजनाले निर्धारण गरेको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचसँग तादात्म्य राखी यस आवधिक योजनाले "सुशासित, खुशी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश" को सोच तय गरेको छ। प्रदेशको यस दीर्घकालीन सोचका ३ आधार स्तम्भः सुशासन, खुशी र समुन्नति तथा यस अन्तर्गतका १५ वटा सूचकहरु यस योजनाका निर्देशक सिद्धान्तका रूपमा रहेका छन्।

### तालिका ३:१ आवधिक सोचका आधार स्तम्भ र सूचकहरू

| समुन्नति (Prosperity) | खुसी (Happiness) | सुशासन (Good Governance) |
|---|---|---|
| १. आर्थिक वृद्धि दर | १. परिष्कृत तथा मर्यादित जीवन | १. विधिको शासन |
| २. प्रतिव्यक्ति आय | २. सुरक्षित, सभ्य तथा न्यायपूर्ण समाज | २. पारदर्शिता |
| ३. गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | ३. स्वस्थ र सन्तुलित पर्यावरण | ३. जिम्मेवारी/उत्तरदायित्वको भावना |
| ४. औसत आयु | ४. सुदृढ राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ४. भ्रष्टाचार नियन्त्रण |
| ५. साक्षरता दर | | ५. सरकार तथा नीतिहरूको स्थायित्व एवम् प्रभावकारिता |
| ६. बेरोजगारी दर | | |

### ३.३.२ लक्ष्य

योजनाको समष्टिगत लक्ष्य "शान्ति, समानता र सुशासनसहितको लगानी मैत्री समृद्ध प्रदेश निर्माण" गर्ने रहेको छ।

### ३.३.३ उद्देश्य

यस योजनाका उद्देश्यहरू निम्नानुसार रहेका छन्।

१. कृषि, उद्योग र सेवा क्षेत्रमा लगानीको वातावरण तयार गरी प्रविधिमैत्री उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत् सम्पन्न नागरिक र समुन्नत प्रदेश निर्माण गर्नु।

२. शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षालगायतका सामाजिक विकासका क्षेत्रमा लगानी अभिवृद्धि गरी सामाजिक न्यायसहित नागरिकमा खुशी वृद्धि गर्नु।

३. प्रदेशका भौतिक तथा सामाजिक पूर्वाधारको उच्चतम उपयोग गरी समृद्धि हासिल गर्नु।

४. प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सेवा प्रवाह नागरिकमैत्री बनाई प्रत्येक नागरिकमा शान्ति, सुरक्षा तथा सुशासनको अनुभूति गर्न सक्ने वातावरण तयार गर्नु।

### ३.३.४ रणनीति

योजनाका समष्टिगत रणनीति निम्नानुसार रहेका छन् ।

१. अर्थतन्त्रका संरचनात्मक अवरोध हटाई संस्थागत क्षमता विकास गरी उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्ने।

२. सरकारी, निजी तथा सहकारी/सामुदायिक क्षेत्रको लगानीमार्फत् कोशी बेसिन तथा अन्य उपलब्ध स्रोतको उच्चतम् उपयोगबाट उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गर्ने।

३. सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका बिच सहकार्यमार्फत् स्रोत परिचालन एवम् योजना तथा कार्यक्रम कार्यान्वयन गरी प्रदेशको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने।

४. प्रदेशको भौगोलिक विविधता र विशिष्टताबिच अन्तरसम्बन्ध कायम गर्दै भौगोलिक तथा पर्यावरणीय विशिष्टताबाट लाभ लिन सक्ने गरी सहभागितामूलक तथा हरित, उत्थानशील एवम् समावेशी विकासमा जोड दिने।

५. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाजस्ता आधारभूत सेवाहरुको गुणस्तरमा सुधार गरी सन्तुलित, समावेशी तथा समन्यायिक वितरणमार्फत् सामाजिक न्याय प्रत्याभूति गराउने।

६. तथ्यमा आधारित नीति निर्माणमा जोड दिने, सेवा प्रवाहमा पारदर्शिता तथा विश्वसनीयता कायम गरी सुशासन अभिवृद्धि गर्ने।

७. बजारको मागबमोजिम क्षमतावान श्रमशक्तिको विकास गर्ने।

८. उत्तर दक्षिण सडक कोरिडोरलाई प्राङ्गारिक खेती र पर्यटनसँग आबद्ध गरी विशेष एकीकृत कार्यक्रममार्फत् आर्थिक गतिविधि चलायमान बनाउने।

### ३.३.५ परिमाणात्मक लक्ष्य

समृद्ध प्रदेश निर्माणको लागि "सुशासित, खुशी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश" को सोच पुरा गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय दीर्घकालीन सोचलाई साकार बनाउन प्रदेशमा उपलब्ध स्रोत तथा साधनको विश्लेषणबाट आएको नतिजा अनुसार आवधिक योजनाका उद्देश्य हाँसिल गर्ने गरी निम्न परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएको छ।

**तालिका ३:२ समष्टिगत परिमाणात्मक लक्ष्यहरु**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | २०८५/८६ लक्ष्य |
|---|---|---|---|---|---|
| | **समुन्नति** | | | | |
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | २.३८ | ३.५१ | ७.५५ |
| २. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | १२९९ | १३३६ | १६४५ |
| ३. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १७.५० | १७.२० | १२ |
| ४. | बेरोजगारी दर | प्रतिशत | १०.२० | ९.५ | ५.४ |
| ५. | आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA Ratio) | अनुपात | १.३४ | १.३३ | १ |
| ६. | सम्पतिमा आधारित गिनी गुणक | सूचकाङ्क | ०.३० | ०.२९ | ०.२६ |
| | **खुशी** | | | | |
| १. | अपेक्षित आयु | वर्ष | ७०.४ | ७०.६ | ७२ |
| २. | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | १५७ | १४३ | ७० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | २०८५/८६ लक्ष्य |
|---|---|---|---|---|---|
| ३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३४ | ३१ | २० |
| ४. | साक्षरता दर | प्रतिशत | ७९.७ | ८१.२ | ९० |
| ५. | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३७.८ | ४० | ६० |
| ६. | लैङ्गिक विकास | सूचकाङ्क | ०.९० | ०.९० | ०.९२ |
| ७. | मानव विकास | सूचकाङ्क | ०.५८ | ०.५९ | ०.६२ |
| ८. | डिजिटल साक्षरता | प्रतिशत | ७७ | ८० | ९० |
| ९. | विद्युत उत्पादन | मेगावाट | ५१४ | ५४७ | २२०० |
| | **सुशासन** | | | | |
| १. | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४० | ४५ |
| २. | दर्ता भएका मुद्दाको फछ्र्योट (मुख्य न्यायाधिवक्ताको कार्यालयमा) | प्रतिशत | २९ | ४५ | १०० |
| ३. | बेरुजू (कुल खर्चको) | प्रतिशत | ३.४० | २.५० | १.३० |
| ४. | राष्ट्रिय परिचय पत्र प्राप्त गरेका | सङ्ख्या (हजारमा) | ४० | ४१ | ११५० |
| ५. | विधिको शासन | सूचकाङ्क | ०.५२ | ०.६० | ०.८२ |

प्रदेशको समुन्नतिको लागि आर्थिक, सामाजिक तथा भौतिक क्षेत्रका सूचकहरू निर्धारण गरी वार्षिक लक्ष्यअनुरूप प्रगतिलाई विश्लेषण गर्नु महत्त्वपूर्ण हुन्छ। यसै तथ्यलाई प्रतिबिम्बन गर्ने खालका केही महत्त्वपूर्ण आर्थिक, सामाजिक तथा भौतिक क्षेत्रका सूचकहरु समावेश गरी लक्ष्य निर्धारण गरिएको छ।

योजना अवधिमा औसत आर्थिक वृद्धिदर ६.६१ प्रतिशत हुने अनुमान गरिएको छ। क्षेत्रगत रूपमा कृषि, उद्योग तथा सेवा क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ४.८, ९.८३ र ६.६५ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। प्रक्षेपण गरिएका सम्पूर्ण सूचकका परिमाणात्मक लक्ष्यहरू तालिका ३.३ मा प्रस्तुत गरिएको छ।

## तालिका ३:३ आवधिक योजनाका क्षेत्रगत परिमाणात्मक प्रमुख लक्ष्यहरु

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|
| | **आर्थिक क्षेत्र** | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) | रु. अर्बमा | ८४९.०२ | ९०३.०५ | १३१७.९४ |
| २. | कृषि क्षेत्रको वार्षिक वृद्धिदर | प्रतिशत | २.४० | २.४५ | ६.०० |
| ३. | उद्योग क्षेत्रको वार्षिक वृद्धिदर | प्रतिशत | २.५० | १.५० | १०.५६ |
| ४. | सेवा क्षेत्रको वार्षिक वृद्धिदर | प्रतिशत | २.६० | ४.७० | ७.४१ |
| ५. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्यमा) | अमेरिकी डलर | १२९९ | १३३६ | १६४५ |
| ६. | आधारभूत खाद्य सुरक्षामा रहेको परिवार | प्रतिशत | ६१.०० | ६४.०० | ७६.०० |
| ७. | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४४.४४ | ४४.४६ | ४५.०० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|
| ८. | पर्यटन क्षेत्रबाट थप रोजगारी | सङ्ख्या | ३५०० | ४००० | ८००० |
| **सामाजिक क्षेत्र** | | | | | |
| १. | प्रजनन दर | प्रतिशत | २.२० | २.१० | २.१० |
| २. | पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना | प्रतिशत | २०.०० | १९.०० | १४.०० |
| ३. | आधा घण्टाको दूरीमा स्वास्थ्य संस्थाको पहुँच | प्रतिशत | ६८.८० | ७०.०० | ९०.०० |
| ४. | स्वास्थ्य संस्थामा प्रसुती दर | प्रतिशत | ८१.५० | ८२.०० | ९०.०० |
| ५. | शिक्षामा आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९५.३० | ९५.९० | ९७.५० |
| ६. | उच्च शिक्षामा खुद भर्नादर | प्रतिशत | १२.८० | १५.०० | १७.०० |
| ७. | सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | १८.०० | १९.०० | ३०.०० |
| ८: | महिला श्रम सहभागिता दर | प्रतिशत | २५.६० | २६.०० | ३०.०० |
| ९. | जन्म दर्ता (पाँच वर्षमुनिका) | प्रतिशत | ७०.८० | ७५.२० | ९५.०० |
| १०. | राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका | सङ्ख्या (हजारमा) | ४० | ४१ | ११५० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|
| ११. | बेरोजगार युवा (१६ देखि ४० वर्ष) | प्रतिशत | ३५.८० | ३३ | २० |
| | | | **पूर्वाधार क्षेत्र** | | |
| १. | प्रादेशिक कालोपत्रे सडक | कि. मि. | ४२४ | ५२८ | १३५० |
| २. | सडक घनत्त्व | प्रति वर्ग कि.मि. | ०.५१ | ०.५२ | ०.९० |
| ३. | आधा घण्टाको दूरीमा यातायातको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८९.०० | ९०.०० | ९५.०० |
| ४. | सर्वयाम सडकसँग आबद्ध स्थानीय तह | सङ्ख्या | १२४ | १२६ | १३७ |
| ५. | यातायात क्षेत्रको राजस्व सङ्कलन | रू. करोडमा | २८० | ३०७ | ४५० |
| ६. | खेती योग्य भूमिमा सिंचाइ | प्रतिशत | ३७.३० | ४०.०० | ५०.०० |
| ७. | विद्युत पहुँच प्राप्त परिवार | प्रतिशत | ९५.०० | ९५.५० | ९८.०० |
| ८. | तटबन्ध निर्माण | कि.मि. | ३६ | ७० | १५० |
| ९. | नयाँ एकीकृत बस्ती | सङ्ख्या | ५४ | ५४ | ६५ |
| १०. | कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार प्रविधिको योगदान | प्रतिशत | २.१० | २.०० | २.५० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|
| **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | | | | |
| १. | पारदर्शिता | प्रतिशत | ५० | ५२.५८ | ६१.३२ |
| २. | गरिबीको विषमता | प्रतिशत | ३.८४ | ३.३० | २.५० |
| ३. | गरिबीको गहनता | सूचकाङ्क | १.२५ | १.२० | ०.८२ |
| ४. | जलवायुमैत्री प्रत्यक्ष बजेट | प्रतिशत | १४.४० | ११.०० | २१.०० |
| ५. | श्रम उत्पादकत्त्व | रू. हजारमा | १९० | २०५ | ३०० |

# परिच्छेद ४: समष्टिगत आर्थिक लक्ष्यको प्रक्षेपण

## ४.१ आर्थिक वृद्धि र कुल गार्हस्थ्य उत्पादन

प्रथम आवधिक योजना कार्यान्वनको पहिलो वर्षमा नै कोभिड-१९ महामारीले विश्वव्यापार, लगानी तथा आपूर्ति शृङ्खलामा पारेको प्रभावले प्रदेशको अर्थतन्त्र खुम्चिन पुग्यो। यसले गर्दा आर्थिक वर्ष २०७५/७६ मा रहेको ७.१० प्रतिशतको आर्थिक वृद्धि दर २०७६/७७ मा १.५३ प्रतिशतले ऋणात्मक हुन पुग्यो। महामारीले पुऱ्याएको क्षतिबाट तत्कालै अर्थतन्त्रमा पुनरुत्थान हुन नसकेकाले त्यसपछिका वर्षमा पनि आर्थिक वृद्धि दरमा खासै सुधार हुन सकेन। परिणामस्वरूप प्रथम आवधिक योजनाको औसत आर्थिक वृद्धि दर २.९० प्रतिशतमै सीमित रहने अनुमान छ। यद्यपी आर्थिक वर्ष २०८०/८१ देखि विश्व अर्थतन्त्रमा क्रमिक सुधार भएसँगै मुलुक र प्रदेशको अर्थतन्त्रमा पनि सुधारका सङ्केत देखिएका छन्। कोभिड-१९ को महामारी र प्रतिकूल अन्तर्राष्ट्रिय परिस्थिति तथा प्रदेशस्तरमा सिर्जना भएको राजनीतिक अस्थिरताका बाबजुद २०७९/८० मा रहेको २.३८ प्रतिशतको आर्थिक वृद्धि दर २०८०/८१ मा वृद्धि भएर ३.५१ प्रतिशत रहने अनुमान छ।

आर्थिक वृद्धिका लागि कृषि तथा वन, खानी तथा उत्पादनमूलक उद्योग, विद्युत, निर्माण, पर्यटन, यातायात, सूचना तथा प्रविधि, शिक्षा र स्वास्थ्य प्रमुख योगदान गर्ने क्षेत्र हुन्। दोस्रो आवधिक योजनाका लागि आर्थिक वृद्धिदर र क्षेत्रगत मूल्य अभिवृद्धिको प्रक्षेपण गर्दा विगतको प्रवृतिको मूल तथ्याङ्कीय आधार, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित तथ्याङ्क, योजनाको अवधारणा पत्र र सरोकारवालासँगको छलफलबाट प्राप्त सुझावलाई आधार मानिएको छ। त्यसका साथै आगामी दिनमा अर्थतन्त्र सुधारोन्मुख रहने अनुमान गरिएको छ। यसका अतिरिक्त आर्थिक वृद्धिदर र क्षेत्रगत मूल्य अभिवृद्धिको प्रक्षेपण गर्दा राष्ट्रिय योजना आयोगले तयार पारेको आधार तथा सोह्रौं योजनाले प्रक्षेपण गरेको अर्थतन्त्रको आकार र वृद्धिदरलाई समेत ध्यानमा राखिएको छ।

दोस्रो योजना अवधिमा औंसत ६.६१ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान छ। यस अनुसार योजनाका पाँच वर्षको अवधिमा न्यूनतम ५.३७ देखि अधिकतम ७.५५ प्रतिशत वृद्धि हासिल हुने अनुमान छ। अर्थतन्त्रका प्रमुख क्षेत्रमा हुने लगानीको कारण अन्य क्षेत्रमा समेत गुणक प्रभाव पर्न गई लक्षित आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ। समग्रमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको क्रमशः ४.८४, ९.८३ र ६.६५ प्रतिशतको औसत वृद्धि हुने अनुमान रहेको छ। उक्त आर्थिक वृद्धि हासिल गर्नका लागि प्रदेशमा आर्थिक स्थायित्व कायम गर्दै लगानी आकर्षण तथा परिचालन गरिनेछ।

दोस्रो आवधिक योजनाको आर्थिक वृद्धि दर र क्षेत्रगत मूल्य अभिवृद्धि सहितको कुल गार्हस्थ्य उत्पादन तालिका ४.१ र ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४:१ प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य (प्रतिशतमा)**

| क्र.सं. | क्षेत्रहरु | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको औसत |
| १ | **प्राथमिक क्षेत्र** | २.४ | २.४ | ३.६४ | ४.१४ | ४.८४ | ५.५४ | ६.०४ | ४.८४ |
| १.१ | कृषि वन तथा मत्स्यपालन | २.४१ | २.४५ | ३.६ | ४.१ | ४.८ | ५.५ | ६.० | ४.८ |
| १.२ | खानी तथा उत्खनन | १.०१ | २.२६ | ७.० | ७.५ | ८.१० | ८.५० | ८.७५ | ७.९७ |
| २ | **द्वितीय क्षेत्र** | २.५ | १.५ | ९.०६ | ९.४२ | ९.८५ | १०.२६ | १०.५६ | ९.८३ |
| २.१ | उत्पादनमूलक उधोग | -२.३६ | -२.६७ | ७.० | ७.२५ | ७.० | ७.७५ | ८.० | ७.५० |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा | २६.३० | २०.२९ | १७ | १७.२५ | १७.५० | १७.७५ | १८ | १७.५० |
| २.३ | पानी आपूर्ति, ढल,फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलाप | ३.२३ | ३.२७ | ८.७४ | ६.३६ | ६.५० | ६.७५ | ७.० | ७.०७ |
| २.४ | निर्माण | -०.३३ | -२.२५ | ८.० | ८.५ | ८.९० | ९.२५ | ९.३० | ८.८० |
| ३ | **सेवा** | २.६ | ४.७ | ५.३६ | ६.४७ | ६.८७ | ७.१६ | ७.४१ | ६.६५ |

| क्र.सं. | क्षेत्रहरु | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको औसत |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर मर्मत सेवा | -२.६९ | ०.३३ | २.९६ | ६.३३ | ७.० | ७.५ | ७.५९ | ६.२८ |
| ३.२ | यातायात तथा भण्डारण | ०.४८ | ११.६६ | ८.२५ | ८.९४ | ९.२ | ९.३ | ९.४ | ९.०२ |
| ३.३ | आवास तथा भोजन सेवा | १७.१४ | २२.३२ | १४.० | १५.५० | १५.७५ | १६.० | १७.० | १५.६५ |
| ३.४ | सूचना तथा सञ्चार | ३.७६ | ४.७७ | ७.१२ | ८.६० | ९.० | ९.२५ | १०.० | ८.७९ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ७.८४ | ७.०२ | ७.६८ | ७.८७ | ७.९० | ८.० | ८.२५ | ७.९४ |
| ३.६ | घरजग्गा कारोबार | १.८७ | ३.४५ | २.८९ | ३.२५ | ३.३० | ३.४० | ३.५० | ३.२७ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्रविधि क्रियाकलाप | ३.६० | ३.९७ | ५.६ | ५.९२ | ६.२५ | ६.३ | ६.३५ | ६.०८ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ४.८३ | ३.७५ | ४.१४ | ७.९४ | ८.५० | ९.० | ९.१० | ७.७४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा अनिवार्य सामाजिक | ६.२७ | ४.७३ | ४.५ | ५.१ | ५.५ | ५.७ | ५.८ | ५.३२ |
| ३.१० | शिक्षा | ३.८७ | २.६९ | ४.७५ | ५.० | ५.४० | ५.७० | ५.७५ | ५.३२ |

| क.सं. | क्षेत्रहरु | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको औसत |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६.४७ | ५.५४ | ६.४ | ६.१७ | ६.५९ | ६.२९ | ६.२५ | ६.३४ |
| ३.१२ | कला मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ५.१५ | ३.९५ | ५.१५ | ६.७३ | ६.१२ | ६.०६ | ६.१० | ६.०३ |
| ४ | **कुल गार्हस्थ्य उत्पादन आधार मूल्यमा** | **२.३८** | **३.५१** | **५.३७** | **६.२०** | **६.७३** | **७.१९** | **७.५५** | **६.६१** |

*स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगवाट गरिएको प्रक्षेपण, २०८१*

## तालिका ४:२ प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धि लक्ष्य

(रु. अर्बमा)

| क्र.सं. | क्षेत्रहरु | आधारवर्ष २०७९/८० | आ.व. २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **२४८.९७** | **२६५.३२** | **२७४.९७** | **२८६.३५** | **३००.२१** | **३१६.८४** | **३३५.९६** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २४५.९५ | २६२.३२ | २७१.७६ | २८२.९० | २९६.४८ | ३१२.७९ | ३३१.५५ |
| १.२ | खानी तथा उत्खनन | ३.०२ | ३.०० | ३.२१ | ३.४५ | ३.७३ | ४.०५ | ४.४० |
| **२** | **द्वितीय क्षेत्र** | **१२४.८०** | **१२७.५५** | **१३९.१०** | **१५२.२१** | **१६७.२०** | **१८४.३६** | **२०३.८३** |
| २.१ | उत्पादनमूलक उधोग | ५३.२६ | ५३.०१ | ५६.७२ | ६०.८४ | ६५.४० | ७०.४७ | ७६.११ |
| २.२ | विद्युत, ग्याँस,वाष्प, तथा वातानुकिलत आपूर्ति सेवा | १६.६१ | २०.३४ | २३.८० | २७.९१ | ३२.७९ | ३८.६१ | ४५.५६ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलाप | ३.६८ | ३.७९ | ४.१२ | ४.३८ | ४.६६ | ४.९८ | ५.३३ |
| २.४ | निर्माण | ५१.२६ | ५०.४१ | ५४.४६ | ५९.०९ | ६४.३५ | ७०.३० | ७६.८४ |

| क्र.सं. | क्षेत्रहरु | आधारवर्ष २०७९/८० | आ.व. २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | सेवा | ३७८.७० | ४०६.९१ | ४२८.७१ | ४५६.४५ | ४८७.८२ | ५२२.७४ | ५६१.४८ |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर मर्मत सेवा | ६९.१५ | ७२.२५ | ७४.३९ | ७९.०९६ | ८४.६३ | ९०.९८ | ९७.८९ |
| ३.२ | यातायात तथा भण्डारण | ४०.५४ | ४६.७३६ | ५०.६२ | ५५.१५ | ६०.२२ | ६५.८२ | ७२.०१ |
| ३.३ | आवास तथा भोजन सेवा | १३.७६ | १८.१९६ | २०.७१ | २३.९२ | २७.६८ | ३२.११ | ३७.५७ |
| ३.४ | सूचना तथा सञ्चार | १५.५१ | १६.३९ | १७.५५ | १९.०६ | २०.७८ | २२.७० | २४.९७ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ३०.४४ | ३१.२५ | ३३.६५ | ३६.२९ | ३९.१६ | ४२.३० | ४५.७९ |
| ३.६ | घरजग्गा कारोबार | ४९.०५ | ५२.९६ | ५४.४९ | ५६.२६ | ५८.११ | ६०.०९ | ६२.१९ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्रविधि क्रियाकलाप | ४.२८ | ४.७२ | ४.९८ | ५.२८ | ५.६१ | ५.९६ | ६.३४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | २.३४ | २.५६ | २.६६ | २.८७ | ३.१२ | ३.४० | ३.७१ |

| क्र.सं. | क्षेत्रहरु | आधारवर्ष २०७९/८० | आ.व. २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा अनिवार्य सामाजिक सुरक्षा | ७१.२८ | ७३.५४ | ७६.८५ | ८०.७७ | ८५.२१ | ९०.०७ | ९५.२९ |
| ३.१० | शिक्षा | ६१.७९ | ६७.०३ | ७०.२१ | ७३.७२ | ७७.७० | ८२.१३ | ८६.८५ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १५.६४ | १६.१८ | १७.२१ | १८.२७ | १९.४८ | २०.७० | २२.०० |
| ३.१२ | कला मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ४.९१ | ५.१४ | ५.४० | ५.७६ | ६.१२ | ६.४९ | ६.८८ |
| ४ | कुल गार्हस्थ्य उत्पादन (आधार मूल्यमा) | ७५२.४७ | ७९९.७८ | ८४२.७८ | ८९५.०१ | ९५५.२३ | १०२३.९४ | ११०१.२७ |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ९६.५५ | १०३.२८ | १०८.७२ | ११५.४६ | १२३.२३ | १३२.०९ | १४२.०६ |
| | **कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)** | **८४९.०२** | **९०२.०५** | **९५१.५०** | **१०१०.४७** | **१०७८.४६** | **११५६.०२** | **१२४३.३४** |

| क्र.सं. | क्षेत्रहरु | आधारवर्ष २०७९/८० | आ.व. २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | ८४९.०२ | ९०३.०५ | १००८.५९ | १०७१.१० | ११४३.१७ | १२२५.३९ | १३१७.९३ |

*स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगबाट गरिएको प्रक्षेपण, २०८१*

माथि उल्लेख गरिएअनुसार दोस्रो आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा प्रथम आवधिक योजनाको अन्तिम वर्ष २०८०/८१ मा रू. ९ खर्ब ३ अर्ब ५ करोड रहेको प्रदेशको कुल गार्हस्थ्य उत्पादनको परिमाणमा वृद्धि भई रू. १३ खर्ब १७ अर्ब ९३ करोड पुग्ने अनुमान रहेको छ ।

दोस्रो आवधिक योजना अवधिमा कृषि क्षेत्र भन्दा उद्योग (द्वितीयक्षेत्र) र सेवा क्षेत्रमा हुने उच्च आर्थिक मूल्य वृद्धिका कारण अर्थतन्त्रको संरचनामा परिवर्तन हुनेछ। उद्योग क्षेत्रको योगदानमा वृद्धि भई आधार वर्ष २०७९/८० मा रहेको १६.६० प्रतिशतबाट १८.९० प्रतिशत पुगेको हुनेछ। सेवा क्षेत्रको योगदानमा सामान्य वृद्धि भई ५०.३० प्रतिशत बाट ५०.९९ प्रतिशत पुग्ने अनुमान छ तर कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान भने ३३.१० प्रतिशतबाट घटेर ३०.५१ प्रतिशतमा सीमित हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको संरचनामा ल्याउने परिवर्तनले कृषि क्षेत्रमा आश्रित श्रमशक्तिको केही हिस्सा उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने अनुमान छ। क्षेत्रगत योगदानको अनुमान तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

### तालिका ४:३ प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा)

| क्र.सं. | क्षेत्रहरु | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **३३.१** | **३३.२** | **३२.६३** | **३१.९९** | **३१.४३** | **३०.९४** | **३०.५१** |
| १.१ | कृषि वन तथा मत्स्यपालन | ३२.७ | ३२.८ | ३२.२५ | ३१.६१ | ३१.०४ | ३०.५५ | ३०.११ |
| १.२ | खानी तथा उत्खनन् | ०.४ | ०.४ | ०.३८ | ०.३९ | ०.३९ | ०.३९ | ०.४० |
| **२** | **द्वितीय क्षेत्र** | **१६.६** | **१५.९** | **१६.५७** | **१७.१४** | **१७.७२** | **१८.३२** | **१८.९०** |
| २.१ | उत्पादनमूलक उद्योग | ७.१ | ६.६ | ६.७९ | ६.९३ | ७.०७ | ७.२० | ७.३० |
| २.२ | विद्युत, ग्याँस, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | २.२ | २.५ | २.८२ | ३.१२ | ३.४३ | ३.७७ | ४.१४ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप | ०.५ | ०.५ | ०.४९ | ०.४९ | ०.४९ | ०.४९ | ०.४८ |
| २.४ | निर्माण | ६.८ | ६.३ | ६.४६ | ६.६० | ६.७४ | ६.८७ | ६.९८ |
| **३** | **सेवा** | **५०.३** | **५०.९** | **५०.८७** | **५१.००** | **५१.०७** | **५१.०५** | **५०.९९** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर मर्मत सेवा | ९.२ | ९.० | ८.८३ | ८.८४ | ८.८६ | ८.८९ | ८.८९ |
| ३.२ | यातायात तथा भण्डारण | ५.४ | ५.८ | ६.०८ | ६.१६ | ६.३० | ६.४३ | ६.५४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | आवास तथा भोजन सेवा | १.८ | २.३ | २.४६ | २.६७ | २.९० | ३.१४ | ३.४१ |
| ३.४ | सूचना तथा सञ्चार | २.१ | २.० | २.०८ | २.१३ | २.१८ | २.२२ | २.२७ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | ४.० | ३.९ | ३.९९ | ४.०६ | ४.१० | ४.१३ | ४.१६ |
| ३.६ | घरजग्गा कारोबार | ६.५ | ६.६ | ६.४७ | ६.२९ | ६.०८ | ५.८५ | ५.६५ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्रविधि क्रियाकलाप | ०.६ | ०.६ | ०.५९ | ०.५९ | ०.५९ | ०.५८ | ०.५८ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.३ | ०.३ | ०.३२ | ०.३२ | ०.३३ | ०.३३ | ०.३४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा अनिवार्य सामाजिक सुरक्षा | ९.५ | ९.२ | ९.१२ | ९.०२ | ८.९० | ८.८० | ८.६५ |
| ३.१० | शिक्षा | ८.२ | ८.४ | ८.३३ | ८.२४ | ८.१३ | ८.०२ | ७.८९ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | २.१ | २ | २.०४ | २.०४ | २.०४ | २.०२ | २.० |
| ३.१२ | कला मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ०.७ | ०.६ | ०.६४ | ०.६४ | ०.६४ | ०.६३ | ०.६३ |

***स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगबाट गरिएको प्रक्षेपण, २०८१***

## ४.२ सीमान्त पूँजी उत्पादन अनुपात र लगानीका स्रोतहरू

प्रदेशको प्राकृतिक, भौतिक तथा आर्थिक संरचनालाई आर्थिक वृद्धि, विकास र रूपान्तरणको संवाहक बनाई गरिबी न्यूनीकरण तथा सामाजिक न्यायसहितको आर्थिक विकासका लागि सार्थक लगानीको आवश्यकता पर्दछ। योजना अवधिमा प्रक्षेपित आर्थिक वृद्धि हासिल गर्नका लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सरकारी, निजी तथा सहकारी क्षेत्रको लगानी परिचालन गरिनेछ। विगतमा प्रदेश सरकारले थालनी गरेका पूर्वाधार सम्बद्ध बृहत् कार्यक्रम तथा आयोजना यस योजना अवधिमा सम्पन्न भई सञ्चालनमा आउने छन्। कृषि तथा उद्योग क्षेत्रको उत्पादनमा प्रविधिको थप प्रयोगले पूँजीको उत्पादकत्वमा वृद्धि हुने अनुमान गरिएको छ। दिगो विकास लक्ष्यको प्राप्ति र २१ औं शताब्दीको मागअनुरूप प्रदेशलाई आर्थिक रूपमा गतिशील बनाउन मानव पूँजी निर्माण, कृषि र उद्योग तथा सेवा क्षेत्रमा आधुनिक प्रविधि र विद्युतीय शासनको अवलम्बन गरिनेछ। त्यसैगरी सार्वजनिक सेवा सम्बन्धी पूर्वाधारको निर्माण तथा विस्तार गरिनेछ। पूँजीको सीमान्त लागत घटाउन नवीनतम्, उत्थानशील, दीर्घकालीन तथा रणनीतिक प्रकृतिका भौतिक पूर्वाधार, सञ्चार तथा सूचना प्रविधि, प्राविधिक शिक्षा तथा स्वास्थ्यसम्बन्धी पूर्वाधार जन्य कार्यक्रम तथा आयोजनामा लगानी बढाइनेछ।

क्षेत्रगत तथा कुल लगानी प्रक्षेपण गर्न सीमान्त पूँजी उत्पादन अनुपातको संरचना आवश्यक पर्दछ। प्रदेशस्तरको सीमान्त पूँजी उत्पादन अनुपातको तथ्याङ्क उपलब्ध नरहेकाले सङ्घीय सरकारको सोह्रौं योजनामा लगानी प्रक्षेपण गर्न प्रयोग गरिएको राष्ट्रिय औसत र क्षेत्रगत सीमान्त पूँजी उत्पादन अनुपातलाई नै प्रक्षेपणका लागि आधार मानिएको छ।

प्रक्षेपित सीमान्त पूँजी उत्पादन अनुपातको आधारमा योजना अवधिमा औसत ६.६१ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आ.व. २०७९/८० को स्थिर मूल्यमा रू. १४ खर्ब २५ अर्ब ५३ करोड २० लाख लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। अनुमानित लगानीमध्ये प्राथमिक क्षेत्रमा रू. २ खर्ब ११ अर्ब २१ करोड ५० लाख, द्वितीय क्षेत्रमा रू. ५ खर्ब १८ अर्ब ७२ करोड ४० लाख र सेवा क्षेत्रमा रू. ६ खर्ब ९५ अर्ब ५९ करोड २० लाख लगानी हुने अनुमान रहेको छ।

## तालिका ४:४ सीमान्त पूँजी उत्पादन र कुल लगानीको लक्ष्य (२०७९/८० को स्थिर मूल्यमा)

(रु.दश लाखमा)

| क्र.सं. | क्षेत्रहरु | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल |
| १ | **प्राथमिक क्षेत्र** | **२.९९** | **२८८६४** | **३४०३५** | **४१४३८** | **४९७०५** | **५७१७३** | **२११२१५** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २.९७ | २८०४७ | ३३०९२ | ४०३३० | ४८४३० | ५५७३९ | २०५६३८ |
| १.२ | खानी तथा उत्खनन | ५.७१ | १२०० | १३७५ | १५९७ | १८११ | २०२३ | ८००६ |
| २ | **द्वितीयक्षेत्र** | **६.८०** | **७८५७०** | **८९१४२** | **१०१९३२** | **११६६५९** | **१३२४२२** | **५१८७२४** |
| २.१ | उत्पादनमूलक उधोग | ५.३५ | १९८५३ | २२००२ | २४४११ | २७११६ | ३०१६० | १२३५४२ |
| २.२ | विद्युत, ग्याँस, वाष्प, तथा वातानुकुलित आपूर्ति सेवा | १३.१२ | ५४३७२ | ५३८६६ | ६४०७३ | ७६३६१ | ९११८१ | ३३०८५२ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप | ६.५६ | २१७० | १७१७ | १८६७ | २०६५ | २२८६ | १०१०४ |

| क्र.सं. | क्षेत्रहरु | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल |
| २.४ | निर्माण | ३.५३ | १४३१३ | १६३४१ | १८५६५ | २१०१२ | २३०८० | ९३३१० |
| **३** | **सेवा** | **४.५०** | **९८११२** | **१२४८२१** | **१४११६५** | **१५७१५६** | **१७४३३९** | **६९५५९२** |
| ३.१ | थोक तथा खुद्राव्यापार, गाडी तथा मोटर मर्मत सेवा | २.७६ | ५९०५ | १३००२ | १५२८१ | १७५१९ | १९०७१ | ७०७७९ |
| ३.२ | यातायात तथा भण्डारण | ११.३६ | ४३८२६ | ५१४१९ | ५७६३५ | ६३६२२ | ७०२८६ | २८६७८८ |
| ३.३ | आवास तथा भोजन सेवा | ६.०६ | १५४०९ | १९४४९ | २२८२५ | २६८४० | ३३०८० | ११७६०३ |
| ३.४ | सूचना तथा सञ्चार | ९.९२ | ११५७५ | १४९७७ | १७०१९ | १९०६६ | २२५१९ | ८५१५५ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | २.८२ | ६७६३ | ७४७० | ८०८६ | ८८३५ | ९८४० | ४०९९५ |
| ३.६ | घरजग्गा कारोबार | ५.६४ | ८६४० | ९९८७ | १०४७१ | ११९४४ | ११८६२ | ५२१०४ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्रविधि क्रियाकलाप | २.९० | ७६७ | ८५५ | ९५६ | १०२४ | १०९७ | ४६९९ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ३.०२ | ३१९ | ६३८ | ७३७ | ८४७ | ९३४ | ३४७६ |

| क्र.सं. | क्षेत्रहरु | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | आवधिक योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा,अनिवार्य सामाजिक सुरक्षा | ३.४२ | ११३२८ | १३४०४ | १५१९३ | १६६११ | १७८६६ | ७४४०३ |
| ३.१० | शिक्षा | ४.०४ | १२८६२ | १४१८२ | १६०८३ | १७८९३ | १९०७९ | ८००९८ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ७.३२ | ७५७४ | ७७७८ | ८८१२ | ८९७१ | ९४७२ | ४२६०६ |
| ३.१२ | कला मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २.६८ | ७०९ | ९७५ | ९४६ | ९९३ | १०६१ | ४६८२ |
| | **जम्मा** | | **२०५५४६** | **२४७९९८** | **२८४५३५** | **३२३५१९** | **३६३९३४** | **१४२५५३२** |

*स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगबाट गरिएको प्रक्षेपण, २०८१*

योजना कार्यान्वयनका लागि आवश्यक लगानी सरकारी, निजी र सहकारी तथा सामुदायिक क्षेत्रबाट परिचालित गरिनेछ। आवश्यक लगानी मध्ये सार्वजनिक क्षेत्रबाट रू. ३ खर्ब ७६ अर्ब १५ करोड ६१ लाख, निजी क्षेत्रबाट रू. ९ खर्ब ९७ अर्ब ३२ करोड ३० लाख र सहकारी तथा सामुदायिक क्षेत्रबाट रू. ५२ अर्ब ०५ करोड २३ लाख लगानी हुने अनुमान गरिएको छ। कुल लगानीमा यी तीन क्षेत्रको क्रमशः २६.३९ प्रतिशत, ६९.९६ प्रतिशत र ३.६५ प्रतिशत योगदान हुने अनुमान छ। अनुमानित लगानीको क्षेत्रगत बाँडफाट अनुसार कृषि, उत्पादनमूलक उद्योग, शिक्षा, स्वास्थ्य र निर्माण क्षेत्रमा सरकारको तथा अन्य क्षेत्रमा निजी क्षेत्रको लगानी उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ।

**तालिका ४:५ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रगत लगानी (रू. दश लाखमा )**

| क्र.स. | लगानीका क्षेत्रहरु | सार्वजनिक | प्रतिशत | निजी | प्रतिशत | सहकारी र सामुदायिक | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक क्षेत्र | ५९६६८.२७ | २८.२५ | १३९४०२ | ६६ | १२१४४.८७ | ५.७५ | २११२१५.१ | १०० |
| २ | द्वितीय क्षेत्र | १५३०२३.७० | २९.५० | ३५०१३९ | ६७.५ | १५५६१.७३ | ३.० | ५१८७२४.४ | १०० |
| ३ | सेवा | १६३४६४.१७ | २३.५ | ५०७७८२.३ | ७३.० | २४३४५.७३ | ३.५ | ६९५५९२.२ | १०० |
| **जम्मा** | | **३७६१५६.१३** | **२६.३९** | **९९७३२३.३०** | **६९.९६** | **५२०५२.३३** | **३.६५** | **१४२५५३२** | **१००** |

*स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगबाट गरिएको प्रक्षेपण ,२०८१*

## ४.३ सार्वजनिक स्रोत व्यवस्था तथा खर्चको प्रक्षेपण

आर्थिक वृद्धि तथा दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक लगानी तथा खर्चको महत्त्वपूर्ण भूमिका हुन्छ। निजी, सहकारी, सामुदायिक र घरपरिवारको लगानीलाई थप आकर्षित गरी योजनाले निर्धारण गरेका लक्ष्य हासिल गर्न समेत सरकारी लगानी आवश्यकता पर्दछ। सो प्राप्त गर्न दोस्रो योजना अवधिमा रू. ३ खर्ब ७६ अर्ब १५ करोड ६१ लाख सरकारी क्षेत्रबाट खर्च हुने अनुमान गरिएको छ।

उक्त रकम मध्ये रू. २ खर्ब १४ अर्ब ७६ करोड १० लाख प्रादेशिक आयबाट र बाँकी रू. १ खर्ब ६१ अर्ब ३९ करोड ५१ लाख स्थानीय तहहरुबाट हुने खर्चबाट परिपूर्ति हुने अनुमान गरिएको छ।

योजना अवधिमा कुल प्रादेशिक आयको स्रोतलाई वर्गीकरण गर्दा राजस्वको हिस्सा (आन्तरिक र सङ्घबाट बाँडफाँड भई आउने समेत) ५१.५७ प्रतिशत, सङ्घीय सरकारवाट प्राप्त हुने अनुदानको हिस्सा ४५.६३ प्रतिशत र बाँकी २.८० प्रतिशत रकम आन्तरिक ऋण र वैदेशिक अनुदानको परिचालनबाट पूर्ति गरिने छ। प्रदेशको कुल खर्चमा चालूखर्चको हिस्सा ३६.२७ प्रतिशतमा सीमित हुनेछ भने पूँजीगत र स्थानीय अनुदानतर्फ ६३.७३ प्रतिशत खर्च हुने अनुमान छ।

तालिका ४:६ सार्वजनिक वित्तको प्रक्षेपण (२०८०/८१ स्थिर मूल्यमा)

(रू दश लाखमा)

| क.स | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आर्थिक वर्ष अनुसार प्रक्षेपित लक्ष्य | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कुल प्रादेशिक आय (२+३+४+५+६) | ३५९५५.३ | ३२४९५.४ | ३५२७९.३ | ३८६४७.१ | ४२६९०.४ | ४६३१३.२१ | ५१८३१.८४ | २१४७६१.८५ |
| २ | कुल राजस्व | १२९६६.७ | १३४५५.१ | १७३८०.८ | २०५११ .६ | २२७३३.३ | २४०१७.१९ | २६११७.८४ | ११०७६०.७३ |
| | अन्तरिक राजस्व | ३८१६.३ | ३३९३.५ | ४९८० | ६१३०.७ | ६९३०.७ | ७५९३.७ | ७९७१.२ | ३३६०६.३ |
| | सङ्घीय राजस्व बाँडफाँड | ९१५०.४ | १००६१.६ | १२४००.८ | १४३८० .९ | १५८०२.६ | १६४२३.४९ | १८१४६.६४ | ७७१५४.४३ |
| ३ | सङ्घीय सरकारबाट प्राप्त अनुदान | १५७८६.० | १३८४२.८ | १४५४२.६ | १७६४९.६ | १९४१४.६ | २१५४०.९२ | २४८३९.७८ | ९७९८७.५० |
| ४ | गत वर्षको नगद मौज्दात | ७१६४.८ | ५१९७.६ | ३२५० | ० | ० | ० | ० | ३२५० |
| ५ | वैदेशिक अनुदान | ३७.८ | ० | १०५.९ | २६५.९ | २९२.५ | ३२४.५१ | ३७४.२२ | १३६३.०३ |
| ६ | आन्तरिक ऋण | ० | ० | ० | २२०.० | २५०.० | ४३०.५९ | ५०० | १४००.५९ |
| ७ | सार्वजनिक व्यय | ३०७५८.७ | २९२४५.५ | ३५२७९.३ | ३८६४७.१ | ४२६९०.४ | ४६३१३.२१ | ५१८३१.८४ | २१४७६१.८५ |
| ८ | चालू खर्च | ९०९९.३ | १०२२९.५ | १४२७२.३ | १४४९६.६ | १५२८६.५ | १६२८६.५ | १७५५७.२१ | ७७८९९.११ |

| क.स | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आर्थिक वर्ष अनुसार प्रक्षेपित लक्ष्य | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/०८६ | |
| ९ | पूँजीगत खर्च | १८११२.५ | १४९२६.२ | १६२०२ | १९०१३.३ | २१७५२.९ | २३७५७.३४ | २७०४५.१४ | १०७७७०.६८ |
| १० | स्थानीय तह अनुदान | ३५४६.९ | ४०८२.३ | ४७८५ | ५१०७.२ | ५६१८ | ६२३२.७५ | ७१८७.२६ | २८९३०.२१ |
| ११ | वित्तीय व्यवस्था | ० | ७.५ | २० | ३० | ३३ | ३६.६२ | ४२.२३ | १६१.८५ |
| १३ | सञ्चित कोष वचत (१-७) | ५१९६.६ | ३२५०.० | ० | ० | ० | ० | ० | |

*स्रोत :कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र विद्यमान स्थितिका आधारमा प्रदेश योजना आयोगवाट गरिएको प्रक्षेपण, २०८१*

## ४.४ सार्वजनिक वित्त

संविधानले निर्देश गरेअनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताबाट उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा उच्च र दिगो आर्थिक वृद्धि र त्यसको न्यायोचित वितरणमार्फत् सामाजिक न्यायको पहुँच वृद्धि गर्दै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको निर्माणमा योगदान गर्ने प्रदेशको आर्थिक नीति रहेको छ।

### ४.४.१ वचत तथा लगानी

#### पृष्ठभूमि

प्रदेशको आर्थिक समुन्नतिका लागि लगानी जुटाउन वचत परिचालनको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रदेशस्तरमा वचत तथा लगानी तथ्याङ्क उपलब्ध नभएको हुँदा यसबारे सूक्ष्म विश्लेषण गर्न सक्ने अवस्था छैन। प्रदेशलाई आत्मनिर्भर तुल्याई समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न उच्च दरमा वचत परिचालन गरी पूँजी निर्माण गर्नुपर्ने हुन्छ। जनताको आयस्तर कम हुँदा वचत गर्ने क्षमतामा अपेक्षाकृत वृद्धि गर्न कठिन हुन्छ। प्रदेशको वचत कुल गार्हस्थ्य उत्पादनको करिब एक तिहाई रहेको छ। प्रदेशमा आयको ठूलो अंश उपभोगमा जाने प्रवृत्तिमा ऐच्छिक सुधारको विकास गरी लगानी प्रवर्धन गराउन ठोस रणनीति अपनाउनु आवश्यक छ।

#### प्रमुख समस्या

आयको ठूलो अंश उपभोग मै खर्च हुनु, सार्वजनिक क्षेत्रको राजस्व परिचालनको तुलनामा फजुल खर्चले सरकारको वचतमा कमी आउनु, उपभोग वादी संस्कृति हाबी हुनु, सार्वजनिक तथा निजी लगानीबिच परिपूरक सम्बन्ध नहुनु, प्रदेशमा सबै स्थानीयतह र क्षेत्रमा वित्तीय पहुँच पुग्न नसक्नु, वित्तीय साक्षरतामा कमी हुनु तथा पूँजी बजारमा लगानीको आधार साँघुरो रहनु आदि प्रमुख समस्या हुन्।

#### चुनौती र अवसर

ग्रामीण क्षेत्रमा बैंकिंग सेवाको विस्तार गर्नु, आयस्तर बढाउनु, पर्याप्त मात्रामा उद्यमशीलताको विकास गर्नु, वचत तथा लगानीको उच्चतम प्रतिफलको सुनिश्चितता गर्नु, विप्रेषण आयलाई उत्पादनशील क्षेत्रको लगानीमा रुपान्तरण गर्नु, उपभोगलाई आवश्यकतामा आधारित बनाउनु, सहज ऋणको उपलब्धता गराउनु आदि वचत तथा लगानी सम्बन्धी प्रमुख चुनौतीको रूपमा रहेका छन्।

वित्तीय संस्थाको सघन उपस्थिति हुनु, वित्तीय उपकरणको तीव्र विस्तार हुनु, विप्रेषण आप्रवाहको कारण आम्दानी बढ्नाले वचत र पूँजी निर्माण गर्ने आधारहरु तय हुनु, विभिन्न आर्थिक गतिविधिका थुप्रै

सम्भावना रहनु, निजी क्षेत्र, गैर आवासीय नेपाली र वैदेशिक लगानी प्रर्वद्धन गर्न सकिने अवसर रहेका छन्।

**क्षेत्रगत सोच**

वचत परिचालनमार्फत् आत्मनिर्भर र समुन्नत अर्थतन्त्र निर्माण।

**लक्ष्य**

वचत परिचालनमा सुधार गरी लगानी वृद्धि गर्ने।

**उद्देश्य**

वचत गर्ने क्षमता अभिवृद्धि र वचत परिचालनको वातावरण निर्माण गरी लगानी वृद्धि गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. रोजगारी र आय आर्जनका अवसर विस्तार गरी वचत गर्ने क्षमता बढाउने। | १. दैनिक उपभोग्य वस्तु र आधारभूत तथा सामाजिक सेवा सुविधालाई न्यूनतम मूल्यमा उपभोग गर्न सुनिश्चितता कायम गरी वचतको दायरा विस्तार गरिनेछ।<br>२. प्रादेशिक वचत नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>३. क्षमता अभिवृद्धिमार्फत् रोजगारीको आय वृद्धि गरी वचत क्षमता बढाइनेछ। |
| २. घर परिवार, निजी क्षेत्र र सामुदायिक क्षेत्रलाई वचत गर्न प्रोत्साहन र आकर्षण गर्ने। | १. घरपरिवार तथा सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गरी उत्पादनमूलक खर्चमा प्रोत्साहित गरिनेछ।<br>२. वचत तथा लगानीमा उच्चतम प्रतिफलको सुनिश्चितता हुने वातावरण निर्माण गरिनेछ। |
| ३. वित्तीय प्रणालीको विकास गरी ब्यक्तिगत र संस्थागत रूपमा वचत परिचालन गर्ने। | १. वचतको विद्यमान उपकरणको प्रभावकारी उपयोग तथा नवीनतम् उपकरणहरुको विस्तार गरिनेछ।<br>२. विप्रेषणको आयलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न विशेष वचत तथा लगानी योजना सञ्चालनमा ल्याइनेछ।<br>३. वैदेशिक रोजगारीको वचत परिचालन गर्न आवश्यक क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ। |

**अपेक्षित उपलब्धि**

वचत गर्ने क्षमता वृद्धि भएको हुने, वचत परिचालनको वातावरण निर्माण भएको हुने र लगानी वृद्धि भएको हुने अपेक्षा गरिएकोछ।

## ४.४.२ सार्वजनिक खर्च

**पृष्ठभूमि**

नेपालको संविधानले प्रदेशलाई सुम्पिएको आर्थिक सामाजिक विकासको गहन जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले ठूलो लगानी गर्नुपर्ने अवस्था छ। साथै, संविधानले प्रत्याभूति गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनले सिर्जना गरेका आर्थिक दायित्वहरुको पनि व्यवस्थापन गर्नुपर्ने छ। उपलब्ध स्रोत र साधनको कुशलता तथा दक्षतापूर्वक उपयोग गरी समाजवादउन्मुख अर्थतन्त्रको निर्माण तथा प्रदेशको सन्तुलित विकास गर्नुपर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। सङ्घीय शासन प्रणालीअनुरूप प्रदेश सरकारले आफ्नो खर्च जिम्मेवारीबमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्नेछ। समग्र खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिवृद्धि गर्नु अपरिहार्य रहेको छ।

आवधिक योजनाको पहिलो वर्ष आ.व.२०७६/७७ मा कुल बजेटको ५८.९० प्रतिशत पूँजीगततर्फ विनियोजन गरिएकोमा विनियोजित बजेटको ६९.४० प्रतिशत खर्च भएको थियो। उक्त योजना अवधिमा कुल बजेटको औसत ५६.७७ प्रतिशत बजेट पूँजीगत खर्चका लागि विनियोजन गरिएको थियो। प्रदेशको औसत पूँजीगत खर्च सङ्घ र अन्य प्रदेशको भन्दा बढी नै रहेको छ। कुल बजेटमा चालु तथा पूँजीगततर्फको विनियोजनदर विगत ५ वर्षमा करिव उस्तै रहेपनि खर्चगर्ने क्षमतामा भने सुधार भएको छ। दोस्रो योजना अवधिमा विनियोजनसँगै खर्च गर्ने क्षमतासमेत वृद्धि गर्नुपर्ने छ।

**प्रमुख समस्या**

चालु खर्चलाई न्यूनतम सीमाभित्र राखी पूँजीगत खर्चको वृद्धि गर्न नसक्नु, महत्त्वपूर्ण एवम् प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त बजेट विनियोजन नहुनु, विस्तृत अध्ययन नभएका आयोजनामा बजेट विनियोजन हुनु, विनियोजन कुशलता र कार्यान्वयन दक्षताको कमी हुनु आदि सार्वजनिक खर्च व्यवस्थापनका प्रमुख समस्या रहेका छन्। प्रतिबद्धता अनुरूप विकास सहायता परिचालन हुन नसक्नु, क्रमागत योजनाको सङ्ख्या अधिक हुनु, कार्यक्रमहरूको पहिचान नगरी स्रोत तथा साधनको सुनिश्चितता गर्नु जस्ता थप समस्या रहेका छन।

## चुनौती र अवसर

प्रदेश सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको मार्गचित्र र दोस्रो आवधिक योजनाको लक्ष्य हासिल हुने गरी सार्वजनिक खर्च व्यवस्थापन गर्नु, बढ्दो खर्चको मागलाई कुशलतापूर्वक व्यवस्थापन गर्दै खर्चको प्रभावकारिता र उत्पादकत्व सुनिश्चित गर्नु, खर्च गर्न सक्ने संस्थागत दक्षता अभिवृद्धि गर्नु र चालूखर्चलाई वाञ्छित सीमामा राखी पूँजीगत खर्चमा वृद्धि गर्नु प्रमुख चुनौती रहेका छन। बेरुजू बढ्दै जानु, प्राथमिकताका क्षेत्रमा विकास सहायता परिचालन गर्नु र खर्च प्रणालीलाई संस्थागत गर्नु जस्ता थप चुनौती रहेका छन।

प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ र नियमावली २०७९ तर्जुमा भई कार्यान्वयनमा आउनु, सार्वजनिक खर्च प्रणालीमा रहेका नीतिगत, कानुनी, प्रक्रियागत एवम् प्रविधिजन्य सुधारवाट स्थानीय स्रोत र साधनको उच्चतम परिचालनको सम्भावना तथा विकास साझेदारहरु सहायता प्रति प्रतिबद्ध हुनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र तथा समुन्नत प्रदेशको निर्माण।

## लक्ष्य

सार्वजनिक खर्चको कुशल व्यवस्थापनमार्फत् उत्पादन तथा उत्पादकत्व वृद्धि गरी दिगो उच्च आर्थिक वृद्धि हासिल गर्ने।

## उद्देश्य

सार्वजनिक खर्चको विनियोजनमा दक्षता र परिचालनमा कुशलता हासिल गर्दै वित्तीय अनुशासन कायम गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वित्तीय स्रोतको अधिकतम परिचालन हुने गरी सार्वजनिक खर्च प्रणाली सुदृढ बनाउने। | १. वित्तीय उत्तरदायित्वसहित सार्वजनिक खर्च प्रणालीसँग सम्बन्धित नीति तथा कानुनको तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. विनियोजन दक्षता एवम् कार्यान्वयन प्रभावकारितामार्फत् स्रोतको अधिकतम उपयोग गरी पूँजीगत खर्च गर्ने क्षमतामा वृद्धि गरिनेछ।<br>३. मध्यकालीन खर्च संरचना **(MTEF)** तयार गरी आवधिक योजनाको प्राथमिकताअनुसारको स्रोतसाधनको सुनिश्चितता गरिनेछ।<br>४. प्रदेशको वित्तीय तथ्याङ्क, बजेटिङ, लेखाङ्कन र खर्च व्यवस्थापन प्रणालीलाई राष्ट्रिय मापदण्ड अनुसारको बनाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।<br>५. आर्थिक प्रतिफलको दर बढी भएका आयोजनालाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। |
| २. विनियोजन कुशलता तथा पूँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने। | १. उपलब्ध स्रोत र साधनको उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ।<br>२. आवश्यकता र क्षमताका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको विनियोजन गरिनेछ।<br>३. उपलब्ध वैदेशिक सहायताको ग्रहणशीलता र उपयोग क्षमता अभिवृद्धि गरिनेछ।<br>४. सङ्घीय अनुदान तथा राजस्व परिचालनलाई लागत लाभ विश्लेषणका आधारमा सम्भाव्य आयोजनामा मात्र केन्द्रित गरिनेछ।<br>५. विस्तृत अध्ययन भई आयोजना बैंकमा सूचीकृत भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने परिपाटीको थालनी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सार्वजनिक खर्च प्रणालीलाई प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने। | १. सार्वजनिक भुक्तानी लाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित बनाइने छ।<br>२. मन्त्रालयगत बजेट सूचना प्रणालीलाई थप सुदृढ बनाइने छ।<br>३. सार्वजनिक खर्च र राजस्वलाई विद्युतीय मध्यमवाट अनुगमन गर्ने प्रणाली स्थापना गरिनेछ। |
| ४. सार्वजनिक खर्चलाई आर्थिक र भौतिक पूँजी निर्माण तथा सामाजिक विकासका क्षेत्रमा कुशल र प्रभावकारी रूपमा विनियोजन गर्ने। | १. राजस्वको आधार वृद्धि गर्दै उत्पादन वृद्धिसँग सम्बन्धित पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोतको विनियोजन गरिनेछ।<br>२. शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक सुरक्षामा आवश्यक बजेट विनियोजन गरी सामाजिक विकासमा जोड दिइनेछ।<br>३. अन्तरिक ऋणलाई उत्पादनमूलक र पूँजी निर्माण हुने क्षेत्रमा उपयोग गर्न प्राथमिकता दिइनेछ।<br>४. चालू खर्च व्यवस्थापनसम्बन्धी मापदण्डलाई समयसापेक्ष बनाउनुका साथै गैर बजेटरी खर्चलाई नियन्त्रण गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रदेशमा सार्वजनिक खर्चको उत्पादनशील क्षेत्रमा विनियोजन र कार्यान्वयनमा कुशलता हासिल गर्दै वित्तीय अनुशासन कायमसँगै आर्थिक विकासको लक्ष्य प्राप्त भएको हुनेछ।

### ४.४.३ राजस्व

**पृष्ठभूमि**

सार्वजनिक खर्चको बढ्दो आवश्यकता पुरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ। प्रदेश सरकारले घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर,मनोरञ्जन कर,विज्ञापन कर र कृषि आयमा कर उठाउन सक्ने क्षेत्राधिकार संविधानले

व्यवस्था गरेको छ। यी करहरुमध्ये कृषिमा लाग्ने आय करबाहेक अन्य ४ वटा करहरु स्थानीय तहको क्षेत्राधिकारभित्र पनि पर्दछन्। यस अतिरिक्त स्थानीय तहले सम्पति कर, घर बहाल कर, भूमिकर (मालपोत), व्यवसाय कर उठाउन पाउने संवैधानिक प्रावधान रहेको छ। गैरकर राजस्वतर्फ प्रदेश र स्थानीय तह दुवैले सेवा शुल्क, दस्तुर र दण्डजरिवाना उठाउने अधिकार रहेको छ। पर्यटन शुल्क प्रदेश र स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दछन्। प्राकृतिक स्रोतहरु उपयोग गरे बापतको रोयल्टी प्रदेश सरकारको राजस्वको अर्को प्रमुख स्रोत हो। यसरी राजस्व बाँडफाँडबाट र सङ्घबाट प्राप्त हुने अनुदान नै प्रदेश सरकारको मुख्य आर्थिक स्रोत हो। विगतको प्रवृतिलाई हेर्दा प्रदेशको बजेटमा यी दुई क्षेत्रको हिस्सा करिब ८४ प्रतिशत रहेको छ।

### प्रमुख समस्या

प्रदेशको आन्तरिक राजस्व लक्ष्यअनुरूप वृद्धि हुन नसक्नु, सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान र बाँडफाँड भई आउने राजस्व लक्ष्यअनुरूप प्राप्त गर्न नसक्नु, करको दायरा अपेक्षित रूपमा विस्तार हुन नसक्नु तथा सम्भावना र क्षमताअनुरूप राजस्व परिचालन हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

सम्पूर्ण आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउनु, कर सङ्कलन लागत घटाउँदै कर कानुनको पूर्ण पालना गराउनु, आर्थिक वृद्धि दर र राजस्वबिच सबल अन्तरसम्बन्ध कायम गर्नु आदि प्रमुख चुनौती हुन्।

अर्थतन्त्रको आकारमा विस्तार हुँदै जानु, आर्थिक वृद्धिदर स्थिर उन्मुख हुनु, प्रदेश स्थायित्व उन्मुख हुँदै नीतिगत स्थिरता र व्यावसायिक वातावरण निर्माण हुँदै जानु, सङ्घीयताको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र बमोजिम राजस्व परिचालनको सम्भावना वृद्धि हुँदै जानु यस क्षेत्रका प्रमुख अवसर हुन। कर प्रशासनको विस्तार तथा राजस्व प्रशासन सूचना तथा प्रविधिमा परिणत हुँदै जानु समेत थप अवसर हुन ।

### क्षेत्रगत सोच

सुदृढ राजस्व प्रशासनको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण।

### लक्ष्य

आन्तरिक उत्पादन र आयमा आधारित राजस्व वृद्धि गर्ने।

## उद्देश्य

करदाता मैत्री स्वच्छ, तटस्थ, पारदर्शी कर प्रशासनको विकास गर्दै स्वैच्छिक कर सहभागिता तर्फ प्रेरित गरी अधिकतम राजस्व परिचालन गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने। | १. आर्थिक तथा व्यावसायिक कारोबारमा संलग्न व्यक्ति तथा फर्मलाई स्थायी लेखा नम्बर प्रदान गरी करको दायरामा ल्याइनेछ।<br>२. करदाता शिक्षालाई विस्तार गरी कर सचेतना अभिवृद्धि गरिनेछ।<br>३. विद्युतीय माध्यमबाट बिजक जारी गर्ने व्यवस्था गरी कर प्रणालीलाई प्रभावकारी बनाइनेछ। |
| २. कर प्रशासनलाई आधुनिकीकरण गरी स्वच्छ, कुशल र व्यवसायिक बनाउने। | १. विद्युतीय राजस्व भुक्तानी प्रणालीको सुदृढीकरण र विस्तार गरिनेछ।<br>२. करदाताको पहुँच अभिवृद्धि गर्न आन्तरिक राजस्व प्रशासनको सुदृढीकरण र विस्तार गरिनेछ।<br>३. प्रयोगमा आएका नवीनतम् विधि, प्रविधि, अभ्यास र उपकरणको प्रयोग गर्न सक्ने गरी कर प्रशासनको आधुनिकीकरण गरिनेछ। |
| ३. सङ्घीय प्रणालीअनुरूप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत पक्षमा सुधार गर्ने। | १. नियमनकारी निकायमा रहेका करदातासम्बन्धी सूचनालाई एकीकृत गरी करदाता सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।<br>२. प्रदेश र स्थानीय तहको राजस्व सङ्कलन, करको आधार पहिचान र विस्तारसम्बन्धी क्षमता अभिवृद्धिका लागि सहयोगात्मक भूमिका निर्वाह गरिनेछ।<br>३. कार्य विशिष्टीकरणको लागि संगठन संरचनामा सुधार तथा विस्तार गरी थप जनशक्ति परिचालन गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा करदातामैत्री प्रशासनको विकास भई स्वैच्छिक कर सहभागितामार्फत् अधिकतम राजस्व परिचालन भएको हुनेछ।

### ४.४.४ सार्वजनिक निजी र सहकारी साझेदारी

**पृष्ठभूमि**

स्थानीय, प्रदेश, सङ्घ तथा विश्व अर्थतन्त्रबाट सिर्जना हुने प्रतिष्पर्धात्मक स्थितिमा खुला बजारमुखी अर्थव्यवस्थालाई आत्मसात् गरी उपलब्ध स्रोत र साधनको उच्चतम परिचालन गर्न निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहन्छ। सङ्घ र प्रदेशले अङ्गीकार गरेको खुला एवम् बजारमुखी अर्थव्यवस्था र त्यसका उपलब्धिलाई अझै विस्तारित र दिगो बनाउन निजी क्षेत्रको प्रतिष्पर्धात्मक क्षमता विकास तथा विस्तार गर्न प्रदेश नीति, कानुन, प्रशासनिक प्रक्रिया एवम् संरचना निर्माण एवम् सुधारका कार्य अगाडि बढाउँदै लैजानु आवश्यक छ। कोशी प्रदेश औद्योगिक एवम् व्यापारिक दृष्टिकोणबाट देशकै अग्रणी स्थानमा रहेकाले निजी क्षेत्रको सक्रिय र व्यावसायिक संलग्नताबाट प्रदेशको आर्थिक विकास र औद्योगिकीकरण गर्न सकिने ठूलो सम्भावना रहेको छ।

**प्रमुख समस्या**

सङ्घीयताको मर्मअनुरूप कानुनहरु तर्जुमा भई नसक्नु, अधिकार बाँडफाँट विषयमा स्पष्टता नहुनु, अधिकारमा दोहोरोपना कायम रहनुजस्ता कार्यहरु सार्वजनिक निजी र सहकारी साझेदारी क्षेत्रको विकासका प्रमुख समस्याका रूपमा रहेका छन्।

**चुनौती र अवसर**

प्रदेश कानुन तथा संरचना निर्माण भई नसक्नु, प्रदेश सरकार तथा निजी क्षेत्रबिचको सम्बन्ध विस्तार गरी उद्योग सञ्चालनका निमित्त लगानी जुटाउनु, सार्वजनिक-निजी सोझेदारीको विकास र निजी क्षेत्रलाई व्यापारमुखीबाट उत्पादनमुखी बनाउनु आदि प्रमुख चुनौती हुन्।

सबै तहको निर्वाचन सम्पन्न भई स्थिर सरकारको निर्माण हुनु, सङ्घ, प्रदेश तथा स्थानीय निकाय बिचको सम्बन्ध विस्तार हुनु, निजी क्षेत्रमा उद्यमशीलताको विकास हुनु, प्रचुर लगानीको सम्भावना र सरकारी निजी क्षेत्रको साझेदारीबाट पूर्वाधारको क्षेत्रमा लगानी वृद्धि तथा प्रादेशिक र अन्तर्राष्ट्रिय व्यापारको दायरा बढ्दै गएकाले औद्योगिकीकरणलाई तीव्रता दिँदै निकासी प्रवर्धनका लागि साझेदारी गर्न सकिने आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन आर्थिक समृद्धिको सशक्त साझेदारको रूपमा निजी क्षेत्रको विकास।

### लक्ष्य

आर्थिक वृद्धि, राजस्व परिचालन र उद्यमशीलता वृद्धिमा योगदान गर्दै उत्पादनशील रोजगारी बढाउने।

### उद्देश्य

विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्ने, पारदर्शी रूपमा व्यवसाय सञ्चालन गर्ने निजी क्षेत्रको विकास गर्नु।

तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी निजी क्षेत्रको लगानी विस्तार तथा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्न उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आर्थिक समृद्धिको सशक्त साझेदारको रूपमा निजी क्षेत्रको विकास गर्ने।<br>२. भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गर्ने। | १. स्वदेशी लगानी आकर्षण गर्न उर्जा उपलब्धता, औद्योगिक सुरक्षालगायत आधारभूत भौतिक पूर्वाधार सुविधा प्रदान गरिनेछ।<br>२. चक्रीय प्रणाली (सिन्डिकेट एवम् कार्टेलिङ) जस्ता एकाधिकारमा आधारित अनौपचारिक व्यापारलगायतका सबै किसिमका औद्योगिक तथा व्यापारिक व्यवधान हटाउन नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।<br>३. निर्यातजन्य उद्योगको विकासका लागि विशेष आर्थिक क्षेत्र स्थापना गरी सो क्षेत्रमा बन्द हड्ताल नहुने वातावरण सिर्जना गरिनेछ।<br>४. निजी क्षेत्रलाई व्यवसाय सञ्चालनमा पारदर्शिता अपनाउन व्यावसायिक सुशासन र सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गरिनेछ। |
| २. भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गर्ने। | १. ग्रामीण पर्यटन एवम् पर्यापर्यटनमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रलाई परिचालन गरिनेछ।<br>२. सार्वजनिक-निजी साझेदारी नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>३. सार्वजनिक स्रोत प्राप्त नहुने क्षेत्रका पूर्वाधार विकासमा निजी लगानी अभिवृद्धि गर्न प्रेरित गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा औद्योगिक पूर्वाधारहरूको विकास तथा विस्तार भई निजी क्षेत्रको लगानी अभिवृद्धि भएको हुने, सार्वजनिक निजी साझेदारी नीति निर्माण भई कार्यान्वयन भएको हुने, प्रादेशिक र अन्तर्राष्ट्रिय व्यापारको दायरा वृद्धि भएको हुने, निजी क्षेत्रको प्रतिष्पर्धात्मक क्षमता विकास एवम् उत्तरदायित्व अभिवृद्धि भई अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका बढेको हुने अपेक्षा गरिएको छ।

## ४.४.५ वैदेशिक लगानी

**पृष्ठभूमि**

वर्तमान अवस्थामा आन्तरिक स्रोतको परिचालनबाट मात्र प्रदेशको दिगो आर्थिक विकास सम्भव नहुने भएकोले वैदेशिक लगानीमार्फत् आर्थिक विकासको गतिलाई तीव्र बनाउनु आवश्यक छ। प्रदेशमा अत्याधुनिक प्रविधि सहितको पूर्वाधारको व्यवस्थापन गरी औद्योगिक विकासको माध्यमबाट उच्च आर्थिक वृद्धि तथा रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्न वैदेशीक लगानी आवश्यक छ। प्रदेशमा लगानीमैत्री वातावरणको सिर्जना गरी प्राथमिकतामा रहेका क्षेत्रहरुमा यस्तो लगानी आकर्षण गर्नु आवश्यक छ। प्रदेशमा सार्वजनिक, निजी, सहकारी, साझेदारी तथा लगानी प्राधिकरण ऐन २०७६ अनुसार स्थापित प्रदेश लगानी प्राधिकरणमार्फत् विभिन्न परियोजनाहरुमा निजी लगानी प्रोत्साहनका कार्यहरु भईरहेका छन्। प्रदेश सरकारबाट अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ।

**प्रमुख समस्या**

ऊर्जा र अन्य भौतिक पूर्वाधार विकासमा पर्याप्त लगानी नहुनु, आन्तरिक बजार सानो हुनुका साथै अन्तर्राष्ट्रिय बजारसँग आबद्ध हुन नसक्नु, कमजोर लगानीमैत्री वातावरण विद्यमान रहनु, समयमा कानुनहरु संशोधन हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

व्यवसाय सञ्चालन तथा पारवहन लागतमा कटौती गर्नु, विद्युतको नियमित आपूर्ति तथा औद्योगिक पूर्वाधारको सहज, भरपर्दो र पर्याप्त व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् भने प्राकृतिक सम्पदाको प्रचुरता, जैविक तथा साँस्कृतिक विविधता, कृषिजन्य औद्योगिकीकरणको सम्भावना, तुलनात्मक रूपमा न्यून ज्यालादर हुनु, नेपालीको वैदेशिक रोजगारी र उनीहरुको सीप, क्षमता र अनुभवको अधिकतम परिचालन गर्न सक्ने सम्भावना रहनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

वैदेशिक लगानीको परिचालनमार्फत् प्रतिष्पर्धी र गतिशील प्रदेश अर्थतन्त्र निर्माण।

## लक्ष्य

वैदेशिक लगानी आकर्षणमार्फत् औद्योगिक पूर्वाधारको विकास र रोजगारी सिर्जना सँगै तीव्र आर्थिक वृद्धि गर्नु।

## उद्देश्य

१. प्रदेशको दिगो र फराकिलो आर्थिक वृद्धिका लागि वैदेशिक लगानी परिचालन गर्ने।

२. स्थानीय स्रोत, सीप र साधनलाई वैदेशिक लगानीसँग आबद्ध गरी सन्तुलित विकास गर्ने।

३. कृषिमा औद्योगिकीकरण गर्ने।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभका क्षेत्रमा विदेशी लागानी आकर्षण गर्ने। | १. वैदेशिक लगानी परिचालनसम्बन्धी सङ्घीय कानुनको सीमाभित्र रही प्रादेशिक कानुनहरुको निर्माण तथा कार्यान्वयन गरिनेछ।<br>२. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी लगानी अभिवृद्धि गर्न अभिप्रेरित गरिनेछ। |
| २. स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने गरी प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने। | १. लगानीका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ।<br>२. विदेशी लगानीमा स्थानीय स्रोत, साधन र सीपको उपयोगलाई प्राथमिकता दिइनेछ।<br>३. कृषि, जल विद्युत, पर्यटन, यातायातजस्ता पूर्वाधारका क्षेत्रमा विदशी लगानी आकर्षण गरी पूर्वाधार विकास गरिनेछ। |
| ३. सुमधुर श्रम सम्बन्ध कायम गर्ने। | १. विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्धन क्षेत्रमा वन्द हड्ताल गर्न नपाउने गरी कानुनी व्यवस्था मिलाइनेछ।<br>२. श्रम सम्बन्धलाई प्रभावकारी बनाई उद्योग र मजदुरबिच देखिने समस्याहरुको समाधान गर्दै लगिनेछ। |

**अपेक्षित उपलब्धि**

वैदेशिक लगानीका लागि उपयुक्त वातावरण सिर्जना भएको हुने, लगानी बढेको हुने, प्रतिष्पर्धी र गतिशील अर्थतन्त्रको निर्माण भएको हुने, प्रदेशमा रोजगारी वृद्धि भएको हुने, गरिबी न्यूनीकरण तथा आर्थिक विकास भएको हुने अपेक्षा गरिएको छ।

## ४.४.६ वित्तीय क्षेत्र (बैंक, वित्तीय संस्था र बिमा)

**पृष्ठभूमि**

प्रदेशमा छरिएर रहेको पूँजीलाई एकीकृत गर्दै ठूलो पूँजी निर्माण गरी पूँजी परिचालनका माध्यमबाट आयआर्जनको ढोका खोल्न, कर्जा प्रवाह गरी जनतालाई आत्मनिर्भरतातर्फ अग्रसर गराउन शिक्षा, स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा लगानीको पहुँच बढाउँदै रोजगारी सिर्जना गर्ने कार्यमा वित्तीय क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको छ। त्यसैगरी वचतको सुरक्षाको प्रत्याभूति दिलाउन, वचतलाई प्रोत्साहित गर्न, बिमाका माध्यमबाट भविष्यमा आइपर्ने सम्भावित जोखिम कम गर्न र समग्रमा प्रदेशका जनताको आर्थिक स्थितिलाई मजबुत बनाउनेतर्फ वित्तीय नीति केन्द्रित रहेको छ।

**प्रमुख समस्या**

प्रदेशका सबै क्षेत्रमा बैंक, वित्तीय संस्था र बिमाको शाखा विस्तार हुन नसक्नु, कम्तीमा एउटा बैंक खाता पनि नभएको परिवार करिब ४५ प्रतिशत रहनु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

वित्तीय संस्थाहरुको लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्नु, ऋण प्रदान गर्ने प्रणाली सहज बनाउनु, बिमा गर्नेतर्फ नागरिकको उत्साह बढाउनु आदि प्रमुख चुनौती हुन्।

वचत गर्नेतर्फ जनचासो अभिवृद्धि हुनु, बैङ्क तथा वित्तीय संस्थाहरुको सङ्ख्या बढ्दै गई जनताको ती संस्थासम्मको पहुँच सहज बन्दै जानु, बैङ्क तथा वित्तीय संस्थाहरु सूचना प्रविधिमैत्री बन्दै जानु, सानो वचतले आयमूलक क्रियाकलापहरु सञ्चालन गर्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

वित्तीय क्षेत्रको प्रभावकारितामार्फत् सुरक्षित वचत, लगानी वृद्धि र सामाजिक कल्याण।

**लक्ष्य**

वित्तीय क्षेत्रमा सबैको पहुँच बढाई वचतको सुरक्षाको प्रत्याभूति दिलाउँदै निजी लगानी बढाउदै आर्थिक वृद्धि हासिल गर्ने।

## उद्देश्य

१. प्रदेशमा छरिएर रहेका साना पूँजीलाई एकीकृत गर्नु।
२. वचतलाई उत्पादनमुखी र रोजगारमुखी बनाउनु।
३. सहज रूपमा कर्जा प्रवाह गरी आर्थिक वृद्धिलाई सहयोग पुर्याउनु।
४. वचतको सुरक्षाको प्रत्याभूति दिलाउनु।
५. उत्पादनमूलक क्रियाकलापबाट आर्थिक वृद्धि, रोजगारी सृजना र सामाजिक कल्याण हासिल गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वित्तीय संस्थाहरुको स्थायीत्व कायम गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत सुधार गर्ने। | १. बैङ्क तथा वित्तीय संस्थाहरुको नियमनसम्बन्धी कानुनको आवश्यकताअनुसार परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. नेपाल राष्ट्र बैङ्कको नीतिअनुरूप प्रदेशभित्रका सबै बैङ्क तथा वित्तीय संस्थाको रेखदेख, अनुगमन र नियमन गरिनेछ।<br>३. बिमासम्बन्धी नीति तथा कानुन तर्जुमा गर्ने र सचेतनामूलक कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ। |
| २. साना वचतलाई प्रोत्साहित गर्ने। | १. आर्थिक रूपमा पिछडिएका वर्गका लागि सहज कर्जा वितरण गर्ने वातावरण तयार गरिनेछ।<br>२. वित्तीय संस्थाहरुको कार्यक्षेत्र विस्तार गर्दै उक्त वचतलाई भविष्यमा आइपर्ने सम्भावित जोखिम कम गरिनेछ।<br>३. साना वचतलाई आय-आर्जनको माध्यम बनाउने वातावरण तयार पारिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रदेशका सम्पूर्ण जनताको बैङ्क तथा वित्तीय संस्थामा खाता भएको हुने, वचत परिचालनमार्फत् लगानी बढ्न गई आर्थिक वृद्धि भएको हुने तथा भविष्यमा आइपर्ने आर्थिक समस्यासम्बन्धी जोखिमको न्यूनीकरण भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. वित्तीय साक्षरता कार्यक्रम
२. सहुलियत दर कर्जा प्रवाह कार्यक्रम
३. सूचना प्रविधिमैत्री वित्तीय कारोबार प्रवर्धन कार्यक्रम
४. बिमा विस्तार कार्यक्रम

### ४.४.७ विकासमा क्षेत्रगत भूमिका

**(क) सरकारी क्षेत्र**

समष्टिगत आर्थिक विकासको आधारशीला निर्माणको अभिभारा सरकारी क्षेत्रमा रहेको छ। सरकारी क्षेत्र मूलतः लोक कल्याणकारी राज्यको अवधारणाअनुरूप आर्थिक-सामाजिक क्षेत्रको पूर्वाधार निर्माण गर्ने, सुशासन कायम गर्ने, अनुसन्धान तथा विकास गर्ने र सामाजिक न्यायसहितको आर्थिक प्रणाली निर्माणमा केन्द्रित रहनेछ। सार्वजनिक क्षेत्रले समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्नका लागि आवश्यक नीति, कानुन, योजना, रणनीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्नेछ। विकास तथा समृद्धिको माध्यमद्वारा खुशी र समुन्नत प्रदेशको निर्माण गर्न निजी, अर्धसरकारी र गैरसरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरी लक्षित आर्थिक वृद्धि हासिल गर्ने जिम्मेवारी सरकारी क्षेत्रको हुनेछ। दिगो र फराकिलो आर्थिक वृद्धि र स्थायित्व कायम गर्न लगानीको वातावरण निर्माण, पूर्वाधार विकास एवम् उत्पादन र उत्पादकत्व वृद्धिमा सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। सामाजिक न्यायसहितको दिगो विकासको अवधारणालाई प्रतिफलमुखी बनाउने भूमिका सरकारी क्षेत्रको हुनेछ।

**(ख) निजी क्षेत्र**

मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको अहम् भूमिका रहेको छ। नेपालको संविधानले निर्देश गरेबमोजिम निजी क्षेत्रले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। निजी क्षेत्रको योगदानको विश्लेषण गर्दै सङ्घीय सरकारको सोह्रौं योजनाले कुल प्रक्षेपित लगानीमा ६७.२ प्रतिशत लगानी निजी क्षेत्रबाट हुने अनुमान गरेको छ। कोशी प्रदेशको दोस्रो आवधिक योजनाले पनि कुल प्रक्षेपित लगानीको ६९.९६

प्रतिशत लगानी निजी क्षेत्रवाट हुने अनुमान गरेको छ। प्रदेशको समग्र विकासका लागि निजी क्षेत्र लगानीको मुख्य र अपरिहार्य संवाहक हो। यस क्षेत्रले गुणस्तरीय वस्तु तथा सेवा, आपूर्ति व्यवस्थापन, पूर्वाधार निर्माण, आयात प्रतिस्थापन, निर्यात प्रवर्धन तथा उत्पादनशील र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोग गर्नेछ। यी क्षेत्रमा हुने लगानीबाट मुलुकमा राष्ट्रिय पूँजी निर्माणले गति लिनुका साथै आम नागरिकसम्म विकासको प्रतिफल पुग्नेछ। निजी क्षेत्र प्रदेशको लागि अपरिहार्य संवाहक हो। कृषि, उद्योग, निर्माण तथा सेवा क्षेत्रमा लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकास लक्ष्य हासिल गरिनेछ।

### (ग) सहकारी क्षेत्र

सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीन स्तम्भहरूमध्ये एउटा स्तम्भ मानिएको छ। संविधानले लक्ष्य गरेको समाजवादउन्मुख अर्थतन्त्रको विकासमा सहकारी क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह हुन सक्छ। कोशी प्रदेशमा ३ हजार ८३६ सहकारी सञ्चालनमा रहेका छन। प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारीमा २१ लाख ७२ हजार ६ सय ४४ व्यक्ति आबद्ध रहेका छन। सहकारी क्षेत्रबाट करिब १४ हजारले रोजगारी पाएका छन् भने करिब रू. १३ अर्ब भन्दा बढी कर्जा प्रवाह भएको छ। तर सहकारी संस्थाहरू सिद्धान्तअनुरूप सञ्चालन हुन नसकेका कारण केही सहकारी संस्थामा नागरिकको निक्षेप जोखिममा परेको अवस्था छ। प्रदेश सहकारी ऐन २०७६ बमोजिम सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पूँजीलाई परिचालन गर्नु आवश्यक छ। यसले प्रदेशको आय वृद्धि र गरिबी निवारणमा सहयोग पुर्याउनुका साथै सामाजिक आर्थिक रूपान्तरणको प्रतिफल आम नागरिकसम्म पुऱ्याउने भूमिका निर्वाह गर्न सक्दछ।

### (घ) अनौपचारिक क्षेत्र, गैरसरकारी संस्था र अन्य साझेदार

प्रदेशको आर्थिक वृद्धिलाई समृद्धि र खुशीको आधार बनाउने क्रममा अनौपचारिक क्षेत्रको उल्लेख्य योगदान रहेको छ। २०८० चैत्रसम्म प्रदेशमा दर्ता भएका गैर-सरकारी संस्था ३५ वटा र सूचीकृत भएका संस्था २९७ पुगेका छन्। प्रदेश सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वयसम्बन्धी कार्यविधि २०७८ जारी गर्दै विकास साझेदार पोर्टल निर्माण गरी सञ्चालनमा ल्याएको छ। यस क्षेत्रले सरकारको विकास लक्ष्य तथा प्राथमिकताअनुरूपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना, महिला सशक्तीकरण, उत्पादन वृद्धि र सेवाप्रवाहमा सहयोग पुऱ्याउने छ।

# परिच्छेद ५ : आर्थिक क्षेत्र

## ५.१ कृषि, पशुपन्छी तथा मत्स्यविकास

### पृष्ठभूमि

कृषिक्षेत्रको विकासलाई प्रदेशको समग्र आर्थिक विकासको मुख्य आधारका रूपमा स्थापित गर्नुपर्ने छ। यसका लागि कृषि तथा भू-उपयोगको नीतिगत व्यवस्था गर्ने गरी भूमिको व्यवस्थापन गर्ने, कृषिलाई व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरणतर्फ रूपान्तरण गर्ने, कृषि सामग्रीको सहज व्यवस्थापन गर्ने, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्थापन गर्ने कार्य अत्यावश्यक छ। पशुपन्छी तथा मत्स्यपालनको विकास र विस्तारलाई सबल तुल्याई सुरक्षित खाद्य तथा प्रविधिमा विस्तार गरी प्रदेशलाई दुग्धपदार्थ, मासु तथा अण्डामा दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउनु आवश्यक रहेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आ.व.२०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.८० प्रतिशत हुने अनुमान छ। राष्ट्रियस्तरमा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान २२ प्रतिशत रहेको छ। कृषि भूमिको उत्पादकत्व ४.२० मे.ट. प्रतिहेक्टर रहेको छ। प्रदेशको अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा ८ प्रतिशत रहेको छ। धान, मकै, गहुँ, आलु, अलैंची, अदुवा, चिया, सुपारी आदि यस प्रदेशका मुख्य बाली हुन्। यसका साथै नगदे बाली, निर्यातजन्य बाली र फलफूल तथा तरकारी बाली उत्पादनमा प्रदेश प्रख्यात रहेको छ। फलफूलमा मुख्य गरी आँप, लिची, सुन्तला, केरा, एभोकाड़ो आदि रहेका छन्। त्यसैगरी आलु, बन्दा, काउली, इस्कुस, मुला, लौका, फर्सी, च्याउ, रायो आदि मुख्य तरकारी बाली हुन्। मह उत्पादन पनि यस प्रदेशका कृषकहरुको आम्दानीको मुख्य स्रोतको रूपमा रहेको छ। नेपालको कुल जुट उत्पादनको ९८ प्रतिशत उत्पादन यसै प्रदेशमा हुन्छ। त्यसै गरी नेपालबाट विदेश निर्यात हुने निर्यातजन्य बाली चिया र अलैंचीको उत्पादन कुल राष्ट्रिय उत्पादनको क्रमशः ९९.८३ प्रतिशत र ८९.४९ प्रतिशत प्रदेशमा उत्पादन हुने गरेको छ।

पशुपन्छीजन्य उत्पादनतर्फ प्रदेश मासु उत्पादनमा बागमती र लुम्बिनी प्रदेशपश्चात् तेस्रो तथा दुग्धपदार्थ उत्पादनमा प्रथम स्थानमा रहेको छ। दुग्ध पदार्थ उत्पादनतर्फ गाई, भैंसी र चौंरी तथा मासुजन्य उत्पादनतर्फ बाख्रा, बङ्गुर, राँगा, भेडा, कुखुरा र हाँस मुख्य रूपमा रहेका छन्। माछा उत्पादनमा मधेश र लुम्बिनी प्रदेशपश्चात् यो प्रदेश तेस्रो स्थानमा पर्दछ। कोशी प्रदेश दुग्धपदार्थ र मासुमा आत्मनिर्भर रहेको छ भने माछा र अण्डामा आत्मनिर्भरउन्मुख रहेको छ। राष्ट्रिय उत्पादनको २१.५० प्रतिशत दूध, २१.२२ प्रतिशत मासु, ९.३६ प्रतिशत अण्डा र ९.३५ प्रतिशत मत्स्य उत्पादन

प्रदेशमा हुने गरेको छ।

दिगो विकास लक्ष्य-२ को प्रगति समीक्षाअनुरूप यस प्रदेशमा कृषि तथा पशुपन्छीअन्तर्गतका सम्पूर्ण सूचकहरू लक्ष्यउन्मुख रहेको पाइएको छ तथापि समयमै लक्ष्य प्राप्तिका लागि बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपन्छी एवम् मत्स्यको उत्पादन तथा उत्पादकत्व वृद्धि, नश्ल सुधार, आहार तथा पोषण व्यवस्थापन, पशु स्वास्थ्य र बजार प्रवर्धन, बीउ-बिजन, विषादि तथा भेटेरिनरी औषधीको नियमन आदि विषयमा प्रदेश सरकारले विशेष महत्त्व दिनुपर्ने छ।

**प्रमुख समस्या**

कृषि तथा पशुपन्छी विकास सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्थामा सुधार नहुनु, जमिनको उच्च खण्डीकरण हुनु, प्रयोजनका आधारमा कृषि भूमिलाई वर्गीकरण गर्नु, कृषिको व्यावसायीकरण हुन नसक्नु, पूर्णरूपमा सिंचाइको सुविधा उपलब्ध हुन नसक्नु, प्रशोधन प्रविधिको कमी हुनु, न्यून मूल्य अभिवृद्धि हुनु, उन्नत मल बीउको नियमित आपूर्तिको सुनिश्चितता नहुनु, प्रविधिमा आधारित जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव हुनु, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, कृषि उपजको बजारीकरण र भण्डारणमा कृषकको न्यून पँहुच, कृषि तथा पशुपन्छीजन्य उपजको माग र आपूर्तिअनुसार उत्पादन तथा बजारीकरण योजना बन्न नसक्नु, मत्स्य तथा पशुपन्छी पालनकर्तामा महामारी रोग नियन्त्रण तथा उन्नत प्रविधिसम्बन्धी ज्ञानको अभाव, पशु आहार, चरन र खर्क व्यवस्थापन नहुनु, कृषि विकासमा अन्तर-सरकार समन्वयको अभाव, कृषि अनुसन्धानसँगै कृषि प्रसारको कमी आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

जग्गाको चक्लाबन्दी गर्नु; कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु; स्थानीय सरकार मातहतको कृषि प्रसार सेवालाई सुदृढीकरण गर्नु; कृषिसम्बद्ध अनुसन्धान संस्था एवम् संरचनाबाट प्रदेशको आवश्यकता अनुरूप सेवा प्राप्त गर्नु; परम्परागत कृषि ज्ञानको संरक्षण र संवर्धन गर्नु; हात्ती, बँदेल, बाँदर, दुम्सी आदि जङ्गली जनावरबाट कृषि बालीको सुरक्षा गर्नु; खाद्यवस्तुको गुणस्तर कायम गर्नु, हानिकारक कीटनाशक विषादि, कमसल रासायनिक मल तथा बीउ-बिजनको नियमन गर्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, कृषि, पशु र मत्स्यपालन क्षेत्रमा काम गर्ने कामदार अभावलाई परिपूर्ति गर्दै यान्त्रिकीकरणको माध्यमबाट व्यावसायीकरण गर्नु, साना तथा मझौला किसानको सहुलियत पूर्ण कर्जामा पहुँच विस्तार गर्नु, कृषि अनुदानलाई प्रतिष्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु आदि प्रमुख चुनौती हुन्।

कृषि, दुग्ध तथा मासुजन्य उत्पादनको बढ्दो माग हुनु; विभिन्न बालीहरुको व्यावसायिक विकासका लागि भौगोलिक सम्भाव्यता र विगतमा सञ्चालित कार्यक्रमको बलियो अनुभव हुनु; कोशी बेसिनको उपयोगद्वारा वर्षैभरी कृषि उत्पादनको क्षमता उच्च बनाउन सकिने हुनु; कृषि अनुसन्धान केन्द्र, विश्वविद्यालय र प्राविधिक शिक्षालयहरुको उपलब्धता हुनु; जैविक तथा प्राङ्गारिक खेतीप्रति बढ्दो आकर्षण तथा प्राङ्गारिक उत्पादनको बजार माग वृद्धि हुनु; कृषि क्षेत्र प्रदेश र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नु; तुलनात्मक लाभका उच्च-मूल्य बालीको प्रचुर सम्भावना र आन्तरिक उपभोग बढनु तथा बाह्य बजारमा निर्यातको अवसर हुनु; कृषि सडक सञ्चालनको विकास तथा विस्तार हुनु; यान्त्रिकीकरणद्वारा कृषि तथा पशुपन्छीजन्य उत्पादन लागत कम गर्न सहज हुनु; वैदेशिक रोजगारीबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित हुनु; बैंक तथा वित्तीय संस्था र सहकारीमार्फत् कृषिमा लगानीका लागि पूँजी उपलब्ध हुनु, कृषि विषय अध्ययन गरेका युवालाई उपयुक्त सहयोगसहित व्यावसायिक कृषिमा परिचालन गर्न सकिने अवस्था हुनु; खाद्य सम्बन्धी हक संवैधानिक रूपमा स्थापित भई खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन जारी हुनु; दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुन; राष्ट्रिय आवधिक योजनाले खाद्य तथा पोषणलाई प्राथमिकता प्रदान गर्नु आदि प्रमुख अवसर हुन्।

### ५.१.१ कृषि विकास

**क्षेत्रगत सोच**

दिगो र व्यावसायिक खेती : प्रदेशको समृद्धि।

**लक्ष्य**

दिगो, व्यावसायिक र वातावरणमैत्री कृषिप्रणालीमार्फत् उच्च गार्हस्थ्य उत्पादन हासिल गर्ने।

**उद्देश्य**

१. प्रदेशमा व्यावसायिक, औद्योगिक तथा प्रतिष्पर्धात्मक कृषि विकासको माध्यमबाट कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

२. तुलनात्मक लाभ भएका बाली उत्पादनको विकास एवम् विस्तार गरी उद्यमशीलता प्रवर्धन गर्नु।

३. जलवायु उत्थानशील कृषि उत्पादनमार्फत् आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्नु।

४. तीनै तहका सरकार, सहकारी तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा कृषि प्रसारको पहुँचमा वृद्धि गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि उपजको व्यावसायिक उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | १. भू-उपयोग नीतिअनुरूप कृषि प्रयोजनमा वर्गीकरण गरिएका भूमिमा बालीवस्तुको विशेष व्यावसायिक उत्पादन क्षेत्रहरु विकास गरिनेछ।<br>२. कृषिमा यान्त्रिकीकरण सहज गर्न स्थानीय तहमा कृषि यन्त्रको Custom Hiring Center स्थापना गरी एकद्वार प्रणालीबाट व्यवस्थापन गरिनेछ।<br>३. अनुपस्थित भू-स्वामित्व तथा अन्य कारणले बाँझो रहेका कृषियोग्य भूमिहरुमा बाली विशेष व्यावसायिक कृषि उत्पादन प्रवर्धन गर्न स्थानीय तहहरुमार्फत् भूमि-बैंक सञ्चालन गरिनेछ।<br>४. कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको व्यावसायिक उत्पादनको प्रचुर सम्भावना रहेका सिंचाइ सुविधा नपुगेका भूमिमा सानासिंचाइ, सिंचाइका लागि विद्युतीकरण, जग्गाको चक्लावन्दी र यान्त्रिकीकरण आदि कार्यका लागि स्थानीय तहको समन्यव र सहकार्यमा सहयोग उपलब्ध गराइनेछ।<br>५. जग्गा धनीलाई शेयरधनीमा रुपान्तरण गर्ने गरी चक्लाबन्दीको मध्यमबाट कृषिफर्म सञ्चालनार्थ सहजीकरण गरिनेछ।<br>६. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरी युवालाई कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा आकर्षित गरिनेछ।<br>७. कोशी बेसिनको उपयोग कृषि विकासमा सहयोग कार्यक्रममार्फत् कृषिजन्य उत्पादनमा वृद्धि गरिनेछ। |
| २. स्वच्छ र गुणस्तरीय आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बालीको प्रवर्धन गर्ने। | १. माटो एवम् भौगोलिक संभाव्यताका आधारमा स्वच्छ र गुणस्तरीय खाद्य वस्तु, उच्चमूल्यबाली (अलैंची, चिया, कफी, अदुवा, अम्रिसो, रुद्राक्ष) विशेष उत्पादन क्षेत्र निर्धारण गरी उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | २. प्रदेशमा निर्माणाधीन तथा निर्माणसम्पन्न सडक र सिंचाइ आयोजनाको पहुँच क्षेत्रहरुमा आधारभूत खाद्य वस्तु तथा तुलनात्मक लाभ भएका बालीहरु (अलैंची, चिया, कफी, अदुवा, अम्रिसो, रुद्राक्ष) को व्यावसायिक उत्पादन प्रवर्धन गर्ने तथा बीउ बैंक स्थापना गरिनेछ।<br>३. तुलनात्मक लाभ भएका बाली उत्पादन वृद्धिसम्बन्धी प्रदेशको कार्ययोजना अनुसार उत्पादन वृद्धि तथा क्षेत्र विस्तारमा संभाव्य स्थानीय तहहरुलाई सहयोग उपलब्ध गराइनेछ।<br>४. सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम् प्रणाली अवलम्बन गर्ने सफल किसानलाई प्रोत्साहन एवम् सम्मान गरिने।<br>५. सहुलियतपूर्ण कर्जाको पँहुच अभिवृद्धि गर्न बैंक, वित्तीय संस्था र सहकारी आदिको सहकार्यमा प्रदेशका प्राथमिकता प्राप्त बालीवस्तुको उत्पादन तथा बजारीकरणमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ।<br>६. वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमा नै कृषि व्यवसायमा आबद्ध हुन चाहाने युवालाई सहुलियतपूर्ण कर्जा, तालिम, प्रविधि, बजार पँहुच अभिवृद्धि गर्नका लागि सहयोग गरिनेछ।<br>७. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न प्राङ्गारिक उत्पादनको ब्रान्डिङ्ग तथा बजारीकरणमा प्रोत्साहान गरिनेछ।<br>८. रैथाने बाली कोदो, फापर र आलसलगायतको संरक्षण गर्दै उत्पादन प्रवर्धन, प्रशोधन तथा बजारीकरणमा प्रोत्साहान गर्ने तथा साना किसान संरक्षित रैथाने बाली, जात तथा नश्लसम्बन्धी खोज तथा पञ्जीकरण गरिनेछ।<br>९. कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न आधुनिक ज्ञान तथा प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।<br>१०. रबर तथा लाहा खेतीको प्रचा प्रसार र प्रवर्धन गरिनेछ। |

| | |
|---|---|
| ३. कृषिसम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने। | १. प्रादेशिक निकायहरुमा माटो, बीउ बिजन, बालीको रोग पहिचान तथा रोग नियन्त्रणका लागि परीक्षण प्रयोगशाला सेवाको व्यवस्था गरिनेछ।<br>२. कृषि क्षेत्रको विकाससम्बद्ध सरकारी संस्थाको संस्थागत विकास र सुदृढीकरण गरिनेछ।<br>३. प्रदेशमा रहेका तुलनात्मक लाभ भएका तथा निर्यातजन्य बालीको उत्पादन, प्रशोधन र बजारीकरणका लागि प्रदेश र स्थानीय तहमा दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।<br>४. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपवाट कृषिक्षेत्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न प्राविधिक क्षमता विकास गरी कृषकहरुलाई प्रविधि तथा सेवा उपलब्ध गराइनेछ।<br>५. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपवाट कृषि क्षेत्रमा पर्ने असर न्यूनीकरण गरिनेछ।<br>६. प्रादेशिक निकायहरुमा माटो, बीउ-बिजन, बालीको रोग तथा किरा परीक्षण प्रयोगशाला सेवाको व्यवस्था गरिनेछ।<br>७. सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा कृषि यन्त्र तथा उपकरण, उन्नत बीउ बिजन र प्राङ्गारिक मल सुलभ दरमा उपलब्ध गराइनेछ। |
| ४. कृषि पर्या-पर्यटन सहित उत्पादित वस्तुको बजारीकरण गर्ने। | १. आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ्ग लगायतका कार्यक्रम सञ्चालनका लागि प्राविधिक सहयोग तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।<br>२. मूल्य-शृङ्खला प्रणाली (उत्पादन, भण्डारण, प्रशोधन, ब्राण्डिङ्ग र बजारीकरण) मा आधारित कृषिप्रणाली अवलम्बन गरिनेछ।<br>३. निर्यात विविधीकरण गर्नका साथै निर्यातमा आउने बाधाको सम्बोधन गर्न सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>४. बाली विशेषको बजारीकरणका लागि सम्भाव्यता अध्ययन गरी तीनै तहका सरकारको सहकार्यमा |

| | |
|---|---|
| | लिलामी बजार तथा मण्डीहरुको स्थापना गरिनेछ।<br>५. ग्रामीण क्षेत्रमा फार्म स्टे र होमस्टेको विकासमा सहयोग गर्ने तथा कृषिसँग सम्बन्धित सांस्कृतिक सम्पदा र परम्परागत ज्ञानको प्रवर्धन गरिनेछ। |
| ५. कृषिजन्य उद्योगको संरक्षण, विकास र विस्तार गर्ने। | १. कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापनाका लागि सहुलियतपूर्ण कर्जा तथा ठूला उद्योगको स्थापनार्थ लगानी प्राधिकरणमार्फत् **Viability Gap Funding** को व्यवस्था गरिनेछ।<br>२. उद्योगमार्फत् उत्पादित कृषि उपजको ब्राण्डिङ्ग र बजारीकरणलाई सहयोग गरिनेछ।<br>३. कृषि क्षेत्रको उन्नतिका लागि लगानी प्रवर्धन गरिनेछ।<br>४. केन्द्रीय कृषि अनुसन्धान केन्द्रसँगको समन्वयमा रैथाने बाली, जात, नक्ष्ल खोज तथा अनुसन्धान गरी आगन्तुक बाली, जात तथा नक्ष्लको तुलनात्मक विश्लेषण गरी लगानी प्रवर्धन गरिनेछ। |
| ६. कृषि प्रसारको पहुँचमा वृद्धि गर्ने। | १. कृषि प्रसारको पँहुच वृद्धि गर्न सेवा निवृत्त कर्मचारी, अनुसन्धान केन्द्र, कृषि अध्यापन गराउने विश्वविद्यालय, प्राविधिक शिक्षालय र सफल कृषकहरुलाई परिचालन गरिनेछ।<br>२. कृषि उत्पादन सामग्रीको कारोवार गर्ने निजी व्यवसायी, कृषि विषय अध्ययन सम्पन्न गरेका युवाहरु र सहकारीको क्षमता अभिवृद्धि गरी उनीहरुमार्फत् गुणस्तरीय कृषि प्रसार सेवा उपलब्ध गराइनेछ।<br>३. कृषि अनुसन्धान परिषद्वाट विकास भएका प्रविधि, बीउ-बिजनको प्रचार प्रसारका लागि स्थानीय तहहरुमा सघन रूपमा प्रदर्शन तथा प्रचारप्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>४. विषयगत अनुसन्धान केन्द्रको सहकार्यमा बालीसम्वद्ध स्थलगत तालिमहरु सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | ५. स्थानीय तहहरुमा सामुदायिक कृषि प्रसार केन्द्रहरुको स्थापना गरी स्थानीय तहहरुमा माटो परीक्षण, रोग किरा पहिचान प्रयोगशाला स्थापना तथा सञ्चालनमा सहयोग गरिनेछ।<br>६. स्थलगत रूपमा किसानको खेतबारीमा नै सञ्चालन गर्ने प्रविधि प्रसार क्रियाकलापहरु सघन रूपमा सञ्चालन गरिनेछ।<br>७. गाँजा र सजिवन (Moringa) खेतीको सम्भाव्यता र उपयोगिताबारे थप अध्ययन तथा अनुसन्धान गरिनेछ। |
| ७. कृषिको व्यावसायीकरण र औद्योगिकीकरणमा निजी, सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य गर्ने। | १. कृषि क्षेत्रको व्यावसायीकरण र औद्योगिकीकरणका लागि निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय, सहयोग र सहकार्य गर्न आवश्यक नीति तथा संरचनाको व्यवस्था गरिनेछ।<br>२. कृषि विषय अध्यापन गराउने शिक्षालयसँगको समन्वयमा कृषि अनुसन्धान, विकास र विस्तारमा जोड दिइनेछ।<br>३. सहकारी तथा स्थानीय तहको समेत सहकार्यमा कृषिजन्य उद्योगको कच्चा पदार्थ उत्पादन गर्ने व्यावसायिक क्षेत्रका कृषकहरुलाई उद्योगसँग जोड्न प्रोत्साहन गरिनेछ।<br>४. भौगोलिक क्षेत्रअनुसार प्रदेश सरकार र स्थानीय सरकारको समन्वयमा प्रतिष्पर्धी क्षमता भएका निर्यातजन्य र आयात प्रतिस्थापनमा सहयोग गर्ने बाली पहिचान गरी उत्पादन तथा उत्पादकत्व वृद्धि र गुणस्तर सुधार गरिनेछ।<br>५. कृषिको व्यावसायीकरण र औद्योगिकीकरण गर्न कृषि बजारहरुको स्थापना, सुदृढीकरण तथा बजार सूचनामा पँहुच अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ।<br>६. कृषि विकास कार्यक्रम तर्जुमा तथा सञ्चालन सम्बन्धमा स्थानीय तहहरुलाई सङ्घीय सरकार र विकास साझेदारहरुका सहयोगमा क्षमता अभिवृद्धि गरिनेछ। |

| | |
|---|---|
| | ७. निजी, सहकारी र स्थानीय सरकारको सहकार्यमा कृषि यान्त्रिकीकरणलाई प्रोत्साहन गर्ने तथा स्वदेशमा नै कृषियन्त्र, उपकरण उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।<br>८. निजी, सहकारी तथा अन्तर सरकारी समन्वय र सहकार्यमार्फत् विभिन्न बाली स्रोतकेन्द्रहरुको विकास गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा कृषि क्षेत्रको आर्थिक वृद्धि दर ६ प्रतिशत पुगेको हुने, धानको उत्पादन १३३६ हजार मे.ट. बाट १७२१ हजार मे.ट. पुगेको हुने, मकैको उत्पादन ९७२ हजार मे.ट. बाट १२७२ हजार मे.ट. पुगेको हुने, गहुँको उत्पादन १४७ हजार मे.ट. बाट १९५ हजार मे.ट. पुगेको हुने, तरकारी बालीको उत्पादन ८१३ हजार मे.ट. बाट १०४८ हजार मे.ट. पुगेको हुने, फलफूलको उत्पादन १५२८ हजार मे.ट. बाट १७२१ हजार मे.ट. पुगेको हुने, कुल बालीमा प्राङ्गारिक बालीको अनुपात २.२ प्रतिशतबाट ५.० प्रतिशत पुगेको हुने र रैथाने जातका कृषि उत्पादनमा वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

प्रमुख कार्यक्रम

१. "कोशी बेसिनको उपयोग, कृषि विकासमा सहयोग" कार्यक्रम
२. सघन बाली विकास कार्यक्रम
३. जग्गा बर्गीकरण र भूमिमा बालीको विशेष व्यावसायिक उत्पादन क्षेत्रहरु पहिचान तथा विकास (जोन र सुपर जोन)
४. अनुपस्थित भू-स्वामित्व तथा बाँझो कृषियोग्य भूमि व्यवस्थापनका लागि स्थानीय तहहरुमार्फत् भूमि-बैंक सञ्चालन
५. साना सिंचाइ, सिंचाइका लागि विद्युतीकरण, जग्गाको चक्लावन्दी र यान्त्रिकीकरण कार्यक्रम
६. कृषि क्षेत्रको व्यावसायीकरण तथा औद्योगिकीकरणका लागि उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा प्रोत्साहन कार्यक्रम
७. बजार सूचनामा पँहुच अभिवृद्धि तथा सूचना प्रविधिको प्रयोग प्रवर्धन कार्यक्रम
८. निजी तथा सहकारी क्षेत्रबाट कृषि सेवा प्रसार प्रवर्धन कार्यक्रम
९. कृषि यान्त्रिकीकरण तथा कस्टम हायरिङ्ग केन्द्र व्यवस्थापन कार्यक्रम

१०. एक स्थानीय तह एक उत्पादन कार्यक्रम

११. प्राङ्गारिक उत्पादनको ब्रान्डिङ्ग तथा बजारीकरण प्रोत्साहन कार्यक्रम

१२. रैथाने बाली (कोदो, फापर, आलस आदि) संरक्षण कार्यक्रम

१३. प्रदेश र स्थानीय तहमा दक्ष कृषि प्राविधिक जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम

१४. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको असर न्यूनीकरण तथा प्राविधिक क्षमता विकास र प्रविधि हस्तान्तरण कार्यक्रम

१५. माटो, बीउ बिजन, महामारी रोग किरा, दाना र रोग परीक्षण प्रयोगशालाहरु स्थापना तथा सुदृढीकरण कार्यक्रम

१६. बाली वस्तु विशेष लिलामी बजार तथा मण्डीहरुको स्थापना र सञ्चालन कार्यक्रम

१७. महिला कृषि उद्यमी प्रोत्सहन गर्ने कार्यक्रम

१८. रबर खेती प्रवर्धन कार्यक्रम

१९. गाँजा खेती प्रवर्धन कार्यक्रम

२०. लाहा खेती प्रवर्धन कार्यक्रम

२१. अलैंची प्रशोधन तथा बजारीकरण अध्ययन

२२. चिया अक्सन केन्द्र तथा प्रयोगशाला सञ्चालन कार्यक्रम

## ५.१.२ पशुपन्छी तथा मत्स्य विकास

**क्षेत्रगत सोच**

आधुनिक र व्यावसायिक पशुपन्छी पालनबाट आयआर्जन, रोजगारी तथा आर्थिक समृद्धि।

**लक्ष्य**

स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

**उद्देश्य**

१. पशुपन्छी पालनलाई व्यावसायिक र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

२. गुणस्तरीय पशुपन्छीजन्य उत्पादनको उपभोगबाट पोषणयुक्त खानाको स्तर बढाउदै कुपोषण घटाउनु।

३. पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्छी पालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिष्पर्धी बनाई उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने। | १. पशुपन्छीजन्य उत्पादन वृद्धि गर्न कृषकहरूलाई ऋणमा पहुँच र कुशल अभ्यासहरूमार्फत् बथान व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ।<br>२. पशुपन्छीजन्य उत्पादनको विविधिकरणलाई बढावा दिइनेछ।<br>३. स्थानीय हावापानी र स्थान सुहाउँदा गाईवस्तु, भैंसी, बाख्रा, कुखुरा, बङ्गुर, माछा आदिको उन्नत नश्लको प्रयोगलाई बढावा दिइनेछ।<br>४. प्रजनन कार्यक्रमहरू र कृत्रिम गर्भाधान सेवाहरू स्थापना र विस्तार गरिनेछ।<br>५. उन्नत नश्लको वीर्य न्यून मूल्यमा उपलब्ध गराइनेछ।<br>६, रैथाने नश्लहरूको आनुवंशिक विश्लेषण र नश्ल सुधार पहलहरूका लागि विश्वविद्यालय वा अनुसन्धान संस्थाहरूसँग सहकार्य गरिनेछ। |
| २. पशुपन्छीजन्य उत्पादनको लागि सन्तुलित आहारको प्रवर्धन गर्ने। | १. किसानहरूका लागि पशुपन्छीको पोषण कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. घाँसबालीको खेतीलाई प्रोत्साहन गरिनेछ।<br>३. किफायती सन्तुलित आहारका विकल्पहरू उपलब्ध गराउन दाना कम्पनीहरूसँग साझेदारी गरिनेछ।<br>४. दिगो चरन अभ्यासलाई प्रोत्साहन गरिनेछ। |
| ३. पशुपन्छीको खोप र परजीवी नियन्त्रण कार्यक्रमहरू लागू गर्ने। | १. नियमित पशुपन्छीको खोप अभियानहरू सञ्चालन गरिनेछ।<br>२. परजीवी पहिचान र नियन्त्रण विधिहरूमा किसानहरूलाई प्रशिक्षण प्रदान गर्न भेटेरिनरी सेवाहरूसँग साझेदारी गरिनेछ।<br>३. रोगको प्रकोप रोक्न जैविक उपचारका उपायहरू अवलम्वन गरिनेछ। |
| ४. पशुपन्छीपालक किसानहरूका लागि कर्जा र वित्तीय सेवाहरूमा पहुँचको सुविधा प्रदान गर्ने। | १. पशुपन्छीपालक किसानहरूको आवश्यकताअनुरूप ऋण उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहकार्य गरिनेछ। |

| | |
|---|---|
| | २. ऋणदाताहरूका लागि जोखिम कम गर्न सरकार-समर्थित ऋण ग्यारेन्टी योजनाहरू सुरुवात गरिनेछ।<br>३. विविधीकृत दुग्ध उत्पादनका लागि मेसिन खरिदमा अनुदान दिइनेछ।<br>४. पशुबिमाका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै बिमा कार्यक्रमलाई विस्तार गरिनेछ। |
| ५. पशुपन्छीजन्य उत्पादनहरूको प्रशोधन र बजारीकरणमार्फत् मूल्य अभिवृद्धिलाई बढावा दिने। | १. दुग्ध/मासु प्रशोधन एकाइहरूको स्थापनालाई प्रोत्साहन गरिनेछ।<br>२. किसानहरूलाई मूल्य अभिवृद्धि प्रविधिहरूमा तालिम प्रदान गरिनेछ।<br>३. कृषि सहकारीलाई प्रोत्साहन गर्न आवश्यक कार्य गरिनेछ।<br>४. पशुजन्य मूल्य शृङ्खलालाई बढावा दिइनेछ।<br>५. पशुजन्य उत्पादनको मार्केटिङका लागि अनलाइन प्लेटफर्मको विकास गरिनेछ।<br>६. सुधारिएको पशुधन व्यवस्थापन गर्नका लागि किसानहरूलाई रोग निगरानी, बथान रेकर्ड राख्ने र बजार जानकारी पहुँच विस्तारमा प्रविधि कम्पनीहरूसँग साझेदारी गरिनेछ। |
| ६. मल व्यवस्थापन कार्यक्रमहरू लागू गर्ने र पशुपन्छीजन्य फोहोरबाट नवीकरणीय ऊर्जाका लागि अवसरहरूको अन्वेषण गर्ने। | १. प्राङ्गारिक मल बनाउने प्रविधिहरूमा तालिम प्रदान गरिनेछ।<br>२. गोबरबाट मल बनाउन प्रोत्साहन गरिनेछ।<br>३. उपयुक्त मलभण्डारण सुविधाहरूको निर्माणको लागि अनुदान दिइनेछ।<br>४. बायोग्याँस उत्पादन प्रविधिहरू विकास गर्न अनुसन्धान संस्थाहरू तथा निजी कम्पनीहरूसँग साझेदारी गरिनेछ।<br>५. किसानहरूलाई बायोग्याँस प्रणाली अपनाउन अनुदान प्रदान गरिनेछ। |
| ७. पशुपन्छीजन्य कल्याणलाई प्रवर्धन गर्ने। | १. पशुपन्छीजन्य अधिकार सुनिश्चित गर्न जनचेतना अभिवृद्धि गरिनेछ। |

| | |
|---|---|
| ८. मत्स्य उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्धन गर्ने। | १. यान्त्रिकीकरण, आधुनिकीकरण, प्रतिष्पर्धी र प्रविधियुक्त व्यवसायका रूपमा मत्स्य पालनलाई विस्तार गर्न प्रेरित गरिनेछ।<br>२. मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि अनुदान र सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ।<br>३. स्वस्थ मत्स्य उत्पादनको उपभोग बढाई खाद्य तथा पोषण सुरक्षामा प्रोत्साहन गरिनेछ।<br>४. मत्स्य बजार प्रवर्धनमा सहयोग पुर्याइनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा दूध उत्पादन ५६१६५९ मे.ट. बाट ६८६१२९ मे.ट पुगेको हुने, मासु उत्पादन ९१२८४ मे.ट. बाट १०६६३५ मे.ट. पुगेको हुने, माछाको उत्पादन १०१४० मे.ट.बाट ४७४८४ मे.ट. पुगेको हुने,पशु कल्याण प्रवर्धन भएको हुने, नश्ल सुधार सङ्ख्या १ लाख ४१ हजार बाट १ लाख ८५ हजार पुगेको हुने, पशु बिमाका सम्बन्धमा जनचेतना अभिवृद्धि भएको हुने तथा मिल्क होलिडेको अन्त्य भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि कार्यक्रम
२. प्रविधिजन्य पशुपन्छी उत्पादन तथा पशुपन्छी वजार विकास कार्यक्रम
३. रैथाने जातका पशुपन्छीको संरक्षण कार्यक्रम
४. पशु नश्ल सुधार तथा कृत्रिम गर्भधारण सहजीकरण र विस्तार कार्यक्रम
५. नमुना पशुपालन फर्म स्थापना कार्यक्रम
६. पकेट र ब्लक विकास कार्यक्रम
७. पशु कल्याण कार्यक्रम
८. पारम्परिक ज्ञान अभिलेखीकरण,अनुसन्धान र विकास कार्यक्रम
९. कृषकसँग विद्यार्थी कार्यक्रम
१०. पशुपन्छी बिमा प्रसार कार्यक्रम

### ५.१.३ खाद्य सुरक्षा तथा पोषण

#### पृष्ठभूमि

संविधानप्रदत्त मौलिक हकअन्तर्गत प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने, खाद्य वस्तुको पर्याप्तता र सुनिश्चितता हुने तथा खाद्य सम्प्रभुताको हक हुने व्यवस्था गरिएको छ। प्रदेश सरकारले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य-२ अन्तर्गत शून्य भोकमरीअन्तर्गतका सबै सूचकको प्रगति हासिल गर्ने प्रतिबद्धता जनाएको छ। सङ्घीय लक्ष्यअनुरूप प्रदेशको सन् २०३० सम्ममा बालबालिकामा हुने पुड्कोपनालाई १५ प्रतिशतमा झार्ने, रक्तअल्पतालाई १० प्रतिशतमा घटाउने, विशेष स्तनपानको अवस्थालाई ९० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ। खाद्य सुरक्षा तथा पोषण सुरक्षालाई मजबुत बनाउन पौष्टिक खाद्य पदार्थको उत्पादन तथा आपूर्ति शृङ्खला र दिगो उपभोग प्रणाली आवश्यक पर्दछ। यसका लागि प्रदेशमा पोषण सुधार तथा खाद्य प्रविधिको अवस्थालाई थप मजबुत बनाउन पोषणयुक्त वस्तुको उत्पादन, वितरण र प्रसारलाई प्राथमिकतामा राख्नुपर्ने छ।

#### प्रमुख समस्या

प्रदेशका सवै स्थानमा यातायात पहुँच नपुगेका कारण खाद्यान्न ढुवानीमा असहजता, उत्पादन र वितरण प्रणाली प्रभावकारीतामा कमी हुनु, पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँचमा असमानता रहनु, खाद्य सुरक्षासम्बन्धी खण्डीकृत तथ्याङ्कको कमी हुनु, परम्परागत खाद्यान्न बाली लोपोन्मुख हुनु, अस्वस्थ खाद्य वस्तुको प्रयोग हुनु, खाद्य वस्तुको भण्डारणमा किटनाशक विषादिको अधिक र जथाभावी प्रयोग हुनु, पर्याप्त गुणस्तर मापदण्डको अभाव र परिपालनामा कमी हुनु, खाद्य तथा पोषणसम्बन्धी चेतनाको कमी हुनु, मध्यम तथा उच्च खाद्य असुरक्षा र गम्भीर खाद्य असुरक्षामा रहेका परिवार राष्ट्रिय औसतभन्दा धेरै हुनु आदि प्रमुख समस्या हुन्।

#### चुनौती र अवसर

खाद्य तथा पोषण क्षेत्रमा वित्तीय लगानीलाई पर्याप्त गर्नु, पोषणयुक्त खाद्य वस्तुको उत्पादनलाई पर्याप्त पार्नु, पहुँचयोग्य वितरण प्रणालीको दिगो व्यवस्था गर्नु, लोपोन्मुख पोषणयुक्त रैथाने बालीको संरक्षण गर्नु, पोषणयुक्त आहारविहारसम्बन्धी चेतना अभिवृद्धि गर्नु, स्वस्थकर पोषणयुक्त खाद्य वस्तुको उपभोग बढाउन तथा खाने आनीबानीमा सुधार गरी अस्वस्थकर खानाको उपभोग घटाउनु, खाद्यपदार्थमा हुने मिसावटलाई रोक्नु, बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु, गरिब एवम् सीमान्तकृत परिवार तथा समुदायमा पोषणयुक्त खाद्य पदार्थको पहुँच सुनिश्चित गर्नु आदि प्रमुख चुनौती हुन्।

संविधानमा खाद्यसम्बन्धी हक मौलिक हकका रूपमा स्थापित हुनु, खाद्य सम्प्रभुतासम्बन्धी ऐन जारी

हुनु, खाद्य गुणस्तर मापदण्डसम्बन्धी ऐन परिमार्जन हुनु, दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा आउनु, खाद्य प्रणाली रूपान्तरण क्षेत्रहरू पहिचान गरी तीनै तहका सरकारका लागि जिम्मेवारीसहितको कार्य योजना तयार हुनु, खाद्य सुरक्षा र पोषणसम्बन्धी स्थापित लक्ष्यहरू हासिल गर्न पोषण संवेदनशील र पोषण विशिष्ट क्षेत्रहरुको दायरा वृद्धि गर्नु, पाँच वर्षमुनिका बालबालिका, किशोर किशोरी, गर्भावस्था र सुत्केरी अवस्थाका महिलाहरुमा सूक्ष्म पोषक तत्त्वहरू तथा खनिज पदार्थहरू समावेश गर्ने प्रावधानलाई अनिवार्य गर्नु, खाद्य स्वच्छता र सरसफाइ, पौष्टिक आहार कार्यक्रम तथा विद्यालय खाजा कार्यक्रमलाई प्राथमिकतामा राखिनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

खाद्य सुरक्षा तथा पोषणको सुनिश्चिततासहितको दिगो खाद्य प्रणाली र स्वस्थ नागरिक।

**लक्ष्य**

पोषणयुक्त खाद्य वस्तुमा दिगो पहुँच र उपभोग सुनिश्चित गरी खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्नु।

**उद्देश्य**

१. पोषणयुक्त खाद्य वस्तुको पहुँच तथा उपभोग सुनिश्चित गर्नु।

२. खाद्य तथा पोषण सुरक्षामार्फत् नागरिकको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. खाद्य तथा पोषण शिक्षालाई जनस्तरसम्म पुर्याउने। | १. खाद्य तथा पोषण शिक्षालाई विद्यालयको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ।<br>२. पोषणयुक्त खाद्य पदार्थको प्रयोग तथा उपभोगको व्यवहारिक पक्षका बारेमा सचेतनामूलक कार्यक्रम र प्रचार प्रसार अभियान सञ्चालन गरिनेछ । |
| २. पोषणयुक्त खाद्य पदार्थहरूको उपभोगलाई प्रवर्धन गर्ने। | १. खाद्य अधिकार र खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गरी खाद्य स्वच्छता, खाद्य सुशासन र वर्तमान खाद्य उपभोग प्रणालीलाई स्वस्थ खाद्य प्रणालीमा रूपान्तरण गर्न आवश्यक कार्य गरिनेछ।<br>२. स्थान विशेषका आधारमा स्थानीय रैथाने जातका |

| | |
|---|---|
| | पोषणयुक्त खाद्यान्न, फलफूल, तरकारी र पशुपन्छीजन्य उपजको पहिचान गरी सूचीकरण गर्ने।<br>३. सूचीकृत पोषणयुक्त खाद्यबाली तथा उपजहरूको उत्पादन र उपभोग अभिवृद्धि गर्ने।<br>४. कुटिर, घरेलु तथा साना स्तरका खाद्य प्रशोधन उद्योगको स्थापना र विकास गरी पोषणयुक्त खाद्य पदार्थको संरक्षण र ब्रान्डिङमार्फत् सहज पहुँचको सुनिश्चितताका लागि आवश्यक सहजीकरण गर्ने। |
| ३. उत्पादित पोषणयुक्त खाद्य उपज तथा पदार्थको उपयुक्त भण्डारण तथा संरक्षणका साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने। | १. पोषणयुक्त खाद्यान्न, फलफूल, तरकारी र पशुपन्छी जन्य उपजको पहिचान तथा सूचीकरण गरी उत्पादन अभिवृद्धि गरिनेछ।<br>२. स्थानीय तहको समन्वय र साझेदारीमा सुरक्षित र व्यवस्थित भण्डार गृहहरूको निर्माण, विकास र व्यवस्थापनमा जोड दिइनेछ।<br>३. खाद्य तथा पोषण सुरक्षाका हिसाबले जोखिममा रहेका गरिब तथा सीमान्तकृत परिवार र समुदायलगायतको सहज पहुँच स्थापित हुने गरी खाद्यान्न तथा खाद्य उत्पादनको वितरण प्रणालीलाई सुदृढ गरिनेछ।<br>४. खाद्य ऐनको प्रभावकारी कार्यान्वयन र मिसावट तथा अस्वस्थकर खाद्य पदार्थको बिक्री वितरणलाई नियमन गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा गरिब, असहाय र सीमान्तकृत परिवार तथा समुदायमा पोषणयुक्त खाद्य पदार्थको पहुँच पुगेको हुने, न्यूनतम क्यालोरी प्राप्त जनसङ्ख्या ९८ प्रतिशत पुगेको हुने, न्यूनतम औसत क्यालोरी २ हजार २३६ मा पहुँच पुगेको परिवार ७९ प्रतिशत पुगेको हुने, आधारभूत खाद्य सुरक्षा प्राप्त परिवार ७६ प्रतिशत पुगेको हुने, गम्भीर खाद्य असुरक्षामा रहेको परिवार १.३२ प्रतिशत र कम तौल भएका बालबालिका १३ प्रतिशतबाट ९ प्रतिशतमा झरेको हुने र पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनाको अवस्था २० प्रतिशतबाट १५ प्रतिशतमा झरेको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. खाद्य तथा पोषण शिक्षा प्रवर्धन कार्यक्रम

२. पोषणयुक्त खाद्यबाली तथा उपजहरुको उत्पादन अभिवृद्धि कार्यक्रम

३. खाद्य उत्पादन तथा वितरण प्रणाली सुदृढीकरण कार्यक्रम

४. खाद्य गुणस्तर र स्वच्छता अनुगमन तथा  नियमन कार्यक्रम

## ५.१.४ भूमि तथा गुठी व्यवस्थापन

### पृष्ठभूमि

भूमिको सुव्यवस्थित र उचित उपयोगद्वारा प्रदेशलाई समुन्नत बनाउन कृषि, आवास, उद्योग, पूर्वाधार विकास, वन तथा संरक्षण क्षेत्र, जलाधार, खनिज, पर्यटन, संकटापन्न आदि क्षेत्रको पहिचान गरी तिनिहरुको विकास गर्नु अत्यावश्यक रहेको छ। भूमिको समुचित उपयोग गर्न नीतिगत सुधार गर्दै भूमिको वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी परम्परागत स्रेस्ता प्रणालीमा सुधार गर्दै भूमि स्रेस्ता व्यवस्थापनलाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउनु पर्नेछ। यसका लागि भूमि नक्साको डिजिटल अभिलेख तयार गरी भू-सूचना प्रणालीमा आबद्ध गर्ने र अनलाइन सेवा सञ्चालन गर्न आवश्यक देखिन्छ।

### प्रमुख समस्या

कृषि भूमि खण्डीकरण भई गैरकृषि प्रयोजन मुख्यतः मानव आवास क्षेत्रका रूपमा परिणत हुँदै जानु, सार्वजनिक जग्गामा अतिक्रमण बढ्नु, भूमिहीन जनसङ्ख्यामा वृद्धि हुनु, अव्यवस्थित र अनियन्त्रित शहरीकरण बढ्नु, सुकुम्वासी समस्या पूर्णरूपमा समाधान नहुनु, भूमि प्रशासन सम्बद्ध निकायहरूबाट प्रदान हुने सेवा सरल र सहज उपलब्ध हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

भूमिमा भूमिहीन कमजोर वर्गको सहज पहुँच स्थापित गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, जग्गालाई चक्लाबन्दीमा आधारित करार खेती प्रणाली विकास गरी उत्पादन तथा उत्पादकत्व बढाउनु,  व्यवस्थित र सुरक्षित बस्ती विकास गर्नु,  दिगो शहरीकरणको पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, प्रविधियुक्त मालपोत तथा नापी सम्बन्धी प्रशासनिक कार्य स्थानीय तहसम्म स्थापित गराई सेवाको गुणस्तर अभिवृद्धि गर्नु आदि प्रमुख चुनौती हुन्।

किसानको भूमिमाथिको पहुँच स्थापित हुँदै जानु, भूमिहीन र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नु, सङ्घ र प्रदेश सरकारले प्राकृतिक, वातावरणीय एवम् मानवीय जोखिमरहित भूमि व्यवस्थापनमा प्रतिबद्धता देखाउनु, दिगो शहरीकरण र एकीकृत बस्ती विकासमा सरकारको ध्यानाकर्षण हुनु, भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राखिनु, भूमि अभिलेखीकरण डिजिटल प्रणालीमा हुनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

भूमिको वैज्ञानिक र न्यायोचित वितरणः उत्पादन र उत्पादकत्वमा वृद्धि।

**लक्ष्य**

भूमिको उचित व्यवस्थापन गरी समूचित उपयोग गर्नुका साथै गुठी एवम् भू-सम्पदाको दिगो व्यवस्थापन गर्ने।

**उद्देश्य**

१. भूमिको वैज्ञानिक ढङ्गले अधिकतम उपयोग गर्नु।
२. कृषियोग्य भूमि बाँझो राख्ने प्रवृत्ति र खण्डीकरणलाई निरूत्साहित गर्नु।
३. गुठी जग्गाहरूको अतिक्रमण रोकी गुठीको आय वृद्धि गर्नु।
४. भूमिको नक्शाङ्कन तथा अभिलेखलाई व्यवस्थित गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भूमिको व्यवस्थित उपयोगका लागि वैज्ञानिक भू-व्यवस्थापन गर्ने। | १. सङ्घ, प्रदेश र स्थानीय तहमा तर्जुमा भएका भूमिसम्बन्धी नीतिहरुबिच समन्वय गरी कार्यान्वयन गरिनेछ।<br>२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँचसम्बन्धी प्रादेशिक मापदण्डलाई कार्यान्वयन गरिनेछ।<br>३. भौगोलिक विविधता र स्थानीय आवश्कताअनुसार वैज्ञानिक तरिकाले भूमिको उपयोग बढाइनेछ।<br>४. विशिष्टीकृत उत्पादनका क्षेत्रहरुको पहिचान गरी खेती गर्न प्रोत्साहन गरिनेछ।<br>५. सरकारी तथा गुठी जग्गा व्यवस्थापनसम्बन्धी कानुन र मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ।<br>६. खोला नदीको मार्गलाई तटबन्धमार्फत् मार्ग निश्चित गरी |

| | |
|---|---|
| | नदीको दुवैतर्फ रहेका जमिनमा कृषि उत्पादनलाई बढावा दिइनेछ।<br>७. सङ्घ र स्थानीय तहसँग समन्वय गरी भूमिसुधार कार्यक्रममार्फत् भूमिहीन र गरिबका लागि भूमिसहित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ। |
| २. भूमि बाँझो राख्ने र खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गर्ने। | १. बाँझो रहेको खेतीयोग्य जमिन किसानलाई कृषि करारमा लिन प्रोत्साहन गरिनेछ।<br>२. खेतीयोग्य जमिनलाई खण्डीकरण हुन नदीन आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>३. भूमि बैंक र भूमि बजारको अवधारणालाई कार्यान्वयनमा लैजान शेयरमा आधारित सामूहिक कृषि प्रणालीको लागि कानुनी एवम् संस्थागत व्यवस्था गरिनेछ। |
| ३. भूमि तथा गुठी व्यवस्थापनसम्बन्धी सेवालाई सर्वसुलभ बनाउने। | १. भूमि व्यवस्थापनसम्बन्धी प्रशासनिक कार्यलाई स्थानीय तहबाट सम्पन्न हुने गरी क्रमशः व्यवस्थापन गर्दै लगिनेछ। सङ्घ र स्थानीय तहसँग समन्वय गरी प्रत्येक स्थानीय तहमा भू-सूचना केन्द्र स्थापना गरिनेछ।<br>२. गुठी जग्गाको व्यवस्थापनका लागि प्रभावकारी संरचनाको व्यवस्था र उपयोग गरी उत्पादन तथा उत्पादकत्व बढाइनेछ।<br>३. **PAMS** प्रणालीमा स्थानीय तहको पहुँच बढाउने, **NELIS, LRIMS** प्रणालीमार्फत् सेवा प्रवाह गर्ने कार्यालयलाई प्रभावकारी बनाइने र **CORS Network** को विस्तार गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा भू-उपयोग योजना लागू भएको हुने, जग्गाको खण्डीकरण न्यून भई कृषियोग्य जमिन संरक्षित भएको हुने, भूमि बैंक र भूमि बजारको स्थापना भई शेयर प्रणालीमा आधारित सामूहिक खेतीका लागि करारमा दिने व्यवस्था भएको हुने, भूमिहीन र अव्यवस्थित बसोवासको व्यवस्थापन भएको हुने, नदी तटबन्ध गरी दायाँबायाँ किनारमा कृषि उत्पादन र सडकको विस्तार भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. भूमिको वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन कार्यक्रम
२. भू-क्षय रोक्न बृक्षारोपण कार्यक्रम
३. गुठी व्यवस्थापन कार्यक्रम

## ५.२ उद्योग, वाणिज्य तथा आपूर्ति

### पृष्ठभूमि

"कृषि, उद्योग र सेवा क्षेत्रमा लगानीको वातावरण तयार गरी प्रविधिमैत्री उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत सम्पन्न नागरिक र समुन्नत प्रदेश निर्माण गर्ने" उद्देश्य यस योजनाले लिएको छ। प्रदेशको समृद्धि र जनताको खुशी हासिल गर्ने दिशामा कृषि, उद्योग, वन तथा पर्यटन क्षेत्रको विकास गरी उच्च रोजगारीका सम्भावनालाई औंल्याएका सन्दर्भमा औद्योगिक क्षेत्रको विकासद्वारा कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वृद्धिलाई विशेष जोड दिइएको छ। यी क्षेत्रहरूको विकासका लागि निजी क्षेत्रको उल्लेख्य लगानी भित्र्याउनु आवश्यक रहेकोमा निजी क्षेत्रलाई उत्प्रेरणा दिने, लगानीको वातावरण बनाउने, सहजीकरण तथा सहकार्य गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने उद्योगहरूको स्थापना र विस्तार गर्ने, उद्योगहरुको क्षमता विकास गर्ने तथा प्रविधि हस्तान्तरण गर्ने, कर्जामा ब्याज अनुदान सहज बनाउने, समस्याग्रस्त उद्योगलाई सहयोग गर्ने तथा त्यसका लागि आवश्यक प्रादेशिक ब्राण्डको शुरूवात गर्ने गरी सार्वजनिक खर्च केन्द्रित गर्नुपर्ने खाँचो छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगहरूले कुल रोजगारीको १३ प्रतिशत योगदान दिने लक्ष्य राखेको छ।

वाणिज्य क्षेत्रको विस्तार तथा सहज आपूर्तिको व्यवस्था गर्ने गरी दिगो विकास लक्ष्यमा आधारित प्रथम आवधिक योजनाले मार्गदर्शन गरेअनुरूप यस प्रदेशमा औद्योगिक क्षेत्रबाट हुनसक्ने प्रचुर उत्पादन सम्भावनालाई केन्द्रित गरी प्रदेश तथा प्रदेशबाहिर सन्तुलित आपूर्तिको व्यवस्था मिलाउनु अत्यावश्यक

छ। त्यसैअनुरूप उद्योगहरूको विकास र विस्तार गरेर आयआर्जन तथा रोजगारीमा वृद्धि गर्दै गरिबीको दरलाई घटाउनुपर्ने छ। यसका अतिरिक्त बजार अनुगमनलाई व्यवस्थित गर्ने, उपभोक्ता हितको संरक्षण तथा उपभोक्ता सचेतना कार्यक्रममा जोड दिने, चुनढुङ्गालगायतका खानीहरूको अध्ययन तथा अनुसन्धान गर्ने, खानीजन्य निर्माण सामग्रीहरूको प्रवर्धन गर्ने, औद्योगिक उत्पादनका आधारमा व्यापारिक गतिविधि विस्तार गरी सन्तुलित आपूर्ति व्यवस्थालाई प्राथमिकतामा राख्ने, उद्योगबाट सिर्जित फोहरमैला र प्रदूषणबाट जल,जमिन,वातावरण प्रदूषण तथा जैविक विविधता र जलवायु परिवर्तनमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्ने प्रविधिको समुचित विकास र उपयोग गर्ने विषयहरूलाई प्राथमिकतामा राखिएको छ।

### प्रमुख समस्या

उद्योगका लागि जग्गा प्राप्ति महँगो हुनु, औद्योगिक वातावरण सिर्जना गर्ने गरी मौजुदा कानुन र प्रावधानका बारेमा उद्योगीहरूलाई पर्याप्त सहजीकरण गर्न नसक्नु, सञ्चालनमा रहेका घरेलु तथा साना उद्योगहरू बन्द हुने क्रम बढ्नु, स्वदेशी कामदार टिकाउन नसक्नु श्रमबजारमा बेरोजगार युवा जनशक्ति हुँदाहुँदै पनि उद्योग सञ्चालनका लागि दक्ष श्रमशक्तिको कमी रहनु, औपचारिक र अनौपचारिक दुबै क्षेत्रमा विदेशी कामदारको अनियन्त्रित पहुँच हुनु, एकातिर आन्तरिक उत्पादन अपर्याप्त हुनु र अर्कोतिर उत्पादित वस्तुको पनि भरपर्दो बजार नहुनु, बैंक ब्याजदरको अस्थिरता र विद्युतीय प्रवाहको अनियमितताका कारण उत्पादन लागत बढ्नु, अन्तर्राष्ट्रिय वाणिज्य तथा आपूर्ति क्षेत्रको नकारात्मक प्रभावको कारण स्वदेशी वाणिज्य तथा आपूर्तिको व्यवस्थामा समेत असहजता देखिनु, प्रशासनिक प्रक्रिया तथा कर्जा प्रवाह झन्झटिलो हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

उत्पादनमूलक उद्योगहरुमा उल्लेख्य लगानीका लागि स्वदेशी तथा विदेशी लगानीकर्ताको आकर्षण बढाउनु; गुणस्तरीय वस्तुको उत्पादन र प्रतिष्पर्धी क्षमतामा वृद्धि गर्नु; सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु,; युवाहरूलाई उद्योगतर्फ आकर्षित गर्नु; कच्चा पदार्थ तथा तयारी वस्तुहरूको माग, आपूर्ति, ढुवानी तथा भण्डारणको व्यवस्थापन गर्नु; गुणस्तरीय विद्युत सेवा प्रदान गर्नु; तहगत समन्वय गर्नु; उद्योगहरूको विकासलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु; बैंक ब्याजदरको स्थिरता कायम गर्नु; वैदेशिक तथा स्वदेशी निजी लगानीकर्ताको संरक्षण र प्रवर्धन गर्नु; वातावरणीय सन्तुलन कायम गर्नु; करका दरहरूको पारदर्शिता तथा स्थायित्व कायम गर्नु आदि प्रमुख चुनौती हुन्।

प्रदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित औधोगिक उत्पादनको बलियो सम्भावना, आयात निर्यातको

सहज अवस्था, बढ्दो उर्जा आपूर्ति, बढ्दो प्राविधिक जनशक्ति, औद्योगिक नीति तथा ऐन-कानुनमा गरिएको समसामयिक परिमार्जन तथा सुधार, औधोगिक उत्पादनलाई छिमेकी प्रदेशहरू तथा भारतमा निकासी गर्न सहज स्थिति हुनु, कच्चा पदार्थको सहज उपलब्धता तथा बढ्दो मागले गर्दा उद्योगधन्दा खोल्न र सञ्चालन गर्न सहज वातावरण हुनु, सबै स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना र सङ्घीय सरकारले कोशी प्रदेशलाई प्राथमिकताका साथ विशिष्टीकृत औद्योगिक प्रदेश घोषणा गर्नु, राजमार्गहरूको विस्तार हुनु, होटल तथा रेष्टुरेन्टहरू थपिँदै जानु आदि प्रमुख अवसर हुन्।

### ५.२.१ उद्योग

**क्षेत्रगत सोच**

लगानीमैत्री तथा प्रविधियुक्त औद्योगिक वातावरणमार्फत् उत्पादन, आय र रोजगारीमा वृद्धि।

**लक्ष्य**

प्रादेशिक गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्ने।

**उद्देश्य**

१. उद्योगधन्दाहरूको विस्तार र रोजगारीको अवसर वृद्धि गर्नु।
२. उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वदेशी कच्चा पदार्थको उपलब्धता र उपयोगको सुनिश्चित गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने। | १. कृषक र उद्योगीबिच आधारभूत तहबाटै मूल्य शृङ्खलायुक्त **(Value Chain)** र अग्र-पृष्ठ सम्बन्ध **(Forward and Backward Linkage)** को दिगो सञ्जाल निर्माण र विकास गरिनेछ।<br>२. उद्योगका लागि चाहिने कच्चा पदार्थ उत्पादन गर्ने व्यक्ति, समूह र संस्थालाई प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>३. उद्योगको मागबमोजिम गरिने कृषि उत्पादन र औद्योगिक प्रयोगलाई नीतिगत तथा कानुनी संरक्षण प्रदान गरिनेछ।<br>४. प्रतिष्पर्धात्मक लाभका क्षेत्रमा लगानी सुनिश्चितताका लागि |

| | |
|---|---|
| | आवश्यक भौतिक र आर्थिक पूर्वाधारहरूको व्यवस्थापन गरिनेछ।<br>५. अलैंची, चिया, अदुवा, कफी, अल्लो, चिरैतोजस्ता उच्च मूल्यका कृषि उपजहरुको विशेष उद्योगको स्थापना गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरिनेछ।<br>६. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना, विकास र प्रवर्धनका लागि सार्वजनिक निजी साझेदारी मोडल अपनाइनेछ।<br>७. परम्परागत ज्ञान, सीपमार्फत् उत्पादित रक्सी लगायतका खाद्य पदार्थको अध्ययन, अनुसन्धान गरी ब्रान्डिङ्ग गरिनेछ।<br>८. बाँस तथा गुराँस प्रशोधन उद्योग स्थापना तथा सञ्चालन गरिनेछ। |
| २. उद्यमशीलता नवीनतम् सोच र संस्थागत सोच (Corporate Culture) को विकास गर्ने। | १. आधुनिक प्रविधिमा आधारित उद्यमशीलता, नवीनतम् सोच, स्टार्टअप र संस्थागत सोचसम्बन्धी आवश्यक कार्य गरिनेछ।<br>२. उद्यम सञ्चालनका लागि आवश्यक प्रविधि, सीपसम्बन्धी सचेतना र तालिमको व्यवस्था गरिनेछ। |
| ३. सीप र क्षमतावान औद्योगिक जनशक्ति उत्पादन, प्रवर्धन र संरक्षण गर्ने। | १. प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्योगसँग आबद्ध गर्न निजी क्षेत्रसमेतको सहकार्यमा अनिवार्य अभ्यासार्थीका रूपमा काम गरी सीप, दक्षता र उद्यमशीलता हासिल गर्ने अवसर सिर्जना गरिनेछ।<br>२. उत्पादित जनशक्तिलाई स्वरोजगारी र रोजगारीसँग जोडी उद्यम सिर्जना गर्न प्रोत्साहन र सहजीकरण गरिनेछ।<br>३. स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरुलाई संस्थागत र सशक्तीकरण गरिनेछ।<br>४. वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिलाई निजले सिकेको सीपका आधारमा उद्यम व्यवसाय गर्न आवश्यक सहयोग र सहजीकरण गरिनेछ। |

| | |
|---|---|
| ४. उद्यम व्यवसायसम्बन्धी थप नीतिगत तथा कानुनी व्यवस्था गर्ने। | १. उद्योगमैत्री प्रादेशिक औद्योगिक नीति निर्माण गरिनेछ।<br>२. औद्योगिक सुशासन कायम गर्न प्रदेश सरकार र निजी क्षेत्रको समन्वय संयन्त्रको निर्माण गरी विश्वासको वातावरण सिर्जना गरिनेछ।<br>३. लघु उद्यम व्यवसाय प्रवर्धन र नियमनका लागि आवश्यक कार्य गरिनेछ। |
| ५. औद्योगिक पूर्वाधार विकासका लागि लगानी व्यवस्थापन गर्ने। | १. औद्योगिक पूर्वाधार (औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, औद्योगिक क्लस्टर वा कोरिडोर, विशेष आर्थिक केन्द्र/जोन) निर्माणका लागि आवश्यक कार्य गरिनेछ।<br>२. उद्योगलाई आवश्यक जग्गा, पहुँच मार्ग, विद्युत लगायतका पूर्वाधार प्राप्तिका लागि सहजीकरण गरिनेछ।<br>३. प्रदेशमा स्थापना हुने ठुला उद्योगहरुका लागि लगानी जुटाउन प्रदेश लगानी प्राधिकरण मार्फत् सहजीकरण गरिनेछ।<br>४. स्वदेशी कच्चा पदार्थको उपयोग गरी स्वदेशी वा वैदेशिक लगानीमा स्थापना हुने रोजगारमूलक तथा निर्यातमूलक उद्योगलाई सहुलियत प्रदान गरिनेछ।<br>५. ऐतिहासिक महत्त्वका उद्योगहरुको संरक्षण गरी पर्यटन विकास र प्रवर्धनसँग आबद्ध गरिनेछ। |
| ६. औद्योगिक सम्पत्तिको संरक्षण र प्रवर्धन गर्ने। | १. पेटेण्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक चिन्ह, व्यापारिक सूत्रजस्ता औद्योगिक सम्पतिको असल उपयोगका लागि आवश्यक कार्य गरिनेछ।<br>२. औद्योगिक सम्पत्ति दर्ता, नवीकरणलगायतका प्रशासनिक प्रक्रिया सरलीकरण र सहजीकरण गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>३. प्रदेशस्तरमा रहेका उद्योगहरूले प्रचलनमा ल्याएका औद्योगिक सम्पत्तिको अभिलेख अद्यावधिक गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा लघु, घरेलु तथा साना उद्योगहरूको सङ्ख्या १ लाख ५० हजार, मध्यम तथा ठुला उद्योगको सङ्ख्या १ हजार २०० र यस क्षेत्रमा कार्यरत जनशक्तिको सङ्ख्या २ लाख पुग्ने अपेक्षा गरिएको छ। प्रदेशमा वैदेशिक लगानी भएका उद्योगको सङ्ख्या १७२ पुगेको हुने, औद्योगिक क्षेत्रको सङ्ख्या, औद्योगिक ग्राम, औद्योगिक क्लष्टर /कोरिडोरको सङ्ख्या ३५ पुग्ने, योजना अवधिमा उद्योग क्षेत्रको वृद्धिदर १०.५६ प्रतिशत, निर्यात प्रवर्धनमा २० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १८.९० प्रतिशत पुग्ने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप तथा उद्यमशीलता विकास कार्यक्रम

२. औद्योगिक क्षेत्र पूर्वाधार विकास कार्यक्रम

३. एक स्थानीय तह एक कृषि तथा घरेलु औद्योगिक ग्राम कार्यक्रम

४. स्थानीय रक्सी ब्राण्डिङ्ग, अल्लो र चिराइतो अध्ययन अनुसन्धान कार्यक्रम

५. बाँस तथा गुराँससम्बन्धी उद्योग प्रवर्धन कार्यक्रम

### ५.२.२ वाणिज्य तथा आपूर्ति

**क्षेत्रगत सोच**

वाणिज्य तथा आपूर्ति क्षेत्रको व्यवस्थापनमार्फत् दिगो व्यापार तथा उपभोक्ता हित।

**लक्ष्य**

व्यापार विविधीकरण र गुणस्तरीय वस्तुहरूको सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने।

**उद्देश्य**

व्यापारिक गतिविधि विस्तार एवम् निर्यातयोग्य तथा गुणस्तरीय वस्तुहरू सर्वसुलभ आपूर्ति हुने व्यवस्था मिलाउनु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. व्यापार तथ्याङ्क व्यवस्थापन तथा संस्थागत विकास गर्ने। | १. संस्थागत आबद्धता नभएका तथा अनौपचारिक क्षेत्रमा रहेका व्यापार व्यवसाय र स्वरोजगारी र रोजगारीलाई संस्थागत आबद्धतासहित औपचारिक क्षेत्रमा ल्याइने छ।<br>२. निकासीयोग्य दिगो वाणिज्य नीतिसम्बन्धी कार्य गरिनेछ।<br>३. विद्यमान कानुनहरूलाई समयानुकूल परिमार्जन गरी व्यापार व्यवसाय प्रवर्धनमा सहयोग पुर्याइनेछ।<br>४. ट्यारिफ निर्धारण र मूल्याङ्कनलाई पारदर्शी र व्यावहारिक बनाउन सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>५. अन्तर्राष्ट्रिय बजारको अध्ययन गरी निर्यातयोग्य वस्तुको थप पहिचान गरिनेछ। |
| २. सदृढ वाणिज्य तथा आपूर्ति प्रणालीको विकास गर्ने। | १. आन्तरिक खपतमा वृद्धि र निर्यातयोग्य वस्तुको उत्पादन गर्ने उद्योगहरू तथा वाणिज्य क्षेत्रका संस्थाहरूबिच समन्वय गरिनेछ।<br>२. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनहरूको निर्यातमा संलग्न वाणिज्य क्षेत्रका संस्थाहरूलाई निर्यातको मात्राका आधारमा सहुलियत प्रदान गरिनेछ।<br>३. निर्यातयोग्य वस्तुको उत्पादन र बजारीकरणको व्यवस्थापन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३. व्यापारिक पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नति गर्ने । | १. पहुँच मार्ग, स्थानीय तहहरूमा व्यापारिक केन्द्र, प्रदेश स्तरमा आयात निर्यात केन्द्र, स्थानीय तथा प्रादेशिक प्रदर्शनी स्थलसमेतका आवश्यक पूर्वाधारहरूको पहिचान र सम्भाव्यता अध्ययन गरिनेछ।<br>२. पहिचान भएका पूर्वाधारहरूको निर्माण तथा विकासमा आन्तरिक र बाह्य लगानीको सुनिश्चितता गरिनेछ।<br>३. पालिका स्तरीय व्यापारिक केन्द्रहरूको निर्माण विकास र स्तरोन्नतिका लागि स्थानीय तहहरुसँग सहकार्य गरिनेछ।<br>४. प्रदेशस्तरीय निर्यात प्रशोधन क्षेत्र र आयात निर्यात केन्द्रको निर्माण तथा विकासमा सङ्घीय सरकारसँग सहकार्य गरिनेछ।<br>५. स्थानीयस्तर र प्रदेश स्तरीय प्रदर्शनी स्थलहरूको निर्माण तथा विकासका लागि सार्वजनिक निजी साझेदारीको वातावरण सिर्जना गरिनेछ।<br>६. वस्तु र बजार विविधीकरणलाई प्रभावकारी बनाइनेछ। |
| ४. महिला उद्यमीहरुको प्रवर्धन गर्ने। | १. उत्कृट महिला उद्यमीलाई पुरस्कृत गरिनेछ।<br>२. कृषिमा आधारित निर्यातजन्य महिला उद्यमीबाट सञ्चालित उद्योगलाई सहुलियत प्रदान गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान १०.५ प्रतिशत पुगेको हुने, सञ्चालित व्यापारिक प्रतिष्ठानको सङ्ख्या २३ हजार ५०० पुगेको हुने, संस्थागत आबद्धता नभएका तथा अनौपचारिक क्षेत्रमा रहेका व्यापार, व्यवसाय संस्थागत आबद्धतासहित औपचारिक क्षेत्रमा आएका हुने,

अनौपचारिक क्षेत्रमा रहेको रोजगार जनशक्ति औपचारिक क्षेत्रमा समेटिएका हुने, निर्यातयोग्य वस्तुहरूको पहिचान र विकास भई निर्यातमा वृद्धि हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. व्यापारिक पूर्वाधारहरुको निर्माण तथा विकास कार्यक्रम

२. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनहरुको निर्यातको प्रवर्धन कार्यक्रम

३. निर्यातजन्य उद्योग सहयोग कार्यक्रम

## ५.३ खनिज सम्पदा

### पृष्ठभूमि

खनिज सम्पदा प्रकृतिप्रदत्त आर्थिक समृद्धिको महत्त्वपूर्ण आधारशीला हो। प्रदेशको पर्वतीय क्षेत्रमा धातु तथा गैर-धातु खनिज सम्पदाको सम्भावना रहेको छ। प्रदेशमा प्रचुर मात्रामा रहेको चुनढुङ्गा अन्वेषण सम्पन्न भएको छ। प्रदेशको ८३ प्रतिशत भूभाग पर्वतीय रहेकाले खनिज सम्पदाको उत्खनन र विकासका लागि योजनाबद्ध एवम् प्रभावकारी प्रयास र कार्यान्वयन हुनु जरूरी छ। खनिज स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्न सकिएमा प्रदेशको समग्र विकासका लागि देखिएका चुनौतीहरूसँग सामना गर्न सकिने देखिन्छ।

### प्रमुख समस्या

खनिज सम्पदाको उत्खनन, उपयोग र निकासीका लागि नीति तथा कानुनको अभाव हुनु, दुर्गम तथा पर्वतीय क्षेत्रमा पहुँच असहज हुनु, खनिज अन्वेषण र विकास प्रयासमा बाधा हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

खनिज उत्खननबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गर्नु, खनिज उत्खननले निम्त्याउने सामाजिक समस्याहरु न्यूनीकरण गर्नु, भूमि अधिकार र संसाधन स्वामित्वको विवाद समाधान गर्नु आदि प्रमुख चुनौती हुन्।

कोशी प्रदेशमा खनिज सम्पदाको विविधता हुनु, खनिज सम्पदा उपयोगका लागि उपयुक्त वातावरण हुनु, सम्भावित खनिज संसाधनको प्रवर्धन र उपयोग गर्न सकिने हुनु, उत्खननमा विदेशी लगानी र प्रविधि भित्र्याउन सकिने अवस्था हुनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

खनिजक्षेत्रको योगदान वृद्धि गरी औद्योगिक विकास र सुदृढ अर्थतन्त्रको निर्माण।

## लक्ष्य

वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी सिर्जना तथा औद्योगिक उत्पादन वृद्धि गर्ने।

## उद्देश्य

१. प्रदेशमा रहेका खनिज स्रोतको पहिचान, संरक्षण, उपयोग तथा दिगो व्यवस्थापन गर्नु।
२. खनिज उद्योगमा स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खनिज अन्वेषण तथा व्यवस्थापन गर्ने। | १. खनिजसम्बन्धी सर्वेक्षण तथा उत्खननका लागि सङ्घीय सरकारसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ।<br>२. खनिज सर्वेक्षण र उत्खननमा लगानी अभिवृद्धि गरिनेछ।<br>३. खनिजक्षेत्रको बसोबासलाई स्थायी रूपमा स्थानान्तरणको प्रबन्ध गरिनेछ।<br>४. निजी जग्गाको रोयल्टीसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम गरिनेछ।<br>५. खनिजसम्बन्धी कानुनी र नीतिगत व्यवस्था गरिनेछ।<br>६. खनिजसम्बन्धी प्रविधि प्रयोगको लागि आवश्यक जनशक्ति उत्पादन गरिनेछ। |
| २. खनिज उद्योगमा लगानी अभिवृद्धि गर्ने। | १. खानी क्षेत्रमा भौतिक पूर्वाधारको पहुँच विस्तार गरिनेछ।<br>२. खानीजन्य उद्योगको स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानी भित्र्याइनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा नयाँ खानी क्षेत्रको पहिचान भएको हुने, चुनढुङ्गालगायत अन्य खानी तथा खनिज पदार्थको अन्वेषण तथा उत्खनन् गरी सोसम्बन्धी प्रशोधन उद्योगहरू स्थापना भएका हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. खानी अन्वेषण तथा व्यवस्थापन कार्यक्रम

२. खानी तथा खनिज उत्खनन् तथा प्रशोधन कार्यक्रम

३. खानी उद्योगमा लगानी प्रवर्धन कार्यक्रम

४. खानीक्षेत्र पूर्वाधार पहुँच कार्यक्रम

## ५.४ पर्यटन

कोशी प्रदेश पर्यटन प्रवर्धनका हिसाबले मुलुककै धनी प्रदेश हो। यस प्रदेशको प्राकृतिक, सामाजिक तथा सांस्कृतिक अवस्थितिलाई नियाल्दा हिमाली, पहाडी र तराई क्षेत्रका जातजाति, भाषा, संस्कृति चालचलन पर्यटकका लागि आकर्षणका केन्द्र बनेका छन्। साथै कौशिकी सभ्यता विकास भएको यो प्रदेश पौराणिक रूपले पर्यटकका निमित्त पृथक ज्ञानको भण्डार रहेको छ। पर्वतारोहण, पर्वतीय पदयात्रा, दुर्लभ चरा-चुरुङ्गीको दृश्यावलोकन, पर्वतीय हवाइयात्रा, रक क्लाइम्बिङ, रिभर र्याफ्टिङ, गल्फ, जिपलाइन, स्काइवाक, हट एयर बेलुन, प्याराग्लाइडिङ, अल्ट्रालाइट एयरक्राफ्ट, पर्वतीय बाइकिङ, जङ्गल सफारी, तीर्थाटन आदि यस प्रदेशका मुख्य पर्यटकीय सम्भावना हुन्। यस क्षेत्रबाट ४४ हजार ३६५ जनाले रोजगारी प्राप्त गरेका छन्।

यस प्रदेशमा विश्वकै सर्वोच्च शिखर सगरमाथालगायत कञ्चनजङ्घा, मकालु, चोयु,ल्होत्से, कुम्भकर्णजस्ता हिमाल; तालतलैया; धार्मिक तथा सांस्कृतिक स्थल; वन्यजन्तु निकुञ्ज तथा आरक्षण केन्द्रसहित ३० वटा प्रमुख पर्यटकीय गन्तव्यको पहिचान गरिएको छ। साथै प्रदेशमा ठूलो लगानीका केही दीर्घकालीन महत्त्वका पर्यटकीय परियोजना निर्माणाधीन रहेका छन्। सगरमाथा राष्ट्रिय निकुञ्ज,मकालु बरूण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्घा संरक्षण क्षेत्र पनि यसै प्रदेशमा अवस्थित छन्। साथै प्रदेशमा नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान हुने क्रम पनि बढ्दो छ। प्रदेशमा कोशी बेसिनको उपयोगमार्फत् जलपर्यटनको प्रवर्धन गर्दै आर्थिक लाभ लिई कुल गार्हस्थ्य उत्पादनमासमेत पर्यटन क्षेत्रले ठुलो योगदान गर्न सक्ने सम्भावना रहेको छ।

### प्रमुख समस्या

प्रदेशका पर्यटकीय स्थलको पहिचान तथा प्रचार प्रसार हुन नसक्नु, पर्यटकीय क्षेत्रसम्म पहुँच मार्ग, होटल सुविधालगायतका पूर्वाधारको पर्याप्त विकास नहुनु, भारत र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको सङ्ख्या बढाउन नसक्नु, सामूहिक पर्यटनबाट हुनसक्ने वातावरणीय क्षति न्यूनीकरणका उपाय अवलम्बन गर्न नसक्नु, पर्यटकीय गन्तव्य विकास गर्न नसक्नु, भौगोलिक,धार्मिक तथा सांस्कृतिक पर्यटकीय स्थलको उचित व्यवस्थापन हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

अन्तर-प्रदेश, प्रादेशिक हिमाल तथा पहाडका पर्यटकीय गन्तव्य जोड्न हवाई सेवा सञ्चालन गर्नु, पर्यटन विकासका लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरूको विकास र विविधीकरण गर्नु, पर्यटकीय गन्तव्य स्थलको उचित व्यवस्थापन तथा गुणात्मक वृद्धि गर्नु, नियमित, सुरक्षित र भरपर्दो स्थल तथा हवाई मार्गको व्यवस्था गर्नु, स्थानीय उत्पादन र खानपानको जगेर्ना गर्नु, यात्रा कार्यक्रमको सूचीको ब्राण्डिङ तथा प्रवर्धन गर्नु आदि प्रमुख चुनौती हुन्।

ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले समृद्ध रहनु, प्राकृतिक सम्पदा, जैविक विविधता, दुर्लभ वन्यजन्तु तथा पशुपन्छीको उपस्थितिले सम्पन्न हुनु, सङ्घ-संस्था, निजीक्षेत्र तथा सामुदायिक संस्थासँग साझेदारी र सहकार्य हुने सम्भावना रहनु, विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा प्रकाशन गरिएका विश्वमा भ्रमण गर्नैपर्ने स्थानहरूको सूचीमा कोशी प्रदेशका पर्यटकीय गन्तव्य स्थलहरू समावेश हुँदै जानु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

पर्यटन क्षेत्रको दिगो विकासमार्फत् आर्थिक वृद्धि र समृद्धिमा योगदान।

### लक्ष्य

पर्यटन क्षेत्रको दिगो विकास गरी आय र रोजगारीका अवसर वृद्धि गर्ने।

### उद्देश्य

१. प्रदेशमा भएका पर्यटकीय अवसरहरूको विकास,बजारीकरण,प्रवर्धन र संरक्षण गर्नु।

२. आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रका रूपमा विकास गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.पर्यटकीय गन्तव्यको विकास, विविधीकरण र प्रवर्धन गर्ने। | १. प्रदेश पर्यटन विकास गुरूयोजनाको निर्माण गरिनेछ।<br>२. पर्यटन विविधीकरणका लागि पर्वतारोहण, पदयात्रा, जङ्गल सफारी, र्याफ्टिङ, प्याराग्लाइडिङ, क्यानोनिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, घोड सवारी, जिपलाइन, गल्फजस्ता साहसिक, मनोरञ्जनात्मक पर्यटन पूर्वाधारको विकास तथा बजारीकरण गरिनेछ।<br>३. आधारभूत सुविधाको प्रबन्ध गरी धार्मिक तथा सांस्कृतिक पर्यटन क्षेत्रलाई सर्किटका रूपमा विकास गरिनेछ।<br>४. पर्यटन प्रवर्धनका लागि नेपाली डायस्पोरालाई परिचालन गरिनेछ। |
| २.पर्यटन सेवा सुविधाको व्यवसायीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यताअनुरूप स्तरीकरण गर्ने। | १. पर्यटन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड र मान्यताअनुसार पर्यावरण अनुकूल, जवाफदेही र जिम्मेवार बनाउन आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. पर्यटन उद्यमशीलता विकास गर्न पर्यटन क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिनेछ।<br>३. तारे तथा पर्यटकीय होटेलको सेवा सुविधाको मूल्याङ्कन गरी व्यवसायिकता अभिवृद्धि गरिनेछ।<br>४. स्थानीय पर्यटन सेवाको गुणस्तर अभिवृद्धि गरी स्थानीय रोजगारी प्रवर्धन गरिनेछ।<br>५. होमस्टे, फार्मस्टे तथा पर्यापर्यटनलाई प्रवर्धन र व्यवसायीकरण गरिनेछ। |

| | |
|---|---|
| | ६. स्थानीय कला संस्कृति झल्कने सम्पदाको संरक्षण र प्रदर्शन गरी पर्यटकलाई आकर्षण गर्न प्रदेश पर्यटकीय सङ्ग्रहालयहरुको स्थापना गरिनेछ।<br>७. होटेल, रेस्टुराँ तथा सेवा गृहमा उपहार बिक्री कक्ष स्थापना गरी स्थानीय विशेषता झल्कने उत्पादनको बिक्री र प्रवर्धनमा सहयोग गरिनेछ। |
| ३. पर्यटकीय स्थल र वस्तु **(Product)** को ब्राण्डिङ्ग गरी विश्वमा प्रदेशको प्रचार गर्ने। | १. स्थान विशेषको विशिष्टताका आधारमा स्थानीय पर्यटकीय ब्राण्ड र वस्तु **(Product)** को विकास गरिनेछ।<br>२. प्रदेशको पहिचान झल्काउने विभिन्न वस्तु उत्पादन गरी पर्यटकलाई आकर्षित बनाइनेछ। |
| ४. पर्यटकीय सेवा सुविधाको वृद्धि गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्ने। | १. गुणस्तरीय पर्यटन विकासमा होटेल तथा अन्य सेवा सुविधामा लगानी आकर्षण गर्न स्थानीय करमा छुट र सुविधाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२. मेला तथा प्रर्दशनी आयोजना गरी पर्यटकीय स्थल र **Product** को प्रचारप्रसार गरिनेछ।<br>३. साहसिक पर्यटन क्षेत्रमा विपद्जन्य सूचना तथा संयन्त्रको व्यवस्था गरिनेछ।<br>४. पर्यटन सेवाप्रदायक संस्था, कार्यरत जनशक्तिको क्षमता र सीप विकास गरी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ। |
| ५. नयाँ पर्यटकीय क्षेत्र तथा वस्तुको विकासमा जोड दिने। | १. पर्यटकीय विकासमा पछि परेको तर सम्भावना भएको क्षेत्रको पहिचान गरी विकास गरिनेछ ।<br>२. भेडेटार स्काइवाक परियोजना र बर्जुताल परियोजना सञ्चालनमा ल्याइनेछ।<br>३. सबै मौसममा पर्यटक आकर्षित गर्न पर्यटन |

| | |
|---|---|
| | प्याकेजको व्यवस्थाका लागि सहयोग गरिनेछ।<br>४. धार्मिक र सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्धन गरिनेछ।<br>५. प्रमुख पर्यटकीय केन्द्र र पदमार्गका महत्त्वपूर्ण विन्दुमा सांस्कृतिक तथा जातिविशेषका सङ्ग्रहालय र सांस्कृतिक कार्यक्रमको प्रर्वद्धन गरी स्थानीय कला संस्कृति र परम्परालाई पर्यटनसँग जोडिनेछ। |
| ६. संस्थागत व्यवस्था, समन्वय र सहकार्य गर्ने। | १. प्रादेशिक पर्यटनसम्बन्धी संस्थागत संरचनाको स्थापना गरी पर्यटनसम्बन्धी कार्यको विकास, व्यवस्थापन र नियमन गरिनेछ।<br>२. विभिन्न पर्यटकीय प्रवेशस्थल र पर्यटन केन्द्रमा निजी क्षेत्रसँगको साझेदारीमा पर्यटन सूचना केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ।<br>३. स्थानीय तहमा उद्यान, बालउद्यान, पर्यटकीय पदमार्ग तथा ऐतिहासिक स्थलको पहिचान र संरक्षण, सङ्ग्रहालय, चिडियाघर आदिको विकास गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४. पर्यटक प्रवेशस्थल, बिमानस्थल, सार्वजनिक स्थललाई आकर्षक, व्यवस्थित, सुविधाजन्य बनाउन सरोकारवाला संस्थासँग समन्वय गरिनेछ। |
| ७. सार्वजनिक तथा निजी साझेदारीमार्फत् पर्यटन प्रवर्धनमा लगानी वृद्धि गर्ने | १. नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान गरिनेछ।<br>२. सार्वजनिक तथा निजी साझेदारी कार्यक्रममार्फत् लगानी प्रवर्धन गर्न आवश्यक व्यवस्था गरिनेछ। |
| ८. साँस्कृतिक क्षेत्र विकासमार्फत् पर्यापर्यटन प्रवर्धन गर्ने | १. विदेशी पर्यटक आकर्षित गर्ने जल यातायात सम्बन्धी गतिविधि प्रवर्धनमा सहयोग पुर्‍याइनेछ। |

### अपेक्षित उपलब्धि

यस योजना अवधिमा पर्यटन गुरुयोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, पर्यटन क्षेत्रबाट ७० हजार रोजगारी सिर्जना भएको हुने, ६० वटा पर्यापर्यटकीय गन्तव्य भएको हुने, २५ वटा ट्रेकिङ ट्रेल निर्माण भएको हुने, आधारभूत पूर्वाधार र सेवासुविधासहित प्रमुख पर्यटकीय गन्तव्य विकास भएको हुने, भेडेटार स्काइवाक र बर्जुताल परियोजना सम्पन्न भई पर्यटक सङ्ख्या वृद्धि भएको हुने र स्थानीय रोजगारी वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. पर्यटन प्रवर्धन कार्यक्रम

२. पर्यटन क्षेत्र रोजगार वृद्धि कार्यक्रम

३. पर्यटन क्षेत्रका विविध विधामा अध्ययन अनुसन्धान कार्यक्रम

४. पर्यटन पूर्वाधारहरूको विकास तथा विस्तार कार्यक्रम

५. पर्यटन उद्यम प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम

६. सार्वजनिक तथा निजी साझेदारी प्रवर्धन कार्यक्रम

## ५.५ वन, वनस्पति सम्पदा तथा जैविक विविधता

### पृष्ठभूमि

वन तथा वनस्पति सम्पदा सम्पूर्ण जगतको अस्तित्वको प्रमुख आधार हो। यस सम्पदाको वातावरण, जैविक विविधता, पर्यटन, जलवायु परिवर्तन, खनिज, कृषि, इत्यादिसँग प्रत्यक्ष सम्बन्ध छ। वनस्पति सम्पदा, प्राणी जगतको लागि खाद्यान्नको एकमात्र स्रोत पनि हो। यसले जैविक विविधताको संरक्षण र स्वच्छ वातावरण दिन्छ। देशमा पर्यटन, जैविक विविधता, जडीबुटी र वातावरणीय संरक्षणमा वनको महत्त्वपूर्ण भूमिका हुन्छ। यसले रोजगारीको सिर्जनाका साथै आय वृद्धिमा समेत टेवा पुर्याउँदछ। वन तथा वनस्पतिमा आधारित काष्ठ तथा गैरकाष्ठ पैदावार, जडीबुटी तथा सुगन्धित पदार्थहरूबाट प्रदेशमा प्रशस्त आय आर्जन वृद्धि गर्न सकिन्छ। प्रदेशमा वन तथा बुट्यान गरी कुल क्षेत्रफलको ४८.९६ प्रतिशत वनक्षेत्र रहेको छ। वनक्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २ प्रतिशत योगदान रहेको छ। अधिक जैविक विविधताका लागि वृक्षारोपण मार्फत् वनक्षेत्रको विस्तार गरी कार्बन ट्रेडबाट राष्ट्रले ठूलो वैदेशिक मुद्रा प्राप्त गर्न सक्छ। साथै जैविक विविधताको संरक्षण गरी पारिस्थितिक प्रणालीमा सन्तुलन कायम गर्न सकिन्छ।

## प्रमुख समस्या

वन तथा वनस्पति सम्पदासम्बन्धी आवश्यक नीति, कानुन र संरचनाको व्यवस्था भइनसक्नु; पर्याप्त जनशक्तिको उत्पादन नहुनु; वन तथा वनस्पति सम्पदाको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु; वन तथा वातावरणसम्बन्धी वैज्ञानिक अनुसन्धान पर्याप्त मात्रामा नहुनु; वनको वैज्ञानिक व्यवस्थापन कमजोर हुनु; वन तथा वनस्पति सम्पदाको प्रादेशिक स्तरको अद्यावधिक तथ्याङ्क नहुनु; वन तथा वनस्पति जलसम्पदामाथिको अतिक्रमण पूर्णरूपमा रोक्न नसक्नु; मिचाहा प्रजातिका वनस्पतिहरू तीव्र गतिमा फैलँदै जानु र स्थानीय रैथाने प्रजातिका वनस्पतिहरू क्रमश लोप हुँदै जानु; वन तथा वनस्पतिको विकास र त्यसबाट हुने आय आर्जन तथा रोजगारीबिच सन्तुलन कायम गर्न नसक्नु; वन्यजन्तुको परम्परागत बासस्थान र जैविक मार्गको ह्रास हुँदै जानु; वन डढेलो नियन्त्रणका लागि उपयुक्त संयन्त्र, सीप र प्रविधि नहुनु; जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको खेती, सङ्कलन, बेचबिखन र उपयोगलगायतका कार्यहरू परम्परागत ढङ्गबाटै हुँदा अपेक्षित लाभ लिन नसक्नु; प्राकृतिक रूपमा रहेका जडीबुटीहरू अनियन्त्रित रूपमा सङ्कलन भइरहनु आदि प्रमुख समस्या हुन्।

## अवसर र चुनौती

प्रदेशमा अवस्थित सम्पूर्ण वनस्पतिहरूको अध्ययन गरी अद्यावधिक तथ्याङ्क तयार गर्नु; पानीका मुहान र सिमसार क्षेत्रको संरक्षण गर्नु; वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु; भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु तथा लोपोन्मुख जडीबुटीलाई पुनःस्थापित गराउनु; वन व्यवस्थापनको कार्यलाई तीनै तहका सरकार, वन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु,; वन क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाहरूको विस्तार र सोबाट प्राप्त लाभको वर्गीय, लैङ्गिक तथा सामाजिक रूपमा समन्यायिक बाँडफाँड गर्नु आदि प्रमुख चुनौती हुन्।

वन तथा वनस्पति सम्पदाको क्षेत्र जनप्रतिनिधि तथा सरकारको प्राथमिकताको विषय रहनु; निजीक्षेत्र तथा समुदायको चासो बढ्नु; वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्तनमार्फत् आय र रोजगारीसँग आबद्ध हुन सक्ने अवस्था रहन; सामुदायिक वनको क्षेत्र र यसमा आबद्ध समूहको सङ्ख्या उल्लेखनीय हुनु; भू तथा जलाधारलाई एकीकृत गरी वन र कृषि दुबै क्षेत्रको आम्दानी अभिवृद्धि गर्न सकिने सम्भावना हुनु; वनस्पतिजन्य स्रोतको दिगो र व्यावसायिक उपयोग गर्न सकिने अवस्था विद्यमान रहन; कार्वन सञ्चितिको उपयोग, इन्धन र वन पैदावारको आपूर्ति, जडीबुटीको उत्पादन, मूल्य अभिवृद्धि, उपयोग र निर्यात गर्न सकिने अवस्था रहनु; पानीका स्रोतको संरक्षण र उपयोग, प्राकृतिक रमणीयता र वातावरण एवम् जैविक विविधताको उपलब्धता रहनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

वन, वनस्पति सम्पदा तथा जैविक विविधताको संरक्षणमार्फत् हरित अर्थतन्त्रसहितको स्वच्छ र समृद्ध प्रदेश।

## लक्ष्य

प्रदेशको गार्हस्थ्य उत्पादनमा वन तथा वनस्पति सम्पदाको योगदान वृद्धि गर्नु।

## उद्देश्य

१. वन तथा वनस्पति सम्पदाको संरक्षण र सम्वर्धनमार्फत् उद्यम विकास गरी वस्तु तथा सेवाको उत्पादन विविधीकरण गर्दै रोजगारी प्रवर्धन र आर्थिक लाभ प्राप्त गर्ने।

२. वातावरणीय क्षेत्रबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चित गर्नु।

३. उच्च मूल्य जडीबुटी, काष्ठ तथा गैरकाष्ठ वन पैदावारको निर्यात प्रवर्धन गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनक्षेत्र, वनस्पति सम्पदा, वातावरणीय तथा जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्ने। | १. हरित अभियानमार्फत् समुदायमा आधारित वृक्षारोपण, खोला किनार तथा नदी उकास क्षेत्रमा वृक्षारोपणमार्फत् दिगो व्यवस्थापन गरिनेछ।<br>२. वन डढेलो नियन्त्रण गर्न, डढेलो प्रतिरोधी क्षमताको विकास र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. सामुदायिक वनको उत्पादन विविधीकरण, उत्पादकत्व वृद्धि, उपयोग, लाभको न्यायिक वितरण र बजारीकरणका लागि आवश्यक अनुसन्धान गरिनेछ।<br>४. निर्माण कार्यमा EIA तथा IEE लाई अनिवार्य गरिनेछ।<br>५. वातावरण अनुसन्धान केन्द्रको स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २. वनक्षेत्र तथा वनस्पति सम्पदाको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन र रोजगारीसँग आबद्ध गर्ने । | १. वैदेशिक रोजगारीबाट फर्किएका युवालाई वनमा आधारित साना तथा मझौला उद्योगमा लगानीका लागि आवश्यक कानुन र कार्यविधि निर्माण गरी लागू गरिनेछ।<br>२. कृषि जमिनको धरातलीय र हावापानीको सम्भाव्यताअनुसार उच्च मूल्यका फलफूलका बिरुवा रोप्न प्रोत्साहन गरी उपजलाई बजार पहुँचको व्यवस्था मिलाइनेछ।<br>३. गैरकाष्ठ वन पैदावारको बिक्रीबाट प्राप्त हुने राजस्व अभिवृद्धि गर्न सबै बिक्रीलाई राजस्वको दायरामा ल्याउन राजस्व प्रशासनमा सुधार गरिनेछ। |
| ३. जैविक विविधताको संरक्षण र पर्यापर्यटनको विकास गर्ने । | १. जैविक विविधता संरक्षण र पर्यापर्यटन प्रवर्धनका लागि आवश्यक कानुन निर्माण गरी न्यूनतम पूर्वाधार विस्तार गरिनेछ ।<br>२. सिमसार क्षेत्र तथा लोपोन्मुख वनस्पतिको संरक्षण र व्यवस्थापन गरिनेछ।<br>३. मिचाहा प्रजातिका वनस्पतिहरूको तीव्र फैलावट नियन्त्रण गरिनेछ।<br>४. प्रदेशस्तरका सम्पूर्ण वनस्पतिहरूको अद्यावधिक Database तयार गर्न विश्वविद्यालयका वैज्ञानिकसँग समन्वय गरी अध्ययन अनुसन्धान कार्य गरिनेछ। |
| ४. उच्च मूल्यका जडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्धन गर्ने । | १. उच्च मूल्यका जडीबुटीको खेती गर्न आवश्यक प्रोत्साहनस्वरूप बीउबिजन तथा अन्य सुविधाको व्यवस्था गरिनेछ।<br>२. मूल्य अभिवृद्धिका लागि जडीबुटी प्रशोधन, भण्डारण र निर्यातको आवश्यक व्यवस्था |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ।<br>३. प्रदेश तथा जिल्लास्तरमा वनस्पति उद्यानको स्थापना र सञ्चालन गरिनेछ। |
| ५. वन, वातावरण, जैविक विविधता र जलाधार संरक्षणको लागि सहकार्य गर्ने। | १. वन, वातावरण, जैविक विविधता र जलाधार संरक्षणको क्षेत्रमा काम गर्ने सबै गैरसरकारी संस्था, निजीक्षेत्र, विकास साझेदार र सामुदायिक संस्थासँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा काष्ठ, गैरकाष्ठ तथा जडीबुटी उत्पादन, प्रशोधन र मूल्य अभिवृद्धि गरिनेछ। |
| ६. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै जैविक मार्गको व्यवस्थापन गर्ने। | १. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्दै जनचेतना, क्षतिपूर्ति एवम् राहत प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित गरिनेछ।<br>२. स्थानीय तहमा जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण, सङ्ग्रह एवम् आनुवंशिक स्रोत सम्बन्धिको बौद्धिक सम्पत्तिको सुरक्षा गरिनेछ।<br>३. विज्ञहरूसँग समन्वय गरी मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायका बारेमा अध्ययन अनुसन्धान गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा बुट्यानसहित वनको क्षेत्रफल ५० प्रतिशत पुगेको हुने, सामुदायिक वनको क्षेत्रफल १ हजार हेक्टरले वृद्धि भएको हुने, सहभागितामूलक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन भएको हुने, काठ उत्पादन ३३० लाख क्युविक फिट र दाउरा उत्पादन ८ हजार ३५० चट्टा भएको हुने, उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन २० प्रतिशतले वृद्धि भएको हुने, मिचाहा वनस्पतिहरूको नियन्त्रण तथा व्यवस्थापन भएको हुने तथा पर्यापर्यटनको विकास भएको हुने अपेक्षा गरिएको छ।

## प्रमुख कार्यक्रम

१. वन,वनस्पति संरक्षण तथा दिगो वन व्यवस्थापन कार्यक्रम

२. प्रदेश हरित अभियान कार्यक्रम

३. जडीबुटी विकास कार्यक्रम

४. जैविक विविधता संरक्षण कार्यक्रम

५. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम

६. भू तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम

७. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम

# परिच्छेद ६ : सामाजिक क्षेत्र

पछिल्लो समय मानिसको जीवनस्तरमा आएको सुधारका आधारमा विकासलाई मापन गर्न थालिएको छ। सङ्ख्यात्मक विकासबाट मानिसको ध्यान अहिले गुणात्मक विकासतर्फ अग्रसर रहेको छ। सामाजिक क्षेत्रले व्यक्ति र समग्र समाजको विकास तथा उन्नतिको प्रतिनिधित्व गर्दछ। प्रदेशको प्रथम आवधिक योजनाले परिलक्षित गरेका सामाजिक क्षेत्रका न्यायिक, सन्तुलित र समावेशी विकासका सम्वाहक र सूचकहरूको प्रगति सन्तोषजनक रहेको छ। दोस्रो आवधिक योजनामा पनि यस क्षेत्रभित्र जनसङ्ख्या तथा बसाइँसराइ, शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, महिला, बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक समानता, सामाजिक सुरक्षा तथा समावेशिताजस्ता विषयलाई समावेश गरिएको छ।

## ६.१ जनसङ्ख्या तथा बसाइँसराइ

### पृष्ठभूमि

जनसङ्ख्यालाई उत्पादनको साधन तथा वाहक र विकासको प्रतिफलको उपभोक्ता मानिन्छ। विद्यमान जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गरी द्रूत विकास र समृद्धि हासिल गर्ने गरी योजनामा नीति तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ। वि.सं. २०७८ सालको जनगणनाअनुसार कोशी प्रदेशको जनसङ्ख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ, जुन कुल राष्ट्रिय जनसङ्ख्याको १७.१२ प्रतिशत हुन आउँछ। कोशी प्रदेशको जनघनत्व १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ। यस योजनाको आधार वर्षमा तराईका जिल्लामा ६२ प्रतिशत पहाडी जिल्लामा ३०.३० प्रतिशत र हिमाली जिल्लामा ७.७० प्रतिशत जनसङ्ख्याको बसोबास रहेको थियो। यस प्रदेशमा बसाइँसराइ अन्य प्रदेश जस्तै हिमाल र पहाडबाट तराईका विभिन्न भूभागमा केन्द्रित हुने गरेको छ।

### प्रमुख समस्या

जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी व्यवस्थित सूचनाको कमी पहाडी तथा हिमाली क्षेत्रमा रोजगारीको अवसरको कमी, स्रोत साधनमा न्यून पहुँच आर्थिक अवस्थामा अपेक्षित सुधारको कमी जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी विषय  बजेट तथा कार्यक्रमको प्राथमिकतामा नपर्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी स्पष्ट नीति निर्माण गरी सन्तुलित विकासका माध्यमबाट जनसङ्ख्यालाई आ-आफ्नो थातथलोमा रहन सक्ने वातावरणको सिर्जना गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ। जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थित गर्नका लागि केही संरचनागत, नीतिगत र योजनागत प्रयासहरू हुनु, काम गर्न सक्ने उमेरका नागरिकको सङ्ख्यामा उल्लेख्य वृद्धि हुनु आदि अवसरहरु रहेका छन्।

**क्षेत्रगत सोच**

जनसाङ्ख्यिक लाभको अवस्थाको उच्चतम् उपयोग तथा न्यून आन्तरिक बसाइँसराइ।

**लक्ष्य**

जनसङ्ख्या र रोजगारीबिच अन्तर-सम्बन्ध कायम गरी आन्तरिक बसाइँसराइलाई न्यूनीकरण तथा जनसाङ्ख्यिक लाभको अवस्थाको उच्चतम उपयोग गर्नु।

**उद्देश्य**

जनसाङ्ख्यिक लाभको अधिकतम उपयोगका लागि जनसङ्ख्या वृद्धि, मानव स्रोत विकास र रोजगारीका बिच अन्तरसम्बन्ध कायम गर्दै सबै क्षेत्रको सन्तुलित विकासका माध्यमबाट न्यून आन्तरिक बसाइँसराइमार्फत् आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनसाङ्ख्यिक लाभको अवसरलाई संस्थागत व्यवस्थामार्फत् उपयोग गर्ने। | १. जनसाङ्ख्यिक लाभको अवधारणालाई संस्थागत गर्न दीर्घकालीन योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ।<br>२. युवाहरुको क्षमता पहिचान तथा अभिवृद्धि गरी उद्यमशीलता तथा रोजगारीका अवसरहरुमार्फत् उत्पादन वृद्धि गरिनेछ। |
| २. आन्तरिक बसाइँसराइको प्रवृतिलाई न्यूनीकरण गर्ने। | १. प्रदेशको सन्तुलित विकासको लागि राजकीय स्रोत विनियोजन तथा स्थानीय स्रोत साधनको महत्तम उपयोग गरिनेछ।<br>२. स्थानीय तहमा योजना तर्जुमा, स्रोत साधन परिचालनमा बसाइँसराइको समस्यालाई आन्तरिकीकरण गर्न प्रोत्साहित गरिनेछ।<br>३. ग्रामीण क्षेत्रमा उद्यमशीलता तथा सशक्तीकरणका माध्यमबाट रोजगारीका अवसर सिर्जना गरी आन्तरिक बसाइँसराइ न्यूनीकरण गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा आन्तरिक बसाइँसराइ घटेको हुने, अन्तर तह समन्वय प्रभावकारी भएको हुने जनसङ्ख्या र रोजगारीबिच तादात्म्य भएको हुने जनसङ्ख्याको प्रभावकारी व्यवस्थापन भई यसका सूचकमा उल्लेखनीय सुधार भएको हुने अपेक्षा गरिएको छ।

## ६.२ शिक्षा

### पृष्ठभूमि

नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने नीति उल्लेख गरिएको छ। यसलाई प्रत्याभूति गर्न प्रदेश सरकारले शिक्षा क्षेत्रअन्तर्गत रहेका दिगो विकासका लक्ष्यहरूलाई समेत समेट्ने गरी प्रदेशभित्र शिक्षामा सबैको समतामूलक पहुँच, समावेशीकरणका साथै गुणस्तरीय शिक्षा प्रदान गर्न दिगो विकास कार्यढाँचा २०३० तय गरी कार्यान्वयन गर्दै आएको छ। प्रदेशमा १४ वटै जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको छ। तथापि राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशमा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। अझै पनि उल्लेख्य मानिसहरू निरक्षर रहेको अवस्थालाई मध्यनजर गर्दै साक्षरताका थप कार्यक्रमहरु अघि सार्नुपर्ने छ। शिक्षा नीति २०७६ को पूर्णरूपमा कार्यान्वयनका लागि प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई महत्त्व दिई सोअनुरूपका प्राविधिक तथा व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन र रोजगारीतर्फ थप प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ।

### प्रमुख समस्या

शिक्षाको गुणस्तर र पहुँच कमजोर रहनु; शैक्षिक बेरोजगारी बढ्दै जानु र प्रतिभा पलायनको अवस्था सिर्जना हुनु; प्राविधिक, उद्यमशील र नैतिक शिक्षा, नवीनतम् विधि र प्रविधिको प्रयोग कम हुनु, साक्षरता दर शतप्रतिशत हुन नसक्नु; पाठ्यक्रम पूर्ण प्रयोगात्मक नहुनु; उच्च शिक्षामा पढ्दै-कमाउँदैको अवधारणा विकास नहुँदा विद्यार्थी टिकाउन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन्।

### चुनौती र अवसर

आवश्यक दरबन्दी तथा भौतिक पूर्वाधारसहितका शैक्षिक संस्थाहरूको सुनिश्चित गर्नु, गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक साधन-स्रोतको व्यवस्थापनका साथै मानवीय स्रोतको परिपूर्ति गर्नु, दक्ष र उच्च क्षमता भएका व्यक्तिलाई शिक्षण पेशाप्रति आकर्षित गर्नु, सामाजिक र नैतिक शिक्षालाई समावेशी बनाउनु, शिक्षालाई अनुसन्धानमुखी बनाई स्वरोजगारी सिर्जना गर्नु, प्राविधिक तथा नवप्रवर्तन (।T सम्बन्धी) क्षेत्रका उपजहरुको ज्ञान र सीपको उपयोग गर्नु आदि प्रमुख चुनौती हुन्।

संविधानतः समावेशी र लैङ्गिक शिक्षालाई प्रोत्साहन गर्नु साथै दिगो विकास लक्ष्य-४ अनुरूप गुणस्तरीय शिक्षालाई स्थानीयकरण गर्न सहयोग पुर्याउनु, मानवीय पूँजी निर्माणमा प्रादेशिक शिक्षा नीति निर्माण र कार्यान्वयन गर्नु, उच्च शिक्षालाई रोजगारोन्मुख बनाई स्वावलम्बन र आत्मनिर्भर बनाउनु, प्रादेशिक मनमोहन प्राविधिक विश्वविद्यालय र अन्य विश्वविद्यालयहरूसँग समन्वय गरी दक्ष एवम् सीपयुक्त जनशक्ति विकास गर्न सक्ने अवसर रहनु, प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट स्वरोजगारी सिर्जना गर्नु, प्रादेशिक उच्च शिक्षा ऐन एवम् कानुनको निर्माण गरी प्राविधिक तथा व्यावसायिक विषयका क्षमतायुक्त जनशक्ति विकास गर्नु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान् र राष्ट्रप्रति समर्पित मानवीय पूँजीको विकास।

### लक्ष्य

स्वावलम्बी, प्रतिष्पर्धी, नवप्रर्वतनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान नैतिकवान् मानव संसाधनको विकास गर्ने।

### उद्देश्य

१. आधारभूत, माध्यमिक तथा उच्च शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. सबै तहको शिक्षालाई मानवमूल्यमा आधारित बनाउँदै गुणस्तरीय तथा जीवनोपयोगी बनाउनु।
३. प्राविधिक शिक्षाको सहज उपलब्धता गराउनुका साथै सुशासित र अनुसन्धानमूलक उच्च शिक्षा प्रवर्धन गर्नु।
४. शिक्षामा आधुनिक प्रविधिको प्रयोगमार्फत् प्रविधिमैत्री शिक्षालय र शिक्षणको लागि क्षमता विस्तार गर्नु।
५. नवप्रर्वतनात्मक र प्राविधिक मानवीय पूँजीलाई उपयोग गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्थागत र कानुनी व्यवस्था गरी व्यवहारिक र वस्तुनिष्ठ शैक्षिक विकास तथा साक्षरता वृद्धि गर्ने। | १. प्रादेशिक शिक्षा नीति र कानुन तर्जुमा गरी लागू गरिनेछ।<br>२. उच्च शिक्षामा अनुसन्धान तथा नवप्रवर्तनलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| | संयोजन गरी रोजगारी र उद्यमशीलता वृद्धि गरिनेछ।<br>३. विषयगत शिक्षकको माग र आपूर्तिबिच सन्तुलन कायम गर्न तथा शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. अनौपचारिक शिक्षामार्फत् सबै स्थानीय तहमा साक्षरता दर वृद्धि गरिनेछ।<br>५. विद्यालयमार्फत् साक्षरता शिक्षा कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग समन्वय गरी प्रोत्साहन गरिनेछ।<br>६. डिजिटल साक्षरता कार्यक्रममार्फत् साक्षरताको अभिवृद्धि गरिनेछ। |
| २. विद्यालय छाड्ने दरलाई न्यूनीकरण गरी माध्यमिक तहसम्मको शिक्षा क्रमशः अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने। | १. स्थानीय तहसँग समन्वय गरी अभिभावक र समुदायमा शिक्षाको महत्त्वबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विद्यालय छाड्ने दर घटाउन सिमान्तकृत, विपन्न, दलित, जनजाति तथा पछाडि परेका समुदायका बालबालिकाको लागि थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. प्रारम्भिक बालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने। | १. एक पालिका एक नमुना विद्यालय निर्माण गरी सामुदायिक विद्यालयमा विद्यार्थीहरूको पहुँच र आकर्षण बढाइनेछ।<br>२. फरक क्षमता भएका बालबालिकाहरूको शिक्षामा पहुँच वृद्धि गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिनेछ। |

| | |
|---|---|
| ४. उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक बनाई रोजगारमूलक शिक्षाको विस्तार गर्ने। | १. प्राविधिक तथा व्यावसायिक शिक्षातर्फका विद्यार्थीलाई आवासीय सुविधासहित छात्रवृत्तिमा अध्ययन गर्ने अवसर प्रदान गरिनेछ।<br>२. पढ्दै कमाउँदै गर्ने वातावरण सिर्जना गर्न विश्वविद्यालय र प्राविधिक शिक्षालयहरूलाई उद्योग एवम् सेवा क्षेत्रसँग समन्वय गराइनेछ।<br>३. उत्पादित जनशक्ति खपत हुने वातावरण निर्माण गर्न प्रदेशमा रोजगार बैंक स्थापना गरिनेछ।<br>४. शैक्षिक संस्थालाई अनुसन्धान, जनशक्ति विकास र उद्यमशीलताको प्रवर्धनमा आवश्यक सहयोग गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रदेशभित्र शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गरिएको हुने, साक्षरता दर ९० प्रतिशत पुगेको हुने, नमुना विद्यालयको सङ्ख्या १०२ पुगेको हुने, बिकट हिमाली र पहाडी जिल्लामा गुणस्तरीय शिक्षाको प्रत्याभूति भएको हुने, शिक्षक तालिमबाट नेतृत्व विकास र व्यवस्थापकीय सीप विकास भई गुणस्तरीय शिक्षाको प्रत्याभूति भएको हुने, प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्तिको पहुँच विस्तार तथा रोजगारी सिर्जना भएको हुने र प्रदेशभित्र रोजगार बैंक स्थापना भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. साक्षरता विशेष कक्षा सञ्चालन कार्यक्रम
२. विशेष शिक्षा (अपाङ्गता) कार्यक्रम
३. नमुना तथा आवासीय माध्यमिक विद्यालय स्थापना कार्यक्रम
४. विद्यार्थी छात्रवृत्ति कार्यक्रम
५. प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रम
६. अनुसन्धान तथा सीप विकास कार्यक्रम

७. नवप्रवर्तनात्मक प्रविधि विकास कार्यक्रम

८. शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रम

## ६.३ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

स्वस्थ मानवपूँजी विकासको महत्त्वपूर्ण आधारशीला हो। संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा राख्दै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने प्रत्याभूत गरेको छ। प्रदेशको अधिकार सूचीभित्र स्वास्थ्य क्षेत्रलाई समावेश गरिनुले प्रदेशलाई नागरिकको स्वास्थ्य तथा पोषण सुधारप्रति थप जिम्मेवार बनाएको छ। उपलब्ध स्रोत र साधनहरूको समुचित उपयोगमार्फत् गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी प्रदेश अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको सेवालाई दिगो, भरपर्दो तथा प्रभावकारी बनाउनु पर्नेछ।

प्रदेशमा महिला, बालबालिका तथा किशोर-किशोरीमा रहेको पोषणको अवस्थाअनुरूप पोषणविशेष र पोषण सम्वेदनशील तथा बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत् कुपोषण न्यूनीकरण गर्नुपर्ने छ। प्रदेशको स्वास्थ्य सेवाका प्रमुख सूचकका रूपमा रहेका अपेक्षित औसत आयु, बाल मृत्युदर, मातृ मृत्युदर र बाल पोषणसम्बन्धी सूचकहरूमा पछिल्ला वर्षहरूमा उल्लेखनीय सुधार हुँदै आएको छ। प्रदेशबासीको शारीरिक स्वास्थ्यप्रति प्रदेश तहमा उपचारसम्बन्धी केही व्यवस्था भएपनि बढ्दो मानसिक र सामाजिक स्वास्थ्यप्रति विशेष पहल गर्नुपर्ने छ।प्रदेशमा स्वास्थ्य अध्ययन, अध्यापन र अनुसन्धान केन्द्रहरू स्थापना तथा स्वास्थ्य पर्यटनको नीतिगत व्यवस्था गरी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने छ।

### प्रमुख समस्या

सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाका लागि पर्याप्त पूर्वाधार नहुनु, विशिष्टीकृत र सघन उपचार सेवा विस्तार हुन नसक्नु साथै विशेषज्ञको अभाव हुनु, स्वास्थ्य क्षेत्रमा अपर्याप्त दरबन्दी र जनशक्तिको उचित व्यवस्थापन नहुनु, मातृ मृत्युदर एवम् शिशु मृत्युदर उच्च रहनु, पाँच वर्षमुनिका करिव एक तिहाई बालबालिकामा रक्तअल्पता र प्रजनन उमेरका महिलामा न्यून पोषण हुनु, महिलाहरूमा आङ खस्ने, फिस्टुला लगायतको प्रजनन स्वास्थ्य समस्याको यथोचित सम्बोधन हुन नसक्नु, जेष्ठ नागरिकका स्वास्थ्य समस्याहरूको पूर्ण सम्बोधन हुन नसक्न वंशाणुगत तथा जन्मजात रोग, व्यवसायजन्य तथा वातावरणीय स्वास्थ्यको उचित व्यवस्थापन नहुनु, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्यको यथोचित सम्बोधन नहुनु, सरकारी तहहरुबिच समन्वय र सहकार्यमा कठिनाइ हुनु, क्षयरोगको संक्रमण विद्यमान रहनु, उष्ण प्रदेशीय तथा कीटजन्य रोगको संक्रमण रहनु, मुटु, मधुमेह, मृगौला तथा मानसिक लगायतका नसर्ने रोगहरूको प्रकोप उच्च रहनु, प्रदेशको अधिकार क्षेत्रभित्र

स्वास्थ्यसम्बन्धी जनशक्ति उत्पादन हुन नसक्नु, स्वास्थ्यमा प्रदेशस्तरीय अनुसन्धान केन्द्र नहुनु, सरकारी, निजी, सहकारी र सामुदायिक संस्थाहरूमा गुणस्तरीय सेवाको कमी हुनु, दुर्गम ग्रामीण भेग र सहरी क्षेत्रमासमेत कुपोषणका बिरामी देखिनु, प्रदेशभर पोषणबिशेष कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन नहुनु, पोषणको महत्त्वबारे जनस्तरमा सचेतना कम हुनु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

मातृ तथा नवजात शिशुका लागि आकस्मिक स्वास्थ्य सेवाको व्यवस्थापन गर्नु, स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनु, जलवायु परिवर्तनद्वारा सिर्जित स्वास्थ्य असरहरूलाई सम्बोधन गर्नु, सरुवा रोग तथा महामारी रोगहरूको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गर्नु, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा उपलब्ध गराउनु, स्वास्थ्यमा निजी क्षेत्रको संलग्नता र सेवा प्रवाहलाई प्रभावकारी नियमन गर्नु, स्वास्थ्य संस्थामा निर्धारित निःशुल्क औषधी, औजार र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम तथा पिछडिएको क्षेत्रमा विशेषज्ञ तथा दक्ष स्वास्थ्यकर्मी टिकाई राख्नु, प्रदेशमा चिकित्सा शिक्षाको विविध विधाको अध्ययन-अध्यापन शुरु गर्नु, स्वास्थ्य अनुसन्धानलाई प्रदेशकै नेतृत्वमा अघि बढाउनु र स्वास्थ्य क्षेत्रमा **AI** प्रयोगमा ल्याउनु, प्रदेशमा कुपोषण अन्त्य गर्नु, बहुक्षेत्रीय पोषण कार्यक्रममा प्रदेशको भूमिका निर्धारण गरी प्रादेशिक संयन्त्रलाई परिचालन गर्नु आदि प्रमुख चुनौती हुन्।

स्वास्थ्य सेवा मौलिक हकका रूपमा स्थापित हुनु, स्वास्थ्य क्षेत्रमा कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने, प्रदेशस्तरबाट स्वास्थ्य सेवाको नवीनतम् तथा प्रभावकारी पहल गर्न सकिने, प्रदेशमा चिकित्साशास्त्रको उच्च शिक्षा र दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक पूर्वाधारहरू क्रमिक रूपमा विकसित गर्ने, विदेशी विद्यार्थीहरूलाई प्रदेशभित्र चिकित्सा अध्ययनको बाटो खोली प्रदेशको आर्थिक क्षमता वृद्धिको वातावरण बनाउने, स्थानीय स्तरमा जडीबुटीहरू उत्पादन गरी रोग प्रतिरोधात्मक र उपचारात्मक सेवामा उपयोग गर्न सकिने, प्रदेशस्तरमा पोषण क्षेत्रलाई प्रभावकारी बनाउन प्रादेशिक संयन्त्रको व्यवस्था हुनु, बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन समन्वयकारी भूमिका निर्वाह गर्न सकिने, उत्पादनलाई दिगो पोषणमा जोड्न सकिने, प्रदेशमा स्वास्थ्य पर्यटनको सम्भावना थप बलियो बनाउनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

स्वस्थ मानव पूँजी निर्माणमार्फत् प्रदेश समृद्धि।

## लक्ष्य

मानव स्वास्थ्यमा लगानी बढाई स्वस्थ मानव पूँजीद्वारा प्रदेशको सर्वाङ्गीण विकास गर्ने।

## उद्देश्य

१. मानव स्वास्थ्यका सबै आयामहरूको खोजी गरी लगानी वृद्धि गर्नु।

२. स्वस्थ नागरिक सुनिश्चित गर्न निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि सहजीकरण गर्दै, विशिष्टीकृत स्वास्थ्य सेवामा स्वास्थ्य बिमामार्फत् प्रदेशबासीको पहुँच विस्तार गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने। | १. स्वास्थ्य सेवा निशुल्क, गुणस्तरीय र समतामूलक बनाई **Minimum Service Standards (MSS)** स्कोर उच्च बनाइनेछ।<br>२. प्रदेशमा विशिष्टीकृत तथा नवीनतम् प्रविधियुक्त स्वास्थ्य सेवाको दुर्गम क्षेत्रसम्म पहुँच बढाउन स्वास्थ्य बिमालाई प्रभावकारी बनाइनेछ।<br>३. क्यान्सर, मानसिक रोग, कडा रोग तथा रक्तअल्पताको स्क्रीनिङ गरी सो अनुरूप स्वास्थ्य सेवा प्रदायकको सबलीकरण र विस्तार गरिनेछ।<br>४. प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सक्षम जनशक्ति पुऱ्याई सेवामा निरन्तरता सुनिश्चित गरिनेछ।<br>५. अस्पतालहरूमा जेरियाट्रिक एकाइहरूलाई थप सुदृढ तथा विस्तार गरी प्रशामक सेवा उपलब्ध गराइनेछ।<br>६. अपाङ्ग, यौनिक अल्पसङ्ख्यक, एचआइभी सङ्क्रमित, विपन्न तथा सीमान्तकृत समुदायलाई स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच पुऱ्याइनेछ।<br>७. निजी, सामुदायिक तथा सरकारी संयन्त्रको साझेदारीमा अटिजमजस्ता विशिष्ट प्रकृतिका |

| रणनीति | कार्यनीति |
|---|---|
| | स्वास्थ्य सेवा प्रदान गरिनेछ ।<br>८. चिकित्सकको परामर्शबाट मात्र औषधी सेवन गर्ने जनचेतना विकास गरिनेछ । |
| २. एकीकृत स्वास्थ्य प्रणाली सुनिश्चित गर्ने । | १. सबै प्रकारका स्वास्थ्य प्रणाली एलोपेथिक, आयुर्वेदिक तथा नेचुरोपेथी खोजी गरी एकीकृत सेवा प्रवाह गर्ने प्रणालीको विकास गरिनेछ।<br>२. एकीकृत स्वास्थ्य नीतिअन्तर्गत बहुपक्षीय र बहुक्षेत्रीय कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. उच्च गुणस्तरको स्वास्थ्य संस्थाको विकासमार्फत् स्वास्थ्य पर्यटनको विकास गरिनेछ । |
| ३. स्वास्थ्य प्रणाली अध्ययन-अनुसन्धान मैत्री बनाउने । | १. प्रदेशमा स्वास्थ्य अनुसन्धान र नवप्रवर्तनका लागि स्वास्थ्य अनुसन्धान इकाइको विकास गरिनेछ ।<br>२. प्रादेशिक जडीबुटी प्रशोधन तथा हर्बल मेडिसिन उत्पादन केन्द्रको स्थापना, सञ्चालन र अनुसन्धान गरिनेछ । |
| ४. सरुवा तथा महामारीजन्य रोगको नियन्त्रण, रोकथाम, उपचार र पुनर्स्थापना गर्ने । | १. सरुवा तथा महामारीजन्य रोगको नियन्त्रण र उपचारको लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. र्‍यापिड रेसपोन्स टिमलाई चुस्त, दुरुस्त पारिनेछ । |
| ५. स्वास्थमा लगानी वृद्धि गर्दै औषधीमा आत्मनिर्भरता उन्मुख गराउने । | १. प्रदेशको जडीबुटीको प्रशोधनमा स्थानीय जनशक्तिको प्रयोग गरिनेछ ।<br>२. प्रदेशको स्वास्थ्य क्षेत्रमा कुल बजेटको कम्तीमा १२ प्रतिशत कायम गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. पोषणविशेष र पोषण संवेदनशील कार्यक्रमहरुको प्रवर्धन गर्ने। | १. आधारभूत पोषण सेवा निःशुल्क प्रदान गरिनेछ।<br>२. समुदायमा आधारित वृद्धि अनुगमन तथा अतिशीघ्र कुपोषण व्यवस्थापन सेवा विस्तार गरिनेछ।<br>३. पोषण पुनर्स्थापना सेवा केन्द्रहरू सञ्चालन गरिनेछ।<br>४. पोषण सुरक्षाका लागि अस्वस्थकर वस्तुको प्रयोगलाई निरुत्साहित गरिनेछ। |

**अपेक्षित उपलब्धि**

यस योजनाको अन्त्यसम्ममा प्रदेश अन्तर्गतका सबै अस्पतालहरुको **Minimum Service Standards (MSS)** स्कोर ९० भन्दा बढी भएको हुने, मानव स्वास्थ्यका सबै आयामहरूको खोजी गरी स्वास्थ्यमा प्रदेश लगानी कुल बजेटको १२ प्रतिशत कायम भएको हुने, अपेक्षित औसत आयु ७०.४० वर्षबाट ७२ वर्षमा पुगेको हुने, पाँच वर्षमुनिको बाल मृत्युदर ३४ (प्रतिहजार जीवित जन्ममा) बाट २० मा झरेको हुने, नवजात शिशु मृत्युदर २० (प्रतिहजार जीवित जन्ममा) बाट १२ मा झरेको हुने, मातृ मृत्यु दर १५७ (प्रतिलाख जीवित जन्ममा) बाट ७० मा झरेको हुने, सबै प्रदेशबासी स्वास्थ्य बिमामा आबद्ध भएका हुने, स्वास्थ्य बिमाका समस्याहरु समाधान भएका हुने, प्रदेशका जिल्ला अस्पतालहरुमा जेरियाट्रिक सेवा सुचारू भएको हुने, समुदायस्तरमा नसर्ने रोग, मानसिक र अन्य कडा रोगहरू स्क्रिनिङ भई सो अनुरूपको प्रतिकारात्मक तथा उपचारात्मक व्यवस्था भएको हुने, सर्ने तथा महामारी रोगको उपचारका लागि उच्चस्तरको तयारी भएको हुने, कुपोषित बालबालिकाको सङ्ख्या न्यून भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. अस्पताल सुदृढीकरण तथा **MSS** अभिवृद्धि कार्यक्रम
२. MDGP, BMET, BMLT र एनेस्थेसिया असिस्टेन्ट प्याकेज कार्यक्रम
३. प्रादेशिक स्वास्थ्य तथा जनस्वास्थ्य ऐनको सुदृढीकरण तथा प्रभावकारी कार्यान्वयन
४. दुर्गम क्षेत्र विशेष विशेषज्ञ सेवा सञ्चालन कार्यक्रम
५. प्रादेशिक आयुर्वेद अस्पताल सुदृढीकरण कार्यक्रम

६. प्रादेशिक जडीबुटी प्रशोधन तथा हर्बल मेडिसिन उत्पादन केन्द्रको स्थापना, सञ्चालन र अनुसन्धान
७. प्रदेश मेडिकल पर्यटन प्रवर्धन कार्यक्रम
८. पोषणविशेष तथा पोषणसंवेदनशील कार्यक्रम
९. प्रदेश मातहतका अस्पतालहरूमा जेरियाट्रिक एकाइको स्थापना, सुदृढीकरण तथा प्रशामक सेवा विस्तार कार्यक्रम
१०. समुदायस्तरमा नसर्ने रोग तथा मानसिक रोगको स्क्रिनिङ र जनचेतनामूलक कार्यक्रम

## ६.४ खानेपानी तथा सरसफाइ

### पृष्ठभूमि

कोशी प्रदेशको ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी र १९ प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवा उपलब्ध छ। त्यसैले, बहुसङ्ख्यक जनताले प्रयोग गर्ने पानीको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ। हालसम्म ९६ प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाइको सुविधा पुगेको देखिन्छ। गुणस्तरीय खानेपानीको आपूर्ति र पूर्ण सरसफाइलाई प्राथमिकता दिई सबै वर्ग, समुदाय, विद्यालय र बस्तीमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु अत्यावश्यक छ।

### प्रमुख समस्या

खानेपानीका मुहानहरु सुक्दै जानु, भरपर्दो र स्वच्छ खानेपानी आपूर्तिको अभाव हुनु, सहरी र बजार क्षेत्रमा प्रभावकारी फोहोर व्यवस्थापनको अभाव हुनु, सडक र सार्वजनिक स्थानमा खानेपानी, शौचालय र फोहोरमैला व्यवस्थापन नहुनु, तराईका ग्रामीण बस्तीमा डिप बोरिङको स्वच्छ खानेपानी वितरण आयोजनामा समुदायको आकर्षण नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

स्वच्छ खानेपानी र पूर्ण सरसफाइको विषयमा नागरिकमा चेतना जगाउनु, बढ्दो सहरी जनसङ्ख्या र जलवायु परिवर्तनले खानेपानीको स्रोतमा परेको असर न्यूनीकरण गर्नु, खानेपानी निरन्तररूपमा आपूर्ति गर्नु, सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, सडक, मन्दिर र सार्वजनिक भेला हुने ठाउँलाई स्वच्छ खानेपानी र सरसफाइको दायराभित्र ल्याउनु, खानेपानीको मुहानको सरसफाइ तथा संरक्षण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्। कोशी बेसिन तथा अन्य स्रोतको पानीलाई खानेपानी र सरसफाइमा समुचित उपयोगमार्फत् स्वच्छ खानेपानीको सुनिश्चित हुनु, हिमालको स्वच्छ पानीलाई विदेश निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइयुक्त प्रदेश।

**लक्ष्य**

गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी र सरसफाइ सुविधा विस्तार गर्ने।

**उद्देश्य**

१. जलाधार र जलस्रोत संरक्षण गर्दै प्रदेशका सबै नागरिकलाई गुणस्तरीय र भरपर्दो खानेपानी सेवा उपलब्ध गराउनु।

२. प्रदेशमा पूर्ण सरसफाइ सुनिश्चित गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. समुदायमा आधारित स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्ति प्रणालीको विकास गर्ने। | १. खानेपानीको सुविधाको लागि तीन तहका सरकारबिच समन्वय गरी "एक घर एक धारा" को लागि मुहान, खोला-खोल्सीको पानी तथा आकाशे पानी सङ्कलन र प्रशोधन गरी स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपूर्ति गरिनेछ।<br>२. सुख्खा क्षेत्र, दुर्गम र सीमान्तकृत समुदायमा खानेपानीको विशेष कार्यक्रममार्फत् स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपूर्ति गरिनेछ।<br>३. स्रोत र खानेपानीको आपूर्ति प्रणालीमा चुहावट, दुरूपयोग, क्षति, अवरोध र भण्डारणको अनुगमन तथा गुणस्तर जाँच गरी आपूर्ति सहज बनाइनेछ।<br>४. हरेक पालिकामा पानी परीक्षण प्रयोगशाला निर्माणमा जोड दिइनेछ। |
| २. एकीकृत जलाधार तथा जलस्रोत व्यवस्थापन कार्यक्रमको विकास गर्ने। | १. एकीकृत जलाधार तथा जलस्रोत आयोजनाका लागि कानुन, नियम, निर्देशिका तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. एकीकृत जलाधार तथा जलस्रोत व्यवस्थापन |

| रणनीति | कार्यनीति |
|---|---|
| | परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ।<br>३. विभिन्न नदी तथा खोलाको पानीलाई लिफ्ट प्रविधिमार्फत् पहाडी तथा हिमाली जिल्लामा खानेपानी सेवा उपलब्ध गराइनेछ। |
| ३. ग्रामीण तथा सहरी क्षेत्रमा पूर्ण सरसफाइ सुनिश्चित गर्ने। | १. स्थानीय तह तथा अन्य सरोकारवालासँगको समन्वयमा सरसफाइ कार्यक्रमका लागि गुरुयोजना तयार गरिनेछ।<br>२. पहाडी र तराई क्षेत्रमा पूर्ण सरसफाइ कार्यक्रमको सर्वेक्षण तथा मूल्याङ्कन गरी बजार क्षेत्र, शैक्षिक संस्था एवम् सार्वजनिक स्थलहरुमा लैङ्गिक र अपाङ्गमैत्री शौचालय निर्माण गरिनेछ।<br>३. गरिब, दलित, विपन्न र सीमान्तकृत समुदायका लागि साझेदारीमा शौचालय निर्माण तथा सरसफाइ अभियान सञ्चालन गरिनेछ।<br>४. स्थानीय तहसँग समन्वय गरी ढल निकास र डिस्पोजल क्षेत्रहरू, स्थानीय ढल प्रशोधन प्लान्टहरू, बायो डिग्रेडेबल फोहोर फाल्ने क्षेत्रहरूको निर्माण गरिनेछ।<br>५. समुदायमा दूरगामी रूपमा फोहोर वर्गीकरण र विसर्जनबाट मल तथा ग्याँस उत्पादनजस्ता सरसफाइ कार्यक्रमको कार्यान्वयन गरिनेछ।<br>६, प्लास्टिकको प्रयोग निस्तेज गर्दै लगिनेछ। |
| ४. खानेपानी तथा सरसफाइमा जल उत्पन्न प्रकोप र बहु विपद्जोखिम न्यूनीकरण गर्ने। | १. खानेपानी तथा पूर्ण सरसफाइमा बहु-विपद्को जोखिम लेखाजोखा गरी खानेपानी आपूर्ति र पूर्ण सरसफाइ कार्यहरूको मर्मत सम्भार तथा स्तरोन्नतिको योजना कार्यान्वयन गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा कोशी प्रदेशमा आधारभूत खानेपानीको सुविधा पुगेको जनसङ्ख्यामा ९० प्रतिशतबाट शतप्रतिशत पुगेको हुने, सुरक्षित खानेपानीको सुविधा पुगेको जनसङ्ख्यामा १९ प्रतिशतबाट ३० प्रतिशत पुगेको हुने, आधारभूत सरसफाइ पुगेको जनसङ्ख्या ९६ प्रतिशतबाट शत प्रतिशत पुगेको हुने, ठूला एकीकृत जलाशय परियोजना निर्माण भएका हुने, ग्रामीण तथा सहरी भेगमा पूर्ण सरसफाइको कार्यक्रम लागू भएको हुने, वैकल्पिक माध्यम (डिप-बोरिंग, आकाशे पानी सङ्कलन, सौर्य लिफ्ट खानेपानी आदि) बाट खानेपानीको आपूर्ति भएको हुने, आवश्यकताअनुसार स्थानीय तहमा सामुदायिक अपाङ्ग मैत्री शौचालय बनेको हुने, प्रदेशमा १० वटा ढल प्रशोधन प्लान्टहरू स्थापना भएका हुने, हरेक स्थानीय तहमा बायो डिग्रेडेबल फोहोर फाल्ने क्षेत्रहरू र फोहरबाट मल र ग्याँस उत्पादन भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. खानेपानी पूर्वाधार विस्तार तथा आपूर्ति कार्यक्रम

२. एकीकृत जलस्रोत संरक्षण र बहुउद्देश्यीय जलाशय योजना निर्माण कार्यक्रम

३. पानी परीक्षण प्रयोगशाला निर्माण कार्यक्रम

४. पूर्ण सरसफाइ कार्यक्रम (अपाङ्गमैत्री शौचालय, ढल निकास, ढल प्रशोधन प्लान्ट निर्माण सहितको)

५. फोहोरबाट मल तथा बायोग्याँस उत्पादन कार्यक्रम

६. विद्यालय र समुदायमा **WASH** कार्यक्रम

७. गरिब, दलित, विपन्न र सीमान्तकृत समुदायका लागि शौचालय निर्माण तथा सरसफाइ अभियान कार्यक्रम

## ६.५ युवा तथा खेलकुद

**पृष्ठभूमि**

युवाशक्ति मुलुकको सर्वाङ्गीण विकासको मुख्य आधार र संवाहक मानिन्छ। करिव ४२ प्रतिशत युवा जनसङ्ख्या रहेका कारण यस प्रदेशलाई युवाबहुल प्रदेश भन्न सकिन्छ। युवाको सिर्जनशीलता, आत्मविश्वास, साहस र लगनशीलताको उपयोग गर्दै प्रदेशलाई समृद्ध बनाउन योजनामा युवा विकासका विभिन्न कार्यक्रमहरु गर्नुपर्नेछ। प्रदेशको खेलकुद सम्बन्धमा प्रदेश खेलकुद ऐन, २०७६ र प्रदेश

खेलकुद नियमावली, २०७६ जारी भएको छ। प्रदेशमा खेलकुद विकास बोर्ड र जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन भई खेलकुदसम्बन्धी गतिविधिहरू सञ्चालनमा रहेका छन्। खेलकुदमार्फत् स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको विकास गर्ने लक्ष्य योजनाले लिएको छ। युवालाई खेलजगतको संरक्षण र संवर्धनमा समाहित गर्दै जनसाङ्ख्यिक लाभको अवसरलाई पूँजीकृत गरी मुलुकको आर्थिक समृद्दिमा प्रदेशका युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ।

### प्रमुख समस्या

युवा तथा खेलकुदसम्बन्धी संस्थागत संरचना कमजोर हुनु, युवालक्षित उद्यमशीलता र रोजगारीका पर्याप्त अवसर नहुनु, युवा क्षमता र सिर्जनशीलतालाई शिक्षा प्रणालीले सम्बोधन गर्न नसक्नु, युवालाई उत्पादन, अध्ययन र अनुसन्धानमा लगाउन नसक्नु, स्वदेशभित्र अवसरको अभावमा युवा जनशक्ति पलायन हुनु, खेलकुद क्षेत्रको विकासमा युवाको व्यवहारिक महत्त्व बोध नहुनु, खेलकुदका लागि पर्याप्त पूर्वाधारको अभाव हुनु, खेल क्षेत्रलाई व्यावसायिक बनाउन नसक्नु, खेलकुद र पर्यटनको समन्वयात्मक विकास गर्न नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती तथा अवसर

युवाको सर्वाङ्गीण विकास, उद्यमशीलता र रोजगारीका अवसर वृद्धि गर्नु, युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, प्रदेशस्तरमा खेलकुद पूर्वाधारको विकास तथा स्तरोन्नति गर्नु, खेलकुदको विकासमा लगानी अभिवृद्धि गर्नु, खेलकुदलाई रोजगारमूलक व्यवसायका रूपमा स्थापित गर्नु आदि प्रमुख चुनौती हुन्।

युवालाई सीपयुक्त र उद्यमशील बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, प्रदेश सरकारबाट युवा र खेलकुद क्षेत्रलाई प्राथमिकता दिने सोच र इच्छाशक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, युवा र खेलकुद लक्षित कार्यक्रमलाई विस्तार गर्नका लागि आधार तयार हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

युवा र खेलकुदको सर्वाङ्गीण विकासमार्फत् समुन्नत प्रदेश निर्माण।

### लक्ष्य

स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अनुशासित एवम् प्रदेश समृद्धिमा योगदान दिनसक्ने युवाशक्ति तयार गर्नु।

## उद्देश्य

१. युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु।

२. खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित र सुव्यवस्थित गरी आर्थिक लाभ लिनु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खेलकुदका माध्यमबाट युवाको सशक्तीकरण गर्ने। | १. युवा सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्ड निर्धारण तथा परिमार्जन गरी युवा परिषद्को गठन गरिनेछ।<br>२. खेलकुदका पूर्वाधारमा लगानी बढाई खेलकुदका गतिविधिलाई प्रोत्साहन गरिनेछ। |
| २. युवा प्रतिभाहरुको पहिचान, क्षमता विकास र प्रोत्साहनमा जोड दिने। | १. युवाहरूलाई वैज्ञानिक खोज, अनुसन्धान र नवप्रवर्द्धनात्मक कार्यमा उत्प्रेरित गर्न युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना गरिनेछ।<br>२. युवा वैज्ञानिक प्रतिभाहरूको पहिचान गरी ज्ञान र सीपलाई प्रदेशको समुन्नतिमा उपयोग गरिनेछ। |
| ३. युवाहरुमा स्वयम्सेवी भावनाको विकास गरी राष्ट्र निर्माणमा परिचालन गर्ने। | १. युवा प्रतिभाहरूलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।<br>२. युवा शक्तिलाई विपद्व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयम्सेवकका रूपमा परिचालन गरिनेछ।<br>३. स्काउट र रेडक्रसमार्फत् युवामा असल आचरण, स्वालम्बन र स्वयम्सेवी भावनाको विकास गरिनेछ। |
| ४. अन्तरसरकार समन्वय तथा निजी क्षेत्रसँगको सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने। | १. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार, रङ्गशाला, एक बहु-उद्देश्यीय कवर्डहल तथा खेलमैदाननिर्माण तथा व्यवस्थापन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. निजी क्षेत्रलाई साहसिक तथा पर्यटकीय खेल पूर्वाधार लगायत व्यावसायिक खेल पूर्वाधार विकासमा लगानीका लागि प्रोत्साहित गरिनेछ।<br>३. स्थानीय तहमा खुला व्यायामशाला निर्माणका लागि स्थानीय तह र खेल संस्थासँग साझेदारी गरिनेछ। |
| ५. खेलकुदमार्फत् स्वस्थ, सिर्जनशील, सकारात्मक सोचयुक्त अनुशासित र मर्यादित नागरिकको विकास र परिचालन गर्ने। | १. सबै प्रकारका शिक्षण संस्थालाई खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रेरित र प्रोत्साहित गरिनेछ।<br>२. प्रदेशमा स्पोर्ट्स एकेडेमीको स्थापना गरी खेल प्रशिक्षणलाई व्यवस्थित गरिनेछ।<br>३. जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन गरिनेछ।<br>४. खेल क्लव, खेलसंस्था तथा खेलसँग सम्बन्धित अन्य गैरसरकारी संस्थासँग सहकार्य गरी खेलकुद गतिविधिहरू सञ्चालन गरिनेछ। |
| ६. आर्थिक सामाजिक विकासका लागि व्यावसायिक खेलकुद गतिविधिलाई प्राथमिकता दिने। | १. व्यावसायिक खेल क्लब विकासका लागि प्रोत्साहन गरिनेछ।<br>२. साहसिक, पर्यटकीय, मनोरञ्जनात्मक र व्यावसायिक खेलकुदलाई प्रवर्धन गरिनेछ।<br>३. खेलकुदको विकास तथा व्यावसायीकरण गर्न सङ्घसंस्था तथा निजीक्षेत्रसँग साझेदारी गरिनेछ।<br>४. खेलकुदको विकासका लागि अध्ययन अनुसन्धान गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेश युवा परिषद् गठन भई परिद् मार्फत युवाको क्षमता विकास र परिचालनसम्बन्धी कार्यक्रमको कार्यान्वयन भएको हुने, युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना भई युवाहरुबाट वैज्ञानिक खोज र अनुसन्धानका लागि प्रभावकारी रूपमा सञ्चालन भएको हुने, युवा नवप्रवर्तन केन्द्रको स्थापना भएको हुने, प्रदेशभित्र विभिन्न क्षेत्रमा युवा स्वयमसेवक परिचालन भएको हुने, प्रदेश खेलकुद विकास बोर्डको थप सुदृढीकरण भई प्रदेश तथा जिल्ला तहमा खेलकुद क्रियाकलापहरुको बढोत्तरी भएको हुने, प्रादेशिक तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा प्रतिष्पर्धात्मक क्षमता बढेको हुने, व्यावसायिक खेलकुदहरू सुरू भएको हुने, प्रत्येक वर्ष जिल्ला तथा प्रदेशस्तरको प्रतियोगिता, प्रदेशमा प्रादेशिक रङ्गशाला, जिल्लास्तरीय रङ्गशाला, कवर्डहल र खेलमैदान निर्माण भएको हुने, प्रदेशमा युवा वैज्ञानिकहरुको ज्ञान र सीप उपयोग भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. युवा प्रतिभा प्रोत्साहन तथा सम्मान कार्यक्रम

२. युवा वैज्ञानिक सम्मेलन तथा कार्यशाला

३. युवा उद्यमशीलता विकास कार्यक्रम

४. प्रदेश रङ्गशाला निर्माण कार्यक्रम

५. एक बहु-उद्देश्यीय कवर्डहल तथा खेलमैदान निर्माण कार्यक्रम

६. स्पोर्ट एकेडमी स्थापना र प्रशिक्षण सञ्चालन कार्यक्रम

७. व्यावसायिक तथा साहसिक खेलकुद पूर्वाधारहरू विकास र प्रवर्धन कार्यक्रम

८. युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना कार्यक्रम

## ६.६ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### पृष्ठभूमि

लैङ्गिक समानता तथा महिला सशक्तीकरण दिगो आर्थिक विकासको एक महत्त्वपूर्ण पक्ष हो। महिलाप्रति जुनसुकै प्रकारका भेदभावको अन्त्य एवम् लैङ्गिक समानताको सुनिश्चितताको विश्वव्यापी प्रयासमा नेपाल सक्रिय रूपमा सहभागी हुँदै आएको छ। संविधानले महिलाको आर्थिक, सामाजिक, विकास र सशक्तीकरण मौलिक हकको रूपमा स्थापित गर्दै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प गरेको छ। कोशी प्रदेशको कुल जनसङ्ख्याको ५१.२८ प्रतिशत महिला, लैङ्गिक अनुपात ९५.०२ प्रतिशत, लैङ्गिक विकास सूचकाङ्क ०.९० र लैङ्गिक विषमता सूचकाङ्क

०.४६, महिलाले सञ्चालन गरेका व्यवसाय ५३.५० प्रतिशत तथा प्रदेश सभामा महिलाको प्रतिनिधित्व ३५.४८ प्रतिशत रहेको छ। स्थानीय तह र निजामती सेवामा महिलाको सहभागिता क्रमशः वृद्धि हुँदै गएको छ। यसैगरी, सामुदायिक तथा स्थानीय विकासमा समेत महिलाको सहभागिता क्रमशः बढ्दै गएको देखिन्छ।

### प्रमुख समस्या

लैङ्गिक समानता तथा महिला सशक्तीकरणसम्बन्धी खण्डीकृत र व्यवस्थित सूचनाको कमी, रोजगारीको अवसरको कमी, स्रोत-साधनमा न्यून पहुँच, लैङ्गिक हिंसामा अपेक्षित उपलब्धि हासिल नहुनु, आर्थिक अवस्थामा अपेक्षित सुधार नहुनु, महिला माथिका सबै प्रकारका विभेद कायमै रहनु, महिला विकास केन्द्रित कार्यक्रमको कमी आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

लैङ्गिक एवम् घरेलु हिंसाको अन्त्य गर्नु, महिला माथि हुने सबै प्रकारका भेदभाव हटाउनु, स्वामित्व तथा स्रोत माथि महिलाको पहुँच वृद्धि गर्नु, पिछडिएका महिलाहरूको आर्थिक तथा सामाजिक अवस्था उकास्नु, महिलाको निर्णय क्षमतामा वृद्धि गर्नु र महिलाहरूमा बढ्दै गएको मानसिक तनाव व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन्।

लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि नीतिगत, संस्थागत र संरचनागत व्यवस्था हुनु, लैङ्गिक तथा घरेलु हिंसा पीडित महिला तथा किशोरीका लागि १ वटा पुनर्स्थापना गृह र १६ वटा अल्पकालिक पुनर्स्थापना गृह सञ्चालनमा रहनु, लैङ्गिक हिंसा निवारण कोष स्थापना हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

लैङ्गिक समतामूलक समाजको निर्माण गर्दै समुन्नत प्रदेशको स्थापना।

### लक्ष्य

स्रोत साधन तथा संरचनामा महिला तथा यौनिक अल्पसङ्ख्यकको न्यायोचित पहुँच सहितको सारभूत लैङ्गिक समतामूलक प्रदेश निर्माण गर्ने।

### उद्देश्य

१. आर्थिक, सामाजिक, राजनैतिक रूपमा वञ्चितीकरणमा परेका महिला, यौनिक अल्पसङ्ख्यक र पुरुषको स्रोत, साधन तथा सेवामा न्यायपूर्ण पहुँच सुनिश्चित गर्नु।
२. प्रदेश सरकार तथा मातहतका सबै निकाय तथा संरचनाहरूमा लैङ्गिक समानता संस्थागत गर्नु।
३. लैङ्गिक हिंसा तथा विभेद अन्त्य गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक समानताको अवधारणालाई संस्थागत गर्ने। | १. लैङ्गिक समानतालाई संस्थागत गर्न आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा तथा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ।<br>२. प्रदेशका सबै निकाय र स्थानीय तहमा लैङ्गिक समानतासम्बन्धी आवश्यक संरचनाको स्थापना गरिनेछ।<br>३. लैङ्गिक तथा घरेलु हिंसापीडित महिला र किशोरीका लागि दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना गृह प्रवर्धन गरिनेछ।<br>४. लैङ्गिक उत्तरदायी बजेटको सुनिश्चितता गरिनेछ। |
| २. प्रदेशको समावेशी विकासमा महिला तथा यौनिक अल्पसङ्ख्यकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | १. प्रदेश तथा स्थानीय तहमा योजना तर्जुमा, स्रोत, साधन, सेवा तथा सुविधा परिचालन र व्यवस्थापनमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गरिनेछ। |
| ३. स्रोत, साधन, सेवा, सुविधा र अवसरमा महिला तथा यौनिक अल्पसङ्ख्यकहरुबिच न्यायोचित पहुँच अभिवृद्धि गर्ने। | १. लैङ्गिक समानताका माध्यमबाट स्रोत, साधन, तथा सेवा, सुविधामा पहुँच सुनिश्चित गरिनेछ।<br>२. महिला तथा यौनिक अल्पसङ्ख्यकहरूको खण्डिकृत सूचनाका आधारमा नीति तथा कार्यक्रमको निर्माण तथा कार्यान्वयन गरिनेछ।<br>३. महिला तथा यौनिक अल्पसङ्ख्यकहरूको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक अवस्थामा रूपान्तरण गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ। |
| ४. लैङ्गिक समानताका क्षेत्रमा क्रियाशील निकायसँग समन्वय गर्ने। | १. महिला तथा यौनिक अल्पसङ्ख्यकहरूको सशक्तीकरणका लागि क्रियाशील विकास साझेदार, गैरसरकारी संस्था, र नागरिक समाजको पहिचान, क्षमता विकास र परिचालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशमा लैङ्गिक समानताका लागि आवश्यक कानुनहरू निर्माण तथा अद्यावधिक र सम्बन्धित संरचनाहरू गठन, पुनर्गठन तथा क्षमता विकास भएको हुने, विकासमा महिला तथा यौनिक अल्पसङ्ख्यकहरूको सहभागिता तथा मुद्दा मूलप्रवाहीकरण भएको हुने, लैङ्गिक समानताका लागि क्रियाशील निकायहरू एवम् संस्थाहरूसँग समन्वय वृद्धि भएको हुने, लैङ्गिक तथा घरेलु हिंसा अन्त्य भएको हुने, पीडित महिला र किशोरीका लागि दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना गृह सङ्ख्या थप भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. लैङ्गिक समानता तथा मूलप्रवाहीकरण कार्यक्रम

२. महिला तथा यौनिक अल्पसङ्ख्यक सशक्तीकरण कार्यक्रम

३. महिला उद्यमशीलता विकास तालिम तथा शुरुवाती पूँजी कोष स्थापना

## ६.७ बालबालिका

बालबालिकाको सर्वाङ्गीण विकासमार्फत् प्रदेश समृद्धिको आधार तय हुने तथ्यलाई प्रदेशले आत्मसात् गरेको छ। दोस्रो आवधिक योजनाले बाल बचावट, संरक्षण, सहभागिता र विकासका सबै पक्षमा विशेष पहलका साथ बालबालिकामैत्री समाज निर्माण गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार ३३.९३ प्रतिशत जनसङ्ख्या १८ वर्षमुनिका बालबालिका रहेको यस प्रदेशमा बालबालिको संरक्षण, विकास एवम् संवर्धनका लागि प्रशस्त आधारहरू तयार भएको र यी आधारहरूलाई व्यवहारमा लागू गराई मुलुकको समग्र जनशक्ति विकासको आधार मजबुत गराउन आवश्यक छ। प्रदेशमा बाल बिज्याइँमा परेका बालबालिकाका लागि बाल सुधार गृह, बाल हेल्पलाइन तथा निशुल्क टेलिफोन सेवा सञ्चालनमा छन्। बालबालिका तथा किशोर किशोरी सम्बन्धी समस्या समाधानका लागि प्रदेशले गर्दै आएका प्रयासहरू सकारात्मक भए तापनि थप पहलको आवश्यकता छ।

### प्रमुख समस्या

बाल अधिकार तथा बाल संरक्षण सुनिश्चित हुन नसक्नु; बालबालिका विद्यालय छोड्ने दर र पोषण स्थितिमा सुधार ल्याउन नसक्नु; बालबालिकामा गरिने भेदभाव न्यूनीकरण हुन नसक्नु; बालश्रम तथा बालशोषणको अवस्था रहनु; यौनहिंसा र दुर्व्यवहार लगायतका कार्यलाई निरुत्साहित गरी प्रभावकारी ढङ्गले नियमन र कारबाहीको दायरामा ल्याउन नसक्नु; अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य सुरक्षा व्यवस्था पर्याप्त मात्रामा हुन नसक्नु संस्थागत रूपमा बाल सहभागिता सुनिश्चित हुन नसक्नु;

बालबालिकाको पहिचान तथा जन्मदर्ता एवम् नागरिकता सम्बन्धी अधिकारहरु सुनिश्चित हुन नसक्नु, अनाथ, बेसहारा, सडक बालबालिका एवम् गरिब परिवारका बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित हुन नसक्नु बालबालिकाहरु विद्यालय छोड्न बाध्य हुनु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

बाल अधिकार तथा संरक्षण प्रणाली सुदृढ गर्नु, अधिकारको उपभोगबाट वञ्चितिकरणमा परेका सबै बालबालिकालाई सेवा सुविधाको पहुँचमा ल्याउनु, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्नु, सडक, अनाथ, बेसहारालगायतका आश्रममा रहेका बालबालिकाहरूलाई परिवार र समाजमा पुनर्मिलन र पुनर्स्थापना गराउने कार्यलाई प्रभावकारी बनाउनु, बालबालिकाको अनधिकृत ओसारपसार निस्तेज गर्नु आदि प्रमुख चुनौती हुन्।

बालबालिकाको हक मौलिक हकको रूपमा संवैधानिक व्यवस्था भई सोअनुरूप बालबालिकाको हकसम्बन्धी कानुन जारी हुनु, सडक बालबालिकाको उद्धार, राहत तथा मनोपरामर्श र पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि बाल हेल्प लाइनबाट सेवा सञ्चालन हुनु, बालअधिकारको संरक्षण तथा प्रवर्धनका सबालमा सरोकारवालाहरूमा सचेतना एवम् सहकार्य वृद्धि हुँदै जानु र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रबाट बालबालिकाको संरक्षण र विकासका लागि स्रोत-साधनका साथै सहकार्य हुनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

बालमैत्री समाज निर्माण।

## लक्ष्य

बालबालिका र किशोर किशोरीका अधिकारको संरक्षण र प्रवर्धन गर्ने।

## उद्देश्य

१. बालबालिका र किशोर किशोरीका अधिकारको संरक्षण र प्रवर्धन गरी बालमैत्री प्रदेशको स्थापना गर्नु।
२. बालबालिका र किशोर किशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. बालअधिकारसम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने। | १. बालअधिकार संरक्षण र संवर्धनका लागि सङ्घ र प्रदेशमा कार्यरत जनशक्तिका साथै स्थानीय तहका बाल कल्याण अधिकारी, बाल मनोविज्ञ तथा प्रोवेशन अधिकारी र बाल अधिकारको क्षेत्रमा कार्य गर्ने संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।<br>२. बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवाको प्रभावकारी परिचालनका लागि सहजीकरण गरिनेछ।<br>३. बालबालिकाका क्षेत्रमा काम गर्ने गैरसरकारी तथा सामाजिक संस्थालाई बालअधिकार संरक्षण र प्रवर्धन गर्ने कार्यमा प्रभावकारी रूपमा परिचालन गरिनेछ।<br>४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल सहभागिता विकासका नीति तथा कार्यक्रम तर्जुमा र सञ्चालन गरिनेछ।<br>५. विपन्न तथा सीमान्तकृत परिवारमा छोरी बिमा कार्यक्रम लागू गरिनेछ।<br>६. सडक बालबालिका उद्धार तथा पुनर्स्थापना कार्यक्रम लागू गरिनेछ। |
| २. विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहारपीडित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने। | १. हिंसा, दुर्व्यवहारपीडित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र किशोरकिशोरीलाई तत्काल उद्धार, संरक्षण, राहत, क्षतिपूर्ति, तथा व्यवस्थापन र उपचार सहायता लगायतका सेवा सुविधाको व्यवस्था गरिनेछ।<br>२. विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | आवश्यकता भएका बालबालिका र हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।<br>३. सडक बालबालिका, बालश्रमिक, लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनर्स्थापनाका लागि समन्वय तथा सहकार्य गरी निरोधात्मक, उपचारात्मक, मनोविमर्शात्मक विधिका साथै पुनर्स्थापना, शिक्षा र सीपमूलक तालिम सञ्चालन गरिनेछ। |
| ३. धर्म, संस्कृति तथा परम्पराको नाममा हुने अन्धविश्वास तथा कुरीतिको अन्त्य गर्ने। | १. बालविवाह लगायत परम्पराका नाममा हुने गलत अभ्यासको अन्त्यका लागि प्रदेश तथा अन्य सरोकारवाला निकायको प्रभावकारी परिचालन गरिनेछ।<br>२. बाल विवाहलाई नियन्त्रण गर्न विद्यालयस्तरमा किशोर किशोरी सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता ९५ प्रतिशत पुगेको हुने, बालश्रम १० प्रतिशतमा झरेको हुने, बाल विवाह अन्त्य भएको हुने, बालहिंसा तथा दुर्व्यवहार अन्त्य भएको हुने, सडक बालबालिकामुक्त प्रदेश हुने, सबै छोरीहरु बिमामा आबद्ध भएका हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. प्रदेश बालअधिकार समिति तथा स्थानीय बालअधिकार समितिको संस्थागत क्षमता विकास तथा समन्वय कार्यक्रम
२. बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम
३. बालविवाह मुक्त प्रदेश घोषणा कार्यक्रम
४. छोरी बिमा कार्यक्रम

५. हिंसा तथा दुर्व्यवहार नियन्त्रण, विशेष संरक्षण तथा व्यवस्थापन कार्यक्रम

६. सडक बालबालिका व्यवस्थापन तथा संरक्षण कार्यक्रम

## ६.८ जेष्ठ नागरिक तथा अपाङ्गता

### पृष्ठभूमि

प्रदेशले जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको जीवनलाई आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनअनुरूप सहज र सरल बनाउँदै सम्मानपूर्वक जीवनयापनका लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा जेष्ठ नागरिकको सङ्ख्या ११.२२ प्रतिशत र अपाङ्गता भएका व्यक्ति २.४ प्रतिशत रहेका छन्। जेष्ठ नागरिकहरूको ज्ञान, सीप, र अनुभवहरू युवा पुस्तामा हस्तान्तरण गर्न रेडियो तथा टेलिभिजनबाट जेष्ठ नागरिकको भोगाइ तथा अनुभव प्रसारण तथा अन्तरक्रिया र गोष्ठीजस्ता कार्यक्रमका साथै वृद्धाश्रमको व्यवस्थापन तथा दिवा सेवा केन्द्र सञ्चालनमा सहयोग गर्दै आएको छ। कोशी प्रदेशका सबै स्थानीय तहहरूमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम विस्तार गरी सञ्चालनमा रहेको छ। समावेशी शिक्षा, पहुँचयुक्त स्वास्थ्योपचार र सेवा, रोजगार तथा स्वरोजगार तालिम, पहुँचयुक्त सार्वजनिक भौतिक संरचना तथा सेवा, पहुँचयुक्त सञ्चार तथा सूचना प्रणाली, पुनःस्थापना, सहायक सामग्री र सहयोगी सेवा, निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिताजस्ता विषयहरुलाई प्रदेशले प्राथमिकताका साथ सम्बोधन गरेको छ।

### प्रमुख समस्या

व्यावसायिक र पारिवारिक जीवनबिच सन्तुलन हुन नसक्दा जेष्ठ नागरिकको सेवामा कमी हुनु, युवा पुस्तामा जेष्ठ नागरिकप्रतिको दायित्व र कर्तव्यसम्बन्धी नैतिक शिक्षाको कमी हुनु, जेष्ठ नागरिकका ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्न नसक्नु, स्वास्थ्य सेवाका भौतिक पूर्वाधार जेष्ठ नागरिक तथा अपाङ्गमैत्री नहुनु आदि प्रमुख समस्याहरु रहेका छन्। अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित र सम्मानित जीवनयापनका लागि परिवारबाट सहयोगको कमी, अन्य व्यक्तिहरूको तुलनामा शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच ज्यादै न्यून हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

अशक्त, असहाय, वृद्धाश्रम तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्रको प्रभावकारी व्यवस्थापन गर्नु, बेवारिसे जेष्ठ नागरिकको उचित व्यवस्थापन गर्नु, अपाङ्गताका आधारमा हुने विभेद र असमान व्यवहारलाई

समाजबाट निर्मूल पार्नु, अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकता अनुसार पर्याप्त मात्रामा सहायक सामग्रीहरू उपलब्ध गराउनु, बेवारिसे, असहाय तथा विपन्न अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन्।

जेष्ठ नागरिकका सवालहरू प्रदेश सरकार र स्थानीय तहमा आन्तरिकीकरण हुँदै जानु, जेष्ठ नागरिक दिवासेवा तथा दिवा मिलनकेन्द्र स्थापना तथा सञ्चालन हुनु, विपन्न र बेवारिसे जेष्ठ नागरिकको व्यवस्थापनका लागि वृद्धाश्रमहरूसँग समन्वय हुनु, स्वास्थ्य बिमामा जेष्ठ नागरिकलाई निशुल्करूपमा आबद्ध गर्नु, प्रदेशमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम चरणबद्ध रूपमा सञ्चालनमा हुनु, अपाङ्गतासम्बन्धी सहायक सामग्री उत्पादन तथा वितरणको व्यवस्था हुनु, राज्यको प्रशासनिक तथा राजनीतिक तहमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वको सुनिश्चितता हुनु र सार्वजनिक भौतिक संरचना अपाङ्गमैत्री बनाउने पद्धतिको विकास हुनु आदि प्रमुख अवसर हुन्।

### ६.८.१ जेष्ठ नागरिक

#### क्षेत्रगत सोच

जेष्ठ नागरिकको सम्मान, संरक्षण र मर्यादा बढाउँदै सुखी प्रदेशको निर्माण।

#### लक्ष्य

जेष्ठ नागरिकको जीवनलाई सुरक्षित र सम्मानित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई समाजको विकासमा उपयोग गर्ने।

#### उद्देश्य

जेष्ठ नागरिकको हक अधिकार संरक्षण तथा प्रवर्धन गरी सार्वजनिक सेवा सुविधामा पहुँच सुनिश्चित गर्नु।

#### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सामाजिक विकासमा उपयोग गर्ने। | १. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग तथा अन्तरपुस्ता हस्तान्तरण गर्न अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. जेष्ठ नागरिकलाई माया र सम्मान गर्ने गरी पुस्तान्तरणमा सहजीकरण र समन्वय गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. जेष्ठ नागरिको सामाजिक सुरक्षा र मौलिक हक प्रत्याभूति गर्ने। | १. सडक मानवमुक्त अभियानलाई निरन्तरता दिइनेछ।<br>२. जेष्ठ नागरिकको लागि राज्यबाट प्रदान गरिने सार्वजनिक सेवा सुविधाको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिनेछ।<br>३. जेष्ठ नागरिकमैत्री सार्वजनिक संरचना निर्माण गरिनेछ।<br>४. हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोपरामर्श तथा कानुनी सहायता उपलब्ध गराइनेछ। |
| ३. जेष्ठ नागरिक ग्राम स्थापना तथा सञ्चालन गर्ने। | १. प्रदेश स्तरीय सुविधासम्पन्न जेष्ठ नागरिक ग्राम स्थापना तथा सञ्चालन गरिनेछ।<br>२. स्थानीय तहमा सञ्चालित दिवा सेवा केन्द्रको सुदृढीकरण तथा व्यवस्थापनमा सहयोग गरिनेछ। |

**अपेक्षित उपलब्धि**

जेष्ठ नागरिकले सम्मानित र मर्यादित जीवनयापन गरेका हुने, जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण भएको हुने, जेष्ठ नागरिकको संरक्षण तथा सेवा सुविधामा पहुँच सुनिश्चित भएको हुने, ५० स्थानीय तहमा दिवा सेवा केन्द्र स्थापना भएको हुने, सम्मानजनक एवम् सुरक्षित जीवनयापनका लागि पालनपोषण तथा हेरचाहमा सहयोग पुगेको हुने, सुविधा सम्पन्न जेष्ठ नागरिक ग्राम निर्माण भई सञ्चालन भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. जेष्ठ नागरिक ग्राम स्थापना तथा सञ्चालन कार्यक्रम

२. स्थानीय तहसँगको साझेदारीमा अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण कार्यक्रम

३. जोखिममा रहेका जेष्ठ नागरिकका लागि राहत तथा पुनर्स्थापना कार्यक्रम

४. सडक मानवमुक्त अभियान कार्यक्रम

### ६.८.२ अपाङ्गता

**क्षेत्रगत सोच**

अपाङ्गता भएका व्यक्तिको संरक्षण गर्दै समावेशी प्रदेशको निर्माण।

**लक्ष्य**

अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भर, स्वावलम्बी र सम्मानजनक जीवनयापन हुने।

**उद्देश्य**

१. अपाङ्गता भएका व्यक्तिहरूको क्षमता पहिचान गरी आत्मनिर्भर बनाउने आधार तयार गर्नु।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई आधारभूत सेवा, सुविधा, अवसर र अधिकारमा पहुँच अभिवृद्धि गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने। | १. नीतिगत र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय र अपाङ्गता भएका व्यक्तिका संस्था, सञ्चालन र महासङ्घहरू सँगको समन्वय र सहकार्यमा जोड दिइनेछ।<br>२. अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने विभेदकारी प्रथा, अभ्यास र प्रचलनहरूलाई निरूत्साहित गरिनेछ। |
| २. अपाङ्गता रोकथाम तथा पुनःस्थापना गर्ने। | १. जन्मजात तथा जन्मपश्चात् हुने अपाङ्गता न्यूनीकरण गर्न अपाङ्गता रोकथाम, पुनःस्थापना तथा जनचेतनामूलक कार्यक्रमहरू कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. नवजात शिशुहरू र पाँच वर्षमुनिका |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३. बालअधिकारसम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने। | बालबालिकामा जन्मदोष तथा अपाङ्गता प्रमाणीकरण गरी स्वास्थ्य उपचार कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३. एकीकृत पुनर्स्थापना कार्यक्रमअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई विशिष्टीकृत पुनर्स्थापना सेवाहरू उपलब्ध गराइनेछ।<br>४. स्थानीय तहसँगको समन्वयमा समुदायमा आधारित पुनःस्थापना सहजकर्ताहरूको नियुक्ति र तालिम, अपाङ्गता सहायता कक्षा सञ्चालन तथा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण तथा संस्थागत सुदृढीकरण गरिनेछ। |
| ४. पूर्वाधार एवम् सूचना तथा सञ्चार प्रविधिलाई अपाङ्गमैत्री बनाउने। | १. सार्वजनिक स्थल, सडक, सार्वजनिक भवन, अस्पताल, शौचालय आदि संरचना अपाङ्गमैत्री निर्माण गरिनेछ।<br>२. प्रदेश तहबाट सञ्चालित सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई साङ्केतिक भाषामा प्रसारण गर्न एवम् सबटाइटल र क्याप्सनको प्रयोगमा जोड दिइनेछ।<br>३. सार्वजनिक प्रयोजनका लागि राखिने सूचना र सङ्केतहरूलाई अपाङ्गमैत्री बनाइनेछ। |
| ५. अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा पहुँच अभिवृद्धि गर्ने। | १. प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने सीप विकास तालिम, सार्वजनिक सेवा प्रवेश तयारी कक्षा, उद्यमशीलता विकास कार्यक्रमहरूमा अपाङ्गहरुलाई प्राथमिकता दिइनेछ।<br>२. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगार बनाउन सहुलियतपूर्ण ऋण तथा आर्थिक |

| | |
|---|---|
| | सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. सीप र योग्यता भएका अपाङ्ग व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराउन निजी तथा सार्वजनिक क्षेत्रका रोजगारदाताहरूसँग समन्वय गरिनेछ। |

### अपेक्षित उपलब्धि

अपाङ्गमैत्री समाजको निर्माण भएको हुने, बौद्धिक अपाङ्गता, अटिजम, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेवारिसे व्यक्तिका लागि सामुदायिक, निजी तथा गैरसरकारी संस्थासमेतको साझेदारीमा पुनर्स्थापना कार्यक्रम सञ्चालन भई अपाङ्गता क्षेत्रमा विभिन्न ज्ञान सीप भएका जनशक्तिको विकास गरी रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भएको हुने र सम्मानजनक जीवन जिउने अवस्थाको सिर्जना भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम

२. अपाङ्गता सशक्तीकरण तथा रोजगार कार्यक्रम

३. अपाङ्गमैत्री सार्वजनिक पूर्वाधार विकास कार्यक्रम

४. अपाङ्गता विशिष्टीकृत पुनर्स्थापना सेवा कार्यक्रम

## ६.९ भाषा, साहित्य, कला तथा संस्कृति

### पृष्ठभूमि

संविधानको प्रस्तावना तथा बिभिन्न धारामा आत्मसात गरिएको नेपालको बहुभाषिक जीवन पद्धति, राष्ट्र, राष्ट्र भाषा, सरकारी कामकाजको भाषासम्बन्धी व्यवस्था, मातृभाषा, ब्रेललिपि तथा साङ्केतिक र मातृभाषामा शिक्षा पाउने हक, भाषा तथा संस्कृतिसम्बन्धी हक, भाषिक राष्ट्रिय एकता र अन्तरसम्बन्ध नीति, भाषा संरक्षण र विकाससम्बन्धी नीति, बहुभाषिक नीति, अनुसूचिमा रहेको प्रदेशको भाषा संरक्षण र प्रयोगसम्बन्धी निर्धारण गरिएको कार्यक्षेत्र र भाषा संरक्षण र विकाससम्बन्धी स्थानीय निकायलाई निर्धारण गरिएको कार्यक्षेत्र आदि भाषासम्बन्धी नीतिगत आधार हुन्। नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्।

नेपालमा आर्य, मङगोल, आग्नेली(अस्ट्रो) र द्रबिड भाषा परिवारका १०६ जातीय समुदाय बसोबास गर्छन्। कोशी प्रदेश यी ४ वटै परिवारका समुदायको पुर्ख्यौली थलो हो। प्रदेशमा सबै भाषा परिवार (भारोपेली, भोटबर्मेली, आग्नेय र द्रबिड) का भाषाको प्रयोग भएको पाइन्छ। संसारमा करिव २० भाषापरिवार रहेकामा ४ वटा भाषा परिवारका भाषा हाम्रो देश र प्रदेशमा बोलिनु गौरवको विषय हो। नेपालमा १२४ भाषा बोलिनेमा द्रबिडेली र आग्नेली (द्रबीड र अस्ट्रो) परिवारका झाँगर र सन्थाल भाषाको मूल थलो यही प्रदेश हो। आग्नेली परिवारको भाषा यही प्रदेशमा मात्रै बोलिन्छ।

प्रदेशमा भारोपेली र भोटबर्मेली भाषा परिवारका भाषा वक्ताको सङख्या उल्लेख्य रहेको छ। भोटबर्मेली परिवारका भाषामध्ये कतिपय लोपोन्मुख छन्। अष्ट्रो र द्रबीड भाषा परिवारका भाषिक समुदायको सङ्ख्या न्यून छ। यी भाषालाई लोप हुनबाट बचाउन संरक्षण, विकास, उन्नयन तथा मानकीकरण गर्नु अवश्यक छ।

भाषाको रागात्मक र विशिष्ट प्रस्तुति साहित्य हो। यसले मानव जीवनलाई चित्रण गर्दै सामाजिक-सांस्कृति सम्बन्धको विकास गर्दछ। कला पनि साहित्य जस्तै समाज र सामाजिक संरचनामा आधारित हुन्छ। सामाजिक रुपान्तरणका लागि कला र साहित्यले शिक्षा जतिकै भूमिका खेलेको हुन्छ। मानव जीवनलाई कला, साहित्य र संस्कृतिले  समुन्नत, सभ्य र सुसंस्कृत बनाउँछ।

### प्रमुख समस्या

प्रदेशको भाषिक मानचित्रमा मूलभाषा परिवारका सबै भाषाहरुको उन्नयन र विकास हुन नसक्नु, वक्ता सङ्ख्याको कमीले लोपोन्मुख भाषा बचाउन कठिन हुनु, साहित्य कला र संस्कृतिको विविधताका कारण एकीकृत स्वरूप निर्माण गर्न नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती तथा अवसर

विविध साहित्य, कला र संस्कृतिको विकास गर्नु, भाषा विविधताको व्यवस्थापन गर्नु, लोपोन्मुख भाषाको जगेर्ना गर्नु आदि प्रमुख चुनौती हुन्।

संविधानले विविधता व्यवस्थापनलाई सम्बोधन गर्नु, जातजाति, भाषा, धर्म र सांस्कृतिक समुदायबिच पारस्परिक सद्भाव र ऐक्यबद्धता हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

सबै भाषा तथा संस्कृतिको जगेर्ना गर्दै बहुल सांस्कृतिक प्रदेश निर्माण।

## लक्ष्य

प्रदेशमा बोलिने सबै भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण, संवर्धन तथा विकास गर्ने ।

## उद्देश्य

१. प्रदेशका विविध भाषा र संस्कृतिको संरक्षण र संवर्धन गर्नु ।
२. भाषा र संस्कृतिको प्रवर्धनमार्फत् पर्यटकलाई आकर्षण गर्नु ।
३. प्रादेशिक साहित्य तथा कलाको विकास र प्रवर्धन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्पूर्ण भाषा र संस्कृतिलाई संरक्षण र संवर्धन गरी मौलिकता कायम राख्ने । | १. प्रदेशमा बोलिने भाषाको संरक्षणका लागि स्थानीय तहको सहकार्यमा भाषा कक्षा सञ्चालन गरिनेछ ।<br>२. युवा पुस्तालाई भाषाको महत्त्व र ज्ञान दिलाई स्थानीय मौलिकताप्रति सचेतना अभिवृद्धि गरिनेछ ।<br>३. रैथाने तथा लोपोन्मुख भाषा तथा संस्कृति संरक्षणको लागि स्थानविशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| २. सास्कृतिक विविधताको सदुपयोग गरी पर्यटन प्रवर्धन गर्ने । | १. प्रदेशभित्रका बहुजातीय सास्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।<br>२. प्रदेशमा विद्यमान धार्मिक तथा सांस्कृतिक स्थलहरुको जगेर्ना गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्धन गरिनेछ । |
| ३. सम्मान र पुरस्कारको माध्यमबाट प्रादेशिक साहित्य तथा कलाको विकास र प्रवर्धन गर्ने । | १. प्रदेशका उत्कृष्ट साहित्यकार तथा कलाकारहरुलाई सम्मान र पुरष्कृत गरिनेछ ।<br>२. प्रादेशिक साहित्य तथा कलाको विकासको लागि प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन गरी गरिनेछ । |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशका सम्पूर्ण बहुजातीय सांस्कृतिक संग्रहालयहरूको संरक्षण भएको हुने, प्रदेशमा ५० वटा भाषा कक्षा सञ्चालनमा आएका हुने तथा १० जना उत्कृष्ट साहित्यकार तथा कलाकारहरु सम्मानित भएका हुने अपेक्षा गरिएको छ।

## ६.१० सामाजिक सुरक्षा तथा संरक्षण

### पृष्ठभूमि

नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सामान्य भन्दा अलग अवस्थामा जीवन बिताउनुपर्ने बाध्यतामा रहेका, आफ्नै क्षमताले सहजताका साथ जीवन बिताउन नसक्ने अवस्थाका नागरिकलाई राज्यले संरक्षण गर्नुपर्दछ। नागरिकलाई आधारभूत विषयमा राज्यको तर्फबाट सुरक्षित प्रत्याभूति भएमा आत्मविश्वासका साथ पूर्ण क्षमतामा कार्य सम्पादन गर्न सक्छ। समाजमा शान्ति, सुव्यवस्था तथा सुरक्षित जीवन नै समुन्नतिको आधार हो। यसै वास्तविकतालाई आत्मसात गरेर प्रदेशले यस योजनामा सामाजिक सुरक्षा तथा संरक्षणको विषयलाई विशेष महत्त्वका साथ समावेश गरेको छ।

### क्षेत्रगत सोच

नागरिकको सामाजिक सुरक्षाद्वारा लोककल्याणकारी प्रदेशको स्थापना।

### लक्ष्य

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा प्रदेशबासीको पहुँच वृद्धि गर्ने।

### उद्देश्य

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई गुणस्तरीय एवम् प्रभावकारी बनाई लोककल्याणकारी प्रदेश स्थापना गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको विकासमा सामाजिक सुरक्षा तथा संरक्षणका अवधारणालाई सुनिश्चित गर्ने। | १. प्रदेशको संरचनामा सन्तुलित सामाजिक सुरक्षा तथा संरक्षणका सिद्धान्त अवलम्बन गरिनेछ।<br>२. प्रदेश तथा स्थानीय तहमा योजना तर्जुमा, स्रोत, |

| | |
|---|---|
| | साधन, सेवा तथा सुविधा परिचालन र व्यवस्थापनमा सामाजिक सुरक्षा तथा संरक्षणको समस्यालाई निराकरण गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा सामाजिक सुरक्षाको दायरा फराकिलो भएको हुने, सामाजिक सुरक्षा प्रणालीको नीति निर्माण भएको हुने, छरिएर रहेका कार्यक्रम एकीकृत भई व्यवस्थित रूपमा कार्यान्वयन भएको हुने, समाजमा रहेको असमानता कम भएको हुने, नागरिक सुरक्षामा टेवा पुगेको हुने अपेक्षा गरिएको छ।

# परिच्छेद ७ : पूर्वाधार क्षेत्र

समग्र आर्थिक र सामाजिक विकासमा पूर्वाधार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। पूर्वाधार विकासले प्रदेशको रूपान्तरणकारी नीतिगत आर्थिक व्यवस्थालाई गतिशील बनाउन सहयोग गर्दछ। कोशी प्रदेशमा पनि पूर्वधारको विकास गरी उच्च आर्थिक वृद्धि र दीर्घकालीन विकासको प्रयास भइरहेको छ। प्रदेशमा सडक तथा पुलको निर्माण, उर्जाको उत्पादन र उपभोग, सहरीकरणको व्यवस्थापन, नयाँ भवनहरुको निर्माण, सिंचाइ तथा जलस्रोत व्यवस्थापन, यातायात व्यवस्थापन जस्ता विषयहरुले ठूलो लगानीको भारलाई ओगटेका छन्।

## ७.१ जलस्रोत

### पृष्ठभूमि

कोशी प्रदेश जलसम्पदामा समृद्ध छ, जसमा सप्तकोशी नदी प्रणाली प्रमुख स्थानमा रहेको छ। सप्तकोशीका सात प्रमुख नदीहरूमा अरुण, तमोर, सुनकोशी, तामाकोशी, दूधकोशी, इन्द्रावती र लिखु पर्दछन्। यी नदीहरूको सङ्गमबाट बनेको सप्तकोशी नेपालको सबैभन्दा ठूलो नदी प्रणाली हो। यसका अतिरिक्त, प्रदेशमा अन्य महत्त्वपूर्ण नदीहरू पनि छन्, जसमा मेची, कन्काई, कमला, बिरिङ, रतुवा, मावा र काबेली उल्लेखनीय छन्। यी सबै नदीहरूले कोशी प्रदेशको भौगोलिक बनावट, पारिस्थितिक प्रणाली र आर्थिक गतिविधिहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यी जलस्रोतहरूले प्रदेशको कृषि, जल विद्युत उत्पादन, पर्यटन र जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउँदै आएका छन्, जसले गर्दा कोशी प्रदेश नेपालको एक महत्त्वपूर्ण जलसम्पदा भण्डारको रूपमा स्थापित भएको छ। कोशी प्रदेशमा करिब ३४ हजार मेगावाट जल विद्युत उत्पादनको सम्भावना रहेको छ। यस प्रदेशमा नेपालको जलाधार क्षेत्रको २८ प्रतिशतभन्दा बढी हिस्सा रहेको छ। नेपालबाट बग्ने वार्षिक औसत २२४ अर्ब घनमिटर जलमध्ये २२ प्रतिशत भन्दा बढी (१९.१३ अर्ब घनमिटर) पानी यसै प्रदेश भएर बग्दछ। प्रदेशमा रहेका जलस्रोतको बहुआयामिक उपयोग गर्न सके प्रदेशको समग्र विकासमा टेवा पुग्दछ। प्रदेशमा जलस्रोतको उपयोग विशेष गरी विद्युत, सिंचाइ, खानेपानी, माछापालन, जलपर्यटन र जल यातायातजस्ता सम्भावना रहेका छन्। प्रकृतिप्रदत्त जलस्रोतलाई आर्थिक विकासमा उपयोग गर्न उपयुक्त नीति, प्रतिबद्धता, प्रविधि र पूर्वाधार आवश्यक छ।

### प्रमुख समस्या

कोशी प्रदेश जलस्रोतको अपार भण्डार एवम् प्रचुर सम्भावना भएको प्रदेश भए तापनि जलस्रोतको वैज्ञानिक एवम् व्यवस्थित ढङ्गले उपयोग र व्यवस्थापन हुन नसक्नु; बढ्दो जनसङ्ख्या, अव्यवस्थित

शहरीकरण तथा जलस्रोतको व्यवसायिक उपयोगजस्ता कारणहरूले जलाधार क्षेत्रको सङ्कुचन तथा अतिक्रमण बढ्नु; जलवायु परिवर्तन, हिमक्षेत्रमा सङ्कुचन, आकस्मिक रूपमा हुने अतिवृष्टि र अनावृष्टिजस्ता प्राकृतिक विपद्का कारण वातावरणीय असन्तुलन; नदीनाला तथा तालतलैयाहरूमा पानीको परिमाण र गुणस्तरमा ह्रास आउनु; बाढी, पहिरो, डुबान, कटान, खडेरी तथा सुख्खाजस्ता विपद्ले जलीय जैविक विविधता तथा जनधनको समेत क्षति हुनु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

जलवायु परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरण गर्ने उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्नु, जलउत्पन्न विपद्हरूबाट सिर्जित क्षतिलाई न्यूनीकरण गर्नु, जलस्रोतको व्यवस्थापन, विकास र उपयोगसम्बन्धमा अन्तरनिकाय एवम् सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय गर्नुका साथै राष्ट्रिय हितलाई सर्वोपरि राखी द्विपक्षीय लाभ हुने गरी अन्तरदेशीय नदीको व्यवस्थापन तथा उपयोग गर्नु आदि प्रमुख चुनौती हुन्।

कोशी प्रदेशमा जलस्रोतको व्यवसायिक उपयोगको प्रचुर सम्भावना हुनु; जलयातायात, जलविद्युत, जलमनोरञ्जन, मत्स्यपालन, सिंचाइ , सिमसार क्षेत्र, खोलानाला, तालतलैयाहरूको बहुआयामिक उपयोग गरी प्रादेशिक उत्पादन वृद्धिमा योगदान सुनिश्चित गरी पुस्तान्तरण गर्नु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

कोशीको जलस्रोत बहार : यसको विकास नै समृद्धिको आधार।

### लक्ष्य

जलस्रोतको संरक्षण, संवर्धन र बहुउपयोगी विकास एवम् दिगो रूपमा उपयोग गरी आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि योगदान पुऱ्याउनु।

## उद्देश्य

१. जलस्रोतको बहुआयामिक तथा समन्यायिक विकास र उपयोग गरी उत्पादन वृद्धिमा योगदान पुऱ्याउनु।

२. जलस्रोत क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन र नियमन गर्दा अध्ययन, अनुसन्धान, तथ्य एवम् प्रमाणका आधारमा गर्ने व्यवस्थालाई संस्थागत गर्नु।

३. सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा जलस्रोतको संरक्षण, विकास तथा उपयोग हुने व्यवस्था गर्नु।

४. जलउत्पन्न विपद्को न्यूनीकरण एवम् प्रभावकारी व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्नु।

५. पानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रममार्फत् प्रत्येक बस्तीमा रहेका पानीका परम्परागत स्रोतहरूलाई संरक्षण र पुनर्भरण गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रमलाई प्राथामिकता दिने। | १. प्रत्येक बस्तीमा रहेका पानीका परम्परागत स्रोतहरूलाई संरक्षण र पुनर्भरण गर्ने कार्यक्रम लागू गरिनेछ।<br>२. ग्रामीण बस्तीहरूका पोखरी, तलाउ निर्माण गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।<br>३. वर्षाको पानी सङ्कलन गरी खानेपानी र सिंचाइमा प्रयोग गर्न सक्ने प्रणालीको विकास गरिनेछ। |
| २. कोशी बेसिन गुरुयोजनाको आधारमा जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्ने। | १. जलवायु परिवर्तन वा विशेष परिस्थिति सिर्जना भई जलस्रोतको चरम् अभावका स्थितिमा जलस्रोतको उपयोग र व्यवस्थापन गरिनेछ।<br>२. नदी बेसिनहरूमा जलविद्युत, सिंचाइ, खानेपानी, उद्योग, पर्यटन, मत्स्यपालन, जलयातायात, जलस्रोत उपयोगका लागि सङ्घीय सरकारको गुरुयोजनाअनुसार जलस्रोतसम्बन्धी क्षेत्रगत निर्माण र व्यवस्थापन गरिनेछ।<br>३. जलस्रोत आयोजनाहरूबाट प्रभावित क्षेत्र तथा समुदायहरूको सुरक्षा एवम् संरक्षण गरिनेछ। |
| ३. एकीकृत जलस्रोत व्यवस्थापन तथा बहुउद्देश्यीय उपयोग सुनिश्चित गर्ने। | १. एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणाअनुरूप खानेपानी, सिंचाइ, विद्युत, पर्यटन, जलयातायात, उद्योग, मत्स्यपालन, नौकाविहार, जलक्रीडासमेतको बहुउद्देश्यीय उपयोग गरिनेछ।<br>२. प्रदेशमा उपलब्ध तातोपानीका मूलहरुको पहिचान गरी सोको बहुउद्देश्यीय उपयोग गरिनेछ। |

| | |
|---|---|
| | ३. नदीनालाहरूमा पानीको मात्रा यथेष्ठ र स्थिर राख्नका लागि जलाशय निर्माण गरी वर्षातको पानीलाई सञ्चय तथा पानी लिफ्टिङ्गको व्यवस्थापन गरिनेछ। |
| ४. जलस्रोत क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन तथा नियमन गर्ने। | १. जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण गरिनेछ।<br>२. जलस्रोतको व्यावसायिक उपयोग गरेबापत उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई वैज्ञानिकरूपमा व्यवस्थित गरिनेछ।<br>३. जलस्रोत आयोजनाहरूको विकास गर्दा सम्बन्धित क्षेत्रका नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि आवश्यक ऊर्जा, खानेपानी तथा सिंचाइ सुविधा सहज, सुलभ, सुपथ र समन्यायिक बनाइनेछ।<br>४. जलाधार क्षेत्रमा भएका नदीनाला, मूल, सिमसार, तालतलैया, ढुङ्गेधाराजस्ता पानीका स्रोतहरू पहिचान गरी संरक्षण गरिनेछ। |
| ५. जलस्रोतको संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्ने। | १. जलस्रोतका क्षेत्रमा अध्ययन, अनुसन्धान, व्यवस्थापन, संरक्षण गर्ने कार्यहरूमा सरकारी, निजी, स्थानीय समुदाय, विज्ञ समूहलाई सहभागी गराइनेछ।<br>२. जलस्रोत क्षेत्रमा निजी सहभागिता एवम् सार्वजनिक निजी साझेदारी व्यवस्थालाई प्राथमिकता दिइनेछ।<br>३. जलस्रोतको आवश्यकता, महत्त्व, उपयोग, संरक्षण तथा नियमनका बारेमा शैक्षिक संस्थाहरुमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| ६. जलस्रोत क्षेत्रका ज्ञान तथा तथ्याङ्कको अभिलेखीकरण, विश्लेषण र प्रयोग अभिवृद्धि गर्ने। | १. जलस्रोत क्षेत्रका ज्ञान र प्रतिभाहरुलाई जलस्रोतको विकासमा उपयोग गर्ने नीति लिइनेछ।<br>२. जलस्रोतमा भइरहेको दोहन तथा प्रदूषण र त्यसबाट परेको असर सम्बन्धी विवरण तयार गरी अद्यावधिक गरिनेछ।<br>३. खोलानाला, सिमसार क्षेत्र, तालतलैयामा रहेका जलचर, वनस्पति तथा जलस्रोतमा आश्रित वन्यजन्तुहरूको विवरण तथा तथ्याङ्क तयार गरिनेछ। |
| ७. जलजन्य विपद्हरूको नियन्त्रण एवम् न्यूनीकरण गर्ने। | १. जल उत्पन्न विपद्हरूको नियन्त्रण एवम् न्यूनीकरणका लागि नदीनालाहरूमा बाँध, तटबन्ध लगायत जलाधारको एकीकृत व्यवस्थापन गरिनेछ।<br>२. जोखिमको अवस्थामा रहेका हिमनदी तथा हिमतालहरूको स्थितिको अध्ययन तथा अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।<br>३. स्वचालित मौसम पूर्वानुमान प्रणाली प्रवर्धन गरिनेछ। |

**प्रमुख कार्यक्रम**

१. एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम

२. जलस्रोतसम्बन्धी जैविक विविधता अध्ययन एवम् तथ्याङ्क सङ्कलन कार्यक्रम

३. प्रादेशिक जलस्रोत गुणस्तर परीक्षण कार्यक्रम

४. जलस्रोत संरक्षण कार्यक्रम

५. स्वचालित मौसम पूर्वानुमान प्रणाली स्थापना कार्यक्रम

### अपेक्षित उपलब्धि

योजना अवधिमा जलस्रोतको अधिकतम उपयोग, व्यवस्थापन एवम् संरक्षण वैज्ञानिक ढङ्गले भएको हुने; बाढी, पहिरो, डुबान, कटानजस्ता जलजन्य विपद्हरूको प्रभावकारी नियन्त्रण एवम् न्यूनीकरण भएको हुने; जलस्रोतको अभाव भएका सुख्खा तथा टार क्षेत्रहरूमा पानीको आपूर्तिका लागि वर्षाको पानी सङ्कलनका साथै पानी लिफ्टिङ्गजस्ता नवीनतम् प्रविधिहरु सञ्चालन भएको हुने; जलस्रोत क्षेत्रमा निजी सहभागिता एवम् सार्वजनिक निजी साझेदारी व्यवस्थालाई प्राथमिकता दिइएको हुने; जलस्रोतमा आश्रित जलचर, वनस्पति, एवम् वन्यजन्तुहरूको पहिचान गरी संरक्षणको लागि विभिन्न कार्यक्रम लागू भएको हुने; प्रदेशमा उपलब्ध तातोपानीका मूलहरूको पहिचान भई संरक्षणका कार्यक्रम सञ्चालन भएको हुने अपेक्षा गरिएको छ।

## ७.२ सिंचाइ

### पृष्ठभूमि

प्रदेशमा कृषिक्षेत्रबाट समृद्धिको पर्याप्त सम्भावना रहेको भएपनि वर्षैंभरि सिंचाइको पहुँच न्यून हुनाले खेतीयोग्य जमिनको ठूलो हिस्सा बाँझो रहेको पाइन्छ। प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ३७.३० प्रतिशतमा सिंचाइ सुविधा पुगेको छ भने २५.५० प्रतिशत जमिनमा मात्र वर्षभरि सिंचाइ सुविधा उपलब्ध रहेको छ। मुख्य कृषि उत्पादन हुने तराईका जिल्लाहरुमा सुनसरीमा ७५ प्रतिशत, झापामा ५२ प्रतिशत र मोरङमा ६३ प्रतिशत क्षेत्रमा सिंचाइ सुविधा पुगेको देखिन्छ। वर्षभरि सिंचाइ सुविधाको अभाव, नियमित सञ्चालन र मर्मत-सम्भारको अभाव, सिंचाइ र कृषिसँग सम्बन्धित निकायहरुबिचको समन्वयको अभाव, पर्याप्त प्राविधिक जनशक्तिको अभाव आदिका कारण वर्षैंभरी सिंचाइ हुन कठिन रहेको हुँदा जलवायु परिवर्तनको असर अनुरूप नयाँ सिंचाइ प्रणालीको व्यवस्था तथा प्रवर्धन गर्नुपर्ने देखिन्छ।

### प्रमुख समस्या

पहाडी जिल्लामा सिंचाइका लागि पानीको स्रोतको सीमितता, कृषि र सिंचाइसम्बद्ध निकायबिच समन्वयको कमी, पहाडमा सिंचाइ आयोजनाले खेतीयोग्य भू-भाग सिञ्चित गर्न नसक्नु, सिंचाइ परियोजनाहरूको आवधिक यथोचित मर्मत सम्भार नहुनु, पहाडमा भूस्खलनले र तराईमा बाढीले सिंचाइमा अवरोध पुऱ्याउनु, जलउत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी प्रदेशको अधिकार स्पष्ट नहुनु, प्राविधिक जनशक्तिको कमी तथा जोखिमको नक्साङ्कन हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्नु, सीमित र घट्दै गएका पानीका स्रोतहरूको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्नु, प्रदेशको जटिल भूबनौटमा विकास र वातावरणबीच सन्तुलन कायम राख्नु, नदीहरूको अत्याधिक दोहन रोक्नु, वन विनाशलाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्नु, महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण गर्नु, जलउत्पन्न प्रकोपको जोखिम क्षेत्रमा अनियन्त्रित बस्ती विकासलाई व्यवस्थित गर्नु आदि प्रमुख चुनौती हुन्।

पहाडी भू-भागमा बाली, मौसम र पानीको उपलब्धताअनुसार सिंचाइका नयाँ-नयाँ प्रविधिको प्रयोगमा प्राथमिकता दिनु, तराईमा ठूला सिंचाइ आयोजनाहरू सञ्चालन हुनु, कृषिमा आश्रित जनसङ्ख्या उल्लेख्य हुनु, जलवायु परिवर्तनसँग जुध्ने सिंचाइ प्रणालीको विकास हुनु, जल विद्युत र सौर्य उर्जाको माध्यमले विकट क्षेत्रमा पनि सिंचाइ प्रणाली विस्तार गर्न सक्नु, जलउत्पन्न प्रकोप व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा पर्नु, प्रकोप व्यवस्थापन सम्बन्धी चेतना बढ्नु र जनता तटबन्धन कार्यक्रम सञ्चालन हुनु यसका अवसरहरू हुन्।

## क्षेत्रगत सोच

कृषिको दिगो विकासका लागि आधुनिक सिंचाइको विस्तार।

## लक्ष्य

आधुनिक सिंचाइ प्रविधि विस्तारमार्फत् कृषि उत्पादन वृद्धि गर्ने।

## उद्देश्य

१. कृषियोग्य जमिनमा सिंचाइ विस्तार गर्नु।

२. जलाधार संरक्षण गर्नु र जल मितव्ययी सिंचाइ प्रविधि उपयोग गर्नु।

३. सिंचाइ प्रणालीलाई स्थानीयको संलग्नताबाट सुदृढीकरण गरी उत्थानशील बनाउनु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. साना जलाधारमा आधारित सिंचाइ प्रणालीको विकास गर्ने। | १. जलाधार संरक्षण र प्रभावकारी सिंचाइ प्रणाली आयोजनाको लागि कानुन, नियम र निर्देशिका निर्माण गरिनेछ। |

| | |
|---|---|
| | २. सिंचाइको अधिकतम उपयोगको लागि प्रत्येक स्थानीय तहमा थोपा सिंचाइ र स्प्रिङकल सिंचाइ प्रणालीलाई प्रोत्साहन गरिनेछ।<br>३. वर्षाको पानी सङ्कलन गर्न जलाशय/पोखरीहरू निर्माण गरिनेछ।<br>४. परम्परागत पानीका मूल, कुलेसो आदि जोडेर सिंचाइ प्रणालीको विकास गरिनेछ।<br>५. चुहावट, दुरूपयोग, क्लोगिङ (पानी जाम हुने) र सेडिमेन्टेसनको व्यवस्थापन र सिंचाइ प्रणाली सुधार गरिनेछ। |
| २. एकीकृत जलस्रोत कार्यक्रम र मझौला तथा साना आकारका वैकल्पिक सिंचाइ आयोजनाहरूको विकास गर्ने। | १. एकीकृत जलस्रोत आयोजनाका लागि कानुन, नियम, विनियम र निर्देशिका तर्जुमा गरिनेछ।<br>२. विद्युत र सोलारजस्ता प्रविधि प्रयोग गरी पहाडका टारहरुमा लिफ्ट, तराईमा गहिरो ट्युबवेल र पम्प प्रणालीमार्फत् भूमिगत तथा सतह सिंचाइ आयोजनाको कार्यान्वयन गरिनेछ। |
| ३. उत्थानशील ठुला सिंचाइ आयोजनाहरूको विकास गर्ने। | १. ठुला सिंचाइ आयोजनाहरूको गुरुयोजना तयार गर्नका लागि प्रादेशिक कानुन, नियम र नियमावलीको निर्माण गरिनेछ।<br>२. सङ्घीय सरकारसँगको समन्वयमा अन्तर जलाधार जल स्थानान्तरण, सुरुङमा आधारित सिंचाइ, पावर बोरिङ सिंचाइ आयोजनाको निर्माण गरिनेछ।<br>३. सिंचाइ पूर्वाधारको विकास प्रवर्धन गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा प्रादेशिक तहको जलस्रोत सिंचाइसम्बन्धी आवश्यक कानुन, नीति नियम बनेको हुने, जलवायु परिवर्तनलाई ध्यानमा राखेर १३० जलाधारक्षेत्र संरक्षण भएको हुने, ५ वटा

एकीकृत सिंचाइ सहितको जलाशय योजनाहरू बनेका हुने, ५ वटा अन्तर-जलाधार, जलस्थानान्तरण ठूला मझौला सिंचाइ आयोजना बनेको हुने, हरेक स्थानीय तहमा साना तथा मझौला सिंचाइ आयोजना पुगेको हुने, भूमिगत सिंचाइ, टार र लिफ्ट सिंचाइ र समुदायमा आधारित सिंचाइ परियोजना मर्मत सम्भार र स्तरोन्नति भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. सिंचाइ र जलउत्पन्न प्रकोप नियन्त्रण, सिंचाइ अनुगमन, जलउत्पन्न प्रकोप क्षति न्यूनीकरण

२. सिंचाइ जलाधार संरक्षण

३. एकीकृत बहुउद्देश्यीय जलाशय योजना निर्माण

४. जलाधार, जल स्थानान्तरण ठूला/मझौला सिंचाइ परियोजना निर्माण

५. प्रादेशिक, तराई र पहाड मझौला सिंचाइ योजना निर्माण

६. टार र लिफ्ट सिंचाइ, भूमिगत सिंचाइ, वैकल्पिक सिंचाइ योजना निर्माण

## ७.३ जलविद्युत

### पृष्ठभूमि

कोशी प्रदेश जलविद्युत उच्च उत्पादन क्षमता भएको प्रदेश हो। प्रदेशको कुल ३४ हजार मेगावाट जल विद्युत उत्पादन क्षमतामध्ये हालसम्म सञ्चालित १ मेगावाटभन्दा माथिका ४० वटा आयोजनाहरुबाट ५४७.३६ मेगावाट विद्युत उत्पादन भएको छ। पैतीसवटा आयोजनाहरुबाट १ हजार ५०६.१७ मेगावाट विद्युत उत्पादनको निर्माण कार्य भइरहेको छ। यसका अतिरिक्त भारत सरकारको लगानीमा कोशी प्रदेशमा १ हजार ६१ मेगावाटको माथिल्लो अरुण तेस्रो जलविद्युत आयोजना निर्माणाधीन अवस्थामा पुगेको छ। हालसम्म यस प्रदेशमा ९५.५० प्रतिशत परिवारको विद्युत सेवामा पहुँच छ। जलविद्युत क्षेत्रलाई यस प्रदेशको समृद्धिको बलियो आधार मान्न सकिन्छ। उत्पादित विद्युत भारत र बङ्गलादेश जस्ता मुलुकमा निकासी गरेर उल्लेख्य वैदेशिक आय भित्र्याउने सम्भावनाहरु रहेका छ।

### प्रमुख समस्या

दुर्गम क्षेत्रमा विद्युत प्रसारण लाइन नपुग्नु, लोडसेडिङ पूर्ण रूपमा नियन्त्रण गर्न नसक्नु, जलविद्युत उत्पादनमा पर्याप्त लगानीको सुनिश्चितता नहुनु, इन्धन तथा विद्युतीय उपकरण प्रयोगमा लाग्ने विद्युत महसुल सर्वसुलभ नहुनु, विद्युत चुहावट नियन्त्रण गर्न नसक्नु, विद्युत उत्पादन केन्द्रहरुमा प्राकृतिक प्रकोपले क्षति पुऱ्याउनु, लघु तथा साना जलविद्युत आयोजनाको मर्मतसम्भार नहुनु र विद्युत निर्यातका

लागि पर्याप्त बजारको सुनिश्चितता भइनसक्नु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

विद्युत उत्पादनमा लगानी बढाउनु, दुर्गम भेगसम्म सहजरूपमा विद्युत आपूर्ति गर्नु, लोडसेडिङ पूर्णरूपमा अन्त्य गर्नु, जटिल भू-बनोटका बाबजुद पूर्वाधार विकास गर्नु, इन्धनको प्रतिस्थापनकोरूपमा विद्युत उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, विद्युत व्यापारको पर्याप्त बजारको सुनिश्चितता गर्नु आदि प्रमुख चुनौती हुन्।

कोशी बेसिनको विद्युत उत्पादन क्षमता अधिक हुनु, हिमक्षेत्रबाट बग्ने स्थायी पानीको स्रोत भएका नदीनालाहरु धेरै हुनु, विद्युतीय उपकरणको प्रयोग बढ्दै जानु, हालसम्म ३६ वटा जलविद्युत परियोजनाहरूले निर्माणको इजाजत-पत्र प्राप्त गर्नु, विद्युत उत्पादनमा स्थानीय नागरिकको लगानी बढ्दै जानु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

जलस्रोतको समुचित उपयोगः प्रदेशको समुन्नति र समृद्धिको आधार तयार।

## लक्ष्य

जलविद्युतको उत्पादनबाट प्रदेशको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने।

## उद्देश्य

१. जलविद्युतमा सबै नागरिकको पहुँच

२. जलविद्युतको क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. जलविद्युतमा सबै नागरिकको पहुँच पुऱ्याउने। | १. साना तथा मझौला जलविद्युत परियोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण तथा विकास गरी विद्युतमा सबै नागरिकको पहुँच पुऱ्याउनेछ।<br>२. २५ मेगावाटसम्मका आयोजनाको लागि प्रदेश सरकारबाटै लाइसेन्सको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| २. जलविद्युतको क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्ने। | १. सार्वजनिक, सामुदायिक, निजी र अन्य सरोकारवालाहरूको संलग्नतामा जलविद्युत आयोजनाहरू विकास गरिनेछन्।<br>२. द्विपक्षीय सम्झौतामार्फत् विदेशी लगानी आकर्षित गरिनेछ। |
| ३. जलविद्युत व्यापारको प्रवर्धन गर्ने । | १. विद्युत व्यापारबाट अधिकतम लाभ लिने गरी सङ्घीय सरकारसँगको समन्वयमा आवश्यक नीति तर्जुमा गरिनेछ ।<br>२. छिमेकी देशहरूसँग विद्युत व्यापार सम्झौता गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>३. विद्युतको आन्तरिक खपतलाई वृद्धि गरिनेछ।<br>४. सङ्घीय तथा स्थानीय सरकारसँगको समन्वयमा सबै प्रकारका विद्युत चुहावटलाई नियन्त्रण गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रादेशिक जलविद्युत आयोजना, विद्युतीकरण, प्रसारण लाइनसम्बन्धी नीति, नियम, निर्देशिका र कार्यविधि बनेको हुने; २५ मेगावाटसम्मका आयोजनाका लागि प्रदेश सरकारबाटै लाइसेन्सको व्यवस्था गरिएको हुने; २५ साना तथा मझौला विद्युत परियोजना सम्पन्न भएका हुने; ५ एकीकृत पम्प भण्डारणमा आधारित जलासय परियोजना निर्माण भएका हुने; सङ्घीय सरकार तथा समुदायको संलग्नतामा जलविद्युत पूर्वाधार मर्मत सम्भार तथा विद्युत चुहावट नियन्त्रण भएको हुने; द्विपक्षीय सम्झौतामार्फत् विदेशी लगानी आकर्षित गरेको हुने तथा विद्युत व्यापार प्रवर्धन भई यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. साना तथा मझौला जलविद्युत आयोजना निर्माण

२. २५ मेगावाटसम्मका आयोजना लाइसेन्स वितरण तथा निर्माण

३. एकीकृत जलस्रोत तथा पम्प भण्डारणमा आधारित विद्युत परियोजना निर्माण

४. विद्युतीय करिडोर प्रसारण लाइन विस्तार र विद्युतीकरण कार्यक्रम

५. द्विपक्षीय सम्झौतामार्फत् विद्युत व्यापार कार्यक्रम

## ७.४ सौर्य तथा अन्य नवीकरणीय उर्जा

### पृष्ठभूमि

कोशी प्रदेशका नवीकरणीय ऊर्जाका प्रमुख स्रोत सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्याँस, हरित उर्जा, सुधारिएको चुलो आदि रहेका छन्। प्रदेशमा खाना पकाउन ५३.३८ प्रतिशत दाउरा र बत्ती बाल्न ५.०३ प्रतिशत सौर्य ऊर्जा प्रयोग हुने गरेको देखिन्छ। प्रदेशमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको उत्पादन र उपभोग बढ्दै गएको छ। वैकल्पिक उर्जालाई मुख्य स्रोतका रूपमा अगाडि ल्याउन कानुन, नीति, नियम र ठूलो लगानीको आवश्यकता छ।

### प्रमुख समस्या

नवीकरणीय उर्जासम्बन्धी प्रादेशिक नीति तथा कानुन नबन्नु, उर्जाको वैकल्पिक स्थानीय स्रोतहरुको खोजी नहुनु, वैकल्पिक उर्जासम्बन्धी प्राविधिक ज्ञानको कमी हुनु, नवीकरणीय उर्जा प्राथमिकतामा नपर्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

वैकल्पिक उर्जा प्रयोगको दायरा बढाउनु; वैकल्पिक ऊर्जालाई उद्योगको रूपमा विकास गर्नु; नवीकरणीय ऊर्जालाई कृषि, स्वास्थ्य र शिक्षासँग जोड्नु आदि प्रमुख चुनौती हुन्।

नवीकरणीय उर्जाका लागि पर्याप्त बायोमास उपलब्ध हुनु , साना घरेलुस्तरको इकाइमा पनि यसको उत्पादन तथा प्रयोग गर्न सकिनु, जलवायु परिवर्तनले जलविद्युत्को विकल्पको खोजी हुनु, दिगो विकास लक्ष्यले सबैलाई स्वच्छ ऊर्जाको विकल्प दिनु, नवीकरणीय उर्जाको लागि स्थानीय स्रोतहरू प्रयोग हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

वैकल्पिक उर्जाको विकास: प्रदेश समृद्धिको आधार।

### लक्ष्य

प्रदेशमा सौर्य तथा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण अभिवृद्धि गर्ने।

उद्देश्य

१. सौर्य उर्जा, बायोमास, हरित उर्जा र सुधारिएको चुलोको प्रवर्धन गरी उर्जामा पहुँच वृद्धि गर्नु।

२. वैकल्पिक उर्जा परियोजनाहरूको निर्माण, मर्मत तथा सम्भार गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्नु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैकल्पिक ऊर्जा सम्बन्धी नीतिगत व्यवस्था गर्ने। | १. नवीकरणीय ऊर्जाको विकासका लागि नीति तथा कानुन तर्जुमा गरिनेछ।<br>२. लघु तथा साना वैकल्पिक नवीकरणीय ऊर्जालाई मुख्य ग्रिड र नेटवर्कमा जोड्नका लागि कार्यविधि बनाइनेछ।<br>३. वैकल्पिक उर्जा उपयोगको विस्तृत सम्भाव्यता अध्ययन र मूल्याङ्कनका आधारमा आयोजनाको विकास गर्ने नीति लिइनेछ।<br>४. हरित उर्जा (हाइड्रोजन लगायत) विकासको नीति लिइनेछ। |
| २. सौर्य उर्जाको उत्पादन तथा उपयोगमा जोड दिने। | १. सम्भाव्य स्थानमा ठूला सोलार प्लान्ट जडानमार्फत् विद्युत उत्पादनमा जोड दिइनेछ।<br>२. सौर्य उर्जाको गार्हस्थ्य उपयोगमा प्रोत्साहन गरिनेछ।<br>३. घरेलु तथा साना उद्योगमा सौर्य उर्जाको उपयोग वृद्धि गरिनेछ। |
| ३. स्वस्थ तथा वातावरणमैत्री चुलो निर्माण र प्रयोगमा जोड दिने। | १. उपलब्ध कच्चा बायोमासको आधारमा बायो पेलेट, बायो विग्रड इन्धन उत्पादनमा जोड दिइनेछ। |

| | |
|---|---|
| | २. फ्लेक्सी र हाइड्रोजन इन्धनलाई पाइलट प्रोजेक्टका रूपमा सार्वजनिक निजी साझेदारी मोडेलमा सुरुवात गरिनेछ।<br>३. खाना पकाउने इन्धनका रूपमा घरायसी तथा ठूला वायोग्याँस प्लान्ट निर्माण गरिनेछ। |
| ४. नवीकरणीय उर्जाको विकासमा लगानी प्रवर्धन गर्ने। | १. छिमेकी देशहरूसँग द्विपक्षीय सम्झौता मार्फत् वैकल्पिक उर्जाको विकासका लागि अन्तर्राष्ट्रिय लगानी आकर्षण गरिनेछ।<br>२. नवीकरणीय उर्जाको प्रवर्धन र विकासका लागि सार्वजनिक निजी साझेदारी मोडल लागू गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजनाको अन्त्यसम्ममा प्रादेशिक स्तरमा नवीकरणीय उर्जासम्बन्धी ठोस नीति, नियम र कानुन निर्माण भएको हुने, २० ठूला सौर्य प्लान्ट जडान भएको हुने, घर घरमा पर्याप्त मात्रामा सौर्य उर्जा र गोबरग्याँस जडान भएका हुने, बायोमास परियोजना विकास भएको हुने, फ्लेक्सी/हाइड्रोजन इन्धनलाई पाइलट प्रोजेक्टका रूपमा उत्पादन गरिएको हुने, अनुदानसहित थप सुधारिएको चुलो प्रवर्धन भएको हुने, लघु विद्युत आयोजनावाट उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको हुने र छिमेकी देशहरूसँग द्विपक्षीय सम्झौतामार्फत् नवीकरणीय उर्जाको विकास भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. प्रादेशिक सौर्य तथा अन्य नवीकरणीय उर्जा विकास कार्यक्रम।

## ७.५ यातायात पूर्वाधार

आर्थिक वृद्धि र समग्र समुन्नतिको सम्वाहकको रूपमा परिचित यातायात क्षेत्रले प्रदेशको कृषि, पर्यटन, उद्योग, सञ्चार, स्वास्थ्य, शिक्षा, ग्रामीण तथा सहरी विकासजस्ता भौतिक र सामाजिक क्षेत्रको रूपान्तरणमा अहम् भूमिका खेलेको छ। यातायात पूर्वाधारले आर्थिक-सामाजिक विकासलाई तीव्रता दिने, सेवाक्षेत्रमा सर्वसाधारणको पहुँच बढाउने तथा व्यापार व्यवसायको क्षेत्र फराकिलो बनाई दैनिक

जीवनलाई सहज बनाउने कार्य गरेको छ। आर्थिक एकीकरण र सन्तुलित विकासका लागि यातायात पूर्वाधारको व्यवस्था जरुरी हुन्छ। विगतको आवधिक योजनादेखि नै प्राथमिकतामा रहेको यस क्षेत्रको आर्थिक वृद्धिलाई बहुआयामिक तवरले थप उच्च पार्ने गरी उल्लेख्य लगानी जरुरी छ। साथै प्रदेशभित्र रहेको यातायात क्षेत्रको समग्र विकासको लागि लगानी, नियमित मर्मत सम्भार, सुरक्षित यातायात सेवा र दिगो संरचना निर्माणमा ध्यान दिनु आवश्यक छ। प्रदेशमा हाल सडक सञ्जाल विस्तार, जल यातायात तथा केबलकारलगायतका क्षेत्रमा लगानी वृद्धि गरी दिगो यातायात व्यवस्थापन तथा सहरी विकासलाई जोड दिनु आवश्यक छ।

## ७.५.१ सडक

सडक पूर्वाधार आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण मेरुदण्ड हो। प्रदेशको सडक सञ्चालनमा राष्ट्रिय राजमार्ग, प्रादेशिक राजमार्ग, प्रादेशिक सडक तथा स्थानीय सडक सबै समावेश छन्। प्रदेशको सडक पूर्वाधारले विभिन्न गाउँ र सहरका बासिन्दाहरूको दैनिक जीवनलाई सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। सङ्घीय सरकारले हस्तान्तरण गरेकोसहित प्रदेशभित्र रहेको सडक लम्बाई जम्मा १३ हजार ८०५ कि.मि. पुगेको छ। प्रादेशिक तहबाट मात्रै अहिलेसम्म ५२८ कि.मि. कालोपत्रे सडक, १ हजार १०२ कि.मि. कच्ची सडक, १ हजार २५८ कि.मि. ग्राभेल सडक, १७ कि.मि. ढलान सडक, ४८ कि.मि सोलिङ्ग सडक निर्माण भएका छन् भने ४३७ कि.मि. ट्र्याक खोल्ने कार्य भइसकेको छ। त्यस्तै ८० वटा मोटरेबल पुल र १८४ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भइसकेको छ। भौगोलिक अवस्थाका कारण बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपहरूको जोखिम रहने हुनाले सडक निर्माणपश्चात् नियमित मर्मत-सम्भार गरी सडक यातायात सेवामा प्रभावकारिता र उत्थानशीलता सुनिश्चित गर्न आवश्यक छ।

### प्रमुख समस्या

प्रदेश सडक गुरुयोजना नहुनु, सर्वयाम सञ्चालन हुने सडकहरूको विकास हुन नसक्नु, सडकको चौडाइ पर्याप्त नहुनु, सडकमा अव्यवस्थित ट्राफिक हुनु, सडकको प्राथमिकता निर्धारण स्पष्ट नहुनु, सडकमा पर्याप्त नालीको व्यवस्था नहुनु, पहाडी जिल्लामा गुणस्तरीय सडक तथा पुलको सुनिश्चितता हुन नसक्नु, भित्री मधेश र तराईमा वर्षामा सडक डुबान हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री तथा गुणस्तरीय सडक र पुल पूर्वाधार निर्माण गर्नु, निर्मित सडकहरूको आवधिक मर्मतसम्भार गर्नु, जलवायु अनुकूल सडक निर्माण गर्नु, अधुरा सडकहरुलाई पूर्णता दिनु, सार्वजनिक-निजी साझेदारीमा लगानी बढाउनु आदि प्रमुख चुनौती हुन्।

सडक तथा पुल निर्माण कार्य सरकारको प्राथमिकतामा पर्नु, यातायात तथा ढुवानीमा सहज हुनु, सामाजिक तथा सांस्कृतिक विकासमा सहज हुनु, कृषिको बजारीकरण तथा पर्यटन प्रवर्धनमा टेवा पुग्नु, प्रादेशिक सडक सञ्जालको विकाससँगै रोजगारी, आय तथा व्यापार विस्तार हुनु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

गुणस्तरीय सडकको विकासः समग्र समुन्नतिको आधार।

## लक्ष्य

गुणस्तरीय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक समृद्धि हासिल गर्ने।

## उद्देश्य

१. सर्वयाम सडक सञ्चालनको विस्तार गर्नु।

२. सडकहरूको स्तरोन्नति र मर्मत-सम्भार गर्दै सडक निर्माणबाट रोजगारी सिर्जना गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय तथा सर्वयाम सडक सञ्चालनको विस्तार गर्ने। | १. स्थानीय तहको केन्द्रसँग जोड्ने सर्वयाम सडक सञ्जाल विस्तार गरिनेछ।<br>२. प्रादेशिक सडक तथा पुललाई उत्थानशील विकास गरिनेछ।<br>३. हिमाली पदमार्ग, मुन्धुम ट्रेल, विराटनगर रिङ रोड तथा अन्य प्रादेशिक सडक विस्तार र सञ्चालन गरिनेछ। |
| २. सडक तथा पुलहरुको स्तरोन्नति, विस्तार, लेन सुधार र मर्मत सम्भार गर्ने। | १. स्तरोन्नति र मर्मतसम्भारका लागि निर्माण गरिएका प्रादेशिक सडकहरूको मूल्याङ्कन र सम्भाव्यता विश्लेषण गरी सुधार योजनाको कार्यान्वयन गरिनेछ।<br>२. प्रादेशिक सडकको नियमित मर्मतसम्भारका लागि स्थानीय जनशक्ति प्रयोग गरिनेछ। |

| | |
|---|---|
| ३. गुणस्तर परीक्षण प्रयोगशालाको सेवा विस्तार गर्ने। | १. गुणस्तर परीक्षण निर्देशिका तयार गरिनेछ।<br>२. गुणस्तर परीक्षणका लागि प्रत्येक पूर्वाधार विकास कार्यालयहरूमा प्रयोगशालाको स्थापना गरिनेछ । |
| ४. वातावरणमैत्री सडक पूर्वाधार विकास तथा जनचेतना अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम गर्ने। | १. पर्यावरण अनुकूल भिरालो जमिन स्थिरीकरण सम्बन्धी जनचेतना/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. बायो इन्जिनियरिङ र अन्य दिगो प्रविधिमार्फत् वातावरणमैत्री सडक पूर्वाधार विकास गरिनेछ। |
| ५. सडक तथा पुलको प्रभावकारी अनुगमन गर्ने। | १. केन्द्रीकृत डाटाबेस पोर्टलमार्फत् सडकको विद्यमान अवस्थितिको सूचना सङ्कलन गरिनेछ।<br>२. सडक अवस्थिति सूचना र **Remote Sensing** अनुगमन प्रणाली स्थापना गरिनेछ। |

**अपेक्षित उपलब्धि**

स्थानीय र सङ्घीय सरकारसँग समन्वय गरी प्रादेशिक सडक तथा पुलहरुको गुरुयोजनाअनुसार सडक विस्तार भएको हुने, जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्रसम्म सर्वयाम सडक सञ्जालको पहुँच भएको हुने,१३७ वटा मोटरेबल पुल निर्माण भएका हुने, ५ हजार कि.मि. सडक स्तरोन्नति र मर्मत सम्भार भएको हुने, हिमाली पदमार्ग, मुन्धुम ट्रेल र विराटनगर रिङ रोड विस्तार भएको हुने, १२० वटा मोटरेबल पुलको स्तरोन्नति र मर्मत सम्भार भएको हुने, सडक तथा पुलको नयाँ निर्माण, स्तरोन्नति र मर्मत सम्भारको क्रममा कम्तीमा २० हजार रोजगारीको सिर्जना भएको हुने, निर्माण गुणस्तरको लागि परीक्षण प्रयोगशालाहरु निर्माण भएका हुने, सेन्सरजडित सडक पहिरो तथा बाढी चेतावनी प्रणाली स्थापना भएको हुने, भिरालो जमिन स्थिरीकरण भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. सडक तथा पुल पूर्वाधार विस्तारसम्बन्धी गुरुयोजना तर्जुमा

२. जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्रसम्म सर्वयाम सडक सञ्जाल विस्तार कार्यक्रम
३. सडक अवस्थिति सूचना र Remote Sensing अनुगमन प्रणाली स्थापना
४. सडक तथा पुलहरुको स्तरोन्नति तथा मर्मतसम्भार कार्यक्रम
५. सेन्सरजडित सडक पहिरो तथा बाढी चेतावनी प्रणाली स्थापना
६. निर्माण गुणस्तर प्रयोगशाला स्थापना

## ७.५.२ रज्जुमार्ग, केबलकार, हवाई तथा जल यातायात

### पृष्ठभूमि

प्रदेशको हिमाली तथा पहाडी भेगमा सडक आवागमनमा हुने गरेको समस्यालाई हल गर्न, दुर्गम भूभागमा कृषि तथा पर्यटनको विस्तार र बसाइँसराइ रोक्नका लागि द्रूत यातायातका सम्भाव्य साधनहरू रज्जुमार्ग, पोडवे, केबलकार, जलमार्ग, हवाई यातायातजस्ता वैकल्पिक मार्गहरुको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्रदेशमा चालू हालतका ११ र चालू नरहेका ४ गरी जम्मा १५ वटा बिमानस्थल रहेका छन्। मित्रराष्ट्र भारतबाट सामान ढुवानीको लागि विराटनगरसम्म रेल सेवा सञ्चालनमा रहेको छ। निजी स्तरमा चतरादेखि भोजपुरसम्म जलमार्ग सञ्चालित छ। उदयपुर सिमेन्ट कारखानाका लागि समान ओसार प्रसार गर्न उदयपुरमा १३ कि.मि. रज्जु मार्ग सञ्चालनमा छ। कोशी प्रदेशमा रज्जु मार्ग, जलमार्ग, मेट्रो र रेलमार्गको प्रचुर सम्भावना रहेकोले ठोस नीति, नियम र कानुनको व्यवस्था गरी वैकल्पिक मार्गहरूको प्रवर्धन तथा विकास गर्न जरुरी रहेको छ।

### प्रमुख समस्या

वैकल्पिक मार्गका लागि प्रादेशिक नीति, नियम, कानुन निर्माण भइनसक्नु; रज्जुमार्ग, पोडवे, केबलकार, जलमार्गजस्ता वैकल्पिक यातायातको निर्माण लागत उच्च रहनु; निजी स्तरमा बनेका वैकल्पिक मार्गहरूको नियमन हुन नसक्नु; प्रदेशस्तरमा वैकल्पिक मार्गहरूको गुरुयोजना तयार नहुनु; यो क्षेत्र सडक सञ्जालको तुलनामा कम प्राथमिकतामा पर्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

निजी लगानिकर्ता आकर्षित गर्नु; प्रादेशिक भूभाग, आर्थिक-सामाजिक स्थिति, बजारलाई ध्यानमा राखेर उचित वैकल्पिक मार्ग चयन गर्नु, वैकल्पिक मार्गहरूको कार्यान्वयनका लागि दक्ष जनशक्ति जुटाउनु; धार्मिक र पर्यटकीय स्थलहरूमा केबलकार सञ्चालन गर्नु, प्रदेशका सबै बिमानस्थल पूर्णरूपमा सञ्चालन गर्नु आदि प्रमुख चुनौती हुन्।

सर्वयाम जल प्रवाह हुने ठुला नदीको कारण जलयातायातको प्रचुर सम्भावना हुनु, ठुला लगानीकर्ताको चासो रहनु, युवा जनशक्तिका लागि रोजगारीको सिर्जना हुन सक्ने र नयाँ प्रविधिको परीक्षण तथा हस्तान्तरण हुने वातावरण हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

वैकल्पिक यातायात प्रणालीको विकासमार्फत् प्रदेशको आर्थिक-सामाजिक रूपान्तरण।

**लक्ष्य**

वैकल्पिक मार्ग निर्माण गरी प्रदेशको समुन्नति हासिल गर्ने।

**उदेश्य**

१. वैकल्पिक मार्गहरूको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाउनु।

२. वैकल्पिक यातायातको समुचित विकास गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैकल्पिक मार्गका लागि आवश्यक नीति निर्माण गर्ने। | १. वैकल्पिक मार्गका लागि नीति तथा कानुन निर्माण गरिनेछ।<br>२. वैकल्पिक मार्गको विकासका लागि गुरुयोजना निर्माण गरिनेछ। |
| २. वैकल्पिक यातायातको समुचित विकास गर्ने। | १. फुङ्लिङ-पाथिभरा, हलेसी- लिम्चुङबुङ्ग, पताले-कालापत्थर, नुम - मकालु बेस क्याम्प, वराहक्षेत्र धार्मिक कोरिडोर लगायतका क्षेत्रहरूमा सार्वजनिक निजी साझेदारीमा केबलकार निर्माण गरिनेछ।<br>२. काँकरभिट्टादेखि जनकपुरसम्मको रेलमार्ग र मेट्रो रेलमार्ग निर्माणमा सहजीकरण गरिनेछ।<br>४. विराटनगरबाट हिमाली क्षेत्रमा माउन्टेन फ्लाइट सञ्चालन गर्न आवश्यक सहजीकरण गरिनेछ। |

| | |
|---|---|
| | ५. वैकल्पिक मार्गबाट दुर्गम क्षेत्रमा पर्यटन र कृषिको प्रवर्धन गरिनेछ।<br>६. विराटनगर विमानस्थललाई प्रादेशिक (Sub-National) विमानस्थलको रूपमा विकास गर्न पहल गरिनेछ। |

**अपेक्षित उपलब्धि**

कोशी प्रदेशमा कम्तीमा ३ पोडवे पाइलट परियोजना अध्ययन भएका हुने, चतरादेखि दोलालघाटसम्म जलमार्ग लगायत थप १० जलमार्गहरु निर्माण भएको हुने, फुङ्लिङ-पाथिभरा, हलेसी-उदयपुर लिमचुङबुङ, पताले-कालापत्थर, नुम-मकालु बेस क्याम्प, वराहक्षेत्र धार्मिक परिपथ (कोरिडोर) लगायतका क्षेत्रहरूमा केबलकार/पोडवे सञ्चालन भएको हुने, १० रज्जु मार्ग निर्माण भएको हुने, भारतदेखि इटहरीसम्म रेलवे मार्ग निर्माण सम्पन्न भएको हुने, काँकरभिट्टादेखि जनकपुरसम्मको रेलवे मार्ग र मेट्रो रेलमार्ग निर्माण कार्य सञ्चालन भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. केबलकार, रज्जुमार्ग, पोडवे, जलमार्ग जस्ता वैकल्पिक मार्गहरुको लागि गुरुयोजना निर्माण
२. पोडवे पाइलट परियोजना
३. फुङ्लिङ-पाथिभरा, हलेसी-लिम्चुङबुङ्ग, पताले-कालापत्थर, नुम-मकालु बेस क्याम्प, वराहक्षेत्र धार्मिक कोरिडोर लगायतका क्षेत्रहरूमा केबलकार/रज्जु मार्ग निर्माण
४. चतरादेखि दोलालघाटसम्म जलमार्गको निर्माण
५. काँकरभिट्टादेखि जनकपुरसम्म रेलमार्ग र मेट्रो रेलमार्ग निर्माण
६. माउन्टेन फ्लाइट सञ्चालन

### ७.५.३ यातायात व्यवस्थापन

**पृष्ठभूमि**

प्रदेशमा बढ्दो सहरीकरण र पूर्वाधारको विकाससँगै यातायातको थप व्यवस्थापन गर्नु अपरिहार्य छ। पछिल्ला वर्षहरूमा सहर र ग्रामीण क्षेत्रमा पनि सडक सञ्जालहरू निर्माण र सम्पन्न भइरहेका छन्। सहरहरूमा सवारीसाधनको चाप बढ्दै गएको छ। ट्राफिक सङ्केत बत्तीको व्यवस्थापन अत्यावश्यक रहेको छ। सहर र ग्रामीण क्षेत्रमा हुन सक्ने दुर्घटना, आर्थिक क्षति र ट्राफिक जाम कम गराउन दिगो र भरपर्दो यातायात व्यवस्थापन प्रणाली आवश्यक छ। सडकलाई सुरक्षित, सहज र यात्रालाई

प्रभावकारी बनाउन प्रदेशमा राम्रो यातायात व्यवस्थापन योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन आवश्यक छ। त्यसैले पाँचवटा सडक सुरक्षा स्तम्भः सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ताहरू, दुर्घटनापछिको प्रतिक्रिया र सुरक्षित ड्राइभिङ वातावरण तथा गति नियन्त्रणसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

### प्रमुख समस्या

सार्वजनिक यातायात सेवा सुरक्षित र भरपर्दो नहुनु; दक्ष तथा तालिम प्राप्त चालक र श्रम समयसीमाको नियमन नहुनु; ट्राफिक जनशक्तिको कमी, ट्राफिक सङ्केत बत्तीको अभाव, सडक सुरक्षा नियमको पालनामा कमी, सडक प्रदूषण अत्यधिक हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

सवारी साधनको वृद्धिलाई नियन्त्रण गर्नु, सडक सुरक्षा रणनीतिको कार्यान्वयनमार्फत् दुर्घटना न्यूनीकरण गर्नु, ट्राफिक र सडक सुरक्षा नियमको पालना गराउनु आदि प्रमुख चुनौती हुन्।

सडक र सवारी साधनमा आधुनिक प्रविधिको प्रयोग बढ्नु, सडक सुरक्षा नियमनका लागि सडक प्रयोगकर्ताको चासो बढ्नु, ट्राफिक इन्जिनियरिङ र व्यवस्थापनका लागि जनशक्तिको उपलब्धता बढ्दै जानु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

सुरक्षित र भरपर्दो यातायात प्रणालीको विकास।

### लक्ष्य

दिगो, सुरक्षित र भरपर्दो यातायात व्यवस्थापन गरी दुर्घटना र प्रदूषण न्यूनीकरण गर्ने।

### उद्देश्य

१. यातायात व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायात व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने। | १. GIS मा आधारित सुव्यवस्थित र प्रभावकारी यातायात व्यवस्थापन योजना र डिजाइन तयार गरी कार्यान्वयन गरिनेछ।<br>२. विद्युतीय सवारी साधन प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>३. ट्राफिक चिन्ह र सङ्केतहरूको डिजाइन र निर्माण गरी ट्राफिक टापुहरू, फुटपाथ र लेन सुधार गरिनेछ।<br>४. सवारी चालक अनुमतिपत्र छिटो छरितो रूपमा प्रदेशबाटै छपाइ तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ।<br>५. यातायात सेवा कार्यालयबाट प्रदान गरिने सेवालाई व्यवस्थित गरिनेछ।<br>६. ट्राफिक नियम तथा अन्य जानकारी बारेमा सडक प्रयोगकर्ताहरूलाई मोबाइल एप्समार्फत् सुसूचित गरिनेछ।<br>७. सडक दुर्घटना, ट्राफिक जाम र वातावरण प्रदूषणलाई न्यूनीकरण गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशबासीले सुरक्षित र भरपर्दो सार्वजनिक यातायात सेवा प्राप्त गरेका हुने, विद्युतीय सवारी साधनको प्रयोगमा वृद्धि भएको हुने, सार्वजनिक यातायातमा अत्याधुनिक सेन्सरजडित प्रणाली स्थापना भएको हुने, पुराना सवारी साधन विस्थापन भएका हुने, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन भएको हुने, दुर्घटना मूल्याङ्कन वैज्ञानिक र न्यायोचित भएको हुने र वातावरणमैत्री सवारीसाधनमा कर छुट भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. एकीकृत प्रविधियुक्त यातायात व्यवस्थापन कार्यक्रम

२. सार्वजनिक यातायातमा स्मार्ट सेन्सर प्रणालीको जडान

३. वैज्ञानिक र न्यायोचित सडक दुर्घटना न्यूनीकरण कार्यक्रम

## ७.६ सूचना तथा सञ्चार प्रविधि

### पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिलाई आर्थिक विकासको सम्वाहक र उत्प्रेरकका रूपमा स्थापित गर्दै प्रदेशको शासकीय प्रणालीमा पारदर्शिताको प्रत्याभूति गराई सुशासनको प्रवर्धन गर्न जरुरी छ। संविधानले सूचनाको हकलाई संरक्षण र संवर्धन गर्दै आम सञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार, उत्तरदायी र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गरेको छ। प्रदेश रेडियो, एफ. एम. र टेलिभिजन प्रसारणसम्बन्धी ऐन, २०७५ तथा नियमावली कार्यान्वयनमा आएको छ। प्रदेशमा ७२.६० प्रतिशत मानिसले मोबाइल फोन प्रयोग गर्दछन्। प्रदेशमा ३९ वटा एफ. एम. रेडियो र ५ वटा टेलिभिजन प्रदेशस्तरमा दर्ता र नवीकरण भई सञ्चालनमा छन्। सूचना प्रविधि र इन्टरनेट सुविधाको विकाससँगै प्रदेशमा इन्टरनेट र सञ्चार सुविधा प्रयोगकर्ताहरूको सङ्ख्या बढ्दो छ। प्रदेशबासीलाई सूचना तथा सञ्चार प्रविधिको सेवा प्रदान गर्दै आर्थिक विकासका समग्र पक्षमा उपयोग बढाउन यस सम्बन्धी ज्ञान, सीप र क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

### प्रमुख समस्या

आमसञ्चार क्षेत्रमा पेशागत र व्यवसायिक आचार संहिताको अवलम्बन हुन नसक्नु, सूचना तथा सञ्चारमा सर्वसुलभ पहुँच स्थापित हुन नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु, सूचनामैत्री कार्य संस्कारको कमी हुनु, विषयगत क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको कमी हुनु, प्रदेश सरकार र अन्य सरोकारवालाबिच समन्वयको कमी हुनु, अनलाइन मिडिया तथा सामाजिक सञ्जाल दुरूपयोगको कारण सामाजिक जीवनमा नकारात्मक असर पर्नु, आमसञ्चार माध्यमको आचारसंहिता तथा मापदण्ड पालना नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

आमसञ्चारको विकासको लागि भौगोलिक विकटता रहनु, आमसञ्चार क्षेत्रलाई मर्यादित र विश्वसनीय बनाउनु, आचारसंहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन गर्नु, सरकार तथा अन्य क्षेत्रहरूमा सूचना र प्रविधिमैत्री संस्कारको विकास गर्नु आदि प्रमुख चुनौती हुन्।

सूचना तथा सञ्चारको माध्यमबाट प्रेस स्वतन्त्रता तथा जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, इन्टरनेट र सञ्चार सेवा प्रदायकहरूको बाक्लो उपस्थिति हुनु, आर्थिक-सामाजिक क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रूपमा बढ्नु, आम जनमानस आमसञ्चारका आधुनिक प्रविधिहरू प्रयोग गर्न इच्छुक हुनु, इन्टरनेट र टेलिफोनका प्रयोगकर्ता बढ्नु, पत्रकार सुरक्षा कोषको व्यवस्था गरिने नीति बन्नु, सूचना तथा प्रविधिका माध्यमबाट रोजगारी बढ्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

गुणस्तरीय तथा विश्वसनीय सूचना तथा सञ्चार प्रविधिमा पहुँचयुक्त समृद्ध प्रदेश।

**लक्ष्य**

अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिमा प्रदेशबासीको पहुँच तथा सदुपयोग सुनिश्चित गर्ने।

**उद्देश्य**

१. सूचना तथा सञ्चार सुविधामार्फत् जनतामा सूचनाको पहुँच सुनिश्चित गर्नु।

२. सूचना तथा सञ्चारलाई प्रदेशको आम्दानीको स्रोत बनाउनु।

४. पत्रकारिता, चलचित्र क्षेत्रको विकास र प्रवर्धन गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचनाको हकको प्रत्याभूति दिलाउने। | १. सूचनाको हकको व्यापक प्रचार प्रसार गरिनेछ।<br>२. सार्वजनिक निकायद्वारा सञ्चालन भएका कार्यक्रमको सञ्चार माध्यमबाट सूचना दिइनेछ। |
| २. पत्रकारिता तथा चलचित्र पेशालाई सम्मानित र मर्यादित रूपमा विकास गर्ने। | १. प्रादेशिक सञ्चार प्रतिष्ठान स्थापना गरी सञ्चार माध्यमलाई जवाफदेही बनाइनेछ।<br>२. चलचित्र र पत्रकारितामा आबद्ध जनशक्तिलाई न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ।<br>३. प्रदेशका मौलिक र सुन्दर क्षेत्रहरूको पहिचान, आमसञ्चार तथा चलचित्र नगरको |

| | |
|---|---|
| | सम्भाव्यता अध्ययन तथा निर्माण गरिनेछ।<br>४. प्रदेश सरकारको टेलिभिजन सञ्चालनमा ल्याइनेछ। |
| ३. प्रदेशलाई डिजिटल प्रदेशका रूपमा विकास गर्ने। | १. सामुदायिक शैक्षिक संस्था र दुर्गम क्षेत्रमा इन्टरनेट सुविधा तथा सरकारी कार्यालयहरुमा सेवाग्राहीहरूलाई डिजिटल सुविधा पुऱ्याउन सहजीकरण गरिनेछ।<br>२. इन्टरनेटसम्बन्धी नियामक संरचना र सञ्चार पूर्वाधारको विकासमा सहजीकरण गरिनेछ।<br>३. इन्टरनेट सेवा द्रूत बनाउन इन्टरनेटको ब्यान्ड चौडाइ बढाइने तथा फाइबर केवल भूमिगत बनाउन समन्वय गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशका ९० प्रतिशत परिवारमा इन्टरनेट सेवा पुगेको हुने, रमणीय स्थानमा छायाङ्कन स्थल निर्माण भएका हुने, पत्रकार र चलचित्रकर्मीहरूको पेशागत क्षमता अभिवृद्धि भएको हुने, ग्रामीण भेगमा इन्टरनेट सेवा छरितो भएको हुने, डिजिटल साक्षरता अभिवृद्धि भएको हुने, सूचना सञ्चार प्रविधिमार्फत् शिक्षा, स्वास्थ्य, कृषि तथा व्यापार प्रवर्धन हुने, ७ वटा प्रादेशिक टि.भि. सञ्चालन भएका हुने, प्रत्येक विद्यालयमा इन्टरनेट सुविधा र सरकारी कार्यालयमा सेवाग्राहीहरूलाई डिजिटल सुविधाको पहुँच पुगेको हुने अपेक्षा गरिएको छ।

## प्रमुख कार्यक्रम

१. सूचना सञ्चार तथा प्रविधि विशेष गुरुयोजना
२. चलचित्र नगर/ छायाङ्कन स्थल विस्तार कार्यक्रम
३. स्थानीय तह आमसञ्चार पूर्वाधार विकास कार्यक्रम
४. प्रादेशिक डिजिटल साक्षरता कार्यक्रम
५ प्रादेशिक सञ्चार प्रतिष्ठान स्थापना

## ७.७ स्थानीय पूर्वाधार

### पृष्ठभूमि

प्रदेशभित्रका ठुला पूर्वाधारलाई प्राथमिकता दिइरहेको अवस्थामा स्थानीयस्तरका आर्थिक, सामाजिक र वातावरणीय विषयहरुको सम्बोधन गर्ने गरी साना पूर्वाधारलाई पनि ध्यान दिनु आवश्यक छ। स्थानीय पूर्वाधारमा दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिसहरूको पहुँच न्यून रहेको छ। तसर्थ, साना तथा ठूला पूर्वाधारहरूमा सबै लाभग्राहीको पहुँच पुऱ्याउन आवश्यक छ। स्थानीय र प्रादेशिक पूर्वाधार निर्माणका लागि प्रादेशिक पूर्वाधार (स्वास्थ, शिक्षा, पूर्वाधार विकास, खानेपानी तथा सिंचाइ, शहरी विकास) कार्यालयहरु रहेका छन्। यी कार्यालयहरुले विशेष गरी स्थानीय सडक, पुल, साना सिंचाइ आयोजना, खानेपानी आयोजना र सरसफाइका क्षेत्रमा दिगो र उत्थानशील विकासका काम गरिरहेका छन्।

### प्रमुख समस्या

प्राकृतिक विपद्का कारणले पूर्वाधारमा क्षति हुनु, दुर्गम क्षेत्रमा निर्माण कार्यका लागि दक्ष जनशक्तिको अभाव तथा छरिएको बस्ती हुनु, युवा जनशक्ति विदेश पलायन हुनु, पूर्वाधार निर्माणमा गुणस्तर र अद्यावधिक मर्मत सम्भारको अभाव हुनु, उचित सुपरिवेक्षण र अनुगमनको कमी हुनु, आयोजना प्राथमिकीकरण कार्यमा कठिनाइ हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

भौगोलिक जटिलता हुनु, दुर्गम क्षेत्रमा पर्याप्त यातायात र सञ्चारको अभाव हुनु, सबै स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुऱ्याउनु, निर्माण सामाग्रीको सहज ढुवानी गर्नु, अधुरा आयोजनाहरु सम्पन्न गर्नु, दुर्गम क्षेत्रमा दक्ष जनशक्तिलाई टिकाउनु आदि प्रमुख चुनौती हुन्।

स्थानीय पूर्वाधार विकासको कारण रोजगारीको सिर्जना हुनु, कृषिको व्यावसायीकरण र बजारीकरण सहज हुनु, पर्यटन क्षेत्रको विकास हुनु, स्थानीय पूँजी तथा सीपको प्रवर्धन हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य स्थानीय पूर्वाधार विकास।

### लक्ष्य

सबै स्थानीय तहमा आधारभूत स्थानीय पूर्वाधारमा पहुँच सुनिश्चित गर्ने।

### उद्देश्य

१. सबै स्थानीय तहमा स्वास्थ्य, शिक्षा, सडक, खानेपानी तथा सरसफाइ, सिंचाइ, पुल तथा कृषि पूर्वाधार विकास गर्नु।

२. स्थानीय पूर्वाधारहरूको नियमित मर्मत सम्भार र स्तरोन्नति गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत तथा संस्थागत व्यवस्था गर्ने। | १. स्थानीय सडक, पुल, झोलुङ्गे पुल, सिंचाइ, खानेपानी, स्वास्थ्य, शिक्षा र अन्य पूर्वाधारका लागि प्रादेशिक नीति निर्माण गरिनेछ।<br>२. प्रादेशिक नीतिको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत व्यवस्था गरिनेछ। |
| २. स्थानीय पूर्वाधारहरूद्वारा दुर्गम क्षेत्रहरूको विकास गर्ने। | १. दुर्गम स्थानहरूमा स्थानीय सडक, खानेपानी आपूर्ति, साना सिंचाइ, स्थानीय पुल, शिक्षा, स्वास्थ्य केन्द्र आदि स्थानीय पूर्वाधारका लागि गुरुयोजना तयार गरिनेछ।<br>२. स्थानीय स्रोतसाधनलाई प्राथमिकता दिई दिगो पूर्वाधार विकास गरिनेछ। |
| ३. स्थानीय पूर्वाधारहरूको नियमित मर्मतसम्भार र स्तरोन्नति गर्ने। | १. स्थानीय पूर्वाधारको नियमित मर्मतसम्भार तथा स्तरोन्नतिका लागि स्थानीय तहसँग समन्वय गरिनेछ।<br>२. स्थानीय पूर्वाधारको संरक्षणका लागि उपभोक्ता समिति गठन गरी परिचालन गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा सन्तुलित रूपमा स्थानीय पूर्वाधार विकास भएका हुने, १३७ स्थानीय तहमा वैकल्पिक सिंचाइ र साना सिंचाइ कार्यक्रम सञ्चालन भएका हुने, खानेपानीका अधुरा आयोजनाहरु सम्पन्न भएका हुने, २२० झोलुङ्गे पुल निर्माण भएका हुने, मर्मतसम्भार कार्य प्रभावकारी भएको हुने अपेक्षा गरिएको छ।

## प्रमुख कार्यक्रम

१. स्थानीय पूर्वाधार विकास कार्यक्रम
२. स्थानीय पूर्वाधार नियमित मर्मतसम्भार कार्यक्रम

## ७.८ विज्ञान तथा प्रविधि

### पृष्ठभूमि

प्रदेशले विज्ञान तथा प्रविधिको विकासका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। प्रदेशमा सञ्चालित ७ विश्वविद्यालयमध्ये ४ वटा विश्वविद्यालयका विभिन्न क्याम्पसहरुमा विज्ञान तथा प्रविधि विषयको अध्ययन तथा अध्यापन भइरहेको छ। विज्ञान तथा प्रविधि विषय पढ्ने विद्यार्थीको सङ्ख्या उल्लेख्य रहेको छ। विशेष गरी सफ्टवेयर विकास र आउटसोर्सिङमार्फत् डिजिटल सेवाको विकास र विस्तारमा प्रदेशले कार्य अगाडि बढाएको छ। विज्ञान तथा प्रविधि क्षेत्रमा प्याटेन्ट दर्तामार्फत् रोजगारी सिर्जना तथा विदेशी मुद्रा आर्जन गर्ने स्रोतका रूपमा विकास गर्न सकिनेछ। परम्परागत प्रविधिको आधुनिकीकरण र नवीन प्रविधिको विकास गरी प्रदेश समृद्धिमा योगदान पुऱ्याउन प्रदेशले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ।

### प्रमुख समस्या

प्रदेशमा विज्ञान तथा प्रविधिको क्षेत्रमा उल्लेख्य विकास नहुनु, विज्ञान तथा प्रविधिका लागि आवश्यक पूर्वाधारको विकास नहुनु, विज्ञान तथा प्रविधिमा दक्ष जनशक्ति उत्पादन हुन नसक्नु, उत्पादित जनशक्ति विदेश पलायन हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

विज्ञान तथा प्रविधिसम्बन्धी प्रादेशिक नीति, नियम बनाउनु, जीवन उपयोगी प्राविधिक शिक्षाको विस्तार गर्नु, वैज्ञानिक अनुसन्धानमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, विज्ञान प्रविधिसम्बन्धी खोज र अनुसन्धान बढाउनु, दक्ष जनशक्ति पलायन हुनबाट रोक्नु आदि प्रमुख चुनौती हुन्।

विज्ञान तथा प्रविधिको विकासले वैकल्पिक उर्जा उत्पादन, कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, शिक्षा, स्वास्थ्य तथा वैज्ञानिक उपकरणको विकास र विस्तार, विपद् चेतावनी प्रणालीको गुणस्तरीयता, वातावरण संरक्षण, उद्यमशीलताको विकास हुनु, मनमोहन प्राविधिक विश्वविद्यालय र मदन भण्डारी अध्ययन प्रतिष्ठानमा प्राविधिक शिक्षा अध्यापन हुनु, दक्ष जनशक्तिको बढ्दो माग हुनु, कृत्रिम बौद्धिकता (AI) को विषयले स्थान पाउनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

विज्ञान तथा प्रविधिको विकासः आयआर्जन र रोजगारीको आधार।

## लक्ष्य

नवप्रवर्तनमार्फत् आयआर्जन र रोजगारीको अवसर सिर्जना गर्ने।

## उद्देश्य

१. विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विज्ञान तथा प्रविधिको पूर्वाधार विकास गर्ने। | १. इ-गभर्नेन्स, डाटासेन्टर, आविष्कार/नवप्रवर्तन केन्द्र, इ-लाइब्रेरी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा गरिनेछ।<br>२. बहुउद्देश्यीय प्रयोगका लागि डाटासेन्टर स्थापना र डाटा भण्डारण गरिनेछ।<br>३. सबै नागरिकको पहुँच पुग्ने इ-लाइब्रेरी र आविष्कार/नवप्रवर्तन केन्द्रको स्थापना गरिनेछ। |
| २. प्रविधिमा स्मार्ट पूर्वाधार डिजाइन र विकास गर्ने। | १. स्मार्ट पूर्वाधार योजना र डिजाइनको लागि सूचना प्रविधि नीतिको अबलम्बन गरिनेछ ।<br>२. GIS (Geographic Information System ) आधारित TMS ( Traffic Management System) र विपद् जोखिम व्यवस्थापन प्रणालीको विकास गरिनेछ।<br>३. IOT (Internet of Things) मा आधारित कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन क्षेत्र विकास गरिनेछ ।<br>४. मौसम पूर्वानुमान प्रणाली स्थापना गरिनेछ। |
| ३. अनुसन्धानमा आधारित परियोजनाको प्रवर्धन गर्ने। | १. अनुसन्धान, अन्वेषण र नवीनतम् खोजका लागि विभिन्न प्राविधिक क्षेत्र र परियोजनाको पहिचान गरिनेछ।<br>२. विश्वविद्यालयमा विभिन्न विषयका अनुसन्धान प्रयोगशाला निर्माण गरिनेछ।<br>३. अनुसन्धान, अन्वेषण र नवीनतम् खोजबाट भूगोल सुहाउँदा प्रविधि बनाई प्रयोगमा ल्याइनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रादेशिक तहको विज्ञान तथा प्रविधिसम्बन्धी नीति तथा कानुन तर्जुमा भई कार्यान्वयन भएको हुने, प्रदेशमा एउटा प्रादेशिक डाटासेन्टर, २ वटा आविष्कार/ नवप्रवर्तन केन्द्र र ८ वटा इ-लाइब्रेरी स्थापना भएको हुने, अत्याधुनिक यातायात व्यवस्थापन उपकरण जडान भएको हुने, सबै स्थानीय तहमा मौसम पूर्वानुमान प्रणाली जडान भएको हुने, अत्याधुनिक IOT (Internet of Things) मा आधारित कृषि, स्वास्थ्य, शिक्षा तथा पर्यटनको विकास भएको हुने, विश्वविद्यालयमा कृषि अनुसन्धान, सामाजिक अनुसन्धान प्रयोगशालाजस्ता २८ प्रयोगशाला स्थापना वा स्तरोन्नति भएका हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. आविष्कार/नवप्रवर्तन केन्द्र तथा इ-लाइब्रेरी स्थापना
२. बहुउद्देश्यीय डाटासेन्टर स्थापना र सञ्चालन
३. IOT (Internet of Things) मा आधारित कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन क्षेत्र विकास र विस्तार
४. मौसम पूर्वानुमान प्रणाली स्थापना
५. विश्वविद्यालयमा विभिन्न प्रयोगशाला स्थापना वा स्तरोन्नति

## ७.९ सहरी विकास

**पृष्ठभूमि**

कोशी प्रदेशमा विशेषगरी विराटनगर, इटहरी, धरान, विराटचोक, दमक, बिर्तामोड, गाईघाट आदि सहरहरु उच्च सहरीकरणतर्फ उन्मुख रहेका देखिन्छन्। शिक्षाको राम्रो सुविधा, स्वास्थ्योपचारका लागि अस्पतालहरूको उपलब्धता, रोजगारीका अवसरहरू आदिका खोजीमा मानिसहरु ग्रामीण क्षेत्रबाट सहरमा बसाइँ सरी आउने क्रम बढ्दो छ। बढ्दो सहरीकरणलाई व्यवस्थित हुने गरी पूर्वाधार विकास, स्रोत-साधनको उपलब्धता, सहरी सौन्दर्य सन्तुलन, प्राकृतिक वातावरणको संरक्षण, प्रदूषण नियन्त्रण र सम्भावित अपराधको नियन्त्रण गर्नका लागि प्रदेशले उपयुक्त सहरी विकास मार्गचित्र तय गर्नु जरुरी छ। सहरीकरणलाई दिगो व्यवस्थापन गर्ने र चुनौतीहरूलाई सम्बोधन गर्नका लागि सरकारी निकाय, निजी क्षेत्र, आम नागरिक, सहरी योजनाकार र अन्य सरोकारवालाबिचको सहकार्य अत्यावश्यक छ। आर्थिक वृद्धि, सामाजिक समानता र वातावरणीय दिगोपनलाई संरक्षण तथा प्रवर्धन गर्न व्यवस्थित सहरीकरणको आवश्यकता छ।

**समस्या**

जोखिम संवेदनशील भू-उपयोग नीति तथा योजना नबनाइनु, भवन मापदण्ड, संहिता र सडक मापदण्डको पूर्ण रूपमा कार्यान्वयन नहुनु, वातावरणमैत्री विकास नहुनु, एकीकृत सहरी विकासको गुरुयोजना नहुनु, खानेपानी, ढल, स्वास्थ्य, शिक्षा, यातायातको व्यवस्थित विकास नहुनु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

अव्यवस्थित सहरमा मापदण्ड बनाएर पूर्वाधार विकास गर्नु, सहरी विकास गुरुयोजना, वातावरणीय दिगोपना, सामाजिक समानता, खानेपानी तथा सरसफाइ व्यवस्थापन, ढलनिकास, यातायात व्यवस्थापन, प्रदूषण नियन्त्रण, आर्थिक विकास, सुशासन कायम गर्नु आदि प्रमुख चुनौती हुन्।

सहरमा आधारभूत पूर्वाधार सुविधा उपलब्ध हुनु, अत्यावश्यक सामग्रीहरु सहज उपलब्ध हुनु, उच्च दक्ष जनशक्ति उपलब्ध हुनु, रोजगारीका अवसर हुनु, स्मार्ट सहर निर्माण तथा विस्तार गर्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

व्यवस्थित सहरीकरणमार्फत् दिगो विकास।

**लक्ष्य**

सहरी पूर्वाधारहरूको समुचित विकास गर्ने।

**उद्देश्यहरु**

१. सुशासित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ र व्यवस्थित सहर निर्माण गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भवन आचार संहिता र मापदण्डको पूर्ण कार्यान्वयन गर्ने। | १. भवन निर्माण प्राविधिक तथा भवन निर्माणकर्ताकालागि भवन संहिता र मापदण्डबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. नक्सा पास नगरी भवन तथा संरचना निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। |

| | |
|---|---|
| २. एकीकृत सहरी विकासको गुरुयोजना तयार गर्ने। | १. स्थानीय तहसँग समन्वय गरी नगरपालिकाहरूको जोखिम संवेदनशील भूमि उपयोग नीति (Risk Sensitive Land Plan Use) तथा योजना तर्जुमा गरिनेछ ।<br>२. जोखिम संवेदनशील भूमि उपयोग नीतिको आधारमा प्रमुख सहरी क्षेत्रहरूको सर्वेक्षण गरी एकीकृत सहरी विकासको गुरुयोजना तयार गरिनेछ।<br>३. ल्याण्ड पुलिङ्ग र .ल्याण्ड म्यानेजमेन्टको नीति नियम तथा कार्यविधि बनाएर निजीक्षेत्रसँग सहकार्य गरेर सहरी पूर्वाधारहरूको विकास गरिनेछ। |
| ३. व्यवस्थित सहरी पूर्वाधारको विकास गर्ने। | १. सहरी तथा सहरोन्मुख क्षेत्रमा आधारभूत पूर्वाधार र आधुनिक सुविधाको विकास गरी नागरिकलाई स्थानीयस्तरमै बसोबास गर्ने वातावरण तयार गरिनेछ ।<br>२. पार्किङस्थल (बहुतल्ले पार्किङसहित), पार्क निर्माण, बसपार्क क्षेत्रको विकास, सम्पदाको संरक्षण, हाटबजार व्यवस्थापन, फोहोरमैला व्यवस्थापन आदि बजार व्यवस्थापनसम्बन्धी कार्य गरिनेछ।<br>३. सहरी क्षेत्रमा हरियालीको संरक्षण, सौन्दर्यीकरणलाई प्रवर्धन गरी ग्रीन सिटीको अवधारणालाई प्रोत्साहन गरिनेछ।<br>४. सहरी क्षेत्रमा लैङ्गिकमैत्री, अपाङ्गमैत्री, बालमैत्री, जेष्ठनागरिकमैत्री तथा पर्यावरणमैत्री पूर्वाधार तथा सार्वजनिक शौचालय निर्माण गरिनेछ।<br>५. सहरी पुरातात्विक सम्पदाको संरक्षण गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा भू-उपयोग नीतिअनुसार एकीकृत सहरी विकास गुरुयोजना तयार भएको हुने, सबै नगरपालिकामा आधारभूत शिक्षा, स्वास्थ्य, सडक विस्तार तथा स्तरोन्नति, खानेपानी तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, सार्वजनिक शौचालयलाई व्यवस्थित बनाइएको हुने, हरित सहरको विकास भएको हुने, सहरहरुमा कम्तीमा ७० खुला पार्क बनाएको हुने, प्रदेशमा ५ वटा बहुतल्ले पार्किङ स्थल बनेको हुने तथा सार्वजनिक भवनहरू अपाङ्गमैत्री बनेको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. सहरी विकास गुरुयोजना तर्जुमा

२. सहरी पूर्वाधार विकास एवम् विस्तार

## ७.१० ग्रामीण विकास

### पृष्ठभूमि

ग्रामीण विकासले परम्परागत आर्थिक तथा सामाजिक विकासको अवस्थाबाट आधुनिक ढाँचामा रूपान्तरण हुन सहयोग गर्दछ। राष्ट्रिय जनगणना २०७८ अनुसार, प्रदेशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिक स्वास्थ्य, शिक्षा, यातायातको सूविधा, कृषिका लागि उपलब्ध स्रोत साधन र उचित बजारजस्ता आधारभूत सुविधाबाट वञ्चित छन्। ग्रामीण क्षेत्रमा सीमित पूर्वाधार र सुविधाहरु छन्। आन्तरिक बसाइँसराइ न्यूनीकरण गर्दै ग्रामीण क्षेत्रमा आय आर्जनका गतिविधि बढाउनु, आधारभूत पूर्वाधार निर्माण र स्तरोन्नति गर्नु, गुणस्तरीय शिक्षा र स्वास्थ्योपचार सुविधा सुनिश्चित गर्नु जरुरी रहेको छ।

### प्रमुख समस्या

प्रदेशका दुर्गम ग्रामीण क्षेत्रहरूमा आधारभूत पूर्वाधार तथा सेवा सुविधाको विकास नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, अवसर तथा सेवा सुविधाको खोजीमा बसाइँसराइको दर उच्च हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

पूर्वाधार विकासका लागि जग्गा अधिग्रहणमा कठिनाइ हुनु, दक्ष जनशक्तिलाई टिकाउनु, विकासका लागि भौगोलिक जटिलता हुनु, कृषि उपजमा आधारित घरेलु तथा साना उद्योगको विकास गर्नु, पूर्वाधार विकासका लागि उच्च लागत हुनु आदि प्रमुख चुनौती हुन्।

पहाडी ग्रामीण क्षेत्रमा कृषियोग्य जमिनको पर्याप्तता, निर्माण सामग्रीको रूपमा प्रयोग हुने ढुङ्गा, बालुवा, काठ आदि निर्माण सामाग्रीको सहज उपलब्धता; प्राकृतिक सौन्दर्य; धार्मिक पर्यटकीय क्षेत्र तथा जलस्रोतको पर्याप्तता; मानव बसोबास तथा कृषि उत्पादनको लागि उपयुक्त हावापानी आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

आधारभूत पूर्वाधारसहितको ग्रामीण बस्ती विकास।

**लक्ष्य**

आधारभूत पूर्वाधार र सेवा सुविधासहितको ग्रामीण विकास गर्ने।

**उद्देश्य**

१. आधारभूत पूर्वाधार र सेवा सुविधासहितको भौतिक पूर्वाधारको विकास गर्नु।

२. ग्रामीण विकासमा स्थानीय स्रोत, साधन तथा जनशक्तिको उपयोग गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. ग्रामीण विकासका लागि नीति नियमको तर्जुमा गर्ने। | १. ग्रामीण विकासको लागि गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२. ग्रामीण विकासमा साझेदारी विकासको अवधारणालाई प्रोत्साहन गरिनेछ। |
| २. एकीकृत पूर्वाधार विकास गर्ने। | १. कृषि, पर्यटन, घरेलु उद्योग आदि क्षेत्रमा दिगो र एकीकृत पूर्वाधार विकास गरिनेछ।<br>२. गुणस्तरीय शिक्षा तथा स्वास्थ्योपचारका लागि सुविधा सम्पन्न पूर्वाधार निर्माण गरिनेछ।<br>३. स्थानीय सरकारसँग समन्वय गरी सीमान्तकृत समुदायको पूर्वाधारमा पहुँच सुनिश्चित गरिनेछ। |
| ३. प्राकृतिक स्रोत, संस्कृति, सम्पदा परम्पराको संरक्षण र पर्या-पर्यटन प्रवर्धन गर्ने। | १. प्राकृतिक स्रोत, संस्कृति, सम्पदा र परम्पराको संरक्षण गर्न साँस्कृतिक सङ्ग्रहालय निर्माण तथा उत्सव, मेला, प्रदर्शनी आदि सञ्चालन गरिनेछ।<br>२. पर्यटकीय क्षेत्रको प्रवर्धन गर्न होमस्टे तथा फार्मस्टे विस्तार गर्न प्रोत्साहित गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा ग्रामीण विकासको सम्भाव्य क्षेत्रको सर्वेक्षण तथा गुरुयोजनाको निर्माण, कृषि शीतभण्डार तथा गोदामघर निर्माण, घरेलु उद्योग स्थापना, नयाँ पर्यटकीय पदमार्ग पहिचान तथा स्तरोन्नति, ६०० बहुभाषी पर्यटक पथ प्रदर्शक तयार, बहुउपयोगी भवन, उद्यान तथा बसपार्क निर्माण, सबै गाउँपालिकामा सामाजिक समावेशिताको आधारमा सीमान्तकृत समुदायलाई क्षमता विकास तालिम तथा ५० बालमैत्री स्थानीय तह घोषणा भएको हुने अपेक्षा गरिएको छ ।

### प्रमुख कार्यक्रम

१. ग्रामीण विकास नीति तथा गुरुयोजना तर्जुमा

२. खुला प्रदर्शनी, बहुउपयोगी क्षेत्रयुक्त बसपार्क निर्माण

३. ग्रामीण भवन तथा पूर्वाधार विकास

४. बालमैत्री स्थानीय तह विकास कार्यक्रम

## ७.११ आवास तथा बस्ती विकास र पुनर्निर्माण

### पृष्ठभूमि

संविधानले आवासको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ। प्रदेशमा विपद्बाट वर्षेनी ठूलो जनधनको क्षति हुने गरेको छ। फागुन, चैत र बैशाखको समयमा आगलागीले साथै वर्षायाममा बाढी र पहिरोले जोखिममा परेका भवन तथा बस्तीलाई ध्यानमा राखेर प्रकोप धान्न सक्ने आवास तथा बस्तीको विकास र पुनर्निर्माण गर्नुपर्ने देखिन्छ। प्रदेशमा सीमान्तकृत समुदाय, महिला, घरबारविहीन मानिसहरूलाई गुणस्तरीय जीवनयापनका लागि एकीकृत तथा व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालित छ। विपद्को उच्च जोखिममा रहेका घरपरिवारलाई स्थानीय तहको सहकार्यमा नजिकको सुरक्षित स्थानमा आवास निर्माण गरी स्थानान्तरण गर्नु आवश्यक छ।

### प्रमुख समस्या

भवन, आवास तथा बस्तीहरू जोखिमयुक्त हुनु, भवन संहिता मापदण्डअनुरूप भवन निर्माण तथा बस्ती विकास नहुनु, एकीकृत बस्तीप्रति नागरिकमा रुची नहुनु, सार्वजनिक संरचना निर्माणमा जग्गासम्बन्धी समस्या हुनु, पुनर्निर्माणका लागि पर्याप्त स्रोतको सुनिश्चितता नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

जोखिममा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, दिगो र वातावरणमैत्री आवास तथा

बस्ती विकास गर्नु, आवश्यक स्रोत जुटाई समयमै पुननिर्माण सम्पन्न गर्नु, सामाजिक तथा सांस्कृतिक विविधताअनुकूल एकीकृत बस्ती विकास गर्नु आदि प्रमुख चुनौती हुन्।

आवास तथा बस्ती विकास र पुनर्निर्माणको लागि नीतिगत व्यवस्था हुनु, आवास तथा बस्ती विकाससँग सम्बन्धित दक्ष प्राविधिक जनशक्ति उपलब्ध हुनु, प्रदेशमा एकीकृत बस्ती विकास कार्यक्रम प्राथमिकतामा पर्नु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

दिगो, उत्थानशील आवास तथा बस्ती विकास र पुनर्निर्माण।

### लक्ष्य

सबै नागरिकलाई सुरक्षित आवास र बसोबासको सुनिश्चितता गर्ने।

### उद्देश्य

१. सीमान्तकृत, विपद् प्रभावित, घरबारविहीन समुदायको पहिचान गरी आवास तथा बस्ती विकास र पुनर्निर्माण गर्नु।

२. जोखिममा रहेका आवासक्षेत्र पहिचान गरी सुरक्षित तथा एकीकृत बस्ती विकास गर्नु।

३. पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका सम्पदाको संरक्षण र प्रवर्धन गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुरक्षित तथा एकीकृत आवास तथा बस्ती विकास र पुनर्निर्माण गर्ने। | १. सुरक्षित तथा एकीकृत आवास तथा बस्ती विकास र पुनर्निर्माण कार्यका लागि सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>२. सीमान्तकृत, विपद् प्रभावित, घरबारविहीन र जोखिममा रहेका समुदायका लागि एकीकृत आवास तथा बस्ती विकास र पुनर्निर्माण गरी जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. विपद् जोखिम न्यूनीकरणका लागि | १. आवश्यकताअनुसार स्थानीय तहमा आकस्मिक आवासका रूपमा समेत प्रयोग हुने गरी बहुउद्देश्यीय |

| | |
|---|---|
| आकस्मिक आवासको व्यवस्था गर्ने। | भवनको निर्माण गर्न स्थानीय तहसँग समन्वय गरिनेछ। |
| ३. पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका सम्पदाको संरक्षण र प्रवर्धन | १. पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदा र भवनहरूको पुनर्स्थापना, मर्मतसम्भार र प्रबलीकरणका लागि नीति तथा कानुन बनाइनेछ।<br>२. बहुप्रकोपले गर्न सक्ने जोखिमको लेखाजोखाको आधारमा पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदा र भवनहरूको पुनर्स्थापना, मर्मतसम्भार र प्रबलीकरण गरिनेछ।<br>३. पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरुको प्रवर्धनको लागि विद्यालय र समुदायमा जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा ६२ एकीकृत बस्ती निर्माण भएका हुने, १५५ सरकारी तथा सामुदायिक भवन निर्माण भएको हुने, कम्तीमा ९ हजार ५०० जनता आवास निर्माण भएका हुने, ५० पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदा र भवनहरूको पुनर्निर्माण, मर्मत सम्भार र प्रबलीकरण भएको हुने र विपद्बाट प्रभावित सरकारी भवन, विद्यालय/ विश्वविद्यालय, निजी घर, तथा अन्य स्थानीय पूर्वाधारहरूको पुनर्निर्माण भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. जनता आवास कार्यक्रम
२. एकीकृत बस्ती विकास कार्यक्रम
३. सरकारी/सामुदायिक भवन पुनर्निर्माण
४. विपद् प्रभावित आवास तथा बस्ती पुनर्स्थापना र पुनर्निर्माण

# परिच्छेद ८: लोकतन्त्र र सुशासन

दिगो शान्ति, आर्थिक विकास र सुशासन लोकतन्त्रका आधारभूत अङ्ग हुन्। लोकतन्त्रको संस्थागत सुदृढीकरणमा सुशासनले परिपूरकको भूमिका खेल्दछ। लोकतन्त्रको संस्थागत विकास भएसँगै मानव अधिकारको संरक्षण र प्रवर्धन हुन्छ। सार्वजनिक निकायबाट प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि सुशासन अत्यावश्यक छ। लोकतन्त्रमा सुशासन प्रवर्धन गर्न प्रशासनमा समायानुकूल परिवर्तन, प्रतिष्पर्धा, प्रविधिको प्रयोग, निजामती सेवामा कार्यकुशलता, सार्वजनिक सेवाको सुनिश्चितता, राजनैतिक प्रतिबद्धता र चुस्त प्रशासनको व्यवस्था साथै लोकतन्त्रको संस्थागत सुदृढीकरणका लागि सार्वजनिक सेवा प्रवाहमा समयानुकूल सुधार हुनु आवश्यक छ।

## ८.१. राष्ट्रिय एकताको प्रवर्धन

### पृष्ठभूमि

राष्ट्रिय एकताले मुलुकमा भावनात्मक र भौगोलिक एकता मजबुत बनाउँछ। कोशी प्रदेशमा विभिन्न जातजाति, भाषा, धर्म, पेशा, व्यवसाय र वर्णका मानिसको बसोबास छ। राष्ट्रिय एकताबिना समग्र देशको र प्रदेशको समेत आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकास सम्भव छैन। यसको सबलीकरणका लागि मुलुकको सबै क्षेत्र, जातजाति, वर्ग, समुदायका नागरिकहरुको विकासका लागि समान अवसर आवश्यक छ। राष्ट्रिय एकताको भावनालाई समेट्ने गरी आवधिक योजनाले प्रदेशको ठोस लक्ष्य तथा उद्देश्य तय गरेको छ।

### प्रमुख समस्या

प्रदेशभित्रका वर्गीय, जातीय, लैङ्गिक, राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा भाषिक विविधता व्यवस्थापन नहुनु, यसै विषयअन्तरगत उठेको विविध पहिचानको विषय उचित एवम् उपलब्धिमूलक ढङ्गले सम्बोधन हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

विभिन्न समुदायलाई राष्ट्रिय एकताको भावना जागृत गराउनु, सङ्घीयताको कार्यान्वयनको सवालमा सबै वर्ग समुदायको भावनालाई कदर गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार उपयोग गर्दा समन्वय र पारस्परिक सहयोगको आधारमा राष्ट्रिय एकताको भावनालाई विकास गर्नु आदि प्रमुख चुनौती हुन्।

प्रदेशको वर्गीय, जातीय, लैङ्गिक, राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा भाषिक विविधताको एकता सुनिश्चित गर्नु, सहकारिता, समन्वय, सह-अस्तित्वका आधारमा सङ्घीयताको प्रवर्धन गर्नु, आर्थिक र सामाजिक रुपान्तरणको व्यग्र जनचाहना हुनु, विविधता व्यवस्थापनको संवैधानिक व्यवस्था हुनु र तहगत सरकारबिचको अन्तरसन्बन्ध र आबद्धता हुनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

विविधताको व्यवस्थापनमार्फत् राष्ट्रिय एकताको प्रवर्धन।

**लक्ष्य**

विविधताको व्यवस्थापनलाई विकाससँग आबद्ध गर्ने।

**उद्देश्य**

विविधताको उचित सम्बोधन गरी राष्ट्रिय एकतालाई मजबुत बनाउनु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक द्वन्द्व सिर्जना गर्ने गतिविधिलाई कानुनी दायरामा ल्याउने। | १. प्रदेशमा शान्ति, सुव्यवस्था, आपसी मेलमिलाप र सद्भाव बढाउन प्रत्येक नागरिक जिम्मेवार बन्ने गरी उत्प्रेरित गरिनेछ।<br>२. सामाजिक सद्भाव बढाउदै समाजमा द्वन्द्व सिर्जना हुन नदीन तीन तहका सरकारबिच सहयोग, समन्वय र सहकार्य गरिनेछ।<br>३. प्रदेशको अहित हुने कामलाई निस्तेज पारिनेछ। |
| २. आपसी सद्भावको वातावरण बनाउने। | १. मुलुकको स्वतन्त्रता, सार्वभौमिकता तथा राष्ट्रिय एकताको सबलीकरण र सङ्घीय एकाइबिच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै आपसी सद्भाव कायम गरिनेछ। |
| ३. विविधता व्यस्थापनका सम्बन्धमा नागरिकमा चेतना अभिवृद्धि गर्ने। | १. प्रदेशको जातीय, भाषिक, लैङ्गिक, क्षेत्रीय तथा सांस्कृतिक विविधता र सह-अस्तित्वका बारेमा सचेतना अभिवृद्धि गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशको भौगोलिक तथा सामाजिक विविधताको उचित उपयोग गरी राष्ट्रिय एकता सुदृढ बनाउने कार्यमा सबै नागरिक एकजुट भएको तथा सामाजिक-सांस्कृतिक रूपले सभ्य तथा परिष्कृत नागरिक समाज तयार भई समृद्ध एवम् खुसी प्रदेश निर्माणको वातावरण तयार हुने अपेक्षा गरिएको छ।

## ८.२ शान्ति, सुरक्षा तथा सुव्यवस्था

### पृष्ठभूमि

प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थाको विश्वसनीय वातावरणले सुशासन र विकासको आधार तय गर्दछ। आन्तरिक प्रशासनलाई सबल र सक्षम बनाई नागरिकमा शान्ति सुरक्षाको अनुभूति दिलाउन सुशासनयुक्त सेवा प्रवाह गर्ने दायित्व प्रदेश सरकारको रहेको छ। वर्तमान समयमा प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थाको अवस्था सुधारिदै गएकोमा यसलाई थप व्यवस्थित र परिष्कृत हुने गरी प्रदेश कानुनको निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्नु अत्यावश्यक रहेको छ।

### प्रमुख समस्या

शान्ति, सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, रणनीति तथा योजना एवम् कार्यक्रम प्रभावकारी रूपमा लागू नहुनु, सुरक्षा निकायहरुबिच समन्वय, सबलीकरण र क्षमता अभिवृद्धि कार्यक्रम यथेष्ट रूपमा सञ्चालन हुन नसक्नु, सीमापार अपराधलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्नका लागि अपराध नियन्त्रण र अनुसन्धानसम्बन्धी आवश्यक नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन गराउनु तथा प्रदेश प्रहरीको व्यवस्थापन, अन्तर्राष्ट्रिय खुला सिमानाका कारण सुरक्षाको चुनौती प्रदेशमा रहनु आदि प्रमुख चुनौती हुन्।

संविधानतः प्रदेश प्रहरी समायोजन कार्य अगाडि बढ्नुले प्रदेशमा शान्ति सुरक्षा कायम गर्नु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

सुरक्षित, सुव्यवस्थित र शान्तिपूर्ण प्रदेश।

### लक्ष्य

प्रदेशका नागरिकलाई शान्ति सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति गराउने।

### उद्देश्य

प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशका नागरिकबिच आपसी सद्भाव कायम गर्ने। | १. राष्ट्रिय एकता अभिवृद्धि गरी प्रदेशका नागरिकबिच मेलमिलाप र आपसी सद्भाव कायम गर्नका लागि संयुक्त रूपमा सामाजिक, साँस्कृतिकलगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. प्रदेशमा हुने अपराध नियन्त्रण गर्ने। | १. सबै किसिमका अपराधिक क्रियाकलापहरु नियन्त्रण गर्न सुरक्षा, अनुसन्धान तथा अभियोजन संयन्त्रलाई सक्रिय बनाउदै प्रदेश र जिल्लाका प्रशासनिक निकायबिचको समन्वयलाई प्रभावकारी बनाइनेछ। |
| ३. प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्ने। | १. प्रदेशको सुरक्षा व्यवस्थापन गर्न नेपाल प्रहरी तथा कानुन बमोजिम प्रदेश प्रहरीका साथै सङ्घीय सरकारसँग सहकार्य गरी सशस्त्र प्रहरीलगायतका सुरक्षा निकायलाई परिचालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशको सुरक्षा, अनुसन्धान तथा अभियोजन क्षमता वृद्धि भएको भई प्रदेशमा सबै किसिमका अपराधिक घटनाहरु न्यून हुनेछन्। समाजमा शान्ति सुव्यवस्था र अमनचयन कायम भई राष्ट्रिय एकता थप मजबुत भएको हुने अपेक्षा गरिएको छ।

## ८.३ नेतृत्व निर्माण

### पृष्ठभूमि

संविधानले प्रदेशमा समावेशी सामाजिक न्यायका माध्यमबाट लोककल्याणकारी राज्यको व्यवस्था गर्ने गरी जनहित र प्रदेशको विकासमा सुशासनलाई जोडेर प्रदेशबासीलाई लोकतान्त्रिक अधिकारको निर्बाधरूपमा उपभोग गराउन सक्ने असल नेतृत्वको परिकल्पना गरेको छ। लोकतान्त्रिक राज्य प्रणालीमा प्रदेशबासीको सहभागितालाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी युवा सशक्तीकरण, रोजगारी र प्रदेशको सर्वाङ्गीण विकासमा उच्च योगदान स्थापित गराउन सक्ने नेतृत्व निर्माण अत्यावश्यक छ। प्रदेशको समग्र विकासमा लोकतन्त्रप्रति प्रतिबद्ध, इमानदार तथा कर्तव्यनिष्ठ र नागरिकको विश्वास जित्न सफल नेतृत्वले मात्र योजनाबद्ध विकासलाई गति दिन सक्ने तथ्यलाई मूर्तरूप दिनु आवश्यक छ।

### प्रमुख समस्या

नेतृत्व विकासको लागि सामाजिक वातावरण तयार नहुनु, युवाले व्यक्तित्व विकास र सशक्तीकरणका लागि अपेक्षाकृत अवसर नपाउनु, नेतृत्व उदाहरणीय बन्न नसक्नु, असल राजनीतिक र प्रशासनिक संस्कारको प्रवर्धन हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

क्षमतावान्, नैतिकवान् र दूरदृष्टि भएको नेतृत्वको विकास गर्नु, नेतृत्वमा इमानदारिताको मानक स्थापित गराउनु, युवामा नेतृत्व विकासको अवसर सिर्जना गर्नु आदि प्रमुख चुनौती हुन्।

लोकतान्त्रिक विधिबाट नेतृत्व निर्माणको कानुनी व्यवस्था हुनु, नेतृत्व छनौटमा असल लोकतान्त्रिक अभ्यास हुनु, युवावर्गमा नेतृत्व लिने अग्रसरता बढ्दै जानु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

इमान्दार, ज्ञान र दूरदृष्टि भएको सक्षम नेतृत्व निर्माण।

### लक्ष्य

लोकतन्त्र र सुशासन सुनिश्चित गरी प्रदेशको सर्वाङ्गीण विकास गर्न सक्ने नेतृत्व निर्माण गर्ने।

### उद्देश्य

लोकतन्त्रप्रति प्रतिबद्ध, इमान्दार, कर्तव्यनिष्ठ तथा परिवर्तित परिस्थितिहरुलाई कुशल समायोजन गर्न सक्ने सक्षम नेतृत्व निर्माण गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको समग्र विकास गर्ने सक्षम नेतृत्व निर्माण गर्ने। | १. नेतृत्व र व्यवस्थापनसम्बन्धी लोकतान्त्रिक अभ्यासहरुलाई प्रभावकारी रूपमा लागू गरिनेछ। |
| २. कुशल नेतृत्व तयार गरी प्रदेशमा सकारात्मक परिवर्तन ल्याउने। | १. असल नेतृत्व तथा व्यवस्थापन अभ्यास सञ्चालन गरी कार्य परिवेश, व्यवस्थापन प्रणाली र परिवर्तनलाई सम्बोधन गर्ने क्षमता विकास गरिनेछ। |
| ३. दीर्घकालीन समृद्धिको मार्ग तर्जुमा गर्न सक्ने सामाजिक तथा राजनीतिक नेतृत्व निर्माण गर्ने। | १. लोकतान्त्रिक अभ्यासबाट सामाजिक तथा राजनीतिक क्षेत्रमा नेतृत्व विकास गर्न उपयुक्त वातावरण तयार गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा क्षमतायुक्त र कुशल नेतृत्व निर्माणका लागि उपयुक्त वातावरण र नीति निर्माण भएको हुने, सक्षम र दूरदृष्टि भएको नेतृत्वको उदाहरणमार्फत् प्रदेशको विकासले गति लिएको हुने अपेक्षा गरिएको छ।

## ८.४ न्याय प्रणाली

### पृष्ठभूमि

संविधान र सङ्घीयताको मर्मअनुसार प्रदेशबासीको इच्छा, आकाङ्क्षा तथा राष्ट्रिय मापदण्डअनुरूप कानुन निर्माण गरी समन्यायिक सिद्धान्तअनुरूप सबैमा न्यायको पहुँच पुऱ्याउनु अहिलेको आवश्यकता हो। यसका लागि प्रदेशमा मौलिक हकको कार्यान्वयन गरी नागरिक स्वतन्त्रता, मानवअधिकार र मानवीय मूल्य मान्यताको सम्मान, संरक्षण र संवर्धन गर्दै स्वतन्त्र, निष्पक्ष, सक्षम, छिटो-छरितो, सर्वसुलभ र प्रभावकारी व्यवस्था कायम गरी प्रदेशबासीले प्रत्यक्ष अनुभव गर्न सक्ने न्याय प्रणाली सुनिश्चित गर्नु अत्यावश्यक छ। प्रदेश सरकारको प्रमुख कानुनी सल्लाहकारका रूपमा संविधानले व्यवस्था गरेको मुख्य न्यायाधिवक्ताको भूमिकालाई कानुनको अनुशरण र प्रतिरक्षाका लागि अझ सबल र सुदृढ बनाउँदै मानवीय, सामाजिक तथा आर्थिक विकासको पूर्वशर्तका रूपमा रहेको कानुनी शासनलाई सबै पक्षबाट परिपालना गर्दै जीवन्त तुल्याई न्यायपूर्ण र गतिशील समाज निर्माण गर्न

आवश्यक छ।

## प्रमुख समस्या

मुद्दा व्यवस्थापन पद्धति सूचना प्रविधिसँग आबद्ध हुन नसकेकाले न्यायिक प्रक्रिया छिटो-छरितो, सहज र पूर्व अनुमानयोग्य हुन नसक्नु, अदालत र अर्धन्यायिक निकायमा बढ्दो कार्यचापअनुरूप स्रोतसाधनको व्यवस्थापन र जनशक्तिको क्षमता विकास हुन नसक्नु, फैसला कार्यान्वयन प्रभावकारी नहुनु, कानुनी शिक्षालाई आवश्यकता अनुसार विशिष्टीकृत र विविधीकरण गर्न नसक्नु, कानुनको परिपालना गर्ने संस्कृतिको विकास नहुनु, फैसला कार्यान्वयनको स्वचालित पद्धति विकास गर्न नसक्नु, साक्षी र पीडितको सुरक्षा व्यवस्थापन कमजोर हुनु आदि प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने कानुन तर्जुमा गर्नु, स्थानीय न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी एवम् गुणस्तरीय बनाउन सहजीकरण गर्नु, निशुल्क कानुनी सहायता सेवासम्बन्धी सूचना सबैलाई उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्नु, कानुनी शिक्षा र शिक्षण प्रणालीलाई समाजको विकासक्रम एवम् आवश्यकताअनुरूप विशिष्टीकृत, गुणस्तरीय र आकर्षित बनाउँदै लैजानु आदि प्रमुख चुनौती हुन्।

प्रदेशस्तरमा मुख्य न्यायाधिवक्ताको संवैधानिक व्यवस्था हुनु, न्याय सम्पादनमा आवश्यकताअनुसार प्राथमिकता निर्धारण गरिनु, सूचना प्रविधिमैत्री न्यायसम्पादन शुरु हुनु, न्यायिक तथा अर्धन्यायिक निकायले सुधारका क्षेत्र पहिचान गर्नु आदि प्रमुख अवसर हुन्।

## क्षेत्रगत सोच

स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली।

## लक्ष्य

कानुनी सहायताको प्रभावकारी अभिवृद्धिसँगै कानुनी शासनको प्रतिफल प्रदेशका नागरिकले अनुभव गर्ने न्याय प्रणाली स्थापना गर्ने।

## उद्देश्य

१. न्यायप्रणालीलाई छिटो-छरितो, सर्वसुलभ, निष्पक्ष, प्रविधिमैत्री तथा पहुँचयोग्य बनाई सुशासन कायम गर्नु।
२. कानुनी सेवाका क्षेत्रमा क्षमता अभिवृद्धि गरी गुणस्तरीय न्याय प्रणाली स्थापित गर्नु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशमा संविधान अनुकूलको कानुन निर्माण गर्ने। | १. संविधान कार्यान्वय गर्न अपुग भएका कानुन निर्माण गरिनेछ।<br>२. कानुन निर्माण गर्दा आम नागरिक तथा सरोकारवालासँग पर्याप्त छलफल र अध्ययन गरिनेछ।<br>३. निर्माण भएका कानुनबारे सर्वसाधारणमा छिटो जानकारी दिन र पहुँचयोग्य बनाउन प्रभावकारी सूचना प्रवाह गरिनेछ। |
| २. निशुल्क कानुनी सहायता सेवालाई नागरिकको पहुँचमा पुऱ्याउने। | १. निशुल्क कानुनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउँदै कानुन कार्यान्वयन गर्ने निकायको संस्थागत सुदृढीकरण एवम् क्षमता विकास गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा विधिको शासन सूचकाङ्क ०.५२ बाट ०.८२ पुगेको हुने, प्रदेशमा स्वतन्त्र, सक्षम एवम् प्रभावकारी कानुनको शासन एवम् नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण भएको हुने, सूचना प्रविधिको प्रयोगले कानुन र न्यायिक काम कारवाहीमा नागरिकको सहज पहुँच कायम भएको हुने तथा सबै पक्षबाट स्वामित्व लिने कानुन निर्माण भई कानुनको परिपालनाको संस्कारमा वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

## ८.५ मानव अधिकार

### पृष्ठभूमि

संविधानले मानव अधिकारको संरक्षण, संवर्धन र सम्मानका लागि आम नागरिकका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा स्पष्ट व्याख्या गरेको छ। नेपालले मानवअधिकारको संरक्षण, प्रवर्धनमा निरन्तर रूपमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँदै कार्यान्वयनका लागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ। प्रदेशमा समेत मानवअधिकारसम्बन्धी

जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी विकासका सवालहरुसँग मानवअधिकारका पक्षलाई समाहित बनाउन आवश्यक छ।

### प्रमुख समस्या

मौलिक हकको सुनिश्चितता गर्नका लागि प्रदेशस्तरीय कानुन एवम् मापदण्ड तयार नहुनु, प्रदेशमा सामाजिक भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा, बालविवाह विद्यमान रहनु; पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धताजस्ता कुराहरूमा मानवअधिकारको पक्षलाई मध्यनजर गर्न नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

मानवअधिकारसम्बन्धी कानुन र प्रावधानको ज्ञान आम नागरिक तथा सेवा प्रदायकसम्म पुऱ्याउनु र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको प्रत्याभूति गर्नु आदि प्रमुख चुनौती हुन्।

मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हुनु, मानव अधिकारसँग सम्बन्धित क्षेत्र, अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि तथा ऐच्छिक आलेखको पक्ष राष्ट्र हुनु, संविधान एवम् कानुनद्वारा संरक्षित मानवअधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानवअधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने निकायको व्यवस्था हुनु, न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

मानवअधिकारको संरक्षण र प्रवर्धन।

### लक्ष्य

नागरिकमा मानवअधिकारको प्रत्याभूति गर्दै मर्यादित र न्यायपूर्ण समाजको स्थापना गर्ने।

### उद्देश्य

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप प्रदेशमा मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन गर्नु।
२. सीमान्तकृत, विपन्न, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, समुदायका अधिकारको सुनिश्चित गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | १. संविधानमा व्यवस्था भएका मानव अधिकारसम्बन्धी प्रावधानलाई प्रभावकारी कार्यान्वय गर्न कार्यान्वयन निकायहरुको क्षमता अभिवृद्धि गरिनेछ।<br>२. न्यायमा पहुँच सुनिश्चित गर्न निशुल्क कानुनी सहायतासम्बन्धी नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्था गरिनेछ। |
| २. समाजमा रहेका सबै प्रकारका भेदभाव, छुवाछुत तथा हिंसाको अन्त्य गर्ने। | १. समाजमा रहेका भेदभाव, छुवाछुत र हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी त्यस्ता क्रियाकलापलाई कानुनी दायरामा ल्याइनेछ।<br>२. विपन्न, सीमान्तकृत र पिछडिएका वर्गका अधिकार सुनिश्चितताका लागि आवश्यक कार्य गरिनेछ। |
| ३. मानवअधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने। | १. प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ।<br>२. मानवअधिकार उल्लङ्घनका घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा मानव अधिकार सम्बन्धमा निर्माण भएका कानुन र अदालतका आदेश तथा फैसला कार्यान्वयन भई सबै प्रदेशबासीले मानवअधिकारको व्यवहारिक रूपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुने, मानव अधिकारसम्बन्धी नेपाल पक्ष राष्ट्र भएकाले अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिबद्धता अन्तर्गतका प्रतिवेदनसम्बन्धी दायित्व प्रदेश तहमासमेत कार्यान्वयन भएको हुने अपेक्षा गरिएको छ।

## ८.६ सङ्घीय शासन प्रणाली

### पृष्ठभूमि

मुलुक सङ्घीयतामा प्रवेश गरेपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा विभाजन गरी तीन तहको शासकीय पद्धति अवलम्बन गरिएको छ। सङ्घीय शासन प्रणालीअनुरूप राज्यको सार्वभौम शक्ति संविधानबाट सरकारका तीन तहमा बाँडफाँड गरिएको छ। कोशी प्रदेशमा सङ्घीय शासन प्रणालीको अभ्यासलाई स्थापित गर्ने कार्यहरु भएका छन्। केन्द्रीय तहबाट सम्बोधन हुन नसकेका तथा समाजमा पछि परेका समुदाय, वर्ग तथा क्षेत्रका अपेक्षाहरूलाई सम्बोधन गरी राष्ट्रिय राजनीतिको मूलधारमा समावेश गराउने उद्देश्यले प्रदेशमा विविधताको व्यवस्थापन, सीमान्तकृत समूहको सशक्तीकरण र भेदभावको अन्त्य गर्दै राज्यमा नागरिकको सहज पहुँच पुग्ने कार्य भएका छन्।

### प्रमुख समस्या

संविधानमा व्यवस्था भएका प्रदेशका कतिपय अधिकार सङ्घबाट हस्तान्तरण नहुनु, सङ्घीयता कार्यान्वयनको नयाँ अनुभव रहनु, सङ्घीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइनसक्नु, तीन तहका सरकारबिचको अन्तरसम्बन्ध स्पष्ट रूपमा परिभाषित नहुनु, एकअर्का सरकारबिच अपेक्षित समन्वय कायम हुन नसक्नु र प्रदेश र स्थानीय तहको क्षमता विकासको योजना नबन्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

प्रदेशमा प्रशासन र राजनीतिबिच अन्तरसम्बन्ध परिभाषित गर्नु, आवश्यकताअनुसार जनशक्ति व्यवस्थापन गर्नु, वित्तीय सङ्घीयताको कार्यान्वयन गर्नु, सङ्घीयताले व्यवस्था गरेका अधिकारहरूको अभ्यास गर्नु आदि प्रमुख चुनौती हुन्।

संविधानमा प्रदेशका अधिकार स्पष्ट उल्लेख हुनु, नागरिक आफ्ना अधिकारप्रति सचेत र जागरुक हुनु, निर्वाचनमार्फत् नागरिकले आफ्नो नेतृत्व छनौट गर्न पाउनु, प्रशासनिक संरचना र आवश्यक कानुनहरू क्रमशः निर्माण हुँदै जानु, सङ्घीयता कार्यान्वयनका लागि क्षमता विकास गर्न आन्तरिक तथा बाह्य सहयोग बढ्दै जानु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

सङ्घीय शासन प्रणालीको प्रवर्धन र असल अभ्यासद्वारा लोकतन्त्र र सुशासन।

### लक्ष्य

सङ्घीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा प्रदेशबासीको समान पहुँच र अवसर सुनिश्चित गर्ने।

### उद्देश्य

लोकतन्त्र र प्रदेश संरचनाबाट प्राप्त हुने समृद्धिको लाभलाई समानुपातिक, समावेशी र न्यायोचित रूपमा वितरण गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशमा आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने। | १. प्रदेशको अधिकारक्षेत्रभित्रका विषयमा आवश्यक कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. कानुन कार्यान्यवन गर्न आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ। |
| २. आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई व्यवस्थापन गर्ने। | १. आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधताका बिच समाजमा एकता कायम गर्न सामाजिक परिचालन, सचेतना एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा सङ्घीयता कार्यान्वयनसम्बन्धी आवश्यक नीति, कानुन तथा संस्थागत संरचना निर्माण भएको हुने तथा सङ्घीयतासम्बन्धी विभिन्न क्षेत्रका अधिकारको उपभोग र प्रयोग गरी सङ्घीय शासन प्रणाली मजबुत भएको हुने अपेक्षा गरिएको छ।

## ८.७ प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकास

### पृष्ठभूमि

संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्र तोकेको छ। राज्यशक्तिको प्रयोग गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनै तहको एकल तथा साझा अधिकार संविधानको अनुसूचीमा सुनिश्चित गरेको छ। संविधानले प्रदेश तथा स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्रको कर, सेवाशुल्क, दस्तुर र दण्डजरिवाना सङ्कलन र परिचालनको अधिकार दिएको छ। प्रदेशको विविधता सम्बोधन गर्दै आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको सन्तुलित विकास गरी सुशासन कायम गर्दै नागरिकमा प्रभावकारी सेवा प्रवाह गर्नु आवश्यक छ। प्रदेशस्तरका आर्थिक-सामाजिक नीति,

कार्यक्रम, आयोजना, प्रदेशभित्रको दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना आदि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्दछ।

### प्रमुख समस्या

संविधानले दिएका साझा अधिकारका सूचीका विषयमा कानुन निर्माण हुन बाँकी रहनु, साझा अधिकार सूचीमा रहेका अधिकारको बुझाइमा भिन्नता र समन्वयको कमी हुनु, प्रादेशिक तथा स्थानीय तहमा भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाइ हुनु र प्रदेशका सबै क्षेत्रको सन्तुलित विकासका लागि भौगोलिक विकटता रहनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

प्रदेशको विकासमा सन्तुलन कायम गर्नु, तीन तहको सरकारका अधिकारको सूचीमा थप स्पष्टता ल्याई जिम्मेवारी वहनमा समन्वय कायम गर्नुर सबै क्षेत्रको सन्तुलित विकास गर्नु आदि प्रमुख चुनौती हुन्।

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्र तोकिनु, एकात्मक राज्य प्रणालीबाट सङ्घीय प्रणालीमा रूपान्तरण हुनु, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको कर, सेवाशुल्क, दस्तुर र दण्डजरिवाना सङ्कलन गरी विकासका कार्यहरु अगाडि बढाउनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकासबाट प्रदेश समृद्धिको आधार तयार।

### लक्ष्य

राष्ट्रको समग्र विकासमा योगदान दिन सक्ने गरी प्रादेशिक तथा स्थानीय तहलाई सुदृढ बनाउने।

### उद्देश्य

प्रादेशिक तथा स्थानीय शासन प्रणालीमार्फत् सन्तुलित र दिगो विकासको सुनिश्चितता गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशले सङ्घीय सरकारको सहयोग र समन्वयमा आफ्नो भौगोलिक क्षेत्रको सन्तुलित विकास गर्ने। | १. योजना तथा कार्यक्रम तर्जुमा गरी प्रदेशमा उपलब्ध स्रोत-साधनको कुशलतापूर्वक उपयोग गरिनेछ।<br>२. सङ्घीय सरकारको सहयोग लिई ठुला प्रकृतिका कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।<br>३. प्रदेशको क्षेत्राधिकारको स्रोतबाट राजस्व वृद्धि गरिनेछ। |
| २. प्रदेश र स्थानीय तहबिच पारस्परिक समन्वय र सहकार्य गर्ने। | १. सेवाशुल्क, कर, रोयल्टी सङ्कलन र बजेट विनियोजन गर्दा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>२. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहसँग सहकार्य गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रदेश र स्थानीय तहबिच पारस्परिक समन्वय र सहकार्यबाट प्रदेशका सबै क्षेत्रको सन्तुलित विकास भएको हुने, प्रदेशले आफूलाई प्राप्त अधिकारको कार्यान्वयनका लागि आवश्यक कानुनको निर्माण गरी उच्च प्रतिफलयुक्त आयोजना तथा कार्यक्रम सञ्चालन गरेको हुने र प्रदेशको विकासमार्फत् सङ्घीयताको पूर्ण कार्यान्वयन भएको हुने अपेक्षा गरिएको छ।

## ८.८ शासकीय सुधार

### पृष्ठभूमि

सङ्घीय शासन प्रणालीअनुरूप सार्वजनिक सेवा प्रवाहका लागि आधार तयार भएसँगै प्रदेशमा नयाँ प्रकृतिको अभ्यासलाई व्यवस्थित गर्ने, आवश्यक कानुनी ढाँचाको विकास गर्ने र तीन तहका सरकारबिच समन्वय र सहकार्यका कार्यहरु भइरहेका छन्। प्रदेशमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा प्रदेशका नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउनु आवश्यक छ।

### प्रमुख समस्या

प्रदेशले प्रदान गर्ने सेवा प्रवाह र विकासको व्यवस्थापकीय दायित्व बहन गर्न सक्ने क्षमता अभिवृद्धि नहुनु, सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा प्रदेशको कर्मचारी व्यवस्थापनमा कठिनाइ हुनु, कर्मचारी प्रशासनलाई सेवामैत्री एवम् जनमुखी बनाउन नसक्नु, सार्वजनिक प्रशासनका क्षेत्रमा विकास भएका नवीनतम् अवधारणा एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, तीन तहबिच आवश्यक समन्वय हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

सार्वजनिक सेवामा पारदर्शिता, निष्पक्षता, कार्यकुशलता र प्रभावकारिता कायम गर्दै जनताको घर दैलोमा सेवा पुऱ्याउनु, विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु, सार्वजनिक सेवा प्रवाहप्रति नागरिकको विश्वास बढाउनु, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु आदि प्रमुख चुनौती हुन्।

प्रशासनिक संरचनाहरुको स्थापना हुँदै जानु, सेवा प्रवाहमा नवीनतम् प्रविधिको प्रयोग बढ्नु, प्रदेशमा विकास आयोजनाहरूको प्राथमिकीकरण र कार्यान्वयनमा नागरिकको चेतना र सहभागिता बढ्नु, स्रोत र साधनको बिकेन्द्रीकरण हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

शासकीय सुधार तथा सुशासनबाट सुख र समृद्धिको आधार तयार।

### लक्ष्य

शासन व्यवस्थाप्रति आमनागरिकको विश्वास अभिवृद्धि गर्ने।

### उद्देश्य

सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनविश्वास अभिवृद्धि गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शासकीय सुधार गर्ने। | १. आवश्यक ऐन, कानुन र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।<br>२. सार्वजनिक क्षेत्रमा नवीनतम् प्रविधि र ज्ञान प्रदान गर्न |

| | |
|---|---|
| | अध्ययन, तालिम र असल अभ्यासहरुको अवलोकन गर्ने व्यवस्था गरिनेछ।<br>३. राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीको कार्यसम्पादन स्तरलाई मापनयोग्य बनाई लागू गरिनेछ।<br>४. सार्वजनिक पदमा रहेका व्यक्तिहरूले मितव्ययिता, जवाफदेहिता र सदाचारलाई जीवनशैलीकै रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>५. सार्वजनिक निकायबाट सम्पादन हुने काममा आवश्यक समन्वय गर्न राजनीतिक तथा प्रशासनिक तहमा समन्वय प्रणालीको विकास गरिनेछ। |
| २. सार्वजनिक निकायका काम कारवाहीलाई नागरिकको दृष्टिकोणमा सकारात्मक छवि निर्माण गर्ने। | १. प्रदेशमा सार्वजनिक निकायका कार्यक्रम कम खर्चिलो र मितव्ययी रूपमा सम्पन्न गरिनेछ।<br>२. सार्वजनिक सेवा चुस्त-दुरुस्त, छिटो-छरितो, प्रभावकारी एवम् पारदर्शीरूपमा प्रवाह गरिनेछ।<br>३. गुनासो पेटीकामार्फत् गुनासाहरुको उचित सम्बोधन गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशको सार्वजनिक सेवाका काम-कारवाही प्रभावकारी, पारदर्शी, स्वच्छ, निष्पक्ष र छिटो-छरितो भएको हुने, कार्य सम्पादनस्तरमा सुधार आएको र समग्र प्रदेशको सार्वजनिक निकायका काम र कार्यशैलीमाथि जनविश्वास बढेको हुने अपेक्षा गरिएको छ।

## ८.९ प्रशासकीय सुशासन

### पृष्ठभूमि

सुशासन विकासको आधारभूत स्तम्भ हो जसले सार्वजनिक स्रोतहरुको पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता र कुशल व्यवस्थापन सुनिश्चित गर्दछ। यसले सहभागितालाई बढावा दिन्छ र विधिको शासन कायम गर्दछ। ट्रान्सपरेन्सी इन्टरनेशनल २०२३ को सूचकअनुसार विश्वका १८० देशमध्ये नेपाल १०८ औं स्थानमा रहेको छ, जसले सुशासनलाई सुदृढ पार्न निरन्तर प्रयासको आवश्यकता छ भन्ने देखाउँछ। प्रदेशको समुन्नति र आर्थिक गतिशीलतालाई उच्च पार्न शासन प्रणालीलाई जनमुखी,

सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजान आवश्यक छ।

### प्रमुख समस्या

अन्तर-सरकार समन्वय, शासन सञ्चालन र सेवा प्रवाहसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा भइनसक्नु, जवाफदेहिता, जिम्मेवारीबोध र सेवाग्राहीमैत्री व्यवहार पूर्णरूपमा लागू हुन नसक्नु र सदाचार कायम गर्न नसकिनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

नागरिकको बढ्दो अपेक्षा सम्बोधन गर्न प्रशासकीय सुशासन कायम गरी सेवा प्रवाहमा सुधार गर्नु, तीन तहका सरकारबिच प्रभावकारी प्रशासकीय समन्वय कायम गर्नु, संरचनागत तथा नीतिगत व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन्।

सार्वजनिक प्रशासनका क्षेत्रमा नयाँ प्रविधि, ज्ञान सीप, क्षमता भएका जनशक्तिको प्रवेश हुँदै जानु, सार्वजनिक प्रशासन समावेशी हुँदै जानु, सार्वजनिक सेवाप्रति नागरिकको चेतना अभिवृद्धि हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

प्रभावकारी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, जिम्मेवार र प्रविधियुक्त शासनबाट प्रशासकीय सुशासन प्रवर्धन।

### लक्ष्य

प्रशासकीय सुशासन कायम गरी जनविश्वास अभिवृद्धि गर्ने।

### उद्देश्य

प्रदेशको सुरक्षा तथा विकास प्रशासनलाई प्रभावकारी बनाउनु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत तथा संस्थागत व्यवस्था गर्ने। | १. प्रशासनिक क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नीति, नियम मापदण्ड र संरचना/संयन्त्र बनाई कार्यान्वयन गरिनेछ। |
| २. सेवाप्रवाहलाई प्रभावकारी बनाउने। | १. सार्वजनिक सेवालाई प्रभावकारी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, जिम्मेवार र प्रविधियुक्त बनाइनेछ।<br>२. सेवाप्रवाहलाई पारदर्शी, छिटो-छरितो, उत्तरदायी बनाउन निगरानी बढाइनेछ। |
| ३. कर्मचारीको क्षमता विकास गर्ने। | १. सेवाप्रवाह प्रभावकारी बनाउन कर्मचारीलाई नवीनतम् प्रविधि र ज्ञान प्रदान गर्न अध्ययन, तालिम तथा असल अभ्यासहरुको अवलोकन गर्ने व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशको प्रशासकीय क्षमता अभिवृद्धि भएको हुने, सार्वजनिक सेवा प्रभावकारी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, जिम्मेवार तथा प्रविधियुक्त भएको हुने र सार्वजनिक सेवाप्रति नागरिकको सन्तुष्टि वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

## ८.१० भ्रष्टाचार निवारण

### पृष्ठभूमि

प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितमूलक बनाउँदै प्रदेश सरकारबाट प्राप्त हुने सार्वजनिक सेवा सुविधामा सहज पहुँच सुनिश्चित गरी नागरिकमा सुशासनको प्रत्याभूति रहने नीतिअनुरूप कानुनी र संरचनागत व्यवस्था गरिएको छ। प्रदेशमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनको पालना गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य तथा आर्थिक अनियमिततालाई समेत कानुनका दायरामा ल्याउन प्रचलित कानुनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

**प्रमुख समस्या**

आर्थिक अनियमितता तथा भ्रष्टाचारजन्य कार्यबाट सिर्जित सम्पत्ति विरुद्ध जनमत बलियो बनाउन नसक्नु, सार्वजनिक तथा निजी क्षेत्रको आर्थिक अनियमिततालाई पूर्णरूपमा कानुनी कारवाहीको दायरामा ल्याउन नसक्नु, सार्वजनिक सेवाप्रवाह गर्ने निकायहरुको कामकारवाही पूर्णरूपमा प्रविधियुक्त र पारदर्शी बनाउन नसक्नु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

समाजमा नैतिक मूल्य मान्यताको विकास गरी भ्रष्टाचारलाई सामाजिक अपराधका रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य कसुरमा देखिएका नयाँ-नयाँ स्वरूप नियन्त्रण गरी समग्र सार्वजनिक सेवालाई प्रभावकारी बनाउनु आदि प्रमुख चुनौती हुन्।

प्रदेश संरचना नयाँ भएकाले गलत आर्थिक क्रियाकलापलाई नियन्त्रण गरी विकासतर्फ अग्रसर हुने अवसर हुनु, भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति रहुनु, नागरिकमा भ्रष्टाचार र आर्थिक अनियमितताप्रति सचेतना बढ्दै जानु, नियामक निकायको क्षमता तथा कार्यशैली प्रभावकारी बन्दै जानु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

सदाचारयुक्त सुशासित प्रदेश निर्माण।

**लक्ष्य**

प्रदेशमा भ्रष्टाचारजन्य कार्य तथा आर्थिक अनियमितताहरुको नियन्त्रण गरी सदाचार प्रदेशको सुनिश्चितता गर्ने।

**उद्देश्य**

प्रदेशमा भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सुशासन प्रवर्धन गर्नु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान नीति तथा कानुनमा समायानुकूल परिमार्जन गर्ने तथा कार्यान्वयन गर्ने। | १. भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन एवम् नीतिगत सुधारलाई निरन्तरता दिइनेछ ।<br>२. नीतिगत तहमा भ्रष्टाचारको अन्त्य गर्दै नीति निर्माणकर्तालाई जवाफदेही र उत्तरदायी बनाइनेछ। |
| २. सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने। | १. भ्रष्टाचारसम्बन्धी सूचनाको सङ्कलन, आदान-प्रदान र विश्लेषण गरी आवश्यक कारवाहीका लागि नियामक निकाय एवम् सम्बन्धित निकायमा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।<br>२. प्रदेशमा भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक, उपचारात्मक र प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। |

अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा प्रदेशमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रमा भ्रष्टाचार नियन्त्रण भई सदाचार प्रवर्धन भई सुशासित प्रदेशका रूपमा विकास भएको हुने अपेक्षा गरिएको छ।

## ८.११ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

### पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसारजस्ता जघन्य अपराधको निरोध, पीडितको संरक्षण तथा कानुनी उपचार अत्यन्त महत्त्वपूर्ण छ। मानव समाजको विकासक्रमसँगै विभिन्न स्वरूपमा मानव बेचबिखन तथा ओसारपसारको कार्य पनि विस्तार हुँदै आएको देखिन्छ। विज्ञान र प्रविधिको विकास तथा प्रयोगबाट भएको वर्तमान विकसित समाजमा समेत मानव बेचबिखन तथा ओसारपसारमा विभिन्न स्वरूपहरु देखा परेका छन्। नेपालमा मानव बेचबिखन तथा ओसारपसार विशेषगरी बालश्रम, बाल दासत्व, धर्मपुत्र धर्मपुत्री नाममा हुने शोषण, गैर कानुनी रूपमा हुने गरेको मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण, गैरकानुनी आप्रवासन आदि स्वरूपमा भईरहेका छन्। यस्ता गतिविधिहरुलाई निर्मूल र निस्तेज पार्न प्रदेश सरकारले सङ्घ स्थानीय तहको समन्वय र सहकार्यमा

जोखिम क्षेत्र समूह र वर्ग लक्षित सचेतना र द्रूत प्रतिकार्यसम्बन्धी कार्य गर्नु आवश्यक छ।

**प्रमुख समस्या**

प्रदेशमा मानव बेचबिखन तथा ओसारपसारको आधिकारिक सूचना तथा तथ्याङ्क उपलब्ध नहुनु, पीडित वर्गमा महिला तथा बालबालिकाको सङ्ख्या उच्च हुनु, मानव बेचबिखनको फेरिंदो स्वरूप हुनु, जोखिममा प्रायः अशिक्षित वर्ग र चेतनाको कमी भएका व्यक्तिहरू हुनु, गरिबी र बेरोजगारीका कारण जीविकोपार्जनको माध्यम बनाउन बाध्य हुनु, मानव बेचबिखन तथा ओसारपसार न्यून लगानीमा अधिक नाफा हुने धन्दाका रूपमा प्रयोग हुनु आदि प्रमुख समस्या  हुन्।

**चुनौती तथा अवसर**

महिला तथा किशोरीहरूलाई उपभोग्य वस्तुका रूपमा हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन गर्नु; घरेलु हिंसा, यौन दुर्व्यवहारलगायत लैङ्गिकतामा आधारित हिंसा र द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरू, घरबाट भागेका बालबालिका, किशोरी, युवा र महिलाहरूलाई आर्थिक स्थितिले मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न व्यक्तिहरुले गर्ने प्रयोगलाई रोक्नु; लक्षित वर्ग, क्षेत्र तथा समुदायमा सचेतना वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन्।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनहरुको निर्माण हुनु, कानुन कार्यान्वयन गर्ने निकायहरुको स्थापना हुनु, सरकारी तथा गैर-सरकारी संस्थाहरुको सक्रियता तथा चासो रहनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गरी सभ्य समाजको निर्माण।

**लक्ष्य**

मानव बेचबिखन तथा ओसारपसाररहित प्रदेश निर्माण गर्ने।

**उद्देश्य**

१. प्रदेशका महिला तथा बालबालिकाहरुलाई सबै प्रकारका शारीरिक र मानसिक हिंसाका जोखिमबाट संरक्षण गर्नु।
२. निरोधात्मक, उपचारात्मक र प्रवर्धनात्मक अभियानमार्फत् मानव बेचबिखन कार्यलाई नियन्त्रण गर्नु।
३. पीडित र प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापना सुनिश्चित गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जोखिममा रहेका समूहको पहिचान गरी आर्थिक, सामाजिक सशक्तीकरण र सचेतना अभिवृद्धि तथा सरोकारवालासँग सहकार्य गर्ने। | १. लक्षित समुदायमा जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार, स्थानीय तह र विकास साझेदारसँग सहकार्य गरिनेछ।<br>२. स्थानीय तहमा सुरक्षित आप्रवासनसम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम यस क्षेत्रका पैरवी गर्ने संस्था समेतको संलग्नतामा सञ्चालन गरिनेछ।<br>३. जोखिममा परेकाको एकीकृत तथ्याङ्क अध्यावधिक गरिनेछ। |
| २. पीडितको संरक्षणको लागि न्यायमा पहुँच सुनिश्चितता गर्ने। | १. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>२. सूचक, साक्षी र पीडितको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।<br>३. पीडितको पारिवारिक तथा सामाजिक पुनर्मिलन गर्न आवश्यक कार्य गरिनेछ।<br>४. यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक बेचबिखन नियन्त्रण गर्न जोखिम क्षेत्रको नियमन तथा अनुगमन गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>५. सीमापार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सङ्घीय सरकार तथा पैरवी संस्थासँग सहकार्य तथा समन्वय गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरुलाई कानुनी दायरामा ल्याइएको हुने, त्यस प्रकृतिका घटनाहरुमा उल्लेख्य कमी आएको हुने, स्थानीय तहमा घटना नियन्त्रण केन्द्रहरु

सञ्चालन भएका हुने, पीडितले न्याय पाएका हुने तथा पुनर्स्थापना केन्द्रहरुको प्रभावकारिता उच्च भएको हुने अपेक्षा गरिएको छ।

## ८.१२ सार्वजनिक वित्तीय सुशासन

### पृष्ठभूमि

सरकारी कोषको आय र व्ययसम्बन्धी कार्य गर्दा प्रचलित कानुनको परिपालना गरी समग्र आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता र आर्थिक अनुशासन कायम हुनु पर्दछ। सार्वजनिक स्रोत-साधन एवम् सम्पत्तिको परिचालन जिम्मेवारीपूर्वक गरी वित्तीय जवाफदेहिता एवम् पारदर्शिता कायम गर्न आर्थिक प्रशासन तथा अनुशासनसम्बन्धी नीति, नियम तथा मापदण्ड आवश्यक पर्दछ। आर्थिक प्रशासन एवम् वित्तीय व्यवस्थापनका क्षेत्रमा आर्थिक सुशासन कायम हुन सकेमा मात्र लक्ष्यअनुसार कार्यप्रगति हासिल गर्न सकिन्छ र सार्वजनिक निकायप्रति नागरिकको विश्वास अभिवृद्धि हुन्छ। आर्थिक अनुशासन व्यवस्थापनको व्यवस्थापकीय क्षमता तथा उसको सदाचार मापन गर्ने एक सूचक पनि हो। यो व्यवस्थापनको आचरण एवम् व्यवहारसँग जोडिएको विषय पनि हो। आर्थिक कारोबार, बजेट निकासा, खर्च, लेखाङ्कन, प्रतिवेदन, लेखापरीक्षणलगायतका पक्षमा सुधार गरी आर्थिक अनुशासन कायम गर्न सकिन्छ।

### प्रमुख समस्या

सरकारी आर्थिक कारोबारमा पारदर्शिताको कमी रहनु, आयोजना तथा कार्यक्रम एवम् सार्वजनिक खरिदका लागि वास्तविक मूल्यअनुसार लागत अनुमान तयार नहुनु, फजुल खर्च बढ्दै जानु, बजेट र कार्यक्रममा विनियोजित रकम समयमा खर्च हुन नसक्नु, लक्षित उद्देश्य तथा तोकिएको काममा खर्च नहुनु, बास्केट फण्ड र अबण्डा शीर्षकबाट खर्च गर्ने प्रवृत्ति बढ्नु, विनियोजित रकमभन्दा बढीको खर्च दायित्व सिर्जना हुनु, भएका कामको गुणस्तर पनि कम हुनु, प्रशासनिक खर्चमा अस्वाभाविक वृद्धि हुनु, बेरुजु बढ्दै जानु, बेरुजु फस्र्यौट तथा समपरीक्षण न्यून रहनु, प्रशासनिक खर्च, विभिन्न कन्टिङजेन्सी खर्च गर्ने स्पष्ट मापदण्ड नहुनु, सार्वजनिक निकायले आफैं गर्न सक्ने काम पनि परामर्शदाताबाट गराउने प्रवृतिमा वृद्धि हुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

आर्थिक कारोबारमा संलग्न अधिकारप्राप्त अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउनु, आयोजनाको गुणस्तर परीक्षण यथार्थपरक बनाउनु, सरकारी आर्थिक कारोबारमा तेस्रो पक्षबाट स्वतन्त्र परीक्षण वा मूल्याङ्कन गराउनु, बेरुजु नहुने गरी आर्थिक कारोबार गर्नु, सरकारी खर्चमा पारदर्शिता कायम गर्नु,

आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु, सरकारी हानी नोक्सानी हुने गरी कारोबार गर्ने व्यक्तिलाई जिम्मेवार बनाउनु, बेरुजुलाई वृत्ति विकास र कार्यसम्पादन मूल्याङ्कन सँग आबद्ध गर्नु, दण्ड र पुरस्कार प्रणाली लागू गर्नु, यथार्थ कारोबारमा आधारित खर्च भुक्तानी र वास्तविक लेखा राख्न आदि प्रमुख चुनौती हुन्।

सरकारी आर्थिक कारोबार र अनुशासन कायम गर्ने ऐन कानुनहरु विद्यमान रहनु, आर्थिक कारोबारको स्वतन्त्र परीक्षण र मूल्याङ्कन गर्ने संवैधानिक निकाय रहनु, बेरुजुप्रति सम्बन्धित व्यक्ति जिम्मेवार हुने व्यवस्था हुनु, सरकारी खर्चमा पारदर्शिता कायम गर्न संयन्त्रको व्यवस्था हुनु, आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु साथै दण्ड र पुरस्कार प्रणाली लागू हुनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

आर्थिक कारोबारमा स्वच्छता र पारदर्शिताबाट सुशासन कायम।

**लक्ष्य**

सरकारी आर्थिक कारोबारलाई स्वच्छ, पारदर्शी र बेरुजूरहित बनाई वित्तीय अनुशासन कायम गर्ने।

**उद्देश्य**

१. सार्वजनिक आय र व्ययका सम्पूर्ण कार्यलाई व्यवस्थित गरी आर्थिक प्रशासनमा जवाफदेहिता र पारदर्शिता कायम गर्नु।
२. बजेट तथा आयोजना व्यवस्थापनमा अनुशासन कायम गर्दै सरकारी खर्चमा दक्षता र कार्य कुशलता अभिवृद्धि गर्नु।
३. वित्तीय उत्तरदायित्व वहन गर्न जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. ऐन, नियमको परिपालना गरी आर्थिक प्रशासनमा पारदर्शिता तथा नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउने। | १. आय र व्ययसँग सम्बन्धित ऐन नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>२. आर्थिक कारोबारको व्यवस्थित रूपमा लेखाङ्कन र प्रतिवेदन तयार गरिनेछ। |

| | |
|---|---|
| | ३. आर्थिक कारोबारमा संलग्न अधिकारीलाई जवाफदेही बनाइनेछ।<br>४. सार्वजनिक खरिद कार्यलाई पारदर्शी बनाइनेछ ।<br>५. सार्वजनिक निकायको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिनेछ। |
| २. आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउने। | १. कार्यालय प्रमुखले कार्यालयको समग्र आर्थिक पक्षको नियन्त्रण गर्ने व्यवस्था गरिनेछ।<br>२. निर्देशन दिने, निरीक्षण गर्ने, समन्वय गर्ने, अनुगमन गर्ने, भौतिक परीक्षण गर्ने विषयलाई प्रभावकारी बनाइनेछ। |
| ३. आन्तरिक लेखापरीक्षण सुदृढ बनाउने। | १. चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण तथा आर्थिक वर्ष समाप्त भएपछि समयमै अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ।<br>२. बेरुजु हुन नदिने र भएको बेरुजुलाई कानुनको दायरामा ल्याएर फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।<br>३. बेरुजुमा जिम्मेवार अधिकारीलाई जवाफदेही बनाइनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा सार्वजनिक आय र व्ययका सम्पूर्ण कार्यहरु व्यवस्थित भएका हुने, आर्थिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता कायम भएको हुने, विनियोजन दक्षता र कार्यान्वयनमा कुशलता अभिवृद्धि भएको हुने तथा बेरुजु न्यून भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. शान्ति सुरक्षा तथा सुव्यवस्था प्रवर्धन कार्यक्रम

२. नेतृत्वको स्वमूल्याङ्कन प्रणाली विकास

३. न्याय प्रणाली विस्तार कार्यक्रम

४. विद्युतीय शासन प्रणाली स्थापना

५. अन्तरतह समन्वय

६. सुशासन तथा क्षमता विकास कार्यक्रम

७. भ्रष्टाचार नियन्त्रण कार्यक्रम

८. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यक्रम

९. वित्तीय सुशासन प्रवर्धन कार्यक्रम

# परिच्छेद ९ : अन्तरसम्बन्धित क्षेत्र

## ९.१ तथ्याङ्क प्रणाली

### पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयनको प्रभावकारी मापन तथा सुधार गर्न विश्वसनीय र खण्डीकृत तथ्याङ्क अपरिहार्य हुने भएकाले आवधिक योजनाले तथ्याङ्क प्रणाली सुधारलाई उच्च महत्त्व दिएको छ। तथ्य र अनुसन्धानमा आधारित नीतिनिर्माण तथा निर्णय प्रक्रियालाई बलियो बनाउन पर्याप्त अद्यावधिक र खण्डीकृत तथ्याङ्कको आवश्यकता पर्दछ। प्रदेशस्तरीय खण्डीकृत तथ्याङ्कको विकास गर्न सकेमा प्रदेशले नीति, योजना तर्जुमा र आवश्यकताबमोजिमका अध्ययन कार्यहरु सम्पादन गर्न सक्दछ। यसका लागि प्रदेशमा नियमित प्रशोधित तथ्याङ्क सार्वजनिक गर्न सक्ने गरी प्रदेश केन्द्रित तथ्याङ्क प्रणाली विकास गर्नु आवश्यक छ।

### प्रमुख समस्या

प्रदेशस्तरीय खण्डीकृत तथ्याङ्कको अभाव हुनु, प्रदेशमा तथ्याङ्क व्यवस्थापनको लागि छुट्टै संस्थागत व्यवस्था नहुनु, तथ्याङ्कसम्बन्धी जनशक्तिको अभाव हुनु, तथ्याङ्कको लागि सङ्घीय निकायमा निर्भर रहनु, तथ्याङ्कको अभावमा अध्ययन तथा मूल्याङ्कनका कार्यहरुमा अवरोध आउनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

व्यवस्थित तथ्याङ्क प्रणालीको विकास गर्नु, विश्वसनीय तथ्याङ्क प्राप्त गर्नु, प्रदेशस्तरीय तथ्याङ्क सर्वेक्षण गर्नु आदि प्रमुख चुनौती हुन्।

प्रदेशको तथ्याङ्क प्रणाली विकास गर्न सकिने कानुनी प्रावधान हुनु, प्रदेशको सूक्ष्म तथ्याङ्क सङ्कलन र प्रशोधन गर्न स्थानीय तहसँगको सहकार्यको मार्ग प्रशस्त हुनु, प्रदेशमा तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक जनशक्ति तयार हुँदै जानु, प्रदेश पार्श्वचित्र निर्माण हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

विश्वसनीय तथ्याङ्क प्रणालीको विकासबाट योजना, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन।

### लक्ष्य

तथ्यपरक सूचना प्रविधिमा आधारित नीति तथा योजना तर्जुमा एवम् कार्यान्वयन गर्ने।

### उद्देश्य

१. वैज्ञानिक तथ्याङ्कप्रणाली स्थापना गरी आधारभूत तथ्याङ्क उपलब्ध गराउनु।

२. सूचना प्रणाली र अभिलेख व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्न सक्ने प्रणाली स्थापना गर्ने। | १. प्रदेशमा एकीकृत र खण्डीकृत तथ्याङ्कको नियमित सङ्कलन, प्रविष्टि, प्रशोधन र अभिलेखका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरिनेछ। |
| २. सङ्कलित तथ्याङ्कलाई प्रशोधन र नियमित अद्यावधिक गर्ने। | १. विश्वसनीय तथ्याङ्क सङ्कलन प्रशोधन र नियमित रूपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।<br>२. सङ्कलित तथ्याङ्कको प्रशोधनका लागि आवश्यक सफ्टवेयर र दक्ष जनशक्तिको व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा अनुसन्धानबाट आएका तथ्यका आधारमा नीतिनिर्माणको कार्य प्रारम्भ हुने र प्रदेशको खण्डीकृत तथ्याङ्कको व्यवस्थापन भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. तथ्याङ्क प्रणाली स्थापना तथा अभिलेख व्यवस्थापन कार्यक्रम

## ९.२ गरिबी निवारण

### पृष्ठभूमि

प्रदेशमा विद्यमान गरिबीको अवस्थालाई सुधार गर्न प्रथम आवधिक योजनादेखि नै प्रयासहरु भएका छन्। गरिबी निवारणसम्बन्धी ठोस रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयन गरी समग्र आर्थिक-सामाजिक विकासमार्फत् गरिबी अन्त्य गर्नु आवश्यक छ। प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १७.१९ प्रतिशत र बहुआयामिक गरिबी १५.९ प्रतिशत रहेको छ। मानव विकास

सूचकाङ्क ०.५८ छ जुन राष्ट्रिय औसतभन्दा केही कम हो। प्रदेशको आर्थिक असमानता सूचकाङ्क ०.३० रहेको हुँदा गरिबी निवारणका विशेष नीति तथा कार्यक्रममार्फत् असमानता न्यूनीकरण गर्नु आवश्यक छ।

### प्रमुख समस्या

गरिबलक्षित कार्यक्रम वितरणमुखी हुनु, बहुसङ्ख्यक नागरिक आश्रित भएको कृषि क्षेत्र निर्वाहमुखी हुनु, गरिब घरपरिवार पहिचान कार्य सम्पन्न नहुनु, स्रोत र साधन गरिबको पहुँचमा नहुनु, विप्रेषण उत्पादनमुखी कार्यमा लगाउन नसक्नु, गरिबी निवारण कार्यक्रमहरुबिच समन्वयको अभाव रहनु, लक्षित घरपरिवारमा सामाजिक सुरक्षा कार्यक्रम केन्द्रित हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

गरिबी न्यूनीकरणका लागि सबै वर्गहरुबिच गरिबी गहनता र असमानता कम गर्नु, प्रविधियुक्त सीपको पहुँच र रोजगारी गरिबसमक्ष पुऱ्याउनु, कृषिलाई व्यावसायीकरण गरी उचित बजारको व्यवस्था गर्नु, गरिब पहिचान गरी गरिबी उन्मूलनका ठोस कार्यक्रम सञ्चालन गर्नु, स्थानीय सीप र प्रविधिमा पहुँच भएका उद्यमीको स्वरोजगार प्रवर्धन गर्नु आदि प्रमुख चुनौती हुन्।

गरिबी निवारणमा तीनै तहका सरकारको सहकार्यको प्रावधान रहनु, गरिब घरपरिवार पहिचान प्राथमिकतामा रहनु, गरिब घरपरिवारलाई सामाजिक सुरक्षाका कार्यक्रमबाट सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु, कृषि पर्यटनको विकासमार्फत् गरिबका लागि रोजगारी सुनिश्चित गर्नु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

उद्यमशीलता, प्राविधिक सीप र रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण।

### लक्ष्य

निरपेक्ष गरिबी हटाई आर्थिक समृद्धिको आधार तयार गर्ने।

### उद्देश्य

गरिबी न्यूनीकरण गरी जनताको जीवनस्तरमा वृद्धि गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गरिबी निवारण कार्यक्रमलाई लक्षित समुदायको घरदैलोसम्म पुर्याउने। | १. गरिब घरपरिवार पहिचान गरी गरिबीको बर्गीकरण गरिनेछ।<br>२. पहिचान गरिएका गरिब घरपरिवारको आधारभूत आवश्यकता परिपूर्तिमा सहयोगी भूमिका निर्वाह गरिनेछ। |
| २. गरिबी न्यूनीकरणका लागि कृषि व्यावसायी र लघु उद्यमीको विकास गर्ने। | १. कृषि र लघु उद्यम विकासका लागि आधुनिक प्रविधि प्रवर्धन गरिनेछ।<br>२. व्यावसायिक कृषि र लघु उद्यमका लागि गरिब समुदायलाई प्रोत्साहन गरिनेछ। |
| ३. पहिचान गरिएका गरिब घरपरिवारको रोजगारीका लागि नीतिगत र संस्थागत व्यवस्था गर्ने। | १. सीपको आधारमा दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकको पहिचान गरी रोजगारीको अवसर प्रदान गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १७.२० बाट १२ प्रतिशतमा झरेको हुने, बहुआयामिक गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १५.९० बाट १२.९० प्रतिशतमा झरेको हुने, प्रदेशको गिनी गुणाङ्क ०.३० बाट ०.२६ मा झरेको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. गरिबी न्यूनीकरण विशेष कार्यक्रम

## ९.३ श्रम तथा रोजगारी

### पृष्ठभूमि

प्रदेशमा आर्थिक विकास र गरिबी निवारणका लागि श्रम शक्तिको विकास र उत्पादनमूलक रोजगारीलाई महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ। प्रदेश अर्थतन्त्रलाई सबल बनाउन कोशी प्रदेशले आफ्नो प्रथम आवधिक योजनादेखि नै प्रदेशभित्र बेरोजगारी दर घटाउने, श्रमको उत्पादन क्षमता वृद्धि गर्ने, सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने र स्वदेशी लगायत वैदेशिक रोजगारीलाई

व्यवस्थित गर्ने सोच अगाडि बढाएको छ। प्रदेशमा युवा जनशक्तिको प्रचुर बाहुल्य भएको कारण प्रदेशको समुन्नतिका लागि युवालाई रोजगारीका नयाँ क्षेत्रहरूमा आकर्षित गरी प्रादेशिक विकासका प्रमुख लक्ष्य हासिल गर्न सकिन्छ। जनसाङ्ख्यिक लाभ लिन युवा उद्यमशीलतालाई प्रदेशले प्रमुख प्राथमिकता दिएको सन्दर्भमा श्रमको उचित सम्मान र रोजगारीलाई यथेष्ट तुल्याउने गरी नीतिगत तथा संरचनागत व्यवस्था हुनु आवश्यक छ।

### प्रमुख समस्या

बेरोजगार, अर्ध बेरोजगार, अदक्ष र दक्ष जनशक्तिको तथ्याङ्क अद्यावधिक नहुनु, अस्थिर श्रम बजार र न्यून पारिश्रमिकका कारण प्रदेशभित्र युवाशक्ति उत्पादनशील क्षेत्रमा काम गर्न उत्प्रेरित नहुनु, राजनीतिक अस्थिरताले औद्योगिक उत्पादनको क्षेत्रमा निराशा सिर्जना भई बेरोजगारीको दर बढ्नु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

प्रदेशको श्रमबजारलाई सुव्यवस्थित गराउनु, रोजगारीको क्षेत्र विस्तार गर्नु, श्रम बजारमा सीप र दक्षता अनुरूप रोजगारी उपलब्ध गराउनु, युवा श्रमशक्तिलाई प्रदेशभित्रै टिकाउनु आदि प्रमुख चुनौती हुन्।

प्रविधिमैत्री युवापुस्ताले प्रदेशभित्रै बसेर अन्तर्राष्ट्रिय सञ्जालसँग कार्य गरी यथेष्ट आयआर्जन गर्न सक्ने वातावरण तयार हुँदै जानु, विदेशबाट प्रविधि र सीप सिकेर स्वदेश फर्केका नागरिक सम्वन्धित क्षेत्रका व्यवसायमा संलग्न हुनु, स्वरोजगार र ग्रामीण रोजगारमा सरकारको प्राथमिकतामा रहनु, लघुउद्यम विकासलाई नियमित रूपमा बजेटको व्यवस्था हुनु, सहुलियतपूर्ण कर्जाको व्यवस्था हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

सुरक्षित रोजगारी र श्रमको सम्मानः समुन्नत प्रदेशको आधार निर्माण।

### लक्ष्य

सीप, दक्षता अभिवृद्धि गरी श्रमिकको उत्पादकत्वमा वृद्धि गर्नु।

### उद्देश्य

१. सीप र दक्षता अभिवृद्धि गरी रोजगारी बढाउने।
२. अनौपचारिक क्षेत्रबाट औपचारिक क्षेत्रमा श्रमिकलाई स्थानान्तरण गर्ने।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने। | १. वैदेशिक रोजगारीबाट फर्केका र वैदेशिक रोजगारीमा जान चाहने युवाशक्तिलाई व्यावसायिक तालिमको व्यवस्था गरिनेछ।<br>२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिष्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन गरिनेछ।<br>३. निजी क्षेत्रको सहकार्यमा **On the Job Training, Internship** जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। |
| २. श्रमिकको हकहितको संरक्षण गर्ने। | १. श्रमिकको हकअधिकारको संरक्षण तथा असल श्रमसम्बन्ध स्थापना गरिनेछ।<br>२. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन अन्तरतह समन्वय गरिनेछ।<br>३. आप्रवासी स्रोत केन्द्र स्थापना गरिनेछ। |
| ३. वित्तीय साक्षरता प्रवर्धन गर्ने। | १. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि स्थानीय तहसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशतबाट ५.४ प्रतिशतमा घटेको हुने तथा श्रमको औसत उत्पादकत्त्व रु.१८९ हजारबाट रु.३०० हजार पुगेको हुने अपेक्षा गरिएको छ।

## प्रमुख कार्यक्रम

१. आप्रवासी स्रोत केन्द्र सञ्चालन

२. रोजगार सेवा केन्द्रहरूको क्षमता विकास कार्यक्रम

३. मनोसामाजिक परामर्श सेवा कार्यक्रम

४. सामाजिक पुनःएकीकरण कार्यक्रम

५. आर्थिक पुनःएकीकरण तथा सहुलियत ऋण प्रदान कार्यक्रम

६. सीप, उद्यमशीलता तथा वित्तीय साक्षरता प्रवर्धन कार्यक्रम

## ९.४ मानव संसाधन विकास

### पृष्ठभूमि

दिगो आर्थिक विकासका लागि मानव संसाधनको विकास अत्यावश्यक छ। मानव संसाधन विकासका क्षेत्रमा प्रदेशले धेरै प्रयास गर्नुपर्ने देखिन्छ। कोशी प्रदेशको मानव विकास सूचकाङ्क ०.५८ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा कम हो। कोशी प्रदेशको मानव विकास सूचकाङ्कको स्थितिलाई हेर्दा भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र अनुसन्धानात्मक विकासका सम्भावनाहरू खोजी गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ। अनुसन्धान र नवप्रवर्तनको रूपान्तरणमार्फत् तयार गर्न सकिने गुणात्मक मानव संसाधन विकासका लागि प्रदेशले जोड दिनु आवश्यक छ।

### प्रमुख समस्या

मानव संशाधन विकास र उपयोगसम्वन्धी प्रादेशिक नीति नहुनु, उत्पादित जनशक्ति र श्रम बजारको मागबिच तालमेल नहुनु, आन्तरिक बजारमा आवश्यक दक्ष जनशक्तिको अभाव रहनु, प्राविधिक शिक्षाको गुणस्तर बजार मागअनुरूपको नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

क्षेत्रगत रूपमा आवश्यक पर्न सक्ने मानव संसाधनको अध्ययन तथा प्रक्षेपण गर्नु, गुणस्तरीय सीप र तालिमको पहुँच विस्तार गर्नु, बौद्धिक पलायन रोक्नु आदि प्रमुख चुनौती हुन्।

प्रदेशमा क्रियाशील जनशक्तिको बाहुल्य रहनु, श्रम बजारमा गुणस्तरीय सीपयुक्त जनशक्तिको माग बढ्दै जानु, प्राविधिक र सीपयुक्त शिक्षामा आकर्षण रहनु, प्राविधिक तथा व्यवसायिक शिक्षण संस्थाहरुको सङ्ख्या बढ्दै जानु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

उत्पादनशील र दक्ष मानव संसाधनको विकास।

### लक्ष्य

बजारको मागअनुरूप दक्ष तथा कार्यकुशल मानव संसाधनको विकास गर्ने।

### उद्देश्य

१. प्रदेशलाई आवश्यक पर्ने दक्ष तथा कुशल मानव संसाधनको प्रक्षेपण तथा विकास गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. दिगो विकासको संवाहकका रूपमा मानव संसाधनको विकास गर्ने। | १. शैक्षिक संस्थामा व्यावसायिक र व्यवहारिक पाठ्यक्रमको निर्माण गर्न अन्तरतह समन्वय गरिनेछ।<br>२. मानव संसाधन विकासका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ। |
| २. मानव संसाधनको अनुसन्धान तथा विकास गर्ने। | १. जनशक्ति प्रक्षेपण तथा एकीकृत मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ।<br>२. विश्वविद्यालयस्तरमा अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धानात्मक गतिविधि सञ्चालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा जनशक्ति प्रक्षेपण तथा एकीकृत मानव संसाधन विकास योजना तर्जुमा भएको हुने, श्रम बजारको आवश्यकताअनुरूपका जनशक्ति तयार भएका हुने, श्रम बजारमा माग र आपूर्ति सन्तुलन भएको हुने आदि अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. जनशक्ति प्रक्षेपण तथा एकीकृत मानव संसाधन विकास कार्यक्रम

## ९.५ अनुसन्धान र विकास

### पृष्ठभूमि

प्रदेश सरकारले अनुसन्धानमा आधारित विकासको अवधारणालाई आत्मसात् गर्न आवश्यक छ। प्रदेशमा वैज्ञानिक अध्ययन, अनुसन्धान, नवप्रवर्तन, अनुसन्धानात्मक कार्यपद्धति तथा वैज्ञानिक आविष्कार आदिमा लगानी वृद्धि गरी अनुसन्धान र विकासको संस्कार स्थापित गराउने प्रयासहरु हुँदै आएका छन्। अनुसन्धानका क्षेत्रलाई सम्पूर्ण विषय क्षेत्रमा विस्तार गर्दै उच्च प्रतिफलमुखी कार्यक्रमको पहिचान र लगानी गर्नुपर्ने आवश्यकता रहेको छ।

**प्रमुख समस्या**

अनुसन्धान र विकास प्राथमिकतामा नपर्नु, युवा वैज्ञानिकको समुचित परिचालन नहुनु, प्रदेशमा एकीकृत अनुसन्धान विशेष एकाइको व्यवस्था नहुनु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

प्रादेशिक नीति तर्जुमाका क्रममा अनुसन्धान प्राथमिकतामा पार्नु, अनुसन्धान र विकासका कार्यहरु भरपर्दा र गुणस्तरयुक्त बनाउनु, अनुसन्धान र विकासको उपलब्धिलाई संस्थागत गर्नु आदि प्रमुख चुनौती हुन्।

प्रदेशमा क्षेत्रगत अनुसन्धानलाई विषयगत कार्यक्रमहरुमा संलग्न गर्ने परिपाटी विकास हुनु, अनुसन्धान र विकासका क्षेत्रमा विभिन्न संस्थाहरुको सञ्जाल स्थापना र विस्तार हुनु, अनुसन्धान र विकासबाट प्राप्त नतिजालाई पृष्ठपोषणका रूपमा उपयोग गर्ने वातावरण विकास हुँदै जानु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

अनुसन्धान र विकासमा आधारित समृद्ध प्रदेश।

**लक्ष्य**

अनुसन्धान र विकासको उपयोगमार्फत् समुन्नत प्रदेशको आधारस्तम्भ तयार गर्ने।

**उद्देश्य**

१. अनुसन्धान तथा विकासका लागि नीतिगत तथा संरचनागत व्यवस्था र लगानी गर्नु।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. अनुसन्धान तथा विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने। | १. अनुसन्धान तथा विकासको एकीकृत प्रादेशिक नीति तर्जुमा गरिनेछ।<br>२. दिगो आर्थिक विकासका विभिन्न क्षेत्रहरूलाई अनुसन्धानमा समाहित गरी उत्पादनलक्षित कार्यक्रममार्फत् प्रदेश निर्माण अभियानमा युवालाई समावेश गर्ने नीति लिइनेछ।<br>३. अनुसन्धान तथा विकासका लागि अन्तरतह समन्वय र सहकार्य गरिनेछ। |
| २. अनुसन्धान तथा विकासमा लगानी गर्ने। | १. विश्वविद्यालय र अन्य संस्थाबाट गरिने अनुसन्धान तथा विकासमा लगानी गरिनेछ।<br>२. नतिजा प्राप्त भएका क्षेत्रको व्यवसायीकरण र उपयोगका लागि सार्वजनिक तथा निजीक्षेत्रसँगको सहकार्यमा लगानी अभिवृद्धि गरिनेछ। |

### अपेक्षित उपलब्धि

अनुसन्धान र विकासमा लगानी वृद्धि भएको हुने, अध्ययन अनुसन्धानको तथ्याङ्कीय अभिलेख शुरु भएको हुने, प्रदेशको निर्णय प्रक्रियामा अनुसन्धानबाट आएको नतिजालाई आधार मान्ने संस्कारको विकास भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. अनुसन्धान तथा विकास प्रवर्धन कार्यक्रम

## ९.६ सामाजिक समावेशीकरण

### पृष्ठभूमि

नेपालको संविधानले आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक

तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरी मौलिकहकका रूपमा व्यवस्था गरेको छ। समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित र प्रभावकारी बनाउने गरी यस प्रदेशले माथि उल्लेखित वर्गलाई सीप विकास तालिम, छात्रवृत्ति, रोजगारलक्षित कार्यक्रम, शिक्षा र रोजगारीको क्षेत्रमा आरक्षण, मातृभाषाको संरक्षणजस्ता सामाजिक सद्भाव र व्यवहारमा क्रमशः सुधार ल्याउने खालका नीतिगत र संरचनागत रूपान्तरणमा विशेष ध्यान पुर्याउनु आवश्यक रहेको छ।

### प्रमुख समस्या

प्रदेशमा जातीय, धार्मिक तथा सामाजिक विविधीकरणका बाबजुद छुवाछुत विद्यमान रहनु, दाइजो प्रथाको चलन यथावत रहनु, सामाजिक आर्थिक विभेद कायम रहनु, स्रोतसाधन तथा सेवामा सीमान्तकृत समुदायको न्यायोचित पहुँच पुग्न नसक्नु, सामाजिक बहिष्करण हुनुजस्ता अमानवीय कार्य अस्तित्वमा रहनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

राज्यको संरचनामा समानुपातिक प्रतिनिधित्व गराउनु, समुदाय तथा वर्गबिचमा रहेको सामाजिक तथा आर्थिक विभेदको अन्त्य गर्नु, स्रोत साधनमा समावेशी पहुँच तथा अवसर सिर्जना गर्नु, नकारात्मक सामाजिक मूल्य-मान्यता तथा विकृतिहरूको अन्त्य गर्नु तथा सामाजिक न्यायसहितको समावेशी विकास सुनिश्चित गर्नु आदि प्रमुख चुनौती हुन्।

सामाजिक समावेशीकरणसम्बन्धी संवैधानिक व्यवस्था, सङ्घीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति रहनु, प्रदेश तहमा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा रहनु, साथै प्रदेशले सामाजिक समावेशीकरण र समावेशी विकासलाई प्राथमिकता दिनु आदि प्रमुख अवसर हुन्।

### सोच

समानुपातिक र समावेशी व्यवहार : सामाजिक सद्भाव समुन्नत प्रदेशको आधार।

### लक्ष्य

स्रोतसाधन तथा संरचनामा समावेशीतासहितको विभेदमुक्त प्रदेश निर्माण गर्ने।

### उद्देश्य

१. आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक रूपमा वञ्चितीकरणमा परेका समुदायको स्रोत, साधन तथा सेवामा न्यायपूर्ण पहुँच सुनिश्चित गर्नु।

२. प्रदेश सरकार तथा मातहतका सबै निकाय तथा संरचनाहरूमा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक समावेशीकरणको अवधारणालाई प्रदेश तथा स्थानीय तहमा संस्थागत गर्ने। | १. सामाजिक समावेशीकरण नीति प्रभावकारी बनाउन थप कार्यविधि, निर्देशिका, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |
| २. प्रदेशको समावेशी विकासमा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्ने। | १. प्रदेशको संरचनामा समानुपातिक समावेशीकरण सिद्धान्तबमोजिम सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>२. प्रदेश तथा स्थानीय तहमा योजनातर्जुमा, स्रोतसाधन, सेवा तथा सुविधा परिचालन र व्यवस्थापनमा समावेशीतालाई आन्तरिकीकरण गरिनेछ। |
| ३. स्रोत, साधन, सेवा, सुविधा र अवसरको न्यायोचित बितरण गर्ने। | १. सीमान्तकृत समुदायका व्यक्ति/समुदायको सशक्तीकरण गर्न नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२. वञ्चितीकरणमा परेका व्यक्ति वा समुदायको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्थामा रुपान्तरण गर्न क्षमता अभिवृद्धि गरिनेछ। |
| ४. सीमान्तकृत समुदाय, स्थानीय भाषा, तथा संस्कृतिको पहिचान तथा संरक्षण गर्ने। | १. आदिवासी, जनजाति, दलित, मुस्लिम, मधेशी, पिछडा लगायतका वर्गको मातृभाषा तथा संस्कृतिको संरक्षण गरिनेछ।<br>२. समाज र परिवारबाट बहिष्करणमा परेका व्यक्ति र समुदायको पहिचान, पुनःस्थापना र संरक्षण गरिनेछ। |

| | |
|---|---|
| ५. सामाजिक समावेशीताको क्षेत्रमा कार्यरत निकाय/संस्थासँग समन्वय गरी क्षमता विकास गर्ने। | १. सामाजिक समावेशीकरणका लागि सरोकारवालाहरूसँग आवश्यक समन्वय गरिनेछ।<br>२. समावेशीकरणसम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी सो क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा प्रदेशमा सामाजिक समावेशीकरणका लागि आवश्यक कानुनहरूको निर्माण तथा अद्यावधिक र सम्बन्धित संरचनाहरू गठन, पुनर्गठन तथा क्षमता विकास भएका हुने, प्रदेशअन्तरगत विभिन्न संरचना तथा विकास प्रक्रियामा विपन्न तथा सीमान्तकृत समुदायको सहभागिता तथा मुद्दा(चासो) मूलप्रवाहीकरणमा भएको हुने, प्रदेशमा सामाजिक समावेशीकरणका लागि क्रियाशील निकायहरू एवम् संस्थाहरूसँग समन्वय वृद्धि र उनीहरूको क्षमता विकास भएको हुने, साथै प्रदेशका समावेशीकरण सम्बन्धी खण्डीकृत तथ्याङ्क व्यवस्थित भएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रम

२. मूलप्रवाहीकरणका लागि क्षमता विकास कार्यक्रम

३. एकीकृत समावेशीकरण सूचना व्यवस्थापन कार्यक्रम

४. मातृभाषा तथा संस्कृतिको संरक्षण

## ९.७ विपद् व्यवस्थापन

**पृष्ठभूमि**

प्रदेशमा प्राकृतिक, भौतिक, मानवीय तथा वातावरणीय कारणले भूकम्प, बाढी, पहिरो, चट्याङ, खडेरी, आगलागी, सडक दुर्घटना लगायतका विपद्जन्य घटनाबाट धनजनको ठूलो क्षति हुँदै आएको छ । प्रदेश विपद् व्यवस्थापन ऐन जारी भई प्रदेश विपद्व्यवस्थापन समितिको गठन भएको छ। विपद् जोखिम न्यूनीकरण गर्न र विपद्को सामना गर्न १३७ वटै स्थानीय तहमा विपद्व्यवस्थापन समितिको गठन भई कार्यरत छन्। प्रदेश सरकारले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत तथा क्षतिपूर्ति एवम् पुनर्स्थापना गर्ने विषयलाई महत्त्वका साथ कार्यान्वयनमा

ल्याएको छ। प्रदेशमा Proactive र Reactive दुबै तरिका प्रयोग गरी विपद्का क्षेत्रमा थप कार्य गर्न आवश्यक रहेको छ भने प्राकृतिक प्रकोपबाट भएको क्षति अधिक रहेको कारण विपद्को सामना गर्न प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता रहेको छ।

**प्रमुख समस्या**

अव्यवस्थित बस्ती विस्तार हुनु, पहाडी भेगमा वनविनाश नरोकिनु, जोखिमयुक्त तथा संवेदनशील भौगर्भिक बनावट हुनु, भिरालो जमिनमा गरिने जोखिमयुक्त खेती प्रणाली हुनु, जलवायु परिवर्तनको नकारात्मक प्रभाव रहनु, प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको पर्याप्तता नहुनु, भौतिक विकास निर्माणमा मापदण्ड पालना नगर्ने प्रवृति हुनु, भूकम्पको उच्च जोखिम रहनु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

विपद्को असर र प्रभावको अध्ययन तथा अनुसन्धान गरी क्षेत्रगत रूपमा विकास योजना तर्जुमा गर्नु, नीतिनियम र मापदण्डको परिपालना गराउनु, जलाधार संरक्षण गर्नु, विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरबारे सचेतना अभिवृद्धि गर्नु, उच्च जोखिमक्षेत्र पहिचान गरी प्रतिरोधात्मक उपाय अबलम्बन गर्नु, विपदपश्चात् पीडितको पहिचान गरी पीडितलाई तत्काल राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यमा एकरूपता ल्याउनु, मानवीय क्रियाकलापबाट वातावरणमा परेको असर कम गर्नु आदि प्रमुख चुनौती हुन्।

सबै प्रकारका विपद्को सामना गर्नका लागि आधुनिक प्रविधियुक्त संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास हुँदै जानु, जलवायु परिवर्तन र विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगलाई सङ्घीय सरकारसँगको समन्वयमा बजेट प्रणालीमा आबद्ध गर्नु, दिगो तथा सुरक्षित विकासका लक्ष्यहरूमा प्रदेश सरकारको प्रतिबद्धता रहनु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

विपद्जन्य क्षतिको न्यूनीकरणमार्फत् दिगो विकास।

**लक्ष्य**

विपद्को क्षति न्यूनीकरण गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

**उद्देश्य**

१. विपद्बाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी

बनाउनु।

२. विपद् जोखिम न्यूनीकरणका लागि सचेतना अभिवृद्धि गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम न्यूनीकरण गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने। | १. विपद् जोखिम व्यवस्थापनका लागि तीनै तहका सरकार, विकास साझेदार, गैरसरकारी संस्थालगायत सहयोगी संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गरिनेछ।<br>२. विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रभावकारी सूचना प्रवाह गरिनेछ।<br>३. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तहका सहकार्यमा सचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. विपद् व्यवस्थापन समितिका समन्वयमा सुरक्षा निकाय र अन्य सरोकारवालाको विशिष्ट र क्षमतायुक्त टोली बनाई विपद् परेको बेला तत्काल परिचालन हुने गरी तयारी हालतमा राखिनेछ। |
| २. विपद् जोखिम क्षेत्रको अध्ययन अनुसन्धान तथा  क्साङ्कन गर्ने। | १. विपद् जोखिमका आधारमा जमिनको वर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाइनेछ।<br>२. भिरालो जमिन तथा विपद् जोखिम क्षेत्रमा भू-क्षय रोक्ने फलफूल, अम्रिसो, बाँस, निगालो आदि जातका वनस्पती खेती गर्न किसानहरूलाई प्रोत्साहित गरिनेछ। |

| | |
|---|---|
| ३. विपद् व्यवस्थापनमा लगानी अभिवृद्धि गर्ने। | १. तीन वटै तहका सरकार, निजी क्षेत्रलगायत सबै सरोकारवालासँग समन्वय गरी जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक संरक्षण अभिवृद्धि गरिनेछ।<br>२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् गोदामघर तथा कोषको व्यवस्था गरिनेछ।<br>३. सार्वजनिक स्थल तथा पूर्वाधारहरूको गुणस्तरीय निर्माण र प्रबलीकरणमा लगानी वृद्धि गरिनेछ। |
| ४. विपद्पश्चातको उद्धार, राहत, पुनः स्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने। | १. विपद्पश्चात् उद्धार, राहत, पुनः स्थापना र पुनःनिर्माण गरिनेछ।<br>२. पूर्वाधार निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>३. प्रदेश तहमा दक्ष एवम् स्रोत साधनयुक्त एकीकृत खोज र उद्धार क्षमता अभिवृद्धि गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा विपद्बाट हुने आर्थिक क्षति न्यूनीकरण भएको हुने, विपद्बाट हुने मानवीय क्षति न्यून भएको हुने, विपद् बाजोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न एकीकृत संरचनाको स्थापना भएको हुने, प्रत्येक स्थानीय तहमा पूर्वसूचना प्रणालीको स्थापना भएको हुने, आवश्यक उद्धार सामग्रीको भण्डारण भएको हुने, विपद् व्यवस्थापनसम्बन्धी तर्जुमा गरिएका कार्यविधिहरू आवश्यकताअनुसार संशोधन र परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको हुने र नियमित रूपमा विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हुने अपेक्षा गरिएको छ।

**प्रमुख कार्यक्रम**

१. उद्धार, राहत, पुनः स्थापना र पुनर्निर्माण कार्यक्रम

२. विपद् जोखिम अध्ययन, अनुसन्धान तथा नक्साङ्कन कार्यक्रम

३. विपद् व्यवस्थापन सूचना प्रणालीको विकास कार्यक्रम

## ९.८ वातावरण

### पृष्ठभूमि

नेपाललाई सन् २०४५ सम्म शून्य कार्वन उत्सर्जन राष्ट्र बनाउने प्रतिबद्धताअनुसार हरित विकास गर्न वातावरणीय संरक्षण र अर्गानिक कृषि प्रणालीलाई अबलम्बन गरिदैंछ। दिगो विकास लक्ष्यले जनसङ्ख्या, वातावरण र विकासबिच सन्तुलन कायम गर्ने विषयलाई जोड दिएको छ साथै जलवायु परिवर्तन र यसबाट सृजित असरलाई तत्काल सम्बोधन गर्न निर्दिष्ट गरेको छ। वातावरण असुन्तलित हुँदा अतिवृष्टि, अनावृष्टि, बाढी-पहिरोलगायतका विपद्का चुनौतीहरू सामना गर्नुपर्ने हुन्छ। वातावरणीय इकोसिस्टमलाई सन्तुलित बनाई दिगो उत्पादन, प्रकृतिमैत्री औद्योगिकीकरण र प्राकृतिक जोखिमको न्यूनीकरणका लागि प्रदेशमा उपयुक्त नीति नियमको तर्जुमा र दिगो विकासका क्षेत्रमा लगानी बढाउनु आवश्यक रहेको छ।

### प्रमुख समस्या

वातावरणमा विकास गतिविधिको प्रभावप्रतिको अज्ञानता, प्राकृतिक स्रोतको अत्यधिक दोहन (भू-बनोट, नदी उत्खनन र भूमिगत जलस्रोत, वन आदि), बढ्दो वायु, जल तथा स्थल प्रदूषण, औसत तापक्रममा वृद्धि, जङ्गल फँडानी र मानव बस्ती विस्तार, नियमनकारी निकायको प्रभावकारी समन्वयको अभाव आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

वायु प्रदूषण, नदी प्रदूषण, फोहोर मैलाको उचित व्यवस्थापन; अव्यवस्थित सहरीकरण, बढ्दो औद्योगिकीकरण तथा भूमि प्रदूषण; बसाइँसराइ र पानीका स्रोतहरूको संरक्षण गर्नु; ध्वनि प्रदूषण तथा प्रदूषणकारी सवारी साधन, उद्योग कल कारखानालाई विस्थापित गर्नु; वन क्षेत्रको संरक्षण, प्रकृतिमा आधारित पर्यटन, जैविक विविधताको संरक्षण, स्थानीय सीप र प्रविधिको विकासबाट रोजगारी सिर्जना र स्वच्छ उर्जाको प्रयोग गर्ने नीतिगत र संस्थागत व्यवस्था गर्नु; जलाधार संरक्षण गर्नु; प्रकृतिमाथि अनियन्त्रित मानवदोहन र उच्च जोखिमक्षेत्र पहिचान गरी प्रतिरोधात्मक उपाय अवलम्बन गर्नु आदि प्रमुख चुनौती हुन्।

दिगो विकाससम्बन्धी राष्ट्रिय र प्रादेशिक नीति तथा सङ्कल्प, अन्तर्राष्ट्रियस्तरबाट वातावरणप्रति सरोकार, नेपाललाई जलवायु संरक्षणबापत् अन्तर्राष्ट्रिय समुदायबाट सहयोग प्राप्त हुनु, तीनै तहका सरकारमा जलवायु संरक्षणका विषयमा प्रतिबद्ध रहनु, फोहोरलाई उर्जा तथा प्राङ्गारिक मलको

उत्पादन गर्ने प्रविधिको विकास गर्नु, फोहोर व्यवस्थापनको नीतिनियम बनाइनु, वातावरण संरक्षण र जलवायु परिवर्तनका क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगलाई सङ्घीय सरकारसँगको समन्वयमा बजेट प्रणालीमा आबद्ध गर्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

स्वच्छ वातावरणको प्रवर्धनबाट दिगो विकास।

**लक्ष्य**

प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरित प्रदेशकारूपमा प्रदेशलाई प्रवर्धन गर्ने।

**उद्देश्य**

१. सबै प्रकारका प्रदूषण रोकथाम र नियन्त्रण गर्नु।

२. पूर्वाधार विकास र प्राकृतिक वातावरणबिच सन्तुलन कायम गर्नु।

३. फोहरमैला व्यवस्थापन गरी हरित प्रदेशको रूपमा प्रवर्धन गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत तथा संस्थागत व्यवस्था र नियमन गर्ने। | १. वातावरण व्यवस्थापनसम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ।<br>२. तीनै तहका सरकारबिच समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।<br>३. यातायात तथा उद्योग क्षेत्रबाट उत्पादन हुने प्रदूषणलाई स्थानीय तहसमेतको सहकार्यमा निरुत्साहित र नियमन गरिनेछ।<br>४. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। |
| २. प्राङ्गारिक मल र जैविक कीटनाशक औषधि प्रयोगमा प्रोत्साहन गर्ने। | १. स्थानीय तहसँगको समन्वय र सहकार्यमा कृषिमा प्राङ्गारिक मल तथा जैविक कीटनाशक औषधि प्रयोगलाई प्रोत्साहन र प्रवर्धन गरिनेछ। |

| | |
|---|---|
| ३. प्लास्टिकको झोला प्रयोगलाई निरुत्साहित गर्ने। | १. प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरी स्थानीय सामाग्रीहरूको प्रयोग गर्दै वातावरणमैत्री पुनःप्रयोग गर्न मिल्ने झोलाको उत्पादनलाई प्रोत्साहन गरिनेछ। |
| ४. खुला स्थान र उद्यानको स्थापना र विस्तार गर्ने। | १. सार्वजनिक तथा गुठी जग्गामा बाल उद्यान, वनस्पतिलगायतका उद्यानको स्थापनाको लागि स्थानीय तहलाई सहयोग र प्रोत्साहन गरिनेछ।<br>२. मनोरञ्जनात्मक गतिविधिका लागि उद्यान स्थापना गर्न निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनेछ। |
| ५. वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणलाई विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने। | १. वातावरण मैत्री पूर्वाधार निर्माण तथा कार्यान्वयनमा जोड दिइनेछ।<br>२. प्राकृतिक स्रोतबाट आर्जित आयको निश्चित हिस्सा वातावरणीय अनुसन्धान, विकास, संरक्षण र संवर्धनमा लगानी गरिने व्यवस्था मिलाइनेछ।<br>३. "प्रदूषकले नै बेर्होने" भन्ने सिद्धान्तअनुरूप आवश्यक संयन्त्रको विकास एवम् परिचालन गरिनेछ। |
| ६. ढल निकास, फोहोर मैला वस्थापन, पुनः प्रशोधन र पुनः प्रयोग गर्ने। | १. प्रदेशमा खानेपानी, ढल निकासका परियोजनाहरूको अध्ययन, पानीका स्रोतहरूको संरक्षण, उपयोग र वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ।<br>२. स्थानीय तहसँगको समन्वयमा एकल वा क्लस्टर मिलाई स्यानेटरी ल्यान्डफिल साइटको स्थापनामा गर्न सहजीकरण र प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय सरकारसँगको समन्वयमा फोहोरबाट |

| | |
|---|---|
| | उर्जा उत्पादन गर्ने आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्धन र विस्तार गरिनेछ।<br>४. फोहोरमैलाको व्यवस्थापन गर्न फोहोर प्रशोधन तथा प्रयोग र प्राङ्गारिक मल उत्पादनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशमा फोहोरमैलाको व्यवस्थापनबाट स्वच्छ वातावरणमा कायम भएको हुने, जल, वायु, ध्वनि र माटोको प्रदूषण न्यूनीकरण भई नागरिकहरूको स्वास्थ्यमा सुधार आएको हुने, जलचरको सुरक्षा भएको हुने, प्रदूषणको न्यूनीकरणमा आवश्यक संयन्त्र सञ्चालन भएको हुने, वन तथा जलाधार क्षेत्रको दिगो विकास एवम् वातावरण संरक्षण भएको हुने, प्राङ्गारिक मल तथा जैविक कीटनाशक औषधिको प्रयोगमा वृद्धि भएको हुने, यातायात तथा उद्योगबाट हरित गृह ग्याँस उत्सर्जनमा कमी भएको हुने, विद्युतीय सवारी साधनको प्रयोगको मात्रा बढेको हुने साथै हरेक विकास आयोजनाको वातावरणीय जोखिम मूल्याङ्कन कार्यमा वृद्धि भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. फोहोरमैला व्यवस्थापन कार्यक्रम
२. प्रादेशिक वातावरणीय अनुसन्धान तथा विकास कार्यक्रम
३. उद्यान स्थापना कार्यक्रम
४. जैविक विविधता संरक्षण तथा हरित अभियान कार्यक्रम

## ९.९ जलवायु परिवर्तन

### पृष्ठभूमि

जलवायु परिवर्तनको मुद्धाले विश्वकै ध्यान आकर्षण गरेको छ। जलवायु परिवर्तनले गर्दा अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो हिउँ र हिमनदी पग्लने क्रममा तीव्रता हुनु, नयाँनयाँ रोग देखा पर्नु, चट्याङ, आगलागी आदि प्रकोपको बढ्दो असर आदि भोग्नु परेको छ। मानवजन्य क्रियाकलापका कारण वनविनाश, बढ्दो यातायातका साधनहरूको प्रयोग, औद्योगिकीकरण, भौतिक पूर्वाधार निर्माण, कीटनाशक औषधिको जथाभावी प्रयोग आदिले जलवायुमा भईरहेको असामान्य परिवर्तनले प्रदेशको अर्थतन्त्र र सामाजिक व्यवस्थामा समेत नकारात्मक प्रभाव परेको छ। प्रदेशले वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको

अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ।

**प्रमुख समस्या**

प्रदेशमा जलवायु परिवर्तनले मानव स्वास्थ्य, कृषि तथा खाद्य, जलस्रोत तथा उर्जा, वन तथा जैविक विविधता, पूर्वाधार र सहरी विकासको गति अवरुद्ध पार्नु, मौसम परिवर्तन हुनु, पानीको मुहान सुक्नु, हिउँ पग्लनु, बाढी पहिरो र विपद्का घटना बढ्दै जानु साथै विकासका पूर्वाधारमा क्षति पुग्नु, रोगको सङ्क्रमण बढ्नु आदि प्रमुख समस्या हुन्।

**चुनौती र अवसर**

बालीमा लाग्ने कीराहरूको फैलावट नियन्त्रण गर्नु, खडेरी, बाढी तथा पहिरोको असर न्यूनीकरण गर्नु, जलवायु परिवर्तनले निम्त्याएको प्रदूषणको असर न्यूनीकरण गर्नु, जलाधार संरक्षण गर्नु, मानव क्रियाकलापबाट हुने प्रदूषण र विपद् व्यवस्थापन गर्नु, नयाँ-नयाँ रोगको परीक्षण गर्न सक्ने दक्ष जनशक्तिको विकास गर्नु, खाद्य सुरक्षा गर्नु, मानव तथा कृषि क्षेत्रमा असर गर्ने कीटाणुहरूको नियन्त्रण गर्नु, मिचाहा प्रजातिका वनस्पतिको नियन्त्रण गर्नु, जलवायु परिवर्तनको असर बारे आम जनतामा सचेतना अभिवृद्धि गर्नु आदि प्रमुख चुनौती रहेका हुन्।

जलवायु परिवर्तनका क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगलाई सङ्घीय सरकारसँगको समन्वयमा बजेट प्रणालीमा आबद्ध गर्नु, दिगो विकासका लक्ष्यहरूमा प्रदेश सरकारले प्रतिबद्धता जाहेर गर्नु आदि प्रमुख अवसर हुन्।

**क्षेत्रगत सोच**

जलवायु परिवर्तनको असर न्यूनीकरणमार्फत् दिगो विकासको लक्ष्य प्राप्ति।

**लक्ष्य**

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बढाउने तथा हरित गृह ग्याँस उत्सर्जनमा कमी ल्याउने।

**उद्देश्य**

१. विकास तथा अन्य मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने प्रभाव न्यूनीकरण गर्दै वातावरणीय स्वच्छता कायम गर्नु।

२. जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असरहरु कम गर्नु।

३. प्रकृति र जीवनको सम्बन्धलाई जनमानसमा विस्तार गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत तथा संस्थागत व्यवस्था र नियमन गर्ने। | १. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>२. तीनै तहका सरकारबिच समन्वय गर्न संस्थागत संयन्त्र स्थापना गरिनेछ।<br>३. वातावरण अनुकूलन कार्ययोजना बनाई लागू गरिनेछ।<br>४. प्रदेश जल तथा मौसम सूचना सेवा केन्द्रको स्थापना गरिनेछ। |
| २. जलवायु परिवर्तन सम्बन्धी ज्ञानको प्रयोग गर्दै मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्ने। | १. जलवायु परिवर्तनले पार्ने प्रभावको अध्ययन अनुसन्धान गर्ने व्यवस्था गरिनेछ।<br>२. आधुनिक प्रविधिअनुरूप बाढी, पहिरो, आगलागीजस्ता प्रकोपका घटनाको अनुसन्धान गरी जोखिम न्यूनीकरण गरिनेछ।<br>३. हिमतालसँग सम्बन्धित जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. जलवायुमैत्री उत्पादनमा जोड दिने। | १. स्थानीय रैथाने ज्ञानलाई प्रयोग गर्दै कृषि र जैविक विविधता व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. खडेरी वा अधिक वर्षा सहन सक्ने बाली एवम् जलवायुमैत्री उत्पादन वृद्धि गर्ने उपायहरूको विकास गरिनेछ।<br>३. मिचाहा प्रजातिका वनस्पतिको नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| ४. जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्ने। | १. जलवायु परिवर्तनको असर न्यूनीकरण सम्बन्धमा अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. प्रदेशमा रहेका सबै अस्पताल र स्वास्थ्य सेवा प्रदायकहरूमा जलवायु परिवर्तनले ल्याएका र ल्याउन सक्ने रोगहरूको निदान गर्न सक्ने क्षमता अभिवृद्धि गरिनेछ।<br>३. जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ। |
| ५. प्रकृति र जीवनलाई जोड्ने। | १. प्राकृतिक स्रोत साधन र जैविक विविधता अन्तरसम्बन्धको प्रचार-प्रसार गरिनेछ। |

### अपेक्षित उपलब्धि

नीतिगत तथा संस्थागत व्यवस्था भएको हुने, स्थानीय तहमा जलवायुअनुकूल योजना तर्जुमा भई कार्यान्वयन भएको हुने, मौसम मापन केन्द्रहरूको स्थापना भई पूर्वानुमान तथा सूचना सेवा भरपर्दो भएको हुने, जलवायु परिवर्तनसम्बन्धी सचेतना अभिवृद्धि भएको हुने, विकास आयोजनाको वातावरणीय जोखिम मूल्याङ्कन भएको हुने, जलवायु परिवर्तनसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था भएको हुने, जोखिममा परेका तालहरूको व्यवस्थापन गर्न उचित प्रयास भएको हुने अपेक्षा गरिएको छ।

### प्रमुख कार्यक्रम

१. जलवायु परिवर्तनको असर न्यूनीकरण कार्यक्रम

२. जलवायु परिवर्तन अनुसन्धान तथा विकास कार्यक्रम

३. स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

४. मिचाहा प्रजातिको नियन्त्रणको लागि अनुसन्धानसहितको विशेष कार्यक्रम

## ९.१० योजना तर्जुमा तथा कार्यान्वयन

### पृष्ठभूमि

प्रदेशको प्रथम आवधिक योजना तर्जुमादेखि नै सामाजिक-आर्थिक क्षेत्रको रूपान्तरण गर्ने गरी आवश्यक स्रोत विनियोजन गरी योजना प्रणालीलाई नतिजामुखी र यथार्थपरक बनाउन प्रयत्न गरिएको छ। प्रदेशमा योजनाबद्ध विकासलाई आत्मसात् गरी यसलाई थप परिष्कृत र कार्यान्वयनयोग्य

तुल्याउन मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ। विकास आयोजना तथा कार्यक्रमहरुको आवश्यकता पहिचान. छनौट, अनुगमन, मूल्याङ्कन र स्वीकृतिका लागि आयोजना बैंकसमेतको अवधारणा कार्यान्वयनको चरणमा रहेको छ। योजना तर्जुमा गर्दा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच प्रतिबिम्बित हुने गरी तीव्र आर्थिक वृद्धि, उत्पादनशील रोजगारी सिर्जना र विकासका प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्ने गरी सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु समावेश गरिएका छन्।

### प्रमुख समस्या

आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा परेका नीति तथा कार्यक्रममा बजेट विनियोजन नहुनु, योजना तर्जुमा तथ्यपरक र नतिजामूलक बनाई कार्यान्वयन पद्दतिसँग जोड्न नसक्नु, योजना तर्जुमाका लागि चाहिने खण्डीकृत तथ्याङ्क उपलब्ध नहुनु, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौती र अवसर

तीनै तहका सरकारका आवधिक योजनाबिच तादात्म्य कायम गर्नु, प्राथमिकताका आधारमा दीर्घकालीन सोचसहित योजना तर्जुमा गर्ने पद्दति विकास गर्नु, योजना र वार्षिक कार्यक्रमअनुरूप स्रोत विनियोजन गर्नु, प्राथमिकीकरण प्रक्रिया र विधिमा सुधार गर्नु, कार्यक्रमको कार्यान्वयनमा संलग्न हुने निकायको समन्वय र कार्यकुशलतामा प्रभावकारिता ल्याउनु आदि प्रमुख चुनौती हुन्।

योजना तर्जुमा प्रक्रिया तथा व्यवस्थापनका लागि संस्थागत व्यवस्था हुनु, विकास योजना र कार्यान्वयनमा आवश्यक स्रोत साधनका लागि वित्त सबलीकरणको अवस्था हुनु, प्रादेशिक दिगो विकास लक्ष्यको कार्यान्वयन तथा समग्र विकासका लागि दीर्घकालीन सोचको अवधारणा लागू हुनु आदि प्रमुख अवसर हुन्।

### क्षेत्रगत सोच

तथ्यपरक, नतिजामूलक योजना तर्जुमा र कार्यान्वयन।

### लक्ष्य

प्रदेशको दीर्घकालीन सोच प्रतिबिम्बित हुने योजना तर्जुमा गर्ने।

### उद्देश्य

प्रादेशिक सोच र लक्ष्य हासिल हुने कार्यान्वयनयोग्य योजना तर्जुमा गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रादेशिक सोच, लक्ष्य तथा उद्देश्य हासिल हुने योजना तर्जुमा गर्ने। | १. दिगो विकासका लक्ष्यहरु हासिल हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>२. राष्ट्रिय योजनाका लक्ष्यसँग योजना तथा कार्यक्रमलाई सामञ्जस्य गरिनेछ।<br>३. योजना कार्यान्वयनमा स्थानीय तहसँग समन्वय गरिनेछ। |
| २. योजना कार्यान्वयनका लागि संस्थागत संरचना तथा व्यवस्थापनको सुदृढीकरण गर्ने। | १. योजनासम्बन्धी संयन्त्र स्थापना तथा व्यवस्थापन सहित सूचना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. योजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा तदनुरूप जनशक्ति व्यवस्थापन गरिनेछ।<br>३. बृहत् पूर्वाधार निर्माण तथा उपयोगका लागि विषयक्षेत्रगत रूपान्तरणकारी आयोजना कार्यान्वयनमा ल्याइनेछ।<br>४. अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषणका लागि आवश्यक व्यवस्था गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, योजनाका सोच, लक्ष्य तथा उद्देश्यहरु प्राप्त भएका हुने, दिगो विकास लक्ष्य प्राप्ति हुनेगरी नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भएको हुने, समग्रमा कोशी प्रदेश "सुशासित, खुशी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश" भएको हुने अपेक्षा गरिएको छ।

# अनुसूची १: रूपान्तरणकारी कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम | कार्यक्रम सञ्चालन क्षेत्र | आयोजना/ कार्यक्रम |
|---|---|---|---|
| १. | सुनसरी, मोरङ र झापामा खानेपानी तथा सिंचाइ कार्यक्रम | मोरङ सुनसरी-झापा | सङ्घीय सरकारसँगको समन्वय तथा सहकार्यमा तमोर नदीको पानी धनकुटा जिल्लाको साँगुरीगढी गा.पा.को लेउतीबाट टनेलमार्फत् धरानको सेउती खोलामा मिसाई चुरेको फेदी हुँदै सुनसरी,मोरङ र झापासम्म खानेपानी तथा सिंचाइमा उपयोग। |
| २. | अलैंची तथा सुपारी प्रशोधन कार्यक्रम | झापा | झापा जिल्लामा सार्वजनिक-निजी साझेदारीमा अलैंची तथा सुपारी प्रशोधन उद्योग सञ्चालन। |
| ३. | दुग्धजन्य पदार्थ उत्पादन-प्रशोधन | सुनसरी,मोरङ | सार्वजनिक-निजी साझेदारीमा दुग्धजन्य उद्योग स्थापना तथा सञ्चालन। |
| ४. | पासाङ्ग ल्हामु पर्वतारोहण र पर्यटन कलेज | सोलुखुम्बु | सार्वजनिक-निजी साझेदारीमा पासाङ्ग ल्हामु पर्वतारोहण र पर्यटन कलेज स्थापना तथा सञ्चालन। |
| ५. | जडीबुटी प्रशोधन कार्यक्रम | तेह्रथुम | सार्वजनिक-निजी साझेदारीमा तेह्रथुम जिल्लामा जडीबुटी प्रशोधन उद्योग स्थापना र सञ्चालन। |
| ६. | सङ्गीत महाविद्यालय | सुनसरी | सार्वजनिक-निजी साझेदारीमा धरानमा सङ्गीत महाविद्यालय स्थापना। |
| ७. | रेड पाण्डा संरक्षण तथा प्रजनन केन्द्र | इलाम | इलाम जिल्लामा सन्दकपुरमा रेड पाण्डा संरक्षण तथा प्रजनन केन्द्र स्थापना। |
| ८. | चिडियाखाना स्थापना | प्रदेशको तराईको | तराईको उपयुक्त स्थानमा चिडियाखाना स्थापना र सञ्चालन। |

| क्र.सं | कार्यक्रम | कार्यक्रम सञ्चालन क्षेत्र | आयोजना/ कार्यक्रम |
|---|---|---|---|
| ९. | विज्ञान केन्द्र | धनकुटा | सार्वजनिक-निजी साझेदारीमा धनकुटा जिल्लामा विज्ञान केन्द्र स्थापना र सञ्चालन। |
| १० | कोशी राष्ट्रिय सङ्ग्रहालय | मोरङ | राष्ट्रभित्रका जातजाति, भाषा, साहित्य, कला, संस्कृति, ऐतिहासिक तथा पुरातात्विक वस्तु आदिको पहिचान झल्कने गरी सार्वजनिक-निजी साझेदारीमा कोशी राष्ट्रिय सङ्ग्रहालय स्थापना। |
| ११. | वल्ड पार्क स्थापना | प्रदेशको तराईको जिल्ला | सार्वजनिक-निजी साझेदारीमा विश्वविख्यात ग्रेट वाल, ताज महल, स्टयाचु अफ लिवर्टी, ह्वाटहाउस, कुतुबमिनार आदिको झल्को दिनेगरी प्रदेशको उपयुक्त एक तराईको जिल्लामा वल्ड पार्क स्थापना । |
| १२. | सूचना प्रविधि पार्क | उदयपुर | सार्वजनिक-निजी साझेदारीमा उदयपुर जिल्लामा सूचना प्रविधि पार्क स्थापना। |
| १३ | मोनो रेल | ईलाम | सार्वजनिक-निजी साझेदारीमा ईलामको सुर्योदय नगरपालिकाको श्रीअन्तु पोखरीबाट अन्तुडाँडासम्म (४ कि.मि.) मोनोरेल निर्माण तथा सञ्चालन। |
| १४ | पशुपन्छी शिक्षण अस्पताल तथा पशुपन्छी पालन प्रतिष्ठान | झापा | गौरादह नगरपालिमा पशुपन्छी शिक्षण अस्पताल तथा पशुपन्छी पालन प्रतिष्ठान स्थापना। |
| १५ | प्रादेशिक कृषि अनुसन्धान कार्यक्रम | झापा | गौरादह नगरपालिमा अवस्थित गौरादह कृषि क्याम्पसलाई प्रादेशिक कृषि अनुसन्धान केन्द्रमा विकास। |
| १६ | चारधाम सर्किट | सुनसरी | बराह क्षेत्र -पिण्डेश्वर-दन्तकाली-विष्णुपादुका-रामधुनी धार्मिक सर्किट निर्माण। |

| क्र.सं | कार्यक्रम | कार्यक्रम सञ्चालन क्षेत्र | आयोजना/ कार्यक्रम |
|---|---|---|---|
| १७ | शिव सर्किट | उदयपुर,खोटाङ | जोगीदह, रौतामाई(उदयपुर) बराह पोखरी, हलेसी महादेव(खोटाङ)लाई समेटेर सर्किट निर्माण। |
| १८ | मुन्धुम मष्ट मोनाष्ट्री सर्किट | सोलुखुम्बु-खोटाङ-भोजपुर | सोलु-दूधकुण्ड न.पा, थुलुङ दूधकोशी गा.पा. काँगेल (सोलुखुम्बु) ऐंसेलुखर्क (खोटाङ) टेम्के,मैयुम (भोजपुर) साल्पा (भोजपुर-सोलुखुम्बु)लाई जोडी मुन्धुम मष्ट मोनाष्ट्री सर्किट। |
| १९ | शिवधारा-पार्वती गुफा पोडवे/केबलकार | सङ्खुवासभा | सङ्खुवासभा जिल्लाको मकालु गा.पा.को नुमदेखि सेदुवा-टासीगाउँ-डाँडाखर्क-खोङ्गमा-दोबाटे-पेमाथाङ्ग-याङ्ले खर्कसम्म पोड-वे/केबलकार निर्माण। |

# अनुसूची २: नतिजा खाका

## १. सार्वजनिक वित्त

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| प्रदेशको कुल बजेटमा पूँजीगत खर्चको अनुपात | प्रतिशत | ५४.२ | ५५.५ | ६०.२ | ६४.५ | ६५.८ | ६६.४ | ६७.० | आ.मा.यो.म. | १६ |
| कुल बजेटमध्ये खुद चालूखर्च (स्थानीय तह अनुदानबाहेक) | प्रतिशत | ३७.९ | ३४.५ | ३०.२ | २८.५ | २७.४ | २५.० | २३.० | आ.मा.यो.म. | १६ |
| कुल बजेटमध्ये स्थानीय तहमा अनुदान हस्तान्तरण | प्रतिशत | ७.९ | १३.५ | १२.७ | १३.० | १३.४ | १३.८ | १४.२ | आ.मा.यो.म. | १६ |
| कुल आयमा आन्तरिक राजस्वको अनुपात | प्रतिशत | १०.६ | ११.४ | १२.१ | १२.६ | १३.० | १३.५ | १४.० | आ.मा.यो.म. | १६ |
| अन्तिम लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु | प्रतिशत | ३.४ | २.५ | २.१ | १.६ | १.२ | १.० | ०.५ | आ.मा.यो.म. | १६ |
| कायम बेरुजुका तुलनामा फरछ्यौट तथा सम्परीक्षण | प्रतिशत | १२.८ | १४.१ | ३१.५ | ४८.७ | ६६.२ | ७०.० | ७५.८ | आ.मा.यो.म. | १६ |
| त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण भएका कार्यालय सङ्ख्या | प्रतिशत | ४ | १० | ३५ | ६५ | ८५ | १०० | १०० | आ.मा.यो.म. | १६ |
| **प्रदेशको सार्वजनिक खर्च** | | | | | | | | | | |
| प्रदेशको कुल खर्चमा पूँजीगत खर्चको अनुपात | प्रतिशत | ५८.९ | ५९.६ | ६०.२ | ६१.५ | ६३.८ | ६५.० | ६६.५ | आ.मा.यो.म. | १६ |
| विनियोजनको तुलनामा पूँजीगत खर्च | प्रतिशत | ७६.६ | ८०.० | ८२.२ | ८४.५ | ८७.६ | ८९.६ | ९१.० | आ.मा.यो.म. | १६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चालू खर्चमा प्रशासनिक खर्चको बजेटको हिस्सा | प्रतिशत | ८.८ | १२.४ | १२.६ | १०.० | ८.५ | ८.० | ७.६ | आ.मा.यो.म. | १६ |
| चालू खर्चमा कार्यक्रम, तालिम, गोष्ठीको बजेट | प्रतिशत | ३०.३ | २४.८ | २३.५ | २०.३ | १९.४ | १८.१ | १७.० | आ.मा.यो.म. | १६ |
| परामर्श सेवा र पूँजीगत परामर्शका लागि विनियोजन | रु.करोडमा | १३.४ | २३.८ | २३.५ | १३.५ | ९.० | ७.६ | ५.० | आ.मा.यो.म. | १६ |
| प्राप्तिको तुलनामा सङ्घीय अनुदान फिर्ता | प्रतिशत | १९.६ | १६.४ | १३.१ | ११.० | ८.२ | ७.४ | ५.१ | आ.मा.यो.म. | १६ |
| **अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | |
| प्रदेश विकास समस्या समाधान समिति (**PDAC**) को बैठक | वार्षिक सङ्ख्या | ० | ० | २ | ३ | ३ | ३ | ३ | प्र.यो.आ. | १६ |
| अनुगमन तथा मूल्याङ्कनको एकीकृत प्रतिवेदन प्रकाशन | वार्षिक सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | प्र.यो.आ. | १६ |
| नीति, बजेट तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन | सङ्ख्या | ० | ० | ४ | ४ | ४ | ४ | ४ | मु.त.म.का. | १६ |
| अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने मन्त्रालय तथा कार्यालयको सङ्ख्या | प्रतिशत | ० | ० | ५० | ७५ | ९० | १०० | १०० | प्र.यो.आ. | १६ |
| नतिजामुखी अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | ० | ० | २० | ४० | ६० | ८० | १०० | प्र.यो.आ. | १६ |
| दोस्रो आवधिक योजनाको मध्यावधी मूल्याङ्कन | सङ्ख्या | | | - | - | १ | - | - | प्र.यो.आ. | १६ |
| प्राथमिकता प्राप्त आयोजनाहरुको अनुगमन | प्रतिशत | ५ | १० | १५ | २० | ३० | ४० | ५० | प्र.यो.आ. | १६ |
| नवीनतम् अनुसन्धान दस्तावेज | सङ्ख्या | १ | २ | २ | ३ | ४ | ४ | ४ | प्र.यो.आ. | १७ |
| दिगो विकास लक्ष्यका सूचकहरुको उपलब्धि मूल्याङ्कन | सङ्ख्या | ० | ० | १ | ० | १ | ० | १ | प्र.यो.आ. | १६ |

## २. आर्थिक क्षेत्र

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **कृषि, पशुपन्छी तथा मत्स्यपालन** | | | | | | | | | | |
| कृषि क्षेत्रको आर्थिक वृद्धिदर (प्रचलित मूल्यमा) | प्रतिशत | २.४ | २.४ | ३.६४ | ४.१४ | ४.८४ | ५.५४ | ६.०४ | उ.कृ.स. म. | ८.१.१ |
| कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रू.अर्वमा | २४५.९५ | २६२.३२ | २७१.७६ | २८२.९० | २९६.४८ | ३१२.७९ | ३३१.५५ | उ.कृ.स.म. | ८.१.१ |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३३.१० | ३३.२० | ३२.६३ | ३१.९९ | ३१.४३ | ३०.९४ | ३०.५१ | उ.कृ.स.म. | ८ |
| कृषि जमिनमा सिंचाइ सुविधा | प्रतिशत | ३७.३ | ३८ | ३९.३ | ४०.५ | ४१.७ | ४२.३ | ४३ | उ.कृ.स.म. | २.४ |
| धानको उत्पादन | मे.ट. (हजारमा) | १३३६ | १३४८ | १४१६ | १४८७ | १५६१ | १६३९ | १७२१ | उ.कृ.स.म. | २.४ |
| मकैको उत्पादन | मे.ट. (हजारमा) | ९७२ | ९९७ | १०४६ | १०९८ | ११५४ | १२१२ | १२७२ | उ.कृ.स.म. | २.४ |
| गहुँको उत्पादन | मे.ट. (हजारमा) | १४७ | १५२ | १६० | १६८ | १७७ | १८६ | १९५ | उ.कृ.स.म. | २.४ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| कोदोको उत्पादन | मे.ट. (हजारमा) | १०८ | ११३ | ११८ | १२४ | १३१ | १३७ | १४४ | उ.कृ.स.म. | २.४ |
| फापरको उत्पादन | मे.ट. | ५६५४ | ६८७३ | ७२१७ | ७५७८ | ७९५७ | ८३५५ | ८७७३ | उ.कृ.स.म. | २.४ |
| जौको उत्पादन | मे.ट. | १७३३ | १७९६ | १८२१ | १८७० | १९६४ | २०६२ | २१६५ | उ.कृ.स.म. | २.४ |
| दलहन बालीको उत्पादन | मे.ट. (हजारमा) | १४.८३ | १५.१३ | १५.४६ | १६.२३ | १७.१३ | १७.६२ | १८.३५ | उ.कृ.स.म. | २.४ |
| तेलहन बालीको उत्पादन | मे.ट. (हजारमा) | ५३.८५ | ५४.३० | ५५.०७ | ५६.८८ | ५९.७२ | ६२.७१ | ६५.८५ | उ.कृ.स.म. | २.४ |
| तरकारी उत्पादन | मे.ट. (हजारमा) | ८१३.१७ | ८२०.९२ | ८६१.९७ | ९०५.०७ | ९५०.३२ | ९९७.८४ | १०४७.७३ | उ.कृ.स.म. | २.४ |
| फलफूल उत्पादन | मे.ट. (हजारमा) | १५२७.७० | १५५१.४० | १५८६.८२ | १६२३.२० | १६६८.१० | १६९५.३० | १७२१.२५ | उ.कृ.स.म. | २.४ |
| अलैंची उत्पादन | मे.ट. (हजारमा) | ८.६८ | ८.७८ | ८.८९ | ९.१० | ९.१३ | ९.२८ | ९.३६ | उ.कृ.स.म. | २.४ |
| चिया उत्पादन | मे.ट. (हजारमा) | २६.३८ | २७.३० | २८.०० | २८.८९ | २९.५५ | ३०.२७ | ३१.६० | उ.कृ.स.म. | २.४ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| अदुवा उत्पादन | मे.ट. (हजारमा) | ११७.७१ | ११७.९६ | १२३.८६ | १३०.०६ | १३६.५६ | १४३.३९ | १५०.५६ | उ.कृ.स.म. | २.४ |
| जुट उत्पादन | मे.ट. (हजारमा) | ९.९८ | १०.०४ | १०.५४ | ११.०७ | ११.६२ | १२.२१ | १२.८२ | उ.कृ.स.म. | २.४ |
| दूध उत्पादन | मे.ट. (हजारमा) | ५१० | ५२० | ५४६ | ५६२ | ५७९ | ५९६ | ६१४ | उ.कृ.स.म. | २.४ |
| मासु उत्पादन | मे.ट. (हजारमा) | ७५.८ | ८० | ८३.२ | ८७.४ | ९१.८ | ९६.३ | १०१.१ | उ.कृ.स.म. | २.४ |
| अण्डा उत्पादन | सङ्ख्या (हजारमा) | १५०.५२ | १६९.९७ | १९६.५२ | २०३.०१ | २२०.५० | २३७.८४ | २४५.७१ | उ.कृ.स.म. | २.४ |
| माछा उत्पादन | मे.ट. (हजारमा) | १०.१४ | २०.४४ | २४.९१ | ३१.१९ | ३६.२७ | ४२.१४ | ४७.४८ | उ.कृ.स.म. | २.४ |
| खेतीयोग्य जमिन मध्ये खेती गरिएको जमिन | प्रतिशत | ८६.४ | ८७.२ | ८८.५ | ९०.२ | ९१.५ | ९२.१ | ९२.७ | उ.कृ. स. म | २.४ |
| कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जा | प्रतिशत | ११ | ११.९ | १२.८ | १४ | १५.२ | १५.५ | १६ | उ.कृ. स. म | २ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| कृषि तथा पशुसेवा प्रसारको पहुँच | प्रतिशत | १६ | १७ | १९ | २२ | २६ | २८ | ३० | उ.कृ. स. म | २ |
| कृषि तथा पशु बिमालेख | सङ्ख्या (हजारमा) | २७.८६ | ३५.६५ | ६५.८६ | ९६.२१ | १५५.४० | १६०.५५ | १९०.१२ | उ.कृ. स. म | २ |
| नश्ल सुधार | सङ्ख्या (हजारमा) | १४१ | १४५ | १५२ | १५६ | १६७ | १७६ | १८५ | उ.कृ. स. म | २ |
| प्राङ्गारिक कृषिको अनुपात | प्रतिशत | २.२ | २.५ | ३.० | ३.६ | ४.१ | ४.५ | ५ | उ.कृ. स. म | २ |
| **खाद्य सुरक्षा तथा पोषण** | | | | | | | | | | |
| न्यूनतम क्यालोरी प्राप्त जनसङ्ख्या | प्रतिशत | ९४ | ९४ | ९४ | ९५ | ९६ | ९७ | ९८ | उ.कृ. स. म | २ |
| औसत क्यालोरी (२२३६) मा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ७४ | ७५ | ७५.५ | ७६ | ७७ | ७८ | ७९ | उ.कृ. स. म | २ |
| आधारभूत खाद्य सुरक्षामा रहेको परिवार | प्रतिशत | ६१ | ६४ | ६५ | ६७ | ७० | ७३ | ७६ | उ.कृ. स. म | २.१.२ |
| गम्भीर वा उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | १.६० | १.४४ | १.४३ | १.४१ | १.३८ | १.३५ | १.३२ | उ.कृ. स. म | २.१.२ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| प्रति व्यक्ति खाद्य उपलब्धता | कि.ग्रा. प्रति वर्ष | २६७ | २६८ | २७० | २७२ | २७३ | २७५ | २७७ | उ.कृ. स. म | २.१.२ |
| उत्पादित वस्तुको व्यवस्थित र प्रभावकारी वितरणबाट लाभ प्राप्त गरेका परिवार | प्रतिशत | ७० | ७१ | ७२ | ७४ | ७६ | ७८ | ८० | उ.कृ. स. म | २ |
| पाँचवर्ष मुनिका पुड्कोपना भएका बालबालिका | प्रतिशत | २० | १९ | १८ | १७ | १६ | १५ | १४ | उ.कृ. स. म | २.२.१ |
| पाँचवर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १३ | १३.५ | १२ | ११ | १० | ९.५ | ९ | उ.कृ. स. म | २.२.२ |
| खाद्य बालीको उत्पादन | मे.ट. लाखमा | २७.५ | २७.८ | २८.० | २८.५ | २९.० | २९.५ | ३०.० | उ.कृ. स. म | २.४ |
| भण्डारण केन्द्रको स्थापना | सङ्ख्या | ७ | ८ | ९ | ११ | १३ | १५ | १७ | उ.कृ. स. म | २.४ |
| **भूमि व्यवस्थापन** | | | | | | | | | | |
| चक्लाबन्दी सहितको नमूना फार्म स्थापना | सङ्ख्या | - | - | १ | २ | ३ | ४ | ५ | उ.कृ. स. म | २.४ |
| गुठी जग्गाको विद्युतीय अभिलेख | प्रतिशत | ५२ | ७० | ७५ | ७८ | ८१ | ८३ | ८५ | उ.कृ. स. म | २ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **खनिज सम्पदा** | | | | | | | | | | |
| खानी क्षेत्रको पहिचान | सङ्ख्या | ३२ | ५६ | ६२ | ७४ | ७८ | ८६ | ९० | उ.कृ. स. म | ९ |
| खानीजन्य उद्योग | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | १० | उ.कृ. स. म | ९ |
| **उद्योग** | | | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १६.८ | १५.९ | १६.५७ | १७.१४ | १७.७२ | १८.३२ | १८.९० | उ.कृ. स. म | ९.२.१ |
| औद्योगिक लगानी वार्षिक वृद्धि | रकम (रू. करोडमा) | ६१९ | ९०७ | १०२० | १२०३ | १४०० | १६०० | १८०० | उ.कृ. स. म | ९.२ |
| औद्योगिक उत्पादन | रकम (रू. लाखमा) | १०५३८० | १२८०४० | १३८९२३ | १५१२६९ | १६५५३९ | १८१५७२ | १९९६२७ | उ.कृ. स. म | ९.२ |
| उद्योग क्षेत्रको रोजगारी (औपचारिक तथा अनौपचारिक) | सङ्ख्या (लाखमा) | १.२० | १.३७ | १.४९ | १.६२ | १.७५ | १.८७ | २.०० | उ.कृ. स. म | ९.२.२ |
| उद्योग (ठूला र मझौला) | सङ्ख्या | ८५१ | ८९२ | १०५० | १०८५ | ११३७ | ११७८ | १२०० | उ.कृ. स. म | ९.२ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| उद्योग (साना, घरेलु तथा लघु) सङ्ख्या | सङ्ख्या (हजारमा) | ८१.८५ | ९५.५४ | १०३.५० | ११५.१३ | १२६.३८ | १३८.३८ | १५० | उ.कृ. स. म | ९.२ |
| वैदेशिक लगानी स्वीकृति पाएका उद्योग | सङ्ख्या | १४७ | १४९ | १५२ | १५७ | १६२ | १६७ | १७२ | उ.कृ. स. म | ९.२ |
| औद्योगिक क्षेत्र तथा कोरिडोर स्थापना | सङ्ख्या | २ | ३ | ५ | ७ | ९ | १० | १२ | उ.कृ. स. म | ९.२ |
| स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु | प्रतिशत | ० | ० | १० | १२ | १५ | १७ | २१ | उ.कृ. स. म | ९.२ |
| उद्यमशील सीपयुक्त जनशक्तिको व्यवस्थापन | प्रतिशत | - | - | २५ | ३० | ३५ | ४० | ४५ | उ.कृ. स. म | ९.२ |
| **बाणिज्य तथा आपूर्ति** | | | | | | | | | | |
| प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान | प्रतिशत | ९.२ | ९ | ९.५ | ९.७ | ९.९ | १०.२ | १०.५ | उ.कृ. स. म | ८ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| व्यापारिक फर्म तथा प्रतिष्ठान | सङ्ख्या (हजारमा) | १९.९० | २०.१३ | २१.४४ | २२.३९ | २२.९३ | २३.३३ | २३.५० | उ.कृ. स. म | ८ |
| पुरुषद्वारा सञ्चालित व्यापारिक संस्था | सङ्ख्या (हजारमा) | - | २२.१८ | २४.४१ | २६.८४ | २९.५३ | ३२.४८ | ३५.७९ | उ.कृ. स. म | ८ |
| महिलाद्वारा सञ्चालित व्यापारिक संस्था | सङ्ख्या (हजारमा) | - | ३५.१० | ३८.६१ | ४२.४७ | ४६.७२ | ५१.३९ | ५६.६३ | उ.कृ. स. म | ८ |
| **पर्यटन** | | | | | | | | | | |
| पर्यटकीय स्थलको होटल | सङ्ख्या | ३३ | ३६ | ४० | ४२ | ४५ | ५० | ५५ | प.व.वा.म. | ८ |
| होमस्टे | सङ्ख्या | ५६ | १०५ | १३५ | १७५ | २०० | २३३ | २५० | प.व.वा.म. | ८ |
| ट्रेकिङ्ग टुर र पोर्टर गाइड | सङ्ख्या | ४५९ | ४७० | ४८७ | ४९५ | ५१० | ५५० | ६०० | प.व.वा.म. | ८.९.२ |
| पर्यटनबाट रोजगारी | सङ्ख्या | ३५०० | ४००० | ४५०० | ५००० | ६००० | ७००० | ८००० | प.व.वा.म. | ८.९.२ |
| पर्यटकको सङ्ख्या | सङ्ख्या (हजारमा) | ७७.८७ | ७८.५५ | ७९.१० | ७९.६० | ८०.०० | ८०.३० | ८१.०० | प.व.वा.म. | ८.९.१ |
| **वन तथा जडीबुटी** | | | | | | | | | | |
| वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४८.९६ | ४९.१२ | ४९.२८ | ४९.४२ | ४९.७० | ४९.८६ | ५०.०० | प.व.वा.म. | १५.१.१ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| वनबाट प्राप्त राजस्व | रू. (लाखमा) | २५२९ | १८१४ | २८०७ | ३०२५ | ३२४७ | ३३५३ | ३५२० | प.व.वा.म. | १५ |
| वन तर्फको मू.अ.कर. | रू. लाखमा | ८१९९ | ८६४३ | ८७१२ | ८७३३ | ८७६७ | ८८१३ | ८८६० | प.व.वा.म. | १५ |
| वन बृक्षारोपण (विरुवा) | सङ्ख्या (हजारमा) | ३२९० | ३३११ | ३४२२ | ३४५० | ३४७१ | ३४८८ | ३५०० | प.व.वा.म. | १५.३ |
| काठ उत्पादन | क्यु.फि. लाखमा | २८८ | २९० | २९५ | ३०१ | ३१५ | ३२४ | ३३० | प.व.वा.म. | १५ |
| दाउरा उत्पादन | चट्टा | ८१३८ | ८२११ | ८२३४ | ८२५५ | ८२८९ | ८३१० | ८३५० | प.व.वा.म. | १५ |
| जडीबुटी नर्सरी | सङ्ख्या | ८ | ८ | ९ | ११ | १३ | १४ | १५ | प.व.वा.म. | १५ |
| जडीबुटीका बिरुवा उत्पादन | सङ्ख्या | ३७९५० | ८५५५० | ९७८०० | १२०३०० | १३२२०० | १४३७०० | १५०००० | प.व.वा.म. | १५ |
| **सहकारी** | | | | | | | | | | |
| सहकारी क्षेत्रको लगानी | रू अर्व | ११.६० | ११.९६ | १२.३५ | १२.६८ | १३.५४ | १३.६७ | १३.८७ | उ.कृ.स.म | ८.३.१ |
| सहकारीमा प्रत्यक्ष रोजगारी | सङ्ख्या (हजारमा) | १४.२ | १५.१ | १५.४ | १५.७ | १५.९ | १६ | १६.२ | प.व.वा.म. | ८.३.१ |

## ३. सामाजिक क्षेत्र

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **जनसङ्ख्या र बसाइँसराइ** | | | | | | | | | | |
| परिवार नियोजनका साधनहरूको प्रयोगमा सन्तुष्ट (१५ देखि ४९) वर्षका महिला | सङ्ख्या | ७४ | ७६ | ७७ | ७७ | ७८ | ७९ | ८० | स्वा. म. | ३.७.२ |
| परिवार नियोजनका साधन उपलब्धता दर | सङ्ख्या | ६१.५ | ६२ | ६३ | ६४ | ६६ | ६७ | ७० | स्वा. म. | ३.७.२ |
| प्रजनन दर | सङ्ख्या | २.२ | २.१ | २.१ | २.१ | २.१ | २.१ | २.१ | स्वा. म. | ३.७.२ |
| भित्री बसाइँ सराइ दर | प्रति लाखमा | १९६ | १९२ | १८८ | १७६ | १७० | १६० | १५० | सा.वि.म. | १७ .१८ |
| बाहिरी बसाइँ सराइदर | प्रति लाखमा | २२८२ | २२०० | २१०० | २००० | १९०० | १८०० | १७०० | सा.वि.म. | १७.१८ |
| कुल बसाइँसराइ दर | प्रति लाखमा | ४९९५ | ४६०० | ४४०० | ४००० | ३६०० | ३३०० | ३००० | सा.वि.म. | १७.१८ |
| खुद बसाइँसराइ दर | प्रति लाखमा | - ३१५८ | - ३००० | - २९०० | - २७०० | - २५०० | - २३०० | - २००० | सा.वि.म. | १७.१८ |
| **शिक्षा** | | | | | | | | | | |
| साक्षरता दर | प्रतिशत | ७९.७ | ८१.२ | ८२.३ | ८४.५ | ८६ | ८७ | ९० | सा.वि.म. | ४.६.१ |
| आधारभूत (१-८) तहको खुद भर्ना दर | प्रतिशत | ९५.३ | ९५.९ | ९६ | ९६.४ | ९७ | ९७.२ | ९७.५ | सा.वि.म. | ४.१.१ |
| माध्यमिक (९-१२) तहको खुद भर्ना दर | प्रतिशत | ५६.२ | ५८.५ | ६०.२ | ६२.३ | ६४.५ | ६५.८ | ६७ | सा.वि.म. | ४.१.१ |
| धार्मिक प्रकृतिका विद्यालयहरू | सङ्ख्या | २११ | २११ | २१२ | २१२ | २१३ | २१३ | २१४ | सा.वि.म. | ४.७ |
| नमूना विद्यालयहरू | सङ्ख्या | ९४ | ९५ | ९६ | ९८ | ९९ | १०० | १०२ | सा.वि.म. | ४ |
| प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय | सङ्ख्या | २०६ | २०८ | २१० | २१२ | २१४ | २१६ | २१७ | सा.वि.म. | ४.७ |
| प्राविधिक धारका विद्यालय | सङ्ख्या | १०२ | १०४ | १०६ | १०८ | ११० | ११२ | ११४ | सा.वि.म. | ४.७ |
| विशेष शिक्षा प्रदान गर्ने विद्यालय | सङ्ख्या | ६ | ७ | ७ | ८ | ८ | ९ | १० | सा.वि.म. | ४.७ |
| अनौपचारिक शिक्षा केन्द्र | सङ्ख्या | ३९३ | ३९४ | ३९४ | ३९४ | ३९५ | ३९६ | ३९७ | सा.वि.म. | ४.७ |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | | | | |
| अपेक्षित आयु | वर्ष | ७०.४ | ७०.६ | ७०.९ | ७१.२ | ७१.५ | ७१.७ | ७२ | स्वा.म. | |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| स्वास्थ्यमा हुने खर्च (कुल गार्हस्थ्य उत्पादनको हिस्सा) | प्रतिशत | ४ | ४ | ४ | ४ | ६ | ७ | ८.५ | स्वा.म. | ३.९ |
| मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | १५७ | १४३ | १२० | १०४ | ९७ | ८२ | ७० | स्वा.म. | ३.१ |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | २० | १८ | १६ | १५ | १४ | १३ | १२ | स्वा.म. | ३.२ |
| पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३४ | ३१ | २९ | २६ | २४ | २२ | २० | स्वा.म. | ३.२ |
| पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना | प्रतिशत | २० | १९ | १८ | १७ | १६ | १५ | १४ | स्वा.म. | २.१.१ |
| पाँच वर्षमुनिका बालबालिकामा ख्याउटेपना | प्रतिशत | ३.८ | ३.६ | ३.४ | ३.२ | ३.१ | २.८ | २.५ | स्वा.म. | २.१.२ |
| पाँच वर्षमुनिका बालबालिकामा कम तौल | प्रतिशत | १३ | १३.५ | १२ | ११ | १० | ९.५ | ९ | स्वा.म. | २.२.२ |
| पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४ | ३० | २७ | २३ | १८ | १४ | १० | स्वा.म. | २.२.२ |
| प्रजनन उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | २७.६ | २४ | २२ | १९ | १६ | १४ | १० | स्वा.म. | २.२.२ |
| १२-२३ महिनाका बालबालिकामा पूर्ण खोप | प्रतिशत | ८१ | ८३ | ८४ | ८५ | ८८ | ९० | ९२ | स्वा.म. | ३.९ |
| परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | ६१.५ | ६२ | ६३ | ६४ | ६६ | ६७ | ७० | स्वा.म. | ३.७ |
| स्वास्थ्य संस्थामा प्रसूति दर | प्रतिशत | ८१.५ | ८२ | ८३ | ८५ | ८७ | ८८ | ९० | स्वा.म. | ३.८ |
| आधा घण्टाको दूरीमा स्वास्थ्य संस्थाको पहुँच | प्रतिशत | ६८.८ | ७० | ७३ | ७७ | ८१ | ८५ | ९० | स्वा.म. | ३.८ |
| स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | सङ्ख्या (लाखमा) | १९.२ | २०.५ | २२.८ | २६.३ | २९ | ३५ | ४९ | स्वा.म. | ३.८.१ |
| विद्यालय नर्सिङ सेवाका लाभग्राही | सङ्ख्या (हजारमा) | १२९ | १४० | १४०.२ | १४०.७ | १४१.३ | १४१.९ | १४२ | सा.वि.म. | ४ |
| स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन | प्रतिशत | ९.०५ | ९.५ | ९.७ | १०.२ | ११ | १२ | १२ | स्वा.म. | ३.८.२ |
| **खानेपानी तथा सरसफाइ** | | | | | | | | | | |
| आधारभूत सरसफाइ पुगेको जनसङ्ख्या | प्रतिशत | ९६ | ९८.७ | ९८.९ | ९९ | ९९.२ | ९९.६ | १०० | खा.सि.उ.म. | ६.२ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| आधारभूत खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ८८.१ | ९० | ९२ | ९३ | ९५ | ९७ | १०० | खा.सि.उ.म. | ६.१ |
| सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | १८ | १९ | २१ | २२ | २४ | २६ | ३० | खा.सि.उ.म. | ६.१ |
| पानी परीक्षण प्रयोगशाला | सङ्ख्या | - | १ | २ | ३ | ४ | ६ | ७ | खा.सि.उ.म. | ६.३ |
| प्रतिवर्ष झाडा पखालाबाट प्रभावित पाँच वर्षमुनिका बालबालिका | हजारमा | ४.३१ | ३.८ | ३.५ | ३.२ | २.२ | १.१ | १ | खा.सि.उ.म. | ३.४ |
| **लैङ्गिक विकास तथा महिला सशक्तीकरण** | | | | | | | | | | |
| लैङ्गिक विकास | सूचकाङ्क | ०.९०१ | ०.९०५ | ०.९०८ | ०.९१ | ०.९२ | ०.९२ | ०.९२ | सा.वि.म. | ४.७.१ |
| लैङ्गिक सशक्तीकरण | सूचकाङ्क | ०.६४ | ०.६६ | ०.६७ | ०.६८ | ०.६९ | ०.७० | ०.७१ | सा.वि.म. | ५.१.३ |
| लैङ्गिक हिंसा न्यूनीकरण | सूचकाङ्क | २० | १९ | १८ | १७ | १६ | १५ | १५ | सा.वि.म. | ५ |
| लैङ्गिक उत्तरदायी बजेट | प्रतिशत | ४०.६ | ३३.१ | २३.८ | ३४.१ | ४०.७ | ४२ | ४४ | सा.वि.म. | ५.६ |
| महिला श्रम सहभागिता दर | प्रतिशत | २५.६ | २६ | २६.५ | २७ | २८ | २९ | ३० | सा.वि.म. | ५.५.२ |
| महिला बेरोजगारी दर | प्रतिशत | ११.९ | १० | ९.८ | ९,७ | ९.६ | ९.३ | ९ | सा.वि.म. | ५ |
| सम्पत्ति माथि महिलाको स्वामित्व | प्रतिशत | २८.४ | २९ | ३० | ३१ | ३३ | ३५ | ३८ | सा.वि.म. | ५.६ |
| महिला परिवारमुली | प्रतिशत | ३०.९ | ३१ | ३२ | ३३ | ३५ | ३७ | ४० | सा.वि.म. | ५ |
| साना घरेलु व्यवसायी महिला | प्रतिशत | ५३.५ | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० | सा.वि.म. | ५.६ |
| प्रदेश सभामा महिला प्रतिनिधि | प्रतिशत | ३५.५ | ३६ | ३६ | ३६ | ३७ | ३७ | ३७ | प्र.स.स. | ५.५ |
| निजामती सेवामा महिला सहभागिता | प्रतिशत | २८ | २८.५ | २९ | ३० | ३१ | ३२ | ३३ | सा.वि.म. | |
| **बालबालिका** | | | | | | | | | | |
| जन्म दर्ता (पाँच वर्षमुनिका) | प्रतिशत | ७०.८ | ७५.२ | ७८ | ८० | ८४.५ | ९० | ९५ | सा.वि.म. | १७.१८ |
| बाल आश्रम | सङ्ख्या | १५ | १६ | १७ | १८ | १८ | १९ | १९ | सा.वि.म. | १ |
| बालश्रम (५ देखि १७ वर्ष) | प्रतिशत | १७.६ | १६ | १५ | १४ | १३ | १२ | १० | सा.वि.म. | १ |
| बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह | सङ्ख्या | - | ४ | १० | २० | ३० | ४० | ५० | सा.वि.म. | १ |
| पुनर्स्थापित बालवालिका | सङ्ख्या | - | ३५७ | ३७२ | ३९८ | ४२० | ४३५ | ४५० | सा.वि.म. | १ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| बालविवाह | प्रतिशत | २४ | २२ | २० | १४ | १० | ७ | ५ | सा.वि.म. | ५.३ |
| सडक बालबालिका | सङ्ख्या | १३ | १० | ० | ० | ० | ० | ० | सा.वि.म. | १ |
| **युवा तथा खेलकुद** | | | | | | | | | | |
| बेरोजगार युवा (१६ देखि ४० वर्ष) | प्रतिशत | ३५.८ | ३३ | ३० | २८ | २६ | २४ | २० | सा.वि.म. | ४ |
| स्वरोजगार कोषमा युवाको पहुँच | प्रतिशत | १० | १२ | १४ | १६ | १८ | २० | २२ | सा.वि.म. | ४ |
| खेलमैदान | सङ्ख्या | ६१ | ६२ | ६२ | ६३ | ६४ | ६५ | ६५ | सा.वि.म. | ४ |
| कबर्डहल | सङ्ख्या | १२ | १४ | १६ | १८ | १९ | २० | २० | सा.वि.म. | ४ |
| ब्यायामशाला | सङ्ख्या | १४ | २० | ३० | ५० | ७० | ८० | १०० | सा.वि.म. | ४ |
| **भाषा, साहित्य, कला तथा संस्कृति** | | | | | | | | | | |
| भाषा कक्षा सञ्चालन | सङ्ख्या | ० | ० | १० | १५ | २० | २५ | ३० | सा.वि.म. | ४ |
| सांस्कृतिक सङ्ग्रहालय व्यवस्थापन | सङ्ख्या | १ | २ | ३ | ४ | ६ | ८ | १० | सा.वि.म. | ८ |
| प्रादेशिक साहित्यिक कला पुरस्कार वितरण | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ५ | सा.वि.म. | ८ |
| भाषा र संस्कृति संरक्षण सम्बर्द्धन | सङ्ख्या | ० | ० | ४० | ५० | ५५ | ६० | ७० | सा.वि.म. | ८ |
| **जेष्ठ नागरिक तथा अपाङ्गता** | | | | | | | | | | |
| वृद्धाश्रम | सङ्ख्या | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | सा.वि.म. | १ |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ४७ | ९२ | १०१ | ११२ | १२१ | १२९ | १३७ | सा.वि.म. | १ |
| वृद्धाश्रमबाट लाभान्वित | सङ्ख्या | २०७ | २४० | २६० | २८० | ३०० | ३२० | ३४० | सा.वि.म. | १ |
| जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परीक्षण | सङ्ख्या | - | - | २६० | २८० | ३०० | ३२० | ३४० | सा.वि.म. | ३ |
| अपाङ्गता रोकथाम तथा पुनःस्थापना विस्तार | स्थानीय तह | ७७ | १३६ | १३७ | १३७ | १३७ | १३७ | १३७ | सा.वि.म. | ३ |
| सीपमूलक तालिम लिएका अपाङ्गता भएका व्यक्तिहरू | प्रतिशत | १.५ | ५.५ | ११ | १४ | १८ | २१ | २५ | सा.वि.म. | ८.५ |
| **सामाजिक सुरक्षा** | | | | | | | | | | |
| सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित | प्रतिशत | १० | १०.५ | ११ | ११.२ | ११.५ | ११.८ | १२ | सा.वि.म. | १ |
| सुरक्षा कोषमा सूचीकृत रोजगारदाता | सङ्ख्या | १९७८ | २००० | २१०० | २२०० | २३०० | २४०० | २५०० | सा.वि.म. | १ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दीगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| सुरक्षा कोषमा सूचीकृत योगदानकर्ता | सङ्ख्या (हजारमा) | ४९.९ | ५० | ५०.१ | ५०.२ | ५०.४ | ५०.७ | ६१ | सा.वि.म. | १ |
| राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका नागरिक | सङ्ख्या (हजारमा) | ४० | ४१ | २८३ | ५०५ | ७०० | ९३० | ११५० | सा.वि.म. | १ |

## ४. पूर्वाधार क्षेत्र

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८० /८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दीगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **सिंचाइ** | | | | | | | | | | |
| कृषियोग्य जमिनमा सिंचाइ सुविधा | प्रतिशत | ३७.३ | ४० | ४३.३ | ४५.५ | ४७.२ | ४९ | ५० | खा.सि.उ.म. | २.४ |
| सतह सिंचित क्षेत्र विस्तार | हे. लाखमा | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.७ | ३.८ | खा.सि.उ.म. | २.४ |
| भूमिगत सिंचित क्षेत्र विस्तार | सङ्ख्या (हजारमा) | ३०.२७ | ३०.४४ | ३०.४९ | ३०.५४ | ३०.६० | ३०.७८ | ३१.०० | खा.सि.उ.म. | २.४ |
| **जलस्रोत** | | | | | | | | | | |
| पानी मुहान, पोखरी र सिमसार क्षेत्र संरक्षण | सङ्ख्या | ३९ | ५० | ५५ | ६० | ६८ | ६९ | ७० | खा.सि.उ.म. | १५ |
| तटबन्ध निर्माण | कि.मि. | ३६ | ७० | ९० | ११० | १३० | १४० | १५० | खा.सि.उ.म. | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो व्यवस्थापन कार्य (साना) | सङ्ख्या (वटा) | | ८३ | ९४ | १०१ | ११२ | १२५ | १४० | खा.सि.उ.म. | १५ |
| जल उत्पन्न प्रकोपबाट प्रभावित परिवार | सङ्ख्या | - | १६७५ | १८०० | १९२५ | २०५० | २१७५ | २३०० | खा.सि.उ.म. | १३ |
| **उर्जा तथा वैकल्पिक उर्जा** | | | | | | | | | | |
| जल विद्युत उत्पादन जडित क्षमता | मेगावाट | ५१४ | ५४७ | ६०० | ८०० | १२०० | १७०० | २२०० | खा.सि.उ.म. | ७.२.२ |
| प्रतिव्यक्ति विद्युत उपभोग | kWh | ३८० | ४४० | ४९० | ५३० | ६०० | ६३५ | ७०० | खा.सि.उ.म. | ७.१.२.३ |
| खाना पकाउन स्वच्छ इन्धनको प्रयोग गर्ने परिवार | प्रतिशत | ४३ | ४५ | ५० | ५५ | ६० | ७० | ८० | खा.सि.उ.म. | ७.१.२.१ |
| उर्जा उपयोगमा वैकल्पिक तथा अन्य उर्जाको अनुपात | प्रतिशत | २.७ | २.८ | ३.० | ३.२ | ३.५ | ३.८ | ४.२ | खा.सि.उ.म. | ७.२.१ |
| सौर्य ऊर्जा उपयोग गर्ने परिवार | प्रतिशत | ५.०३ | ६ | ७ | ८ | ९ | १० | ११ | खा.सि.उ.म. | ७.२.१ |
| वायोग्याँस उपयोग गर्ने परिवार | प्रतिशत | ०.०२ | ०.०३ | ०.०४ | ०.०५ | ०.०६ | ०.०७ | ०.१ | खा.सि.उ.म. | ७.१.२.२ |
| **सडक** | | | | | | | | | | |
| सडक घनत्व | प्रति वर्ग कि.मि. | ०.५१ | ०.५२ | ०.५७ | ०.६ | ०.६७ | ०.७ | ०.७५ | भौ.पु.वि.म. | ९.१.१.१ |
| आधा घण्टाको दूरीमा यातायातको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८९ | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | भौ.पु.वि.म | ९.१ |
| प्रादेशिक कालोपत्रे सडक निर्माण | कि. मि. | ४२४.२ | ५२७.९१ | ७३० | ८६० | १०८५ | १२१५ | १३५० | भौ.पु.वि.म | ९.१ |
| प्रादेशिक ग्राभेल सडक निर्माण | कि. मि. | ११५५ | १२५८ | १३८८ | १५३० | १६६० | १७८५ | १८५० | भौ.पु.वि.म | ९.१ |
| प्रादेशिक धुले /कच्ची सडक निर्माण | कि. मि. | १००१ | ११०२ | १२४० | १३८५ | १५१० | १६८५ | १७५८० | भौ.पु.वि.म | ९.१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक पुल निर्माण | सङ्ख्या | ७४ | ८० | ८४ | ९१ | ९५ | १०१ | १०७ | भौ.पु.वि.म | ९.१ |
| झोलुङ्गे पुल निर्माण | सङ्ख्या | १५९ | १८४ | १९० | २०० | २१० | २१५ | २२० | भौ.पु.वि.म | ९.१ |
| **यातायात व्यवस्थापन** | | | | | | | | | | |
| विद्युतीय बस (ट्रली, ट्राम सहित) | सङ्ख्या | - | - | १५ | २५ | ४५ | ८५ | १२० | आ.मा.तथा का. | ९.१ |
| वार्षिक लाइसेन्स वितरण/नवीकरण | सङ्ख्या हजारमा | १२ | १५ | १९ | २५ | ३१ | ३६ | ४० | आ.मा.तथा का. | आ.मा.तथा का. |
| ट्राफिक लाइट जडान | सङ्ख्या | ३ | ४ | ८ | २० | २५ | ३० | ४० | आ.मा.तथा का. | ९.१ |
| वार्षिक सवारी दर्ता | सङ्ख्या हजारमा | ३० | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | आ.मा.तथा का. | ९.१ |
| तालिम प्राप्त सवारी चालक | सङ्ख्या हजारमा | ३० | ३५ | ४१ | ४७ | ५६ | ६४ | ७५ | आ.मा.तथा का. | ९.१ |
| दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारीका लागि ट्रायल सेन्टर निर्माण | सङ्ख्या | - | - | - | १ | ३ | ५ | ७ | आ.मा.तथा का. | ९.१ |
| सवारी साधनको अभिलेख व्यवस्थापन | सङ्ख्या हजारमा | - | - | १५० | ३०५ | ४५६ | ५४८ | ६५० | आ.मा.तथा का. | ९.१ |
| यातायात क्षेत्रको राजस्व सङ्कलन | रू. करोडमा | २८० | ३०७ | ३५८ | ३८६ | ४०५ | ४२६ | ४५० | आ.मा.तथा का. | १७ |
| बसपार्क निर्माण | सङ्ख्या | १५ | १८ | २० | २५ | २७ | २७ | ३० | आ.मा.तथा का. | ९.१ |
| **सञ्चार तथा सचना प्रविधि** | | | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार प्रविधिको योगदान | प्रतिशत | २.१ | २ | २.२ | २.३ | २.३ | २.४ | २.५ | आ.मा.तथा का. | १६ |
| प्रादेशिक रेडियो | सङ्ख्या | ३९ | ४० | ४१ | ४१ | ४२ | ४२ | ४२ | आ.मा.तथा का. | १६ |
| प्रादेशिक टेलिभिजन | सङ्ख्या | ५ | ५ | ५ | ६ | ७ | ७ | ७ | आ.मा.तथा का. | १६ |
| पत्रपत्रिका | सङ्ख्या | ५३४ | ५३४ | ५३५ | ५३५ | ५३६ | ५३८ | ५४० | आ.मा.तथा का. | १६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| इन्टरनेट सुविधा पुगेका घरपरिवार | प्रतिशत | ७७ | ८० | ८४ | ८५ | ८६ | ८८ | ९० | आ.मा.तथा का. | ४.४.१ |
| आर्थिक कारोबारका लागि मोबाइल प्रयोग गर्ने महिला (१५-४९ वर्ष) | प्रतिशत | ६.८ | ८ | ९ | १० | १२ | १५ | २० | आ.मा.तथा का. | १६ |
| **स्थानीय पूर्वाधार** | | | | | | | | | | |
| सर्वयाम सडकसँग आबद्ध स्थानीय तह | सङ्ख्या | १२४ | १२६ | १२८ | १३० | १३२ | १३४ | १३७ | भौ.पु.वि.म | ९ |
| **विज्ञान तथा प्रविधि** | | | | | | | | | | |
| विज्ञान प्रयोगशाला | सङ्ख्या | - | - | १० | १४ | १९ | २४ | २८ | सा.वि.म. | १७ |
| मौसम मापन केन्द्र थप | सङ्ख्या | - | - | १ | १ | १ | १ | १ | सा.वि.म. | १७ |
| नदी बहाव मापन केन्द्र | सङ्ख्या | - | - | ७ | ८ | ९ | १० | १२ | सा.वि.म. | १७ |
| सौर्य ऊर्जा मापन केन्द्र | सङ्ख्या | - | - | २ | ३ | ४ | ५ | ६ | सा.वि.म. | १७ |
| **आवास, भवन तथा शहरी विकास** | | | | | | | | | | |
| जनता आवास भवन | सङ्ख्या | ७१२ | ५९२५ | ६५१४ | ७२४५ | ८७८२ | ९००० | ९५०० | भौ.पु.वि.म | ११ |
| सरकारी/सामुदायिक भवन तथा सभा हल निर्माण | सङ्ख्या | १३८ | १३९ | १४० | १४३ | १४६ | १५० | १५५ | भौ.पु.वि.म | ११ |
| बहुतले पार्किङ भवन | सङ्ख्या | - | - | १ | २ | ३ | ४ | ५ | भौ.पु.वि.म | ११ |
| नयाँ पार्कहरू निर्माण | सङ्ख्या | ४६ | ४८ | ५० | ५५ | ६० | ६५ | ७० | भौ.पु.वि.म | ८ |
| नयाँ एकीकृत बस्ती | सङ्ख्या | ५४ | ५५ | ५६ | ५७ | ५८ | ६० | ६२ | भौ.पु.वि.म | ११ |

## ५. लोकतन्त्र तथा सुशासन

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९ /८०) | २०८० /०८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **सुशासन** | | | | | | | | | | |
| भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | मु.म.का | १६ |
| दर्ता भएका मुद्दाको फछ्र्यौट (मुख्यन्यायाधिवक्ता) | प्रतिशत | २९ | ४५ | ६४ | ७८ | ८८ | ९७ | १०० | मु.न्या.का. | १६ |
| कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ७७ | ७९.६ | ८२ | ८३ | ८४ | ८५ | ८६ | आ.मा.यो.म. | |
| बेरुजु (कुल खर्चको) | प्रतिशत | ३.४ | २.५ | २ | १.८ | १.६ | १.५ | १.३ | आ.मा.यो.म. | १६ |
| कायम बेरुजुको तुलनामा फछ्र्यौट तथा सम्परीक्षण | प्रतिशत | १२.७८ | १५.८ | २५.५ | ३८.२ | ५२.५ | ७०.० | ७५.८ | आ.मा.यो.म. | १६ |
| कर्मचारी पदपूर्ति | प्रतिशत | ५८.६ | ५८.२ | ७५ | ८० | ८५ | ९० | ९५ | प्र.लो.से. | १६ |
| **Office Automation System** सञ्चालन गर्ने निकाय | सङ्ख्या | ९ | २५ | ४५ | ९० | १२० | १५० | १९८ | मु.म.का | १६ |
| **मानव अधिकार** | | | | | | | | | | |
| मानव अधिकार उल्लङ्घन घटना | सङ्ख्या | ३७५ | ३४८ | ३३२ | ३१५ | ३०० | २८५ | २६० | आ.मा.का.म. | १६.९ |
| दर्ता भएका अपराध उजुरीको फछ्र्यौट (मानव अधिकार सम्बन्धी) | प्रतिशत | ६८.४८ | ६९ | ७० | ७२ | ७३ | ७४ | ७५ | मु.न्या.का. | १६.९ |
| **शान्ति सुरक्षा** | | | | | | | | | | |
| प्रदेश प्रहरी, प्रहरी चौकी निर्माण | सङ्ख्या | ३६ | ६४ | ७१ | ८७ | १०३ | ११९ | १३७ | आ.मा.का.म. | १६ |

## ६. अन्तरसम्बन्धित क्षेत्र

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८०/८५ | २०८५/८६ | | |
| **गरिबी निवारण** | | | | | | | | | | |
| गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १७.२ | १६.८ | १६ | १५.३ | १४.१ | १३.२ | १२ | आ.मा.यो.म. | १.२.१ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | USD | १२९९ | १३३६ | १४६० | १४७४ | १५०८ | १५७२ | १६४५ | आ.मा.यो.म. | १.१.१.२ |
| बहुआयामिक गरिबीको सूचकाङ्क | सूचकाङ्क | ०.०६६ | ०.०७ | ०.०७५ | ०.०८५ | ०.०९१ | ०.०९६ | ०.१ | आ.मा.यो.म. | १.२.२.१ |
| गरिबीको विषमता | प्रतिशत | ३.८४ | ३.३३ | २.८९ | २.५१ | २.०१ | १.५६ | ०.९६ | आ.मा.यो.म. | १.२.२ |
| गरिबीको गहनता | सूचकाङ्क | १.२५ | १.२४ | १.२० | १.१६ | १.१० | १.०५ | १.०१ | आ.मा.यो.म. | १.२.२ |
| गिनी गुणक | सूचकाङ्क | ०.३० | ०.३० | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ | ०.२६ | आ.मा.यो.म. | १०.१.१.२ |
| **श्रम तथा रोजगार** | | | | | | | | | | |
| बेरोजगारी दर | प्रतिशत | १०.२ | ९.५ | ९ | ८ | ७ | ६ | ५.४ | सा.वि.म. | ८.५.२१ |
| श्रम सहभागिता दर | प्रतिशत | ३७.८ | ४० | ४४ | ४८ | ५३ | ५७ | ६० | सा.वि.म. | ८ |
| श्रम उत्पादकत्व | रू.हजारमा | १८९.५० | २०५ | २२० | २४० | २६५ | २८० | ३०० | सा.वि.म. | ८ |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | सङ्ख्या | ३६.७० | ४० | ४४ | ४७ | ५२ | ५६ | ६० | सा.वि.म. | ८.३.१ |
| क्रियाशील (१५-५९ वर्ष भित्रका) जनसङ्ख्या | प्रतिशत | ६२.८० | ६२.९ | ६३.१ | ६३.२ | ६३.३ | ६३.४ | ६३.५ | सा.वि.म. | ८.६.१ |
| **मानव संसाधन** | | | | | | | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५८ | ०.५९ | ०.५९ | ०.६० | ०.६० | ०.६२ | ०.६२ | सा. वि.म. | १६ |
| **विपद व्यवस्थापन** | | | | | | | | | | |
| विपद्मा परी ज्यान गुमाउने | सङ्ख्या | ५९ | ८२ | ७५ | ७३ | ७० | ६७ | ६५ | आ.मा.का.म. | १.५.१. |
| विपद्मा परी घाइते हुने | सङ्ख्या | २०० | २६२ | २५० | २२५ | २०५ | १९० | १८० | आ.मा.का.म. | १.५.१. |
| विपद्बाट आर्थिक क्षति | रू करोडमा | १२६.१ | ११०.२ | १०० | ९० | ८० | ७५ | ७० | आ.मा.का.म. | १.५.१. |
| विपद्बाट प्रभावित घरपरिवार | सङ्ख्या (लाखमा) | ०.९ | १.१३ | १.०५ | १ | ०.९५ | ०.८ | ०.७५ | आ.मा.का.म. | १.५.१. |
| सम्पूर्ण विपद्बाट प्रभावित | सङ्ख्या(लाखमा) | ३.६ | ४.९ | ४.८ | ४.७ | ४.६ | ४.५ | ४.४ | आ.मा.का.म. | १.५.१. |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७९/८०) | २०८०/८१ को अनुमान | योजनाको लक्ष्य | | | | | जिम्मेवार निकाय | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८०/८५ | २०८५/८६ | | |
| विपदबाट पुनःस्थापित घरपरिवार | सङ्ख्या | - | ६२ | १२५ | ५०० | १५० | १५० | १६० | आ.मा.का.म. | १.५.१. |
| **सामाजिक समावेशीकरण** | | | | | | | | | | |
| राजनीतिक सशक्तीकरण | सूचकाङ्क | ०.७३ | ०.७४ | ०.७५ | ०.७५ | ०.७६ | ०.७६ | ०.७६ | मु.म.का. | १०.२.१.३ |
| आर्थिक सशक्तीकरण | सूचकाङ्क | ०.४६ | ०.४७ | ०.४७ | ०.४८ | ०.४९ | ०.५० | ०.५० | मु.म.का. | १०.२.१.२ |
| सामाजिक सशक्तीकरण | सूचकाङ्क | ०.४८ | ०.४९ | ०.५० | ०.५० | ०.५१ | ०.५२ | ०.५२ | मु.म.का. | १०.२.१.१ |
| **वातावरण तथा जलवायु परिवर्तन** | | | | | | | | | | |
| जलवायुमैत्री प्रत्यक्ष बजेट | प्रतिशत | १४.४ | ११ | १४ | १६ | १८ | २० | २१ | प.व.वा.म. | १३ |
| **तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन** | | | | | | | | | | |
| तथ्यमा आधारित योजना तर्जुमा गर्ने निकाय | सङ्ख्या | - | - | २० | ४० | ६० | ८० | १०० | प्र.यो.आ. | १७.१८ |
| प्रदेश तथ्याङ्क सूचना प्रणाली स्थापना | सङ्ख्या | - | - | १ | | | | | प्र.यो.आ. | १६ |
| प्रदेशस्तरको लघु अनुसन्धान | सङ्ख्या | - | - | १ | १ | १ | १ | १ | प्र.यो.आ. | १६ |
| **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | | | | | | |
| दिगो विकासको स्थानीयकरणमा सहकार्य | स्थानीय तह सङ्ख्या | - | - | ५० | ७५ | १०० | १३७ | १३७ | प्र.यो.आ. | १६ |
| नतिजामुखी योजना प्रणाली स्थापना | सङ्ख्या | - | - | २५ | ५० | ७५ | १०० | १३७ | प्र.यो.आ. | १६ |

प्रदेश सरकार
**कोशी प्रदेश योजना आयोग**
विराटनगर, नेपाल
फोन: ०२१-४७५३७६
इमेल: info.ppc@p1.gov.np
वेबसाइट: www.ppc.koshi.gov.np